"समृद्ध रघुगंगा गाउँपालिका निर्माणको आधार, दिगो कृषि, सुरक्षित पूर्वाधार, उर्जा र पर्यटन"

# दोस्रो पञ्चवर्षीय आवधिक विकास योजना

# (आ.व.२०८१/८२-२०८५/०८६)

## रघुगंगा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय मौवाफाँट, म्याग्दी
## गण्डकी प्रदेश, नेपाल


इमेल : raghugangagapa1@gmail.com
वेभसाइट : www.raghugangamun.gov.np

;d[4 /3uu+f ufpkflnsf lgdf{0fsf]cfwf/, lbuf]s[if, ;'llft k'f{f/, phf{/ ko{6g”

# दोस्रो पञ्चवर्षीय
# आवधिक विकास योजना
# (आ.व.२०८१/८२-२०८५/०८६)

## रघुगंगा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय मौवाफाँट, म्याग्दी
### गण्डकी प्रदेश, नेपाल


**इमेल :** raghugangagapa1@gmail.com

वेवसाईट : www.raghugangamun.gov.np

# रघुगंगा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### मौवाफाँट, म्याग्दी

सम्पर्क नं.-९८५७६४८६१०

गण्डकी प्रदेश, नेपाल


पत्र संख्या:- २०८०/०८१

च.नं.:-

मिति:२०८१/०२/०३

## मन्तव्य



संविधानको मर्मअनुसार दीगो शान्ति र सामाजिक न्याय सहितको समृद्धीमा पुग्ने तीव्र चाहाना अनुसार काम गर्ने अवसर हामी जनप्रतिनिधिहरुले प्राप्त गरेका छौं । यसै सन्दर्भमा संघीय व्यवस्थाको महत्वपूर्ण आधारको रुपमा रहेको स्थानीय सरकारले पनि संविधानले निर्देश गरेअनुसारको नीतिसंग समायोजन हुने गरी दीगो विकासका लक्ष्य हाँसिल गर्न योजनावद्ध आवधिक र दीर्घकालिन योजना तर्जुमा गर्न वान्छनीय भएको छ । गण्डकी प्रदेश म्याग्दी जिल्ला स्थीत विविधताले भरिपूर्ण प्रचुर प्राकृतिक सम्पदा र साँस्कृतिक विशेषताहरु भएको सुन्दर गाउँपालिका रघुगंगाको विभिन्न चरणमा जनस्तर र विज्ञहरुबाट सुझावहरु संकलन गरी तयार पारिएको सोच "समृद्ध रघुगँगा गाउँपालिका निर्माणको आधार, दीगो कृषि, सुरक्षित पूर्वाधार, उर्जा र पर्यटन" र दीगो उत्पादन तथा उत्पादकत्व र पर्यटनमा अभिवृद्धि गर्दै गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा रोजगारी प्रवर्द्धन गरि समतामूलक, समावेशी, न्यायपूर्ण र उत्थानसील पूर्वाधार सहितको समृद्ध रघुगँगा गाउँपालिका निर्माणको लक्ष्यमा आधारित भई दोस्रो पञ्चवर्षिय आवधिक विकास योजना तयार गरिएको छ । जनताको सामाजिक न्याय सहितको समृद्धिको तीव्र चाहना बमोजिम योजनावद्ध विकास गर्न यो दस्तावेज एउटा मार्गचित्र हुनेछ । यो आवधिक विकास योजना तयार गर्ने क्रममा प्रत्यक्ष, अप्रत्यक्ष रुपमा योगदान गर्नु हुने हाम्रा शुभचिन्तक, विज्ञ विद्धानहरु, आम जनसमुदाय, आ-आफ्नो भूमिकामा रहेर योगदान दिनु भएका परामर्श संस्था सस्टेनेवल रिसर्च डेभलपमेन्ट एण्ड म्यानेजमेन्ट कन्सल्ट प्रा.लि. पोखराका विज्ञ टिमका टिमलिडर महेन्द्र प्रसाद लामिछाने साथै सदस्यहरु, हाम्रा जनप्रतिनिधिज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत कर्मचारी वर्ग, गाउँपालिकाका सबै नागरिक लगायत सम्पूर्णमा हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

(भव वहादुर भण्डारी)
अध्यक्ष

# रघुगंगा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## मौवाफाँट, म्याग्दी

सम्पर्क नं.-९८५७६४८६१०

गण्डकी प्रदेश, नेपाल


पत्र संख्या:- २०८०/०८१

च.नं.:-

मिति:२०८१/०२/०३

## मन्तव्य



भौगोलिक विविधता र प्राकृतिक श्रोतको धनी म्याग्दी जिल्लाको रघुगंगा गाउँपालिका जिल्लाकै जलविद्युत विकासको अग्रणी क्षेत्रको रुपमा विकसित हुने प्रचुर सम्भावना रहेको छ । सुशासन, प्रभावकारी सेवाप्रवाह, पर्यटकिय पूर्वाधारको निर्माण, कृषिमा व्यवसायीकरण, स्थानीय औधोगिकरण, उत्पादन तथा आयमूलक कार्यमा लगानी, रोजगारीको सृजना तथा नागरिकहरुको प्रतिव्यक्ति आयमा वृद्धि जस्ता कार्य यथोचित रुपमा अगाडी बढ्न नसकेकोले रघुगंगा गाउँपालिकाले आसातित रुपमा सम्वृद्धि हाँसिल गर्न सकेको छैन । यसका लागि संघीय, प्रदेश तथा स्थानीय सरकार सहित स्थानीय राजनैतिक दल, संघ संस्था, सहकारी तथा निजि क्षेत्र सबैको विकास र परिवर्तन प्रतिको सकरात्मक सोच, एकता तथा समन्वय र दृढ ईच्छाशक्ति हुनु अति नै आवश्यक छ । वस्तुगत तथा तथ्यपरक योजना निर्माण, सेवा प्रवाह र विकास कार्यलाई प्रभावकारी गराउन गाउँपालिकाको समग्र पक्षको क्षेत्रगत तथा खण्डिकृत तथ्यांकका आधारमा यो दोस्रो पञ्चर्षिय आवधिक विकास योजना तर्जुमा गर्नु अत्यन्त महत्वपूर्ण कार्य हो । यस पञ्चवर्षिय आवधिक विकास योजना तयार गर्ने क्रममा यस क्षेत्रमा कृयाशिल विकास साँझेदार, नागरिक समाज, वुद्धिजिवी, उद्योगी व्यवसायी, निजि क्षेत्र समेतको अर्थपूर्ण सहयोग र सहभागिता रहेको छ । यसबाट गाउँपालिका क्षेत्रको सेवा प्रवाह, नीति तथा कार्यक्रम निर्माण, योजना तर्जूमा, आन्तरिक आय वृद्धि तथा विकास प्रकृया लगायत समग्र क्षेत्रमा मार्गदर्शन गर्ने छ भन्ने पूर्ण विश्वास लिएकी छु ।

अन्त्यमा, यस दोस्रो पञ्चवर्षिय आवधिक विकास योजना तर्जुमा कार्यमा सहयोग गर्नुहुने गाउँपालिकाका पदाधिकारीहरु, स्थानीय स्तरमा कृयाशिल राजनीतिक दल, कर्मचारी मित्रहरु, विषयगत शाखा, अन्य सरोकारवाला संघ संस्था, प्राविधिक सहयोग गर्ने सस्टेनेवल रिसर्च डेभलपमेन्ट एण्ड म्यानेजमेन्ट कन्सल्ट प्रा.लि.पोखराका विज्ञहरुको योगदानको उच्च कदर गर्दै अत्यन्तै हार्दिकतापूर्वक धन्यवाद व्यक्त गर्दछु ।

(प्रेम कुमारी पुन)
उपाध्यक्ष

# रघुगंगा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## मौवाफाँट, म्याग्दी

सम्पर्क नं.-९८५७६४८६१०

गण्डकी प्रदेश, नेपाल


पत्र संख्याः- २०८०/०८१

च.नं.:-

मितिः२०८१/०२/०५

## मन्तव्य



म्याग्दी जिल्लाको पहाडी क्षेत्रमा अवस्थित रघुगंगा गाउँपालिका जलस्रोतकका दृष्टिले महत्वपूर्ण रहेको छ । गाउँसभाबाट बजेट, योजना, नीति तथा कार्यक्रम पारित गरी अल्पकालिन, मध्यकालिन र दीर्घकालिन योजना छनौट गरी दोस्रो पञ्चवर्षिय आवधिक योजना (२०८१/०८२ देखि २०८५/०८६) निर्माण गर्ने कार्यक्रम अनुसार यो दस्तावेज तयार भएको छ। यस गाउँपालिकाको विकास र सम्बृद्धिका लागि पहिचान गरीएका प्राथमिकताहरु, किटान भएका कार्यक्रम तथा योजनाहरु विनियोजन भएको बजेटको प्रभावकारीता स्थानीय स्तरमा त्यतीवेला मात्र देखिन जान्छ जति बेला यी सबै कार्यक्रमहरुमा प्रत्यक्ष लाभान्वित सरोकारवाला जनताको स्वःस्फूर्त रुपमा अधिकतम जनसहभागिता र साँझेदारीता प्राप्त हुने गरी प्रभावकारी हुन जानेछन् । यो दोस्रो पञ्चवर्षिय आवधिक विकास योजना तर्जुमाका क्रममा अत्यन्त खुला हृदयका साथ सौहार्दपूर्ण सहयोग गर्नुहुने आदरणीय अध्यक्ष ज्यू, उपाध्यक्ष ज्यू साथै सम्पूर्ण जनप्रतिनिधिज्यूहरु, निवर्तमान जनप्रतिनिधिज्यूहरु, लक्ष्य, योजना र नीति कार्यक्रमप्रति ऐक्यवद्धता प्रर्दशन गर्नुहुने सबै राजनीतिक दलका नेतृत्ववर्गहरु, विषयगत दक्षता ज्ञान सहित रायसुझाव तथा सल्लाह प्रदान गर्नुहुने विषयगत शाखाका प्रमुख एवं राष्ट्रसेवकहरु, आवधिक योजना तर्जुमामा खट्ने सबै वडाका सचिव र कर्मचारी साथीहरु प्रति हार्दिक धन्यवाद दिन चाहन्छु । साथै यस आवधिक योजनाको छलफल कार्यक्रममा उपस्थित भई गहन राय सुझाव सल्लाह दिनुहुने विभिन्न क्षेत्रबाट प्रतिनिधित्व गर्नुभएका विज्ञ व्यक्तित्वहरु र योजना तयार पार्ने परादर्श दाता संस्था सस्टेनेवल रिसर्च डेभलपमेन्ट एण्ड म्यानेजमेन्ट कन्सल्ट प्रा.लि.पोखराका टिम लिडर महेन्द्र प्रसाद लामिछाने साथै विज्ञ टिमका सदस्यहरु प्रति विशेष आभार प्रकट गर्दछु ।

प्रमुख प्रशासकीय अधिकृत
(चेतनारायण भण्डारी)

## शब्द संक्षेप

| | |
|---|---|
| अ.मु. | : अनुगमन तथा मूल्याङ्कन |
| अ/गै.स.स | : अन्तराष्ट्रिय/गैर सरकारी संस्था |
| आ.व. | : आर्थिक वर्ष |
| आ.ले.प. | : आन्तरिक लेखा परिक्षण |
| उ.स. | : उपभोक्ता समिति |
| कि.मि. | : किलो मिटर |
| गा.वि.स | : गाउँ विकास समिति |
| गा.पा. | : गाउँपालिका |
| र.ग.पा | : रघुगंगा गाउँपालिका |
| गा.पा.का. | : गाउँपालिका कार्यालय |
| जिसस | : जिल्ला समन्वय समिति |
| गा.का. | : गाउँ कार्यपालिका |
| आ.वि. | : आधारभूत विद्यालय |
| मा.वि. | : माध्यमिक विद्यालय |
| रा.यो.आ. | : राष्ट्रिय योजना आयोग |
| रु. | : रुपैयाँ |
| लि | : लिटर |
| व.नं. | : वडा नम्बर |
| स.सं | : सहकारी संस्था |
| सा.ब. | : सामुदायिक वन |
| क.ब. | : कबुलियती वन |
| सा.सं | : सामुदायिक संस्था |
| हे. | : हेक्टर |
| भौपूविम | : भौतिक पूर्वाधार विकास मन्त्रालय |
| गापावाप्र. | : गाउँपालिकाको वार्षीक प्रतिवेदन |
| क्वी. | : क्वीन्टल |
| गा.पा.पा.चि | : गाउँपालिका पार्श्वचित्र |
| लैससास | : लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण |

# विषय सूची


| विषय | पेज |
|---|---|
| **परिच्छेद १: प्रारम्भिक** | **१** |
| १.१: पृष्ठभूमि | १ |
| १.२: उद्देश्य | २ |
| १.३: योजना तजुर्माको विधि | २ |
| १.४: कार्यान्वयनको ढाँचा र संकेत | २ |
| १.५: सीमा | ३ |
| १.६: योजना तयारीको कानुनी आधार | ३ |
| १.७: नेपाल सरकार,गण्डकी प्रदेशको आबधिक विकास योजना तथा दिगो विकासको लक्ष्यसंगको अन्तरसम्बन्ध | ४ |
| **परिच्छेद २: गाउँपालिकाको समष्टिगत सोंच, लक्ष्य, उद्देश्य र रणनीति** | **५** |
| २.१: पृष्ठभूमि | ५ |
| २.२: गाउँपालिकाका समस्या र चुनौती | ५ |
| २.३: गाउँपालिकाका अवसर | ७ |
| २.४: गाउँपालिकाको समृद्धिका मूख्य संवाहकहरु | ७ |
| २.५: दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य | ८ |
| २.६: रणनीति | ८ |
| २.७: परिमाणात्मक लक्ष्य | ८ |
| **परिच्छेद ३: आर्थिक विकास क्षेत्र** | **१०** |
| ३.१: कृषि | १० |
| ३.२: पशुपंक्षी र मत्स्य  विकास | १९ |
| ३.३: खाद्य सुरक्षा | २५ |
| ३.४: पर्यटन तथा संस्कृति | २९ |
| ३.५: घरेलु तथा साना उद्योग | ३५ |
| ३.६: वित्त, सहकारी र नीजि क्षेत्र | ३९ |
| ३.७: श्रम तथा रोजगार | ४४ |
| **परिच्छेद ४: सामाजिक विकास क्षेत्र** | **४८** |
| ४.१: शिक्षा | ४८ |
| ४.२: स्वास्थ्य र पोषण | ५५ |
| ४.३: खानेपानी तथा सरसफाइ | ६१ |
| ४.४: लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | ६५ |
| ४.५: युवा तथा खेलकुद | ७० |
| **परिच्छेद ५: भौतिक पूर्वाधार विकास क्षेत्र** | **७५** |
| ५.१: सडक, पुल, झोलुंगे पुल, यातायात तथा पैदल मार्ग | ७५ |
| ५.२: भवन निर्माण, आवास तथा बस्ती विकास | ८१ |
| ५.३: सिंचाई | ८६ |

५.४: सूचना तथा सञ्चार ........................................................................................ ९१
५.५: जलविद्युत, उर्जा तथा नविकरणीय उर्जा................................................................... ९६

**परिच्छेद ६: वन, वातावरण र विपद् व्यवस्थापन क्षेत्र................................................................ १०१**
६.१: वन तथा भूसंरक्षण......................................................................................... १०१
६.२: विपद् व्यवस्थापन ......................................................................................... १०८

**परिच्छेद ७: संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन ................................................................ ११५**
७.१: संस्थागत विकास तथा सेवा प्रवाह........................................................................ ११५
७.२: वित्तीय सुशासन........................................................................................... १२०

**परिच्छेद ८: आवधिक योजनाको वित्तीय श्रोत व्यवस्थापन, अनुगमन एवं मूल्यांकन र कार्यान्वन................. १२४**
८.१: आगामी ५ वर्षका लागि आवश्यक, उपलब्ध हुनसक्ने अनुमानित तथा नपुग हुने विकास बजेट. १२४
८.२: घाटा र घाटा पूर्तिको व्यवस्था...................................................................... १२४
८.३: संगठन संरचना तथा विकास व्यवस्थापन ........................................................ १२४
८.४: अनुगमन तथा मूल्यांकन.............................................................................. १२५
८.५: आवधिक विकास योजनाको कार्यान्वयनको पूर्वतयारी तथा वार्षिक लगानी कार्यक्रम........... १२६
८.६: वडागत छलफलबाट आएका समग्र योजना तथा कार्यक्रमहरु........................................ १२६


**अनुसूचीहरु**


**अनुसूची १ :** रघुगंगा गाउँपालिकाको नक्शा......................................................................... १६४

**अनुसूची २ :** रघुगंगा गाउँपालिकाको वडागत नक्शा............................................................ १६५

**अनुसूची ३ :** माइन्यूट...................................................................................................... १७३

**अनुसूची ४ :** फोटो झलक.................................................................................................. १७६

# परिच्छेद १ : प्रारम्भिक

## १.१ पृष्ठभूमि

नेपालको संविधानले राज्यको संरचनामा राज्यशक्तिको प्रयोग गर्ने गरी तीन तहको शासन व्यवस्था गरेको छ । संघ, प्रदेश, र स्थानीय तहको परिकल्पना गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्रको विकासका लागि दीर्घकालिन, आवधिक र वार्षिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था गरेको छ । यस आवधिक विकास योजनाले गाउँपालिका भित्र गरिने सम्पूर्ण क्रियाकलापहरुमा आपसी अन्तरसम्बन्ध कायम गरी पारदर्शी र जवाफदेही तवरबाट विभिन्न विकास साझेदार निकायहरु समेतको समन्वय र सहयोगमा कार्यान्वयन गर्न सहयोग पुर्‍याई स्थानीय नागरिकका मागहरुलाई प्रभावकारी र योजनावद्धरुपमा सम्बोधन गर्ने परिपाटीको विकासमा सहयोग पुग्नेछ । आवधिक योजनाले गाउँपालिका क्षेत्रको सामाजिक तथा आर्थिक विकासका लागि दीर्घकालीन लक्ष्य, उद्देश्य एवं कार्यक्रमहरु निर्धारण गरी तोकिएको अवधिमा निश्चित उपलब्धिहरु हाँसिल गर्नका लागि र स्थानीय सुशासनको सबलीकरण गर्नका लागि महत्वपूर्ण भूमिका खेल्दछ ।

स्थानीय तहको पुर्नसंरचना पश्चात गाउँपालिकाले आवधिक विकास योजना बनाउन लागेको यो दोस्रो प्रयास हो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ अनुसार प्रत्येक स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्र रहेर चौतर्फी विकासका लागि दीर्घकालिन, मध्यकालिन, आवधिक र वार्षिक विकास योजना तर्जुमा गर्नुपर्ने प्रावधान अनुसार यस गाउँपालिकाले पनि यो दोस्रो पञ्चवर्षिय आवधिक विकास योजना तर्जुमा गर्ने जमर्को गरेको छ । आवधिक विकास योजना तर्जुमा गर्दा गाउँपालिकाको भू-वनावट, सम्भाव्यता, स्थानीय आवश्यकता, प्राथमिकता आदि पहिचान गरी दीर्घकालीन विकासको सोंच र अवधारणा अनुरुप संघीय सरकार, प्रदेश सरकारबाट पाउने अनुदान, आन्तरिक स्रोत, स्थानीय सामुदायिक समूह, गैसस, अन्तर्राष्ट्रिय गैसस तथा निजी क्षेत्रबाट परिचालन हुने स्रोत तथा जनसहभागिताको आधारमा बजेट प्रक्षेपण गरी आगामी ५ वर्ष भित्रमा सञ्चालन गर्न सकिने कार्यक्रम तथा योजनाहरु समावेश गर्दै गाउँपालिकाका आवश्यकताहरुलाई योजनावद्ध रुपमा सम्बोधन गर्न यो आवधिक विकास योजना तयार गरिएको छ । गाउँपालिकाको अगुवाइमा यस गाउँपालिकामा कार्यरत विषयगत शाखा, गाउँपालिका स्थित सबै सरोकारवालाहरुको सामूहिक सहभागिता तथा विज्ञ टोलीले गरेको स्थलगत अध्ययन, गाउँपालिका तथा विषयगत क्षेत्रमा गरिएका अध्ययन अनुसन्धानका प्रतिवेदनहरु, रघुगंगा गाउँपालिकाको वस्तुगत विवरण २०७५, रघुगंगा गाउँपालिकाको वार्षिक बजेट तथा कार्यक्रम, नेपाल सरकारको सोह्रौं पञ्चवर्षीय योजनाको अवधारण पत्र, गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय योजनाको अवधारणा पत्र, सरकारका नीति तथा कार्यक्रम, दिगो विकासको लक्ष्य, गाउँपालिका स्थित राजनैतिक दलका घोषणा पत्र सहितलाई आधार मानेर यो “दोस्रो पञ्ववर्षीय योजना” तर्जुमा गरिएको छ ।

## १.२ उद्देश्य

यो आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गराउन अवलम्बन गरिएका मुख्य उद्देश्यहरु यस प्रकार रहेका छन् :

१. यस गाउँपालिकाको आवश्यकता, सम्भाव्यता र प्राथमिकताको आधारमा स्पष्ट लक्ष्य, उद्देश्य, नीति तथा कार्यक्रम तयार पारी वार्षिक योजना तर्जुमामा मद्दत गर्ने ।
२. योजना अवधिमा लक्ष्यअनुरुप भएका कार्यक्रमहरुको कार्यन्वयनको मूल्याङ्कन आधार तयार पार्ने ।
३. सरकारी एवं गैरसरकारी संघ संस्था तथा स्थानीय तहहरुबीच समन्वय गराई कार्यान्वयनको प्रभावकारिता बढाउँदै विकासको दोहोरोपनलाई कम गर्दै लैजाने ।

## १.३ योजना तर्जुमा विधि

यो आवधिक योजना तयार गर्दा विज्ञ टोलीबाट स्थलगत अध्ययन, वडा तह र गाउँपालिकाका मातहतमा रहेका विषयगत शाखा, जनप्रतिनिधि विषयगत क्षेत्रमा विशिष्टता हासिल गरेका व्यक्ति, गैरसरकारी, तथा स्थानीय तहका प्रतिनिधिहरु भेला गराई आवधिक योजना सम्बन्धमा विस्तृत छलफल गरिएको थियो । उक्त अवधिमा यस आवधिक विकास योजना तयार गर्नु पूर्व गाउँपालिकाको आयोजनामा विभिन्न चरणमा गोष्ठीहरु आयोजना गरिएको थियो । गैरसरकारी संस्थाहरुका प्रतिनिधिहरु, गाउँपालिकाका पदाधिकारीहरु तथा कर्मचारीहरु, भेला गराई गोष्ठी सञ्चालन गरी गाउँपालिकाको मुख्य परिदृष्य, लक्ष्य, उद्देश्यहरु, नीति, रणनीति र कार्यनीतिहरु आपसी छलफलको माध्यमबाट तय गरिएको थियो । प्राविधिक कार्यदलले गाउँपालिकामा प्राप्त एवं संकलित तथा प्रशोधित तथ्याङ्कको आधारमा विभिन्न सम्बन्धित शाखा प्रमुखहरुसँग छलफल गरी गाउँपालिकाको वास्तविक स्थितिको मूल्याङ्कन गरी गाउँपालिकाका विभिन्न सरोकार समूहहरुको सहयोगमा पूर्णतः सहभागितात्मक योजना तर्जुमा प्रक्रिया अवलम्वन गरी यो पञ्वर्षीय आवधिक विकास योजना तयारीलाई अन्तिम रुप प्रदान गरिएको छ ।

## १.४ कार्यान्वयनको ढाँचा र संकेत

आवधिक विकास योजनाले पहिचान गरेका कार्यक्रमहरुको कार्यान्वयन गर्दा गाउँपालिकाले एक्लै कार्यान्वयन गर्ने, प्रदेश सरकारको सहयोगमा मात्रै कार्यान्वयन गर्ने वा संघीय सरकारको मात्रै सहयोगमा कार्यान्वयन गर्ने वा दुई वा तीनवटै तह मिलेर कार्यान्वयन गर्ने भन्ने बारेमा हरेक विषय क्षेत्रगत वजेट निम्नानुसारको क, ख, र ग को संकेत राखिएको छ ।

| क्र.सं. | संकेत | कार्यान्वयनको ढाँचा |
|---|---|---|
| १ | क | स्थानीय तहले आफै कार्यान्वयन गर्ने |
| २ | ख | गण्डकी प्रदेश सरकारसँगको समन्वयमा कार्यान्वयन गर्ने |
| ३ | ग | संघीय सरकारसँगको समन्वयमा कार्यान्वयन गर्ने |
| ४ | कख | स्थानीय तह र प्रदेश |
| ५ | कग | स्थानीय तह र संघीय सरकार |
| ६ | कखग | स्थानीय तह, प्रदेश सरकार र संघीय सरकार (तीनवटै तह) |

## १.५ सीमा

राष्ट्रिय योजना आयोगबाट जारी गरिएको आवधिक योजना सम्बन्धी निर्देशिका स्थानीय तहको योजना दिग्दर्शन २०७५ र गण्डकी प्रदेशले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७७ ले मार्गदर्शन गरे बमोजिम यो योजना सहभागितात्मक आधारमा तयार गरिएको छ । यस आवधिक विकास योजनालाई समावेशी, पारदर्शी एवं परिणाममुखी बनाउन सबै सरोकारवाला हरुको व्यापक सहभागिता जुटाउने एवं गाउँपालिकाको विकासलाई सन्तुलित बनाउन सबै क्षेत्रगत विषयका लक्ष्य, उद्देश्य र उपलब्धिका सूचकहरुलाई समावेश गर्ने प्रयास गरिएको छ । साथै गाउँपालिकामा कार्यरत सबै सरकारी, गैरसरकारी संस्था तथा सरोकारवालाहरुबाट उपलब्ध भएसम्मका क्षेत्रगत योजनाहरु समावेश गर्ने प्रयास गरिएको छ । गाउँपालिकामा कार्यरत सबै सरकारी निकायहरु, गैरसरकारी संस्थाहरु एवं सरोकारवालाहरुबाट उपलब्ध भए सम्मका क्षेत्रगत योजनाहरु समावेश गर्ने प्रयास बाबजुद निम्न सीमाको परिधी भित्र रही यो आवधिक विकास योजना तयार पारिएको छ ।

- गाउँपालिकाको आवधिक योजना निर्माण गर्ने प्रकृयामा प्रारम्भिक तथ्याङ्क र सूचना लिन समय तथा बजेट बढी लाग्ने भएको हुँदा प्रथम तहका सूचनाको अनुपलब्धताका कारणले सूचकहरु दोश्रो तहको सूचनाको आधारमा तय गरिएका छन् । प्राप्त सूचनाको विश्लेषणलाई आधार मानी लक्ष्य, उद्देश्य एवं सूचकहरु निर्धारण गरिएको छ ।
- यस योजनाको तर्जुमालाई सक्दो समावेशी, सहभागितामूलक बनाउने प्रयास हुँदा हुँदै पनि कतिपय सरोकारवालाहरुको कार्य व्यस्तता र समय सीमाको कारणले गर्दा अपेक्षित सहभागितामा कमी आएको छ ।
- गाउँपालिकाको प्रोफाईलमा उल्लेखित सूचना मध्ये कतिपय अधुरा, अपूरा र अन्य श्रोतबाट प्राप्त सूचनाको विश्लेषणलाई आधार मानी लक्ष्य, उद्देश्य एवं सूचकहरु निर्धारण गरिएको छ ।
- आवधिक योजनामा साधन र श्रोतको लेखाजोखा गर्दा गाउँपालिका बाहेक अन्य निकायहरुको श्रोतको प्रक्षेपण एकिन हुन नसकेकोले अनुमानित बजेट प्रक्षेपण गरिएको छ ।

## १.६ योजना तयारीको कानुनी आधार

नेपालको संविधान २०७२ ले नागरिकका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति, स्थानीय तहको अधिकार, संघीय तथा प्रदेशको कानून र नीति, स्थानीय तहको कानून, नीति तथा कार्यक्रमले स्थानीय तहको विकासको गतिको मार्गचित्र निर्देशित गर्दछ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ परिच्छेद ६ दफा २४ को उपदफा १ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा आधारित रहेर स्थानीय स्तरको विकासका लागि दीर्घकालिन, मध्यकालीन र वार्षिक योजना, विषय क्षेत्रगत योजना तर्जुमा गरी तयार गर्नु पर्ने प्रावधान रहेको छ । स्थानीय तहले आफ्नो योजना बनाउँदा नेपाल सरकार, प्रदेश सरकारको सोंच, लक्ष्य, उद्देश्य, नीति तथा कार्यक्रम र समय सीमासँग समायोजन हुने गरी सुशासन, वातावरण, बालमैत्री, लैंगिक तथा सामाजिक समावेशीकरण, जलवायु परिवर्तन तथा अनुकुलन र विपद् व्यवस्थापन जस्ता अन्तर सम्बन्धित विषयलाई ध्यान दिने व्यवस्था गरिएको छ । आवधिक विकास योजना तर्जुमा गर्दा निम्नानुसारका दस्तावेजहरुको आधार लिइएको छ ।

१. नेपालको संविधान, २०७२

२. स्थानीय सरकार संचान ऐन, २०७४

३. नेपाल सरकारको पन्ध्रौँ योजनाको समिक्षा तथा सोह्रौँ योजनाको अवधारणा पत्र

४. गण्डकी प्रदेशको प्रथम आवधिक योजनाको समिक्षा तथा दोस्रो योजनाको अवधारणा पत्र

५. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८

६. राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन

७. दिगो विकासका लक्ष्य

८. स्थानीय सरकारको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरु

९. स्थानीय तहमा रहेका राजनैतिक दलका नीति, कार्यक्रम तथा प्रतिबद्धताहरु

१०.स्थानीय तहको भौगोलक, सामाजिक, आर्थिक तथा साँस्कृतिक अवस्था

११.नागरिकको चाहाना र स्थानीय आवश्यकता

१२. संघीय तथा प्रदेश सरकारबाट स्थानीय तहमा हुने स्रोत प्रवाहको अवस्था र आन्तरिक आय

१३. नेपाल सरकारले गरेका अन्तराष्ट्रिय सन्धी, सम्झौता र प्रतिबद्धताहरु

## १.७ नेपाल सरकार, गण्डकी प्रदेशको आवधिक विकास योजना तथा दिगो विकासको लक्ष्यसँगको अन्तरसम्बन्ध (Relationship with Nepal Government and Gandaki Province Periodic Plan and Sustainable Development Goals)

राज्यको पूनः संरचना पश्चात संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले विकासका आवधिक योजनाहरु अलग अलग रुपमा बनाउने हुँदा तिनीहरु बिचको सम्बन्ध र दातम्यता हुनुपर्ने आवश्यकतालाई यो आवधिक योजनामा पनि मध्यनजर राखिएको छ । खासगरी केन्द्रीय, प्रादेशिक र स्थानीय योजना र कार्यक्रमहरु परस्पर बाझिने, दोहोरिने संभावना र त्यसबाट कार्यान्वयनमा पैदा हुने जटिलतालाई योजना बनाउँदा विशेष ध्यान दिइएको छ । नेपाल सरकारको सोह्रौं योजनाको अवधारणा पत्र र गण्डकी प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय योजनाको अवधारणा पत्र, लक्ष्य, प्राथमिकता र कार्यक्रमहरु तथा दिगो विकासको लक्ष्यसँगको तादम्यता राख्ने प्रयत्न गरिएको छ । संघ, प्रदेश र स्थानीय तहको अधिकारको सूचिलाई समेत मध्यनजर गरी तिनीहरुबाट निक्षेपित हुने अनुदान र राजश्व बाँडफाँडलाई यस आवधिक योजनाको वित्तीय योजना र क्षेत्रगत लगानी कार्यक्रम तय गर्दा विशेष ध्यान पुऱ्याइएको छ । साथै नेपालले अन्तर्राष्ट्रिय र राष्ट्रिय स्तरमा गरेका प्रतिवद्धता, राष्ट्रिय र प्रादेशिक विकास नीति र कार्यक्रमहरुसँग यो आवधिक योजनालाई आवद्ध गरिएको छ ।

# परिच्छेद २ : गाउँपालिकाको समष्टिगत सोंच, लक्ष्य, उद्देश्य र रणनीति

## २.१ पृष्ठभूमि

संघीयतालाई मजबुत बनाउन तथा राज्यले प्रवाह गर्ने सेवामा नागरिकको सहज पहुँच र सामाजिक तथा आर्थिक अवस्थामा सुधार ल्याउनको लागि नेपाल सरकारले सुखी नागरिक समृद्ध नेपाल भन्ने दीर्घकालीन सोंच राखेर बि.सं. २१०० सम्मको दीर्घकालिन योजनाका खाका तयार पारी त्यसकै आधारमा सोह्रौं योजनाको अवधारणा पत्र तयार पारेको र सोही आधारमा गण्डकी प्रदेशले पनि आफ्नो दोस्रो पञ्चवर्षीय योजनाको अवधारणा पत्र तयार पारेको अवस्था छ । यसै सन्दर्भमा रघुगँगा गाउँपालिकाले पनि राष्ट्रिय तथा गण्डकी प्रदेशको सोंच, लक्ष्य तथा उद्देश्य प्राप्त गर्न टेवा दिने संकल्पका साथ गाउँपालिकाको समस्या, चुनौती, अवसर, विद्यमान अवस्था, जनचाहना र गाउँपालिकामा उपलब्ध साधन स्रोतका साथै निजी क्षेत्रसँगको साझेदारीका कार्यहरुलाई सँगसँगै लिएर जानुपर्ने अवस्थालाई आत्मसाथ हुन्छ ।

## २.२ गाउँपालिकाका समस्या र चुनौती

यस रघुगंगा गाउँपालिकामा धेरै समस्या र चुनौतीहरु रहेको देखिन्छ । वर्षेपिच्छे बाढी तथा पहिरो जस्ता प्रकोपका कारण ठूलो संख्यामा जनधनको क्षति हुन्छ । त्यस्तै सडक, कुलाहरू, सार्वजनिक भवनहरू पानीको आपूर्ति प्रणाली जस्ता पूर्वाधारमा हुने क्षतिको अन्त्य हुन सकेको अवस्था छैन । यस बाहेक, बाढी, भलबाढी, पहिरो, आगजनी, असिना र जंगली जनावरको आक्रमण जस्ता विभिन्न किसिमका प्रकोपबाट क्षति भोग्नु परेको अवस्था रहेको छ । यस्ता विपदहरूबाट जनधनको क्षतिलाई न्यूनीकरण गर्नु, जोखिममा रहेका बस्तीहरू सुरक्षित ठाउँमा सार्नु अर्को चुनौती रहेको छ । यस गाउँपालिकाको सर्बाङ्गिण विकासमा देखा परेका समस्या तथा चुनौतीहरु निम्न अनुसार रहेका छन् :

| क्षेत्र | समस्या | चुनौती |
|---|---|---|
| कृषि | मनसुनमा आधारित, परम्परागत निर्वाहमुखी खेतीप्रणाली, अति न्यून उत्पादन र उत्पादकत्व | कृषि पेशामा युवा वर्गको आकर्षण गरी आधुनिकीकरण, यान्त्रिकीकरण मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गर्न । |
| पशु | उपभोगमा आधारीत निर्वाहमुखी परम्परागत रुपमा पशुपालन । | पशुपालन व्यवसायलाई मर्यादित बनाई युवाको संलग्लतामा वृद्धि गर्दै आधुनीकीकरण गरी व्यवसायिक बनाउन । |
| पर्यटन | पर्यटकका लागि सुविधायुक्त बसोबास नहुनु, स्थानीय उत्पादनसँग कमजोर सम्बन्ध र पर्यटन प्रवर्द्धनमा जनचासो कम हुनु । | स्थानीय उत्पादनसँग सहकार्य गरी गुणस्तरीय पर्यटनका लागि पूर्वाधार विकास गर्न । |
| सहकारी | सहकारी क्षेत्रको लगानी अनुत्पादक क्षेत्रमा प्रयोग हुनु । | सहकारी क्षेत्रको लगानीलाई उत्पादन क्षेत्रमा उत्प्रेरित गर्न तथा सहकारीले सदस्यलाई स्वरोजगार बनाउन । |
| श्रम तथा रोजगार | श्रम बजारको माग अनुसारको शिपमुलक दक्ष जनशक्ति नहुनु, युवाहरु वैदेशिक रोजगारमा जानु पर्ने बाध्यता हुनु, विप्रेषण तथा स्वदेशमा गरिएको आम्दानीको अधिकांश रकमको हिस्सा उपभोगमा खर्च हुनु । | युवालाई स्वरोगार बनाउन, वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउन र विप्रेषणलाई आम्दानीको क्षेत्रमा लागानी गर्न । |
| उद्योग तथा वाणिज्य | स्थानीय कच्चा पदार्थमा आधारित घरेलु उद्योगको प्रवर्द्धन गर्न नसक्नु, स्थानीय स्तरमा व्यवस्थित बजार क्षेत्र नहुनु । | स्थानीय कच्चा पदार्थमा आधारित घरेलु उद्योगको स्थापना गर्न र खाद्यान्न सामग्रीको आयातमुखी व्यापारलाई स्थानीय कृषि उत्पादनले प्रतिस्थापन गर्न । |
| वन तथा वातावरण संरक्षण | संरक्षणमुखी वन रहेको हुँदा नागरिकको अर्थोपार्जनसँग कमजोर सम्बन्ध रहनु । | वनको वैज्ञानिक व्यवस्थापन गरी नागरिकको आयआर्जनसँग सम्बन्ध स्थापित गर्न । |

| | | |
|---|---|---|
| विपद् व्यवस्थापन | विपद व्यवस्थापनका लागि पूर्वतयारी साथै राहतकोष कमजोर हुनु । | विपद व्यवस्थापनको लागि पूर्वतयारी तालिमको साथै पर्याप्त राहतकोषको निर्माण गरी नागरिकलाई ढुक्कता दिलाउन । |
| जलवायु परिवर्तन तथा अनुकुलन | जलवायुको प्रतिकुल असर स्थानीय उत्पादनमा परेको र सो अनुसारको अनुकुलन हुन नसक्नु । | जलवायु परिवर्तनको असरलाई कम गर्न स्थानीय उत्पादन प्रणालीलाई समायोजन गर्न । |
| विद्युत तथा उर्जा | पर्याप्त रुपमा विद्युत तथा उर्जाको उपलब्धता नहुनु । | पर्याप्त रुपमा विद्युत तथा उर्जाको उपलब्धतामा वृद्धि गरी नागरिकहरुलाई सर्बैसुलभ सुविधा उपलब्ध गराउन |
| पूर्वाधार निर्माण | गाउँपालिकामा निर्माण गरिएका भौतिक पूर्वाधार दिगो तथा वातावरणमैत्री, अपाङ्गमैत्री र बालमैत्री नहुनु र समयमै सम्पन्न नहुनु । | पूर्वाधार निर्माण कार्यलाई दिगो र वातावरणमैत्री तथा अपाङ्गमैत्री, बालमैत्रीका साथै निर्धारित समयमै गुणस्तर कायम गरी सम्पन्न गर्न । |
| खानेपानी | खानेपानीको लागि दिगो रुपमा पानीको स्रोत नभएका कारण स्वास्थ्य खानेपानीको आपूर्तिमा कमी हुनु । | खानेपानीको भरपर्दो नियमित श्रोत नहुँदा स्वच्छ र आवश्यकता अनुरुप खानेपानी उपलब्ध गराउन |
| सिंचाई | दिगो रुपमा पानीको स्रोत नभएका कारण पूर्णरुपमा सिंचाई सेवाको आपूर्तिमा कमी हुनु | दिगो रुपमा पानीको स्रोत नभएका कारण पूर्णरुपमा सिंचाई सेवा प्रवाह गर्न । |
| सुचना तथा सञ्चार | टेलिफोन टावरहरूको समुचित व्यवस्था नरहेको कारणले इन्टरनेट र मोवाइल सेवा समेत भर पर्दो हुन नसक्नु, स्थानीय स्तरमा पत्रपत्रिका प्रकाशन नहुनु । | गाउँपालिकाका सबै क्षेत्रमा काम गर्ने टेलिफोन टावर निर्माण गर्न र नीजिक्षेत्रलाई सूचना तथा सञ्चार सम्बन्धी काम गर्नको लागि उत्प्रेरित गर्न । |
| स्वास्थ्य | नागरिकको आवश्यकता अनुरुपको स्वास्थ्य सेवाको पहुँच नहुनु । | गाउँपालिकामा भएका स्वास्थ्य संस्थाको स्तरोन्नती गरी सहज स्वास्थ्य सेवामा पहुँच बढाउन । |
| शिक्षा | प्राविधिक तथा श्रम बजारको माग अनुरुपको दक्ष जनशक्ति उत्पादन गर्न नसक्ने कमजोर शिक्षा प्रणाली, सरकारको लगानी अनुरुप शैक्षिक उपलब्धी हासिल नहुनु । | शिक्षालाई समय अनुकुल र भोलीको श्रम बजारको लागी आवश्यक जनशक्ति उत्पादन गर्ने शिक्षाको व्यवस्था गर्न |
| लैंगिक समानता | कानुनी रुपमा लैंगिक तथा जातिय समानताको व्यवस्था भए अनुरुप व्यवहारमा नरहनु । | कानुनमा व्यवस्था रहेको सामाजिक समनता व्यवहारिक रुपमा लागु गर्न । |
| योजना तर्जुमा तथा तथ्याङ्क व्यवस्थापन | गाउँपालिकामा व्यवस्थित तथ्याङ्क प्रणाली नहुनु तथा कमजोर योजना कार्यान्यिन प्रणाली हुनु । | गाउँपालिकाका आवश्यक तथ्याङ्क सङ्कलन तथा व्यवस्था र बलियो योजना कार्यान्वय प्रणालीको व्यवस्था गर्न र योजनाको प्रभावकारी अनुगमन गर्न । |
| राजस्व सङ्कलन र श्रोत परिचालन | आन्तरिक आयको बलियो श्रोत नहुनु, गाउँपालिकाको सम्पूर्ण खर्च प्रदेश तथा संघिय सरकारमा भर पर्नु । | गाउँपालिकाको प्राकृतिक स्रोतलाई करको दायरामा ल्याउन । |
| सुशासन | विद्युतिय शासनको पूर्ण अभ्यास नहुँदा नागरिकको काम तथा सार्वजानिक काममा अपेक्षित प्रभावकारिता कमि आउनु, | विद्युतिय शासन प्रणालीको लागु गरि सार्वजानिक सेवा प्रवाह प्रभावकारी बनाउन । |
| समग्रमा | भौगोलिक विकटता, दक्ष जनशक्तिको कमी उत्पादन, बजार व्यवस्थापन सहज नहुनु, बसाइसराइ तथा युवा विदेश पलायन हुनबाट रोक्न नसक्नु, विद्यालय छोड्ने दर नरोकिनु, सामाजिक कुरीति र युवाहरुलाई कुलतबाट बाहिर ल्याउन नसक्नु, नागरिकको नकरात्मक सोंचलाई परिवर्तन गर्न नसकिनु । | भौगोलिक विकटता, दक्ष जनशक्ति उत्पादन, बजार व्यवस्थापन गर्न, बसाइसराइ तथा युवा विदेश पलायन हुनबाट रोक्न, विद्यालय छोड्ने दर रोक्न, सामाजिक कुरीति र युवाहरुलाई कुलतबाट बाहिर ल्याउन, नागरिकको नकरात्मक सोंचलाई परिवर्तन गर्न । |

## २.३ गाउँपालिकाका अवसर

नेपालको संविधानले स्थानीय तहका २२ वटा एकल अधिकारको व्यवस्था गरी आफ्नो गाउँपालिकाको विकासको खाका कोर्ने मौका दिइनु, जलविद्युत उत्पादनको प्रचुर सम्भावना रहनु, प्रशस्त मात्रामा वन तथा जडिबुटी रहनु, प्रदेश सरकार तथा केन्द्र सरकारसँगको निकटतम सम्बन्ध रहनु, लगानीमैत्री वातावरण सिर्जनाका लागि गाउँपालिका कटिबद्ध हुनु, पर्यटन विकासको रुपमा संभावना बढ्नु यस गाउँपालिकाका अवसरहरु हुन ।

## २.४ गाउँपालिकाको संमृद्धिका मुख्य संवाहकहरु (Key Drivers of Prosperity)

यस रघुगंगा गाउँपालिका प्राकृतिक स्रोत तथा सांस्कृतिक सम्पदाले धनी गाउँपालिकाको रुपमा रहेको छ । यस वाहेक कृषि, पशु र पर्यटन क्षेत्र पनि यस गाउँपालिकाको समृद्धिको मुख्य वाहकको रुपमा रहेका छन् । यसका साथै रघुगंगा गाउँपालिकाको लागि समृद्धिका मुख्य ८ वटा संवाहकहरु (Key Drivers of Prosperity) पहिचान गरिएको छ ।

**१. कृषि तथा पशुपालन : गाउँ**पालिकाको कुल गार्हस्थ उत्पादनमा कृषि तथा पशुपालन र पर्यटनको योगदान उच्च रहेकोले यस क्षेत्रमा आधुनिक पद्धतिको प्रयोग गरी यान्त्रीकरण मार्फत कृषिमा उत्पादन र उत्पादकत्व वृद्धि गरि स्थानीय उत्पादनलाई बजारीकरण साथै पर्यटन विकाससँग जोड्न सकेदेखि लाभ लिन सकिने ।

**२. पूर्वाधार विकास :** गाउँपालिकाको समग्र विकासमा सडक लगायत सम्पूर्ण पूर्वाधारले अतुलनीय योगदान पुऱ्याएको हुन्छ । गाउँपालिकाको उत्पादनमुखी आत्मनिर्भर अर्थतन्त्र निर्माणमा पूर्वाधारको महत्वपूर्ण भूमिका रहेको हुँदा दिगो र वातावरणमैत्री पूर्वाधारको निर्माण मार्फत गाउँपालिकाको विकास गरिनेछ ।

**३. पर्यटन :** रघुगंगा गाउँपालिका पर्यटनका दृष्टिकोणले आर्थिक उपार्जनको केन्द्रविन्दु बन्न सक्ने संभावना रहेको छ । प्राकृतिक सौन्दर्यता, लेक, ग्रमीण पर्यटन स्थल, मन्दिर, कोट लगायतका ऐतिहासिक साथै धार्मिक सम्पदाहरु रहेको हुँदा यस गाउँपालिकाको विकासमा पर्यटन क्षेत्रको महत्वपूर्ण योगदान पुग्नेछ ।

**४.जलश्रोत :** यस गाउँपालिकामा रहेको रघुगंगा नदि तथा अन्य खोलाबाट सिंचाई तथा जलविद्युत उत्पादन गरी गाउँपालिकाको दिगो विकासमा टेवा पुग्नेछ ।

**५.प्राकृतिक स्रोत :** गाउँपालिकामा रहेको जमिन, जल, वन, जडिबुटी, ढुंगाखानी, नदि तथा खोला किनारमा रहेको ढुंगा, गिट्टी तथा बालुवाको उचित परिचालन र उपभोगबाट गाउँपालिकाको समृद्धिमा महत्वपूर्ण टेवा पुग्नेछ ।

**६.घरेलु उद्योग :** स्थानीय स्तरमा उत्पादन हुने कच्चा पदार्थमा आधारित घरेलु उद्योगको विकास र विस्तार गरि रोजगारी सिर्जना तथा नागरिकको आयआर्जनमा सहयोग पुग्न सक्दछ । कृषिमा आधारित उद्योग सञ्चालन गर्न सकिने प्रशस्त संभावना रहेको छ ।

**७.सुशासन :** गाउँपालिकाले सम्पादन गर्ने हरेक कार्य जनमुखी, नागरिक प्रति उत्तरदायी, विधिको शासनको स्थापना गर्न र समावेशी विकास गर्न गाउँपालिकाका सबै अंगमा विद्युतिय सुशासनको अभ्यासले कार्य क्षमता वृद्धि र भ्राष्टाचार निवारणमा सहयोग पुऱ्याई उच्च प्रतिफल प्राप्त गर्न सकिनेछ ।

**८.मानव संसाधन विकास:** उच्च उत्पादन र उत्पादकत्व प्राप्त गर्न चाहिने प्राविधिक सीप र ज्ञान भएको मानव संसाधन विकास मार्फत नयाँ प्रविधिको प्रयोग गरी उत्पादन तथा विकास निर्माण प्रकृयालाई प्रभावकारी बनाउन सघाउनेछ ।

## २.५ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य

### सोंच

गाउँपालिकाको वि.सं २१०० सम्मको सोंच

***"समृद्ध रघुगंगा गाउँपालिका निर्माणको आधार, दिगो कृषि, सुरक्षित, पूर्वाधार, उर्जा र पर्यटन"***

### लक्ष्य

दिगो उत्पादन तथा उत्पादकत्व र पर्यटनमा अभिवृद्धि गर्दै गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा रोजगारी प्रवर्द्धन गरि समतामूलक, समावेशी, न्यायपूर्ण र उत्थानसील पूर्वाधार सहितको समृद्ध रघुगँगा गाउँपालिका निर्माण

### उद्देश्य

१. कृषि, पशु, पर्यटन, वन, वातावरण र पूर्वाधारको दिगो विकास मार्फत उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्ने।
२. जलवायु परिवर्तनसँग अनुकुलित हुँदै विपद उत्थानसिलता मार्फत दिगो रुपमा पूर्वाधारको विकास गर्ने ।
३. दिगो विकास लक्ष्यको स्थानीयकरण गरी राष्ट्रिय तथा प्रादेशिक लक्ष्यलाई सहयोग पुऱ्याउन श्रोतको उचित परिचालन तथा व्यवस्थापन गर्ने ।
४. शिक्षा, स्वास्थ्य, सामाजिक न्याय, सामाजिक समावेशिकरण(अपाङ्गता भएका व्यक्ति, महिला, जनजाति, दलित, जेष्ठ नागरिक, यूवा) सबैल लोकतन्त्र, संस्थागत सुशासन सहितको समतामूलक समाजको निर्माण गर्ने ।
५. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष, प्राविधिक जनशक्तिको उत्पादन गरि रोजगारको प्रवर्द्धन एवम् व्यवस्थापन गर्ने ।

## २.६ रणनीति

माथिको दीर्घकालीन, लक्ष्य तथा उद्देश्य प्राप्त गर्नका लागि देहाय बमोजिमका रणनीति अवलम्बन गरिनेछ ।

१. कृषि बालीको उत्पादन र उत्पादकत्व वृद्धिका लागि कृषि भूमिको चक्लाबन्दी र व्यवसायिक कृषिमा ध्यान दिने ।
२. सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा र प्राविधिक तथा व्यवहारीक शिक्षामा जोड दिने ।
३. आवास तथा पूर्वाधार विकासलाई दिगो र वातावरणमैत्री विकासमा जोड दिने ।
४. आय वृद्धिका लागि गाउँपालिकामा रहेका प्राकृतिक स्रोतको उचित परिचालन गर्ने तथा प्रदेश र संघीय सरकारसँग समन्वय गर्ने ।
५. सबै क्षेत्रमा लैङ्गिक समानता र सामाजिक समावेशीतालाई मूलप्रवाहिकरण गर्ने
६. श्रम बजारलाई आवश्यक दक्ष जनशक्ति उत्पादनमा जोड दिने ।
७. गाउँपालिका, वडा र समुदाय तहमा विपद् जोखिम सम्बन्धि क्षमता विकास र संस्थागत संरचना निर्माणलाई प्रवर्द्धन गर्ने ।
८. जलवायु परिवर्तन अनुकुलन, व्यवस्थापन र विपद् जोखिम न्यूनिकरणका लागि स्थानीय स्रोत, परम्परागत ज्ञान र सीपको परिचालनको साथै जलवायु परिवर्तन अनुकुलित प्रविधि, सीप, ज्ञान, कृषि प्रणालीको प्रयोग गर्ने ।

## २.७ परिमाणात्मक लक्ष्य

गाउँपालिकाको आवधिक योजनाको अवधि २०८०/८१ देखि २०८२/०८३ लाई अल्पकालीन वि.स.२०७६-२१०० सम्मको लागि दीर्घकालीन अवधी निर्धारण गरी समृद्धि र सुखका परिमाणात्मक लक्ष्यहरु प्रस्तुत गरिएको छ ।

## तालिका नं १
## गाउँपालिकाको कुल आय तथा आगामी ५ बर्षका लागि प्रक्षेपित आय (रु.हजारमा)

| आयको श्रोत | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|---|
| क. आन्तरिक | ५६२४४२०५ | ७५१२२८२५ | ६२५५१८२६ | ६८८०७००८६ | ७५६८७७०९.४६ | ८३२५६४८०.४० | ९१५८२१२८.४४ | १००७४०३४१.२८ |
| ख.संघीय | | | | | | | | |
| १ वित्तीय समानीकरण | ८३४००००० | ८९३००००० | ७९१००००० | ८७०१०००० | ९५७११००० | १०५२८२१०० | ११५८१०३१० | १२७३९१३४१ |
| २ विशेष | २२८००००० | २६०००००० | ७०००००० | ७७०००००० | ८४७००००० | ९३१७००० | १०२४८७०० | ११२७३५७० |
| ३ समपुरक | ४६००००० | ७४००००० | ५०००००० | ५५००००० | ६०५०००० | ६६५५००० | ७३२०५०० | ८०५२५५० |
| ४ सशर्त | २२४७०७००० | २२७२८६९६८ | २१७९६३००० | २३९७५९३०० | २६३७३५२३० | २९०१०८७५३ | ३१९११९६२८.३ | ३५१०३१५९१.१३ |
| ५ राजश्व बाडफाँट | ७३१३६०० | ८८५९५००० | ८६८११६०० | ९५४९२७६० | १०५०४२०३६ | ११५५४६२४० | १२७१००८६४ | १३९८१०९५०.४ |
| **जम्मा** | **३४२८२०६००** | **४३८५८१९६८** | **३९५८७४६००** | **४३५४६२०६०** | **४७९००८२६६** | **५२६९०९०९३** | **५७९६००००२.३** | **६३७५६०००२.५३** |
| ग.प्रदेश सरकार | | | | | | | | |
| १.वित्तीय समानीकरण | ८९७१००० | ९४८२००० | ९५११००० | १०४६२१०० | ११५०८३१० | १२६५९१४१ | १३९२५०५५.१ | १५३१७५६०.६१ |
| २ विशेष | ०० | ०० | ५०००००० | ५५००००० | ६०५०००० | ६६५५००० | ७३२०५०० | ८०५२५५० |
| ३.समपुरक | ५०००००० | ५०००००० | ६०००००० | ६६००००० | ७२६०००० | ७९८६००० | ८७८४६०० | ९६६३०६० |
| ४.सशर्त | ५०००००० | ५०००००० | ००००० | ५५००००० | ६०५०००० | ६६५५००० | ७३२०५०० | ८०५२५५० |
| ५.राजश्व बाडफाँट | ५५९९००० | ६७१९००० | ७४६५००० | ८२११५०० | ९०३०२६५० | ९९५३९१५ | १०९२९५०६.५ | १२०२२४५७.१५ |
| **जम्मा** | २४५७०००० | २६२०१००० | २७९७६००० | ३६२७३६०० | ९४३५०९६० | ४२८९१०५६ | ४८२८०१६१.६ | ५३१०८१७७.७६ |
| **कुल आम्दानी (क ख ग)** | **४२३६३४८०५** | **५३९९०५७९३** | **४८६४०२४२६** | **५४०५४२६६८.६** | **६४९०४६९३५.४६** | **७५३०५७७२९.४** | **७१९४६२३३५.९** | **७९१४०८५२१.५७** |

# परिच्छेद ३ : आर्थिक विकास क्षेत्र

## ३.१ कृषि

### ३.१.१ पृष्ठभूमि

यस गाउँपालिकामा उच्च पहाडी क्षेत्र देखी बेंसीहरु समेत रहेका छन् । कृषि क्षेत्रको वार्षिक औषत वृद्धिदर ३.५ प्रतिशत रहेको छ । यस गाउँपालिकाको कुल जग्गाको क्षेत्रफल ४०६८५ हेक्टर रहेको छ । यस मध्ये खेति गरिएको जमिन ३३५९ हेक्टर छ भने बाँकी जमिन वन क्षेत्र, आवास क्षेत्र, चरन क्षेत्र, हिम क्षेत्र लगायत अन्य क्षेत्र रहेको छ । सिंचाईको स्रोतमा कुलो र आकाशे पानी नै हो । कुल क्षेत्रफल मध्ये जम्मा सिँचित जमिन ६२९ हेक्टर रहेकोमा बाह्रै महिना सिंचाईको सुविधा भएको जमिन २४० हेक्टर र ३८९ हेक्टरमा मौषमी अर्थात वर्षे मुल र आकाशे पानीको भरपर्नु पर्दछ भने २८२१ हेक्टरमा  सिंचाई सुवीधा हुन बाँकी छ । कृषिमा काम गर्ने जनशक्तिको कमी, उन्नत मल, बीऊको कमि, बाँदर तथा अन्य वन्य जन्तु र प्राकृतिक प्रकोपका कारण कृषि बालीको प्रति हेक्टर उत्पादन र उत्पादकत्व समेत कम रहेको हुँदा खाद्यान्नमा परनिर्भर हुनु परेको अवस्था छ । केहि खेतियोग्य जग्गा बाँजो रहेको छ भने जम्मा खेती गरिएको जमिन ३३५९ हेक्टर रहेकोमा खेत ५३८ हेक्टर र पाखो बारी २८२१ रहेको देखिन्छ । यो गाउँपालिकाको मुख्य खाद्यान्न बालीको रुपमा धान, मकै गहुँ र कोदो रहेका छन् । आफ्नो उत्पादित खाद्यबालीले वर्षैभरि खान नपुग्ने खाद्यान्न आयात गर्नु पर्दछ । स्थानीय अन्नबाली, धान, कोदो, गहुँ, मकै, आलु, फलफूल, पशुपाललन आदिको पकेट क्षेत्र विकास गराइ युवाहरुलाई आकर्षित गरी कृषिमा आधुनिकीकरण, ब्यवसायिकरण र यान्त्रिकीकरणमा जोड दिनु पर्ने देखिन्छ । वातावरणीय परिवर्तन अनुकुलन कृषि प्रणालीको विकास गर्नु, युवावर्गको विदेश पलायन रोकि उनीहरुलाई स्वदेशमै कृषिमा ब्यवसायिक बनाई कृषि क्षेत्रको विकास गर्नु अति जरुरी छ ।

### ३.१.२ प्रमुख समस्याहरु

जग्गाको खण्डिकरण र जग्गा बाँझो राख्ने प्रवृत्ति बड्दै जाँदा खेतीयोग्य जमिन घट्दै जानु, कृषि क्षेत्रका लागि आवश्यक मल र उन्नत बीऊ बिजनको प्रयोगमा कमिको कारण उत्पादनमा ह्रास हुदै जानु, कृषि पेशालाई सम्मानित पेशा र लगानीमैत्री बनाउन नसक्नु, युवावर्ग कृषि पेशामा आकर्षित नभई विदेश पलायन हुनु, जनसंख्याको बसाई सराईमा वृद्धि हुनु, हावा पानीको विविधता तथा भौगोलिक जटिलता हुनु, कृषि सम्बन्धी ज्ञानमा कमि हुनु, आवश्यक मात्रामा नीजि क्षेत्रको लगानी हुन नसक्नु, कृषि उत्पादनमा किसानले उचित मूल्य नपाउनु, प्रविधि विकास तथा यान्त्रिकरण र व्यवसायिकरण हुन नसक्नु, जलवायु परिवर्तनको असरका कारण बालीहरुमा नयाँ रोग तथा किराहरु देखा पर्नु, पर्याप्त मल, गुणस्तरीय विऊ, सिंचाई, कृषि सामग्री आदीको माग अनुसार ठिक समय, मुल्य र स्थानमा सहज तरीकाले उपलब्ध हुन नसक्नु, आवश्यक शीतभण्डार र अन्न भण्डारको व्यवस्था हुन नसक्नु, कृषि प्रसार सेवा, कृषि सूचना, कृषि बीमा, कृषि ऋण जस्ता कार्यक्रमहरु ग्रामिण कृषकहरूको सहज पहुँचमा पुग्न नसक्नु, कृषि उत्पादनलाई मूल्य श्रृङ्खलासंग तथा कृषि उद्योगसंग जोड्न नसक्दा बजारीकरणमा समस्या हुनु, वन्यजन्तु आतङ्क र खेतबारीमा पुऱ्याउने नोक्सानीको परिमाणमा वृद्धि हुनु यस क्षेत्रका समस्याहरु हुन् ।

### ३.१.३ चुनौती र अवसर

### चुनौती

वर्षेनी युवा जनशक्तिको विदेश पलायनले गर्दा कृषि क्षेत्रमा रहेको श्रम अभावलाई सम्बोधन गर्न, जग्गाको खण्डीकरण र जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै कृषि भूमिलाई उपयोगमा ल्याउन, कृषि बीमा व्यवस्थालाई प्रभावकारी बनाउन, जटिल भौगोलिक अवस्था र बेंसी क्षेत्रमा बाहेक पानीको श्रोतका कमीका कारण सिंचाई दिगो बनाउन, जटिल भौगोलिक अवस्थाका कारण प्रविधिको विकास तथा यन्त्रिकीकरण मार्फत कृषिको व्यवसायिकरण गर्न, बाँदर तथा अन्य जंगली जनवारको व्यवस्थापन गर्न, कृषि पेशालाई प्रतिस्पर्धी, व्यावसायिक, नाफामूलक र सम्मानित पेशाको रूपमा स्थापित गर्न  यस क्षेत्रका प्रमुख चुनौतीहरु रहेका छन् ।

### अवसर

खेतियोग्य जमिन हुनु, तीनै तहका सरकारले कृषि क्षेत्रलाई उच्च प्राथमिकतामा राख्नु, कृषि विकासको स्पष्ट मार्गदर्शनका रूपमा रहेको कृषि विकास रणनीति २०७२ कार्यान्वयन हुनु, जलवायु परिवर्तनको अनुकुलन हुनेगरी गण्डकी प्रदेशको मुख्य मन्त्री वातावरणमैत्री नमुना गाउँ/नगर स्थापना गर्ने कार्य प्राथमिकताका साथ कार्यान्वयनमा आउनु, विदेशबाट फर्किएका युवाहरू सीप, ज्ञान, पुँजी र उन्नत प्रविधिसहित कृषि क्षेत्रमा आकर्षित हुँदै जानु, प्रांगारिक कृषि प्रति बढ्दो चासो साथै विकास हुँदै गरेको पर्यटन, पर्यापर्यटन तथा कृषि पर्यटन सुरुवात हुनु, कृषि क्षेत्रमा लागानी गर्न निजी क्षेत्रको चासो बढ्नु, प्रदेश सरकार तथा गाउँपालिकाले पर्यटन व्यवसायमा स्थानीय कृषि बस्तुको उपयोग गर्नु पर्ने नीति लिनु, गाउँपालिकाका हरेक बस्ती सडक संजालसंग जोडिएको तथा उत्पादित बस्तुको लागि सहज बजारको (वेगखोला, गलेश्वर, बेनी, बाग्लुङ, कुस्मा, पोखरा) व्यवस्था हुनु आदि यस क्षेत्रका अवसरहरु हुन ।

### ३.१.४ सोंच, लक्ष्य र उद्देश्य

### सोंच

कृषि जन्य पदार्थको आयात प्रतिस्थापन भइ प्रशोधित कृषि सामग्रीको निर्यात गर्ने गाउँपालिका

### लक्ष्य

कृषि क्षेत्रलाई आधुनिकिकरण, व्यवसायिकरण, विविधीकरण तथा यान्त्रिकीकरण गरी कृषिजन्य वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी दिगो रुपमा गाउँपालिकाबासीको आर्थिक जीवनस्तरमा उल्लेख्य सुधार ल्याउने ।

### उद्देश्य

१. कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि गरी आत्मनिर्भर गाउँपालिकाको जग तयार गर्ने ।
२. कृषि क्षेत्रको विशिष्टिकरण, बजारीकरण मार्फत दिगो एवं व्यावसायिक प्रणालीमा रुपान्तरण गर्ने ।
३. कृषि व्यवसायलाई वातावरणमैत्री, प्रविधियुक्त, पर्यटनसँग जोड्दै परिणाममुखी र प्रतिस्पर्धी बनाउने ।
४. कृषिलाई व्यवसायिकरण गरी स्वरोजगारबाट रोजगार सिर्जना गरी रघुगंगा गाउँपालिकाको अर्थतन्त्र सुदृढ बनाउने ।

### ३.१.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि गरी आत्मनिर्भर गाउँपालिकाको जग तयार गर्ने** | |
| १.१ भूमिको बैज्ञानिक व्यवस्थापन तथा चक्लाबन्दी, कृषकको | १.१.१ भू उपयोग ऐन २०७६ को बर्गिकरण तथा  नीतिमा व्यवस्था भए अनुरुप कृषि भूमिको चक्लाबन्दी गरी व्यावसायिक तथा बाँझो जमिनको सदुपयोग गर्ने कृषकलाई विशेष अनुदानको नीतिगत व्यवस्था गरिनेछ । |

| | |
|---|---|
| बर्गिकरण गरी कृषिमा अनुदानको व्यवस्था गर्ने | १.१.२ कृषकको बर्गिकरण कार्यविधि तयार गरी सो का आधारमा अनुदानको व्यवस्था गरिनेछ ।<br>१.१.३ प्रधानमन्त्री कृषि आधुनीकीकरण कार्यक्रम तथा मुख्य मन्त्री वातावरण मैत्री कृषि नमूना गाउँ कार्यक्रमसंग समन्वय गरी व्यावसायिक कृषकलाई अनुदानको व्यवस्था गरिनेछ ।<br>१.१.४ ४० बर्ष सम्मका युवालाई कृषिमा आकर्षण गर्न अध्यक्षसंग युवा कृषि कार्यक्रमलाई सञ्चालनमा ल्याइने छ । |
| १.२ प्रतिस्पर्धी क्षमता विकास गरी आधारभूत खाद्य, बस्तुको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने । | १.२.१ कृषक मैत्री नीति, नियम तथा कार्यविधि तयार गरिनेछ ।<br>१.२.२ व्यवसायिक कृषिमा आवद्ध तथा अन्य कृषकका लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ ।<br>१.२.३ लगानी सुनिश्चित गराउन वातावरणीय, प्राविधिक, बजार एवम् जंगली जनावरबाट हुने जोखिम न्यूनीकरणका लागि प्राथमिकता दिइनेछ ।<br>१.२.४ गाउँपालिका भित्रका खेतियोग्य जमिनमा दिगो रुपमा सिंचाई सुविधा उपलब्ध गराउन सिंचाईका वैकल्पिक उपायको खोजी गरी आवश्यक पूर्वाधारको निर्माण गरिनेछ ।<br>१.२.५ गुणस्तरीय उत्पादन सामग्रीहरू र कृषि यन्त्रहरु, उन्नत प्रविधि एवम् सुलभ कृषि कर्जाको व्यवस्था गरिनेछ ।<br>१.२.६ गाउँपालिकाको सबै क्षेत्रको माटो परिक्षण गरि संभाब्यताका आधारमा हरेक वडालाई एक विशेष कृषि पकेट क्षेत्रको रुपमा विकास गर्न विशेषज्ञ सेवा उपलब्ध गराइनेछ ।<br>१.२.७ सम्भावित कृषि बस्तु, उत्पादनहरूको पहिचान एवम् उत्पादन वृद्धि गरी उक्त उत्पादनको ब्रान्ड प्रवर्द्धन गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा बजारीकरणमा जोड दिईनेछ ।<br>१.२.८ कृषिका लागि आवश्यक मल, उन्नत बीऊमा अनुदान दिने तथा समयमै उपलब्ध गराउन पहल गरिनेछ ।<br>१.२.९ तरकारी तथा फलफूलमा आत्मनिर्भर बनाउन संभाब्यताको अध्ययन गरि तरकारी तथा फलफुल पकेट क्षेत्रको घोषण गरी कार्यक्रम सञ्चालन गरिनेछ |
| १.३ गाउँपालिकाका खेतियोग्य जमिनमा सिंचाई सुविधा उपलब्ध गराउने । | १.३.१ गाउँपालिकाका धान खेत तथा तरकारी लगाउने क्षेत्रमा सतही तथा अन्य सिंचाई प्रणालीको व्यवस्था गरिनेछ ।<br>१.३.२ सतही सिंचाईको संभावना नरहेको स्थानमा लाभ लागत विश्लेषणका आधारमा लिफ्ट सिंचाईको व्यवस्था मिलाईने छ ।<br>१.३.३ गाउँपालिका भित्रका सुख्खा क्षेत्रमा सिंचाईका लागि प्लाष्टिक पोखरी तथा घर घरमा वर्षायामको पानी सङ्कलन गर्न टयांकीको निर्माण गरिनेछ । |
| १.४. कृषि क्षेत्रमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रको लगानी अभिवृद्धि गरी निर्यात प्रबर्द्धन गर्ने । | १.४.१ बैंक तथा सहकारी संस्थाहरुले निश्चित प्रतिशत रकम कृषि उत्पादनमा लगानि गर्नुपर्ने र कृषि उद्यम एवं व्यवसाय सञ्चालन गर्न वित्तीय संस्थाबाट सहुलियत व्याजदरको ऋण उपलब्ध गराउने नीतिगत व्यबस्था गरिने छ ।<br>१.४.२ नीजि क्षेत्रले कृषिमा तथा पशुपालन फर्म सञ्चालन गर्न चाहेमा पूर्वाधारमा सहयोग गरिने र नीतिगत सुधार तथा व्यवासाय करमा सहुलियत उपलब्ध गराइने छ ।<br>३.४.३ नीजि क्षेत्रका कृषि उपजहरुको ब्राण्डिङ गर्ने कानुन निर्माण गर्ने र प्याटेण्ट दर्ता गर्ने व्यवस्था गर्ने |

| उद्देश्य २ : कृषि क्षेत्रको विशिष्टिकरण, बजारीकरण मार्फत दिगो एवं व्यावसायिक प्रणालीमा रुपान्तरण गर्ने । | |
|---|---|
| २.१ तुलनात्मक लागत लाभ हुनसक्ने बाली, पशुपंक्षिजन्य बस्तुहरुको व्यवसायिकरण सहित खाद्य सुरक्षाको सुनिश्चित गर्ने । | २.१.१ तुलनात्मक लाभ हुनसक्ने स्थानीय बाली तथा बस्तुको सघन व्यवसायिक खेती प्रणाली अघि बढाइनेछ ।<br>२.१.२ उत्पादन वा आम्दानीको आधारमा अनुदान उपलब्ध गराउने व्यवस्था मिलाउने<br>२.१.३ निजी तथा सहकारी क्षेत्रको संलग्नता बढाउँदै करार सम्झौतामा आधारित सहकारी खेतीलाई प्राथमिकता दिई खाद्य सुरक्षाको सुनिश्चित गर्ने ।<br>२.१.४ कृषि पेशामा संलग्न कृषकहरुलाई प्रोत्साहित गर्न तथा सम्मानित बनाउन विशेष कार्यक्रम सञ्चालन गरिने छ ।<br>२.१.५ कृषि उपजको बजारीकरण तथा व्यवसायीकरण र यान्त्रिकरणमा सहयोग उपलब्ध गराईने छ । |
| उद्देश्य ३. कृषि उत्पादनलाई वातावरणमैत्री, प्रविधियुक्त, पर्यटनसँग जोड्दै परिणाममुखी र प्रतिस्पर्धी बनाउने । | |
| ३.१ वातावरण मैत्री प्रविधि, वित्तीय सहयोग, बजारीकरण, सूचना प्रणाली र अन्य पूर्वाधारको विकास गरी कृषि, उत्पादन र उत्पादकत्वमा वृद्धि गर्नु । | ३.१.१ प्राङ्गारिक खेतीका सम्भावित वस्तु र क्षेत्रहरूको पहिचान एवम् उत्पादनमा वृद्धिगरी उत्पादित प्राङ्गारिक वस्तुको ब्रान्ड प्रवर्द्धन गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा बजारीकरण गरिनेछ ।<br>३.१.२ कृषिजन्य जैविक विविधताको संरक्षण, सम्बर्द्धन तथा सदुपयोग गर्दै माटो सुहाउँदो एवम् जलवायु परिवर्तनका असर न्यूनीकरण गर्न अनुसन्धानमा आधारित वातावरणमैत्री कृषि प्रविधिको अवलम्बन गरिनेछ ।<br>३.१.३ कृषि बालीका लागि विशेष उत्पादन क्षेत्र तोकी त्यस्ता क्षेत्रमा आवश्यक पूर्वाधारको विकास गरी सुलभ ऋण, बीमासहितको प्राविधिक सेवा प्रदान गरिने । गा.पा.भित्र थप २ वटा कोल्ड स्टोर्स निर्माण गरिने छ ।<br>३.१४ कृषि व्यवसायलाई प्रविधियुक्त र प्रतिस्पर्धी बनाउन विभिन्न निकायको सहयोग र सहकार्यमा उन्नत प्रविधिको प्रयोग तथा प्रसार गरिने ।<br>३.१.५ खाद्यबाली, धान, कोदो तथा मकै, दलहनबाली र तरकारीबालीको स्थानीय जातको संरक्षणमा जोड दिइनेछ । |
| ४.कृषिलाई व्यवसायिकरण गरी रोजगार सिर्जना गरी रघुगंगा गाउँपालिकाको अर्थतन्त्र सुदृढ बनाउने । | |
| ४.१ कृषिलाई व्यवसायिकरण गरी स्वरोजगारबाट रोजगार सिर्जना गरी रघुगंगा गाउँपालिकाको अर्थतन्त्र सुदृढ बनाउनु । | ४.१ वडामा रहेका कृषि क्षेत्रको सम्भाव्यता अध्ययन गरी सोका आधारमा कृषि पकेट क्षेत्रको घोषणा गरिनेछ ।<br>४.२ कृषि उत्पादनलाई पर्यटनसँग जोड्न कृषकलाई प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।<br>४.२ कृषि उत्पादनको मूल्य निर्धारणको व्यवस्था गरी कृषि बजारको उचित व्यवस्थापन गरिनेछ । |

## ३.१.६ कार्यक्रमका प्राथमिकता

१. एक गाउँ एक कृषि, पशु प्राविधिक व्यवस्था गरि घर घरमा कृषि प्राविधिक सेवा कार्यक्रम ।

२. एक गाउँ एक कृषि उत्पादन जोड दिइ कोल्ड स्टोर्स निर्माण गरिने छ ।

३. बढी लाभ दिने र छिटो तयार हुने नगदे बालीहरु, तरकारी, आलु, गोलभेंडा, अलैंची, कफि, अमिलो जातका फलफूल र अम्बा खेतीलाई जोड दिने ।

४. कृषि व्यवसायलाई परिणाममुखी तथा उत्पादन र उत्पादकत्व वृद्धिका लागि जग्गाको चक्लाबन्दी गर्ने र स्थान विशेषमा कृषि बालीको पकेट क्षेत्र घोषणा गर्ने ।

## ३.१.७ विस्तृत कार्यक्रमहरु

| क.स. | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | ईकाइ | आधार वर्ष २०७८०/८१ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| | | १ ३ | १ ३ १ | कखग | सतही सिचाई विस्तार | हे | – | २० | ३० | ४५ | ८० | १२० | २९५ | गा पा कृ शा |
| | | | १ ३ २ | कख | लिफ्ट सिचाई | हे | – | १२ | १५ | १८ | १० | २५ | ८० | " |
| | | | १ ३ ३ | कख | बर्षेपानी सङ्कलन प्लाष्टिक पोखरी तथा टयाकी निर्माण | सख्या | – | १० | १५ | २० | ३५ | ३५ | ११५ | " |
| | | | | कख | थोपा सिचाई | सख्या | – | १५ | २५ | ५० | ५५ | ५५ | २०० | " |
| | | | २ १ ३ | क | कृषि व्यवसाय सञ्चालन गर्ने सहकारीलाई अनुदान | सख्या | – | १ | १ | १ | १ | १ | ५ | " |
| | | | २ १ ४ | क | गाउँपालिका, निजी क्षेत्र तथा स्थानीय नागरिकको सयुक्त लगानीमा कृषि मोडेल फार्म सञ्चालन (PPP model) | सख्या | – | १ | १ | १ | १ | १ | ५ | " |
| | | | | क | उन्नत प्रविधि अवलोकन भ्रमण | पटक | | १ | १ | १ | १ | १ | ५ | " |
| | | | २ १ ५ | क | कृषि व्यवसायमा उत्कृष्ठ कृषक तथा व्यवसायिक समूहलाई पुरस्कारको वितरण | पटक | | १ | १ | १ | १ | १ | ५ | " |
| | ३ | ३१ | ३ १ १ | क | प्रागारिक खेती प्रोत्साहन कार्यक्रम | पटक | | १ | १ | १ | १ | १ | ५ | " |
| | | | | कख | प्रागारिक कृषि उपजको प्रशोधन तथा बजारीकरण | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | | " |
| | | | ३ १ २ | क | खाद्यबाली, तरकारी तथा दलहन बालीको स्थानीय जातको सरक्षण कार्यक्रम | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | | " |
| | | | | क | जलवायु परिवर्तन र अनुकुलनका उपाय सम्बन्धी कार्यशाला सञ्चालन | पटक | | १ | १ | १ | १ | १ | ५ | " |
| | | | ३ १ ३ | क | कृषि ज्ञान तथा सूचना केन्द्रको स्थापना र सञ्चालन | सख्या | | १ | – | १ | – | – | २ | " |
| | | | | क | एक गाउँ एक कृषि, पशु प्राविधिकको व्यवस्था । | पटक | | ३ | ५ | – | – | – | ८ | " |
| | | | ३ १ ४ | कखग | कृषिमा यान्त्रीकरणको लागि कृषकलाई आधुनिक कृषि उपकरण अनुदान | जना | | ३० | ४० | ७० | ८० | ८५ | ३०५ | " |
| | | | ३ १ ५ | | कार्यनीति न ३ १ २ मा उल्लेखित कार्यक्रमले समेट्ने | | | | | | | | | " |

## ३.१.८ नतिजा खाका

| नतिजा को स्तर | नतिजा | सूचक | ईकाइ | आधार वर्ष २०८०/८१ | उपलब्धी २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | योजना अवधिको जम्मा लक्ष्य | पुष्ट्याईको आधार | जिम्मेवार निकाय | जोखिम पक्ष | दीराल संकेत | दीविल सं | प्रसं | गापासं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | कृषिको यान्त्रीकरण र व्यवसायीकरणको माध्यमबाट उच्च उत्पादन र उत्पादकत्वमा वृद्धि भएको हुने | गाउँपालिकाको कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान | प्रतिशत | – | २६ | २८ | ३० | ३२ | ३५ | ३५ | गापा पा चि | गापा | | ४ | २ | ३ | | |
| | | व्यावसायिक कृषि फर्म | सख्या | – | ५ | १० | १५ | १८ | २४ | ७२ | " | " | | ४ | २ | ३ | | |
| | | कृषि क्षेत्रबाट स्वरोजगार जनसख्या | प्रतिशत | – | २५ | ३० | ४० | ४५ | ५० | १९० | " | " | | ४ | २ | ३ | | |
| असर १ | कृषिबालीको उच्च उत्पादकत्व हासिल भएको हुने | मुख्य कृषिबालीको उत्पादकत्व धान, मकै, कोदो, गहुँ) मे ट /हे | मे ट | ३.२ | ३.४ | ३.६ | ३.९ | ४ | ४.६ | ४.६ | " | " | | ४ | २ | ३ | | |
| | | तेलहन बालीको उत्पादकत्व | मे ट | १.२ | १.२ | १.४ | १.६ | १.८ | २ | २ | " | " | | ४ | २ | ३ | | |
| | | आलुको उत्पादकत्व | मे ट | ४.६ | ५ | ५.५ | ७ | ७.८ | ९ | ९ | " | " | | ४ | २ | ३ | | |
| | | प्रतिब्यक्ति खाद्यान्न उत्पादन | कि ग्रा | १६५ | १७० | १८५ | २१० | २२० | २३० | २३० | " | " | | ४ | २ | ३ | | |
| | | केरा, सुन्तला, कागती, जुनार, आँप, एभोकार्डो, ड्रागन फ्रुट, अम्बा, कफि, अलैचीको उत्पादकत्व | मे ट | १ | १.८ | २.५ | २.८ | ३.८ | ४ | ४ | " | " | | ४ | २ | ३ | | |
| प्रतिफल १ | कृषिभूमिको चक्लाबन्दी तथा बाँझो जग्गा उपयोगमा आएको हुनेछ | चक्लाबन्दी भएको जग्गाको क्षेत्रफल | हे | ० | ५ | ०५ | १५ | २५ | ३५ | ८५ | गापा पा चि | गापा | | ४ | २ | ३ | | |
| | | बाँझो जग्गामा पुन खेती गरिएको क्षेत्रफल | हे | ५ | १० | १५ | २० | २५ | ३० | १०५ | " | " | | ४ | २ | ३ | | |
| | | कुल कृषि भूमि मध्ये बाली लगाइएको क्षेत्रफल | हे | – | ६० | ६५ | ७० | ७५ | ८० | ३५० | " | " | | ४ | २ | ३ | | |
| प्रतिफल २ | कृषकमैत्री लगानी वातावरणको सिर्जना भएको हुने | कृषक बर्गीकरण भई परिचय पत्र प्राप्त कृषक | प्रतिशत | – | २५ | २५ | ५० | ७० | ८५ | ८५ | " | " | | ४ | २ | ३ | | |
| | | कृषि अनुदान प्राप्त गर्ने व्यावसायिक कृषक | प्रतिशत | – | १० | १५ | १७ | २५ | ४० | ४० | " | " | | ४ | २ | ३ | | |
| | | कृषि अनुदान प्राप्त गर्ने साना कृषक | सख्या | – | ३० | ३५ | ५५ | ५८ | ६५ | २४३ | " | " | | ४ | २ | ३ | | |
| | | कृषि अनुदान रकम (रु हजारमा) | रु | – | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | " | " | | ४ | २ | ३ | | |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल ३ | विशिष्टिकृत कृषि उत्पादन क्षेत्र, नमूना मोडेल फार्म विकास भएको हुने | खाद्यबालीको पकेट क्षेत्रको क्षेत्रफल | हे | – | १०० | १०० | १०० | १०० | १०० | ५०० | ” | ” | | ४ | २ | ३ | | |
| | | तरकारी बालीको पकेट | सख्या | – | १ | १ | १ | १ | १ | ५ | ” | ” | | ४ | २ | ३ | | |
| | | हाइटेक टनेल | सख्या | | आवश्यकता अनुसार | | | | | | ” | ” | | ४ | २ | ” | | |
| | | कफि, सुन्तला, अलैची, पकेट कार्यक्रम | सख्या | ० | १ | २ | २ | २ | २ | ९ | गापा वा प्र | ” | | ४ | २ | ३ | | |
| | | आलु खेतीको क्षेत्र विस्तार | हे | – | २५ | ३० | ३५ | ४० | ४५ | १७५ | ” | गापा | | ४ | २ | ३ | | |
| प्रतिफल ४ | कृषि तथ्याङ्क प्रणाली व्यवस्थित हुने | कृषि सम्बन्धी तथ्याङ्क सङ्कलन र व्यवस्थापन | पटक | – | १ | १ | १ | १ | १ | ५ | ” | ” | | ४ | २ | ३ | | |
| | | कृषि क्षेत्रको दीर्घकालीन योजना तयार | सख्या | – | १ | – | – | – | – | १ | ” | ” | | ४ | २ | ३ | | |
| | | किसान मैत्री ऐन, नियम र कार्यविधि तयार | सख्या | – | ३ | – | – | – | – | ३ | ” | ” | | ४ | २ | ३ | | |
| प्रतिफल ६ | कृषि उपज सङ्कलन तथा भण्डार गर्नका लागि कोल्ड निर्माण भएको हुने | कृषि उपज सङ्कलन केन्द्र | सख्या | – | ३ | ३ | २ | – | – | ८ | ” | ” | | ४ | २ | ३ | | |
| | | कोल्ड स्टोर | सख्या | | १ | २ | १ | – | – | ४ | ” | ” | | ४ | २ | ३ | | |
| प्रतिफल ७ | अध्ययन अनुसन्धान, सहकार्य र समन्वय भएको हुने | माटो परिक्षण भएको वडा | सख्या | | ३ | ३ | २ | – | – | ८ | ” | ” | | ४ | २ | ३ | | |
| | | बाली पकेट क्षेत्रको लागि अध्ययन | सख्या | | १ | – | १ | – | – | २ | ” | ” | | ४ | २ | ३ | | |
| | | किसानसँग विज्ञको परामर्श | सख्या | | १ | १ | १ | १ | १ | ५ | ” | ” | | ४ | २ | ३ | | |
| प्रतिफल १.८ | लगानी सुनिश्चित, जोखिम व्यवस्थापन र सुलभ कृषि कर्जाको व्यवस्था भएको हुने | कृषि बीमामा आवद्ध कृषक | सख्या | | ५० | १०० | १५० | २०० | २५० | ७५० | ” | ” | | ४ | २ | ३ | | |
| | | बाँदर तथा अन्य जगली जनावर व्यवस्थापनको लागि कार्यकमले समेटेको क्षेत्र वडा सख्या | सख्या | | ४ | ४ | निरन्तरता | निरन्तरता | निरन्तरता | ८ | ” | ” | | ४ | २ | ३ | | |
| | | सुलभ कृषि कर्जा प्राप्त कृषक | सख्या | | ३० | ५५ | ७० | ७५ | ८० | ३०० | गापा पा चि | ” | | ४ | २ | ३ | | |
| प्रतिफल १.९ | सिचाई सुविधाको विस्तार भएको हुने | १२ महिना नै सिचाई हुने क्षेत्रफल | हे | २४० | ३० | ४५ | ४५ | ४५ | ४५ | ४५० | ” | ” | | ४ | २ | ३ | | |
| | | सिचाई नहर तथा कुलो सख्या | सख्या | – | १० | १२ | १६ | १८ | २० | ७६ | ” | ” | | ४ | २ | ३ | | |
| | | प्लाष्टिक पोखरी | सख्या | | २० | २८ | ३० | ४२ | ४८ | १६८ | ” | ” | | ४ | २ | ३ | | |
| | | लिफ्ट सिचाई योजना | सख्या | ० | – | १ | २ | १ | – | ४ | ” | ” | | ४ | २ | ३ | | |
| | | नयाँ प्रविधिमा आधारित तथा साना सिचाई योजनाले सिचित क्षेत्रफल | हे | ० | १ | १ | २ | २ | २ | ८ | ” | ” | | ४ | २ | ३ | | |
| प्रतिफल १.१० | गाउँपालिकाका सबै स्थानमा सहज सडकको पहुँच पुगेको हुने | कृषि सडकले जोडिएका कृषि पकेट क्षेत्रहरु | सख्या | १५ | ३५ | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | ” | ” | | ४ | २ | ३ | | |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल १.११ | साहकारीहरु कृषि बाली उत्पादनको क्षेत्रमा आफ्नो लागानी बढाएका हुने | कृषिमा कुल लगानीको ७० प्रतिशत लगानी गर्ने सहकारी सख्या | सख्या | | २ | २ | २ | २ | २ | १० | " | " | | ४ | २ | ३ | | |
| | | कृषि क्षेत्रमा प्रत्यक्ष लगानी गर्ने सहकारी | सख्या | ० | १ | २ | २ | ३ | १ | ९ | गापा पा चि | गापा | | ४ | २ | ३ | | |
| असर २ | कृषि क्षेत्र नाफामुलक, गुणस्तरीय र दिगो व्यावसायिक प्रणालीमा रुपान्तरण भएको हुने | कृषिबाली (धान,मकै, कोदो, गहुँ) को प्रति इकाइ लागत | रु प्रति रोपनी | | ३००० | ४००० | ५००० | ६००० | ७००० | २५००० | " | " | | ४ | २ | ३ | | |
| | | कृषिबालीको उत्पादन मुल्य | रु प्रति रोपनी | | ३००० | ४००० | ५००० | ६००० | ७००० | २५००० | " | " | | ४ | २ | ३ | | |
| | | तरकारी तथा फलफुल बालीबाट मुनाफा | रु प्रति रोपनी | | ६००० | ८००० | १०००० | १२००० | १४००० | ५०००० | " | " | | ४ | २ | ३ | | |
| | | आलुबाट मुनाफा प्रति रोपनी | रु प्रति रोपनी | | ६००० | ७००० | ८००० | ९००० | १०००० | ४०००० | " | " | | ४ | २ | ३ | | |
| | | ब्यवसायिक कृषक | सख्या | | १०० | १०० | १०० | १०० | १०० | ५०० | " | " | | ४ | २ | ३ | | |
| प्रतिफल २.१ | उच्च लाभ दिने कृषिबालीको क्षेत्रफमा वृद्धि भएको हुने | उच्चलाभ दिने तरकारी बालीको क्षेत्रफल | हे | | १५ | २७ | ३० | ४५ | ४५ | १६२ | " | " | | ४ | २ | ३ | | |
| | | उच्च लाभ दिने फलफूल तथा मसलाबाली, केरा, सुन्तला, कफि, अलैची, अदुवा, बेसार) को क्षेत्रफल | हे | | ५ | १० | १५ | २५ | ३५ | ९० | " | " | | ४ | २ | ३ | | |
| प्रतिफल २.२ | मुल्य श्रृखला पद्धती अनुसार उत्पादन देखि बजारीकरण सम्मका कार्यकमहरु एकिकृत रुपमा सञ्चालन भएको हुने | मुल्य श्रृखला सम्बन्धी तालिम प्राप्त कृषक | संख्या | | ६० | ६० | ६० | ६० | ६० | ३०० | गापा पा चि | गापा | | ४ | २ | ३ | | |
| | | मुल्य श्रृखलामा जोडिएका कृषक | सख्या | ० | ४० | ४० | ४० | ४० | ४० | २०० | " | " | | ४ | २ | ३ | | |
| प्रतिफल २.२ | कृषि उपजको बजारीकरणको लागि आवश्यक सरचना यान्त्रीकरणको विकास भएको हुने | कृषिमा यान्त्रीकरणको प्रयोग गर्ने कृषक | सख्या | | ३५ | ५० | ८० | १०० | १०० | ३६५ | " | " | | ४ | २ | ३ | | |
| | | ३० मिनेटको दुरीमा कृषि उपज विकीका लागि सङ्कलन केन्द्र सम्म पहुँच पुगेका कृषक | प्रतिशत | १० | २५ | ५० | ५० | ७० | ८० | ८० | " | " | | ४ | २ | ३ | | |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| असर ३ | कृषि उद्यमी र कृषिमा आधारित उद्योगको विकास भई रोजगारीको सिर्जना भएको हुनेछ। | कृषि पेशामा सलग्न जनसख्या | प्रतिशत | ३२.२ | ३२ | ३१ | ४० | ४५ | ६० | ६० | " | " | | ४ | २ | ३ | | |
| | | कृषिमा आधारित उद्योग | सख्या | ० | – | ७ | १० | १५ | १५ | ४७ | " | " | | ४ | २ | ३ | | |
| प्रतिफल ३.१ | कृषिमा युवालाई आकर्षण गर्नका लागि विशेष कार्यक्रम सञ्चालन भएको हुने | अध्यक्षसँग युवा कार्यक्रमा सलग्न युवा ब्यबसायि | सख्या | ० | ५० | ६० | ८० | १०० | १०० | ३९० | " | " | | ४ | २ | ३ | | |
| | | प्रधानमन्त्री कृषि परियोजना तथा मुख्यमन्त्री नमुना कृषि कार्यक्रमबाट सहयोग प्राप्त युवा | सख्या | | १५ | २० | ३५ | ४५ | ४५ | १६० | " | " | | ४ | २ | ३ | | |
| प्रतिफल ३.१ | कृषक र पर्यटन व्यवसायी बीच कृषि सामग्री खरिद बिक्री गर्न सहमती भएको हुने | कृषक र पर्यटन व्यवसायी बीच भएका सम्झौता | सख्या | | ३० | ३० | ३० | ३० | ३० | १५० | " | " | | ४ | २ | ३ | | |
| असर ४ | कृषि अभ्यास वातावरण मैत्री भएको हुने | खेतबारीको खनजोतमा बैज्ञानिक प्रणालीको अवलम्बन सम्बन्धी तालिम | पटक | | १ | १ | १ | १ | १ | ५ | " | " | | ४ | २ | ३ | | |
| | | व्यावसायिक प्रागारिक खेती गर्ने कृषक | सख्या | | ५० | ५० | ५० | ५० | ५० | २५० | " | " | | ४ | २ | ३ | | |
| प्रतिफल ४.१ | प्रागारिक मलको उत्पादन र प्रयोगमा वृद्धि भएको हुने | आवश्यक मात्रामा खेतबारीमा प्रागारिक मल मात्र प्रयोग गर्ने कृषक | सख्या | | ५० | ५० | ५० | ५० | ५० | २५० | " | " | | ४ | २ | ३ | | |
| | | प्रागारिक कृषि गर्नका लागि IPM तालिम सञ्चालन | पटक | | १ | १ | १ | १ | १ | ५ | " | " | | ४ | २ | ३ | | |

## ३.२ पशुपंक्षी र मत्स्य विकास

### ३.२.१ पृष्ठभूमि

यस गाउँपालिकामा झण्डै ८७ प्रतिशत घरपरिवारहरु पशुपंक्षी पाल्दछन् । धेरै जसो व्यवसाहिक रुपमा नभइ आफ्नो गर्जो टार्नको लागि पशुपालन गर्दछन् । यहाँको धेरैजसो क्षेत्र बाखापालनको लागि उपयुक्त छ । रघुगंगा क्षेत्रमा बाखा, भेडा, गाई, भैसी, गोरु, वंगुर पालन परम्परादेखी नै प्रचलनमा रहेको छ । अहिलेसम्म व्यवसायिक रुपमा व्यवसायिक कृषि तथा पशुपालन फर्महरु सञ्चालनमा रहेका छन् । भेडाबाखा फर्म, कुखुरा फर्म, तरकारी तथा फलफूल फर्म दर्ता भएका कृषि तथा पशुपालन फर्महरु रहेका छन् ।

यो गाउँपालिकाको मुख्य पशुपालनमा बाखा, गाई र भैंसी पर्दछन् । यस गाउँपालिकाका नागरिकको पारिवारिक नगद आम्दानीको केहि हिस्सा पशुपालनको रहेको छ । यहाँ मत्स्यपालनको पनि उत्तिकै सम्भावना छ । सुधारीएको गोठ, हाँस तथा कुखुरापालनमा सुधारीएको खोर, उन्नत जातको नश्लको कमी, आवश्यक प्राविधिक जनशक्तिको कमी, भेटेनरि सेवाको कमि, आधुनिक वधशालाको स्थापनामा अभाव तथा बाघ र अन्य रोगजन्य प्रकोपका कारण पशुपंक्षीजन्य उत्पादन र उत्पादकत्व समेत कम रहेको हुँदा दूध र माशुजन्य पदार्थमा परनिर्भर रहेको छ । युवाहरुलाई व्यवसायिक रुपमा पशु, पंक्षी, मत्स्यपालनमा आकर्षण गर्न आधुनिकीकरण, व्यवसायिकरण र यान्त्रिकीकरणमा जोड दिनु पर्ने देखिन्छ । युवावर्ग विदेश पलायन हुनबाट रोकि उनीहरुलाई स्वदेशमै पशु, पंक्षी, मत्स्यपालनमा व्यवसायिक बनाई यस क्षेत्रको विकास गर्नु अति जरुरी छ ।

### ३.२.२ प्रमुख समस्याहरु

बजारको लागि पशु हाटबजार नहुनु जसको कारण किसानहरुले चाहेको समयमा बेचबिखन गर्न समस्या हुनु, पशु, पंक्षी, मत्स्यपालन पेशालाई सम्मानित पेशा र लगानीमैत्री बनाउन नसक्दा युवावर्ग आकर्षित नभई विदेश पलायन हुनु, किसानले उचित मूल्य नपाउनु, प्रविधि विकास तथा यान्त्रिकीकरण र व्यवसायिकरण हुन नसक्नु, पशु, पंक्षी, माछालाई रोग लाग्दा उचित भेटेनरी सेवाको उपलब्धता नहुनु, खुला आकासमा बाखा, भैंडा र भैसी पालन गर्ने प्रचलनले गर्दा जंगली जनावरबाट क्षति ब्योहोर्नु पर्ने हुनु, आवश्यक पशु बधशालाको व्यवस्था हुन नसक्नु तथा मासु प्रशोधन भई निर्यात हुन नसक्नु, प्रचार, प्रसार, सूचना, कृषि पशु, पंक्षी, मत्स्यपालन बीमा, सहुलियत ऋण जस्ता कार्यक्रमहरु कृषकहरूको पहुँचमा पुग्न नसक्नु, पशु, पंक्षी, मत्स्यपालन सम्बन्धी उत्पादनलाई मुल्य श्रृङ्खलाको साथै दुध तथा मासुजन्य उद्योगसंग जोड्न नसक्दा बजारीकरणमा समस्या देखिनु यस क्षेत्रका प्रमुख समस्याहरु हुन् ।

### ३.२.३ चुनौती र अवसर

### चुनौती

युवा जनशक्तिलाई वर्षेनी विदेश पलायन हुनबाट रोकेर स्वदेशमा नै रोकेर पशु, पंछी, मत्स्यपालन व्यसायलाई उत्पादनमूलक र मर्यादित बनाउन, पशु बीमा जस्ता कार्यक्रमहरुलाई कृषकहरु समक्ष सहज र सरल तवरले पुऱ्याउन, बाघ तथा अन्य बन्यजन्तुहरुको आक्रमणबाट जोगाउन, कृषकहरुले आफ्नो पुरानो परम्परागत शैलिलाई सुधार गरी आधुनिकीकरण गरि वैज्ञानिक प्रणालीबाट पशु, पंछी, मत्स्यपालन पेशालाई व्यावसायिकरण गर्न, पशु, पंछी र मत्स्यपालन पेशालाई आधुनिकिकरण, प्रतिस्पर्धी, व्यावसायिक, नाफामूलक र सम्मानित पेशाको रूपमा स्थापित गर्न यस क्षेत्रका चुनौतिहरु हुन् ।

**अवसर**

दुध तथा मासुमा आत्मनिर्भरता कायम गर्नको लागि तीनै तहका सरकारले उच्च प्राथमिकतामा राख्नु, माछापालनको लागि पानीको श्रोत हुनु । एक गाउँ एक कृषि, पशु प्राविधिकको व्यवस्था गर्ने नीति हुनु, बाखा, हाँस तथा कुखुरा फारम सञ्चालन हुनु । दूध उत्पादनको लागि भैंसी पकेट कार्यक्रम र मासु उत्पादन वृद्धिका लागि बाखा र स्थानीय कुखुरा पकेट कार्यक्रम सञ्चालन हुनु, जलवायु परिवर्तनको अनुकुलन हुनेगरी गण्डकी प्रदेशको मुख्य मन्त्री वातावरणमैत्री नमुना गाउँ स्थापना गर्ने कार्य प्राथमिकताका साथ कार्यान्वयनमा आउनु, विदेशबाट फर्किएका युवाहरू सीप, ज्ञान, पुँजी र उन्नत प्रविधि सहित दुध र माछा माशुजन्य क्षेत्रको व्यवसायमा आकर्षित हुँदै जानु, यातायातको सुविधा बढ्दै जानुका अतिरिक्त पछिल्ला वर्षहरूमा दुध र माछा माशु उत्पादनको क्षेत्रमा सहुलियत ऋण उपलब्ध हुनु, पशु पंक्षी बीमा, नयाँ प्रविधिहरूको उपयोगले समेत यस क्षेत्रमा थप अवसरहरू सिर्जना हुँदै जानु, यस क्षेत्रमा लागानी गर्न निजी क्षेत्रको चासो बढ्नु । गाउँपालिकाका हरेक वडा सडक संजाल संग जोडिएको तथा पशु, पंक्षी र माछा बिक्रि गर्नको लागि सहज बजारको (वेगखोला, गलेश्वोर, बेनी, बाग्लुङ, कुस्मा, पोखरा समेत) व्यवस्था हुनु यस क्षेत्रका अवसरहरु हुन ।

## ३.२.४ सोंच, लक्ष्य र उद्देश्य

### सोंच

दुध, मासु र माछाजन्य खाद्य उत्पादनमा वृद्धि रघुगंगा गाउँपालिकाको समृद्धि

### लक्ष्य

पशु, पंक्षी र मत्स्यपालनको क्षेत्रलाई आधुनिकिकरण, व्यवसायिकरण, विविधीकरण तथा यान्त्रिकीकरण गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि गरी दिगो रुपमा गाउँपालिकाबासीको आर्थिक जीवनस्तरमा उल्लेख्य सुधार ल्याउने ।

### उद्देश्य

१. पशु, पंक्षी र मत्स्यपालन क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि गरी आत्मनिर्भर गाउँपालिकाको जग तयार गर्ने ।
२. पशु, पंक्षी र मत्स्यपालन क्षेत्रको विशिष्टिकरण, बजारीकरण मार्फत दिगो व्यावसायिक प्रणालीमा रुपान्तरण गर्ने ।
३. पशु, पंक्षी र मत्स्यपालन व्यवसायलाई वातावरणमैत्री, प्रविधियुक्त, पर्यटनसँग जोड्दै परिणाममुखी र प्रतिस्पर्धी बनाउने ।

## ३.२.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १: पशु, पंक्षी र मत्स्यपालन क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि गरी आत्मनिर्भर गाउँपालिकाको जग तयार गर्ने । | |
| १.१ किसानहरुको बर्गिकरण गरी अनुदानको व्यवस्था गर्ने । | १.१.१ किसानहरुको बर्गिकरण कार्यविधि तयार गरी सो का आधारमा अनुदानको व्यवस्था गरिनेछ ।<br>१.१.२ प्रधानमन्त्री कृषि आधुनीकीकरण कार्यक्रम तथा मुख्य मन्त्री वातावरण मैत्री कृषि नमुना गाउँ कार्यक्रमसंग समन्वय गरी व्यावसायिक कृषकलाई अनुदानको व्यवस्था गरिनेछ ।<br>१.१.३ ४० बर्ष सम्मका युवालाई आकर्षण गर्न **अध्यक्षसँग युवा कृषक** कार्यक्रम सञ्चालनमा गरिनेछ । |
| १.२ प्रतिस्पर्धी क्षमता विकास गरी उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने । | १.२.१ कृषकमैत्री नीति, नियम तथा कार्यविधि तयार गरिनेछ ।<br>१.२.२ व्यवसायिक कृषकका लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ ।<br>१.२.३ लगानी सुनिश्चित गराउन वातावरणीय, प्राविधिक, बजारीकरण एवम् जंगली जनावरबाट हुने जोखिम न्यूनीकरणका लागि प्राथमिकता दिइनेछ |

<table>
<tr><td></td><td>१.२.४ गुणस्तरीय उत्पादन सामग्रीहरू र यन्त्रहरु, उन्नत प्रविधि एवम् सुलभ ऋणको व्यवस्था गरिनेछ ।<br>१.२.५ गाउँपालिकाको सबै क्षेत्रको संभाव्यताका आधारमा हरेक वडालाई एक विशेष पकेट क्षेत्रको रुपमा विकास गर्न विशेषज्ञ सेवा उपलब्ध गराइनेछ ।<br>१.२.६ आवश्यक उन्नत नश्लमा अनुदान दिने व्यवस्था गरीनुका साथै समयमै उपलब्ध गराउन पहल गरिनेछ ।<br>१.२.७ दुध तथा मासुमा आत्म निर्भर बनाउन संभाव्यताको अध्ययन पकेट क्षेत्रको घोषण गरी कार्यक्रम सञ्चालन गरिनेछ ।</td></tr>
<tr><td>१.३ पशु, पंक्षी र मत्स्यपालनको क्षेत्रमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रको लगानी अभिवृद्धि गरी निर्यात प्रबर्द्धन गर्ने ।</td><td>१.३.१ बैंक तथा सहकारी संस्थाहरुले निश्चित प्रतिशत रकम दुध, मासु र माछा जन्य पदार्थका उत्पादनमा लगानि गर्नुपर्ने र सहुलियत व्याजदरको ऋण उपलब्ध गराउने नीतिगत व्यबस्था गरिने छ ।<br>१.३.२ नीजि क्षेत्रका दुध, मासु र माछा जन्य उपजहरुको ब्राण्डिङ गर्ने कानुन निर्माण गरि कार्यन्वयन गरिनेछ ।</td></tr>
<tr><td colspan="2">उद्देश्य २ पशु, पंक्षी र मत्स्यपालन क्षेत्रको विशिष्टिकरण, बजारीकरण मार्फत दिगो एवं व्यावसायिक प्रणालीमा रुपान्तरण गर्ने ।</td></tr>
<tr><td>२.१ तुलनात्मक लागत लाभ हुनसक्ने पशु पंक्षिजन्य बस्तुहरुको व्यवसायिकरण सहित प्रोटिन आपूर्तिमा सुनिश्चित गर्ने ।</td><td>२.१.१ तुलनात्मक लाभ हुनसक्ने पशुपंछि, माछाको सघन व्यवसायिक पालन प्रणाली अघि बढाइनेछ ।<br>२.१.२ उत्पादन वा आम्दानीको आधारमा अनुदान उपलब्ध गराउने व्यवस्था मिलाउने<br>२.१.३ निजी तथा सहकारी क्षेत्रको संलग्नता बढाउँदै करार सम्झौतामा आधारित सहकारी पशुपालनलाई प्राथमिकता दिई मासु जन्य खाद्य सुरक्षाको सुनिश्चित गरिने छ ।<br>२.१.४ पशुपालन पेशामा संलग्न कृषकहरुलाई प्रोत्साहित गर्न तथा सम्मानित बनाउन विशेष कार्यक्रम सञ्चालन गरिने छ ।<br>२.१.५ पशुजन्य उत्पादनको बजारीकरण तथा व्यवसायीकरण र यान्त्रिकीकरणमा सहयोग उपलब्ध गराईने छ ।</td></tr>
<tr><td colspan="2">उद्देश्य ३. पशु, पंक्षी र मत्स्यपालन व्यवसायलाई वातावरणमैत्री, प्रविधियुक्त, पर्यटनसँग जोड्दै परिणाममुखी र प्रतिस्पर्धी बनाउने ।</td></tr>
<tr><td>३.१ वातावरण मैत्री प्रविधि, वित्तीय सहयोग, बजारीकरण, सूचना प्रणाली रअन्य पूर्वाधारको विकास गरी पशुपंक्षी एवं मत्स्य उत्पादन र उत्पादकत्वमा वृद्धि गर्नु ।</td><td>३.१.१ गाउँपालिकामा पशु, पंक्षी र मत्स्यपालन सम्भावित क्षेत्रहरूको पहिचान गरी उत्पादनमा वृद्धि गरी उत्पादित वस्तुको ब्रान्ड प्रवर्द्धन गर्दै बजारीकरण गरिनेछ<br>३.१.२ पशु, पंक्षी र मत्स्यपालनका लागि विशेष उत्पादन क्षेत्र तोकी त्यस्ता क्षेत्रमा आवश्यक पूर्वाधारको विकास गरी उन्नत नस्ल, पशु आहारा, पशु सेवा, पशु स्वास्थ्य, सुलभ ऋृण, बिमासहितको प्राविधिक सेवा प्रदान गरिने ।<br>३.१.३ पशु, पंक्षी र मत्स्यपालन व्यवसायलाई प्रविधियुक्त र प्रतिस्पर्धी बनाउन विभिन्न निकायको सहयोग र सहकार्यमा उन्नत प्रविधिको प्रयोग तथा प्रसार गरिने ।<br>३.१.४ गाउँपालिकाका विभिन्न स्थानमा रहेका होमस्टे तथा होटलहरुले स्थानीय स्तरमा नै उत्पादन भएका पशुजन्य उत्पानलाई प्रयोग गर्नुपर्ने नीतिगत व्यवस्था गरिनेछ<br>३.१.५ गाउँपालिकाका सबै वडामा रहेका पशु, पंक्षी र माछापालन क्षेत्रको सम्भाव्यता अध्ययन गरी सोका आधारमा पकेट क्षेत्रको घोषणा गरिनेछ ।</td></tr>
</table>

## ३.२.६ कार्यक्रमका प्राथमिकता

१. दुध, अण्डा र मासुको उत्पादनमा जोड ।

२. नश्ल सुधार, गोठ सुधार, भकारो सुधार तथा खोर सुधार र चरन क्षेत्रको व्यवस्थापन कार्यक्रम ।

३. रघुगंगा गाउँपालिकाका मुख्य मुख्य बजार केन्द्रहरुमा आवश्यकताका आधारमा बधशाला स्थापना ।

## ३.२.७ विस्तृत कार्यक्रमहरु

| क्र.स | संकेत | कार्यक्रम तथा क्रियाकलापहरु | इकाइ | आधार वर्ष ०८०/८१ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | |
| १ | क | पशु स्वास्थ्य कार्यक्रम | पटक | | २ | २ | २ | २ | २ | १० |
| २ | क | घाँसको बिऊ तथा बेर्ना वितरण कार्यक्रम | पटक | | १ | १ | १ | १ | १ | ५ |
| ३ | कख | पशुपालक कृषकका लागि तालीम गोष्ठि सञ्चालन | पटक | | १ | १ | १ | १ | १ | ५ |
| ४ | कखग | पकेट प्याकेज कार्यक्रम | संख्या | | ३ | ४ | ६ | १० | १५ | ३८ |
| ५ | कखग | व्यावसायिक पशु पंछी फर्मको लागि अनुदान | संख्या | | १५ | १८ | २१ | २१ | २५ | १०० |
| ६ | क | पशु चरन (खर्क) क्षेत्रमा खानेपानी व्यवस्था तथा पोखरी निर्माण | संख्या | | १ | १ | १ | १ | १ | ५ |
| ७ | कख | पशुबीमा अभियान कार्यक्रम | प्रतिशत | | ३५ | ५० | ६५ | ७० | ७५ | ७५ |
| ८ | कख | कृतिम गर्भाधान कार्यक्रम | प्रतिशत | | २० | ३० | ३५ | ६५ | ६५ | ६५ |
| ९ | कखग | नश्ल, गोठ, भकारो तथा खोर सुधार कार्यक्रम | संख्या | | २५ | २८ | ३० | ३५ | ५० | १६८ |
| १० | क | कृषक समूह गठन र परिचालन | संख्या | | १० | १२ | १४ | १६ | १६ | ६८ |
| ११ | कख | मौरी घार बितरण (५० प्रतिशत अनुदानमा) | संख्या | | ३५ | ४५ | ५० | ६५ | ७० | २६५ |
| १२ | क | अध्यक्षसंग युवा कृषक कार्यक्रम | प्याकेज | | १ | १ | १ | १ | १ | ५ |
| १३ | क | बधशाला निर्माण | संख्या | | १ | १ | १ | १ | १ | ५ |
| १४ | क | पशु हाटबजार व्यवस्थापन | संख्या | | १ | ३ | ३ | १ | - | ८ |

## ३.२.८ नतिजा खाका

| नतिजा को स्तर | नतिजा | सूचक | इकाइ | आधार वर्ष ०८०/८१ | उपलब्धी | | | | | योजना अवधिको जम्मा लक्ष्य | पुष्ट्याईको आधार | जिम्मेवार निकाय | जोखिम पक्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | | | | | |
| प्रभाव | स्वच्छ एबम् गुणस्तरिय पशुपछी तथा मत्स्यजन्य उत्पादनमा | आफ्नै उत्पादनबाट मासु आपुर्ति | प्रतिशत | - | ६० | ७५ | ९५ | १०० | १०० | १०० | गा पा प्रो | गापा प शा | | |
| | | आफ्नै उत्पादनले दुध आपूर्ति | प्रतिशत | - | ६५ | ७५ | ८५ | ९० | ९५ | ९५ | " | " | | |
| | | मासु निर्यात | रु हजारमा | | ३५००० | ४०००० | ४५००० | ५५००० | ६०००० | ६०००० | " | " | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | आत्मनिर्भर भई खाद्य तथा पोषण सुरक्षामा सहयोग पुगेको हुने तथा पशुजन्य उपजको निर्यात गरि आम्दानीमा टेवा पुगेको हुने । | आफ्नै उत्पादनले अण्डा आपूर्ति | प्रतिशत | – | ४० | ६० | ८० | ८५ | ९५ | ९५ | " | " | | |
| | | गाउँपालिकाको कुल गाह्रस्थमा पशुपालन क्षेत्रको योगदान | प्रतिशत | – | १३ | १३.५ | १४ | १६ | २० | २० | " | " | | |
| | | नागरिकको आयमा पशुपालनको योगदान | प्रतिशत | – | २५ | २६ | २७ | ३० | ३० | ३० | " | " | | |
| असर १ | पशुपछीजन्य तथा मत्स्यजन्य उपभोगमा वृद्धि भई निर्यात प्रवर्द्धन भएको हुने । | प्रतिब्यक्ति बार्षिक मासुको उपभोग | कि ग्रा | – | १५ | २५ | २५ | ३० | ३० | ३० | " | " | | |
| | | प्रतिब्यक्ति बार्षिक दुधको उपभोग | लि | – | १०० | ११५ | १२५ | १२५ | १२५ | १२५ | " | " | | |
| | | प्रतिब्यक्ति बार्षिक अण्डा उपभोग | सख्या | – | ४५ | ५५ | ८० | ९८ | ११० | ११० | " | " | | |
| | | पशुजन्य उत्पादित बस्तुको निर्यातमा वृद्धि भएको हुने | प्रतिशत | – | २० | २५ | ३५ | ३८ | ४० | ४० | " | " | | |
| प्रतिफल १ | पशुपछी तथा मत्स्य उत्पादन सम्बन्धी नीति, नियम तथा कार्यविधि तयार भएको हुने । | पशुपछी सम्बन्धी तयार भएका ऐन, नियम, तथा कार्यविधि | सख्या | – | ३ | – | – | – | – | ३ | " | " | | |
| प्रतिफल २ | एक वडा एक पशुपछी तथा मत्य उत्पादन पकेट क्षेत्रको विकास भएको हुने । | भेडा तथा बाखा पालनको पकेट क्षेत्र | वडा सख्या | – | ३ | ४ | ५ | ६ | ८ | ८ | " | " | | |
| | | कुखुरा पालनको पकेट क्षेत्र | सख्या | – | ३ | ४ | ५ | ६ | ८ | ८ | " | " | | |
| | | गाइ तथा भैसी पालनको पकेट क्षेत्र | सख्या | – | ३ | ४ | ५ | ६ | ८ | ८ | " | " | | |
| | | बगुर पालनको पकेट क्षेत्र | सख्या | – | १ | १ | – | २ | – | २ | " | " | | |
| असर २ | पशुपछी तथा मत्स्यपालन क्षेत्र व्यवसायीकरण भएको हुने । | कुखुरापालनको क्षेत्रमा आधुनिक प्रविधिको प्रयोग भएको फर्म | सख्या | – | – | १ | १ | – | – | २ | " | " | | |
| | | ब्यवसायिक बाखा तथा भेडा पालन कृषक | सख्या | – | २५ | २५ | ४५ | ५५ | ५० | २०० | " | " | | |
| | | ब्यवसायिक गाई तथा भैसी पालक कृषक | सख्या | – | १० | १२ | १५ | २५ | ३० | ९२ | " | " | | |
| | | ब्यवसायिक बगुर किसान | सख्या | – | ५ | ५ | ६ | ७ | ७ | ३० | " | " | | |
| | | ब्यवसायिक हाँस, कुखुरा पालक कृषक | सख्या | १५ | २० | २५ | २७ | २९ | ४० | १५६ | " | " | | |
| | | ब्यवसायिक मौरी पालन कृषक | सख्या | ३ | १० | २५ | ३० | ३५ | ४० | १८३ | " | " | | |
| | | ब्यवसायिक माछा पालन फर्म | सख्या | २ | ३ | ३ | २ | ३ | ३ | १६ | " | " | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल २१ | उन्नत नश्ल, पशु आहार, पशु स्वास्थ्य तथा बीमा सहितको प्रविधिक सेवा उपलब्ध भएको हुने । | उन्नत जातको भैसी | प्रतिशत | १० | ३० | ४० | ५० | १०० | १०० | १०० | " | " | | |
| | | उन्नत जातको गाई | प्रतिशत | ५ | १५ | २५ | ५५ | ६० | ९० | ९० | " | " | | |
| | | उन्नत जातको बाखा | प्रतिशत | २० | ३० | ४० | ५० | ५५ | ६० | ६० | " | " | | |
| | | उन्नत जातको बगुर | प्रतिशत | २५ | ४० | ६० | ८० | ८५ | ८५ | ८५ | " | " | | |
| | | पशु स्वास्थ्य कार्यक्रम सञ्चालन बार्षिक | पटक | ० | २ | २ | २ | २ | २ | १० | " | " | | |
| | | पशु बीमा गर्ने कृषक | प्रतिशत | १० | १५ | ४० | ७० | ७५ | ८० | ८० | " | " | | |
| | | पशु प्राविधिकको | सख्या | – | ४ | ४ | – | – | – | ८ | " | " | | |
| | | गाउँपालिकाको ब्याज अनुदानमा शुलभ ऋृण लिने ब्यवसायिक कृषक | सख्या | ० | ५० | ६५ | ७० | १०० | २०० | २०० | " | " | | |
| प्रतिफल २२ | पशुचरन क्षमतामा विस्तार भएको हुने । | चरन खर्कको सुधार | सख्या | ० | ३ | ३ | २ | २ | १ | ११ | " | " | " | |
| | | पशु चरन क्षेत्रमा आवश्यक पूर्वाधार निर्माण | सख्या | २ | ४ | – | – | – | – | ६ | " | " | " | |
| असर ३ | पशुपछी तथा मत्स्यपालन व्यवसाय महिला तथा युवाको स्वरोजगारमा विकास भई आय आर्जनमा वृद्धि भएको हुने । | महिला तथा युवाको स्वरोजगारमा सलग्न हुने | सख्या | ५० | ५५ | ५५ | ६५ | ७५ | ३०० | ३०० | " | " | | |
| | | पशुपछी तथा मत्स्यपालन व्यवसायबाट महिला तथा युवाको आम्दानीमा वृद्धि | रु (हजारमा) | १००० | २५०० | ३००० | ४००० | ५००० | ५००० | ५००० | " | " | | |
| प्रतिफल ३१ | युवालाई विदेश जानबाट रोक्न र विदेशबाट फर्केका युवाको श्रम र शीपको परिचालन गर्न युवासँग अध्यक्ष कार्यक्रम सञ्चालन भएको हुने । | युवा तथा महिलालाई उद्यमशिलता तालिम | सख्या | ० | १०० | १०० | १०० | १०० | १०० | ५६०० | " | " | | |
| | | सिक र गर कार्यकममा सहभागी युवा | सख्या | ० | ५० | ५० | ५० | ५० | ५० | २५० | " | " | | |
| | | गाउँपालिकाको साँझेदारीमा पशुपछी मोडेल फर्म विकास | सख्या | – | – | – | १ | १ | – | २ | " | " | | |
| | | दलित, पिछडा बर्ग र जनजाती युवाका व्यावसायिक तालिम | सख्या | ० | ४० | ४० | ४० | ४० | ४० | २०० | " | " | | |
| | | मुल्य श्रृखला तालिममा सहभागी व्यावसायिक युवा | सख्या | ० | २५ | २५ | २५ | २५ | २५ | १२५ | " | " | | |

## ३.३ खाद्य सुरक्षा

### ३.३.१ पृष्ठभूमि

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्बैक्षण २०७२ का अनुसार गण्डकी प्रदेशका ६ प्रतिशत चरम खाद्य असुरक्षीत अवस्थाको सामना गर्नुपरेको छ । रघुगंगा गाउँपालिकाको खाद्यान्न अन्तर्गत धान, गहुँ, मकै, कोदो, जौ उत्पादन हुने गरेको छ भने दलहन बाली मध्येमा भटमास तथा तेलहन बालीमा तारी प्रमुख रहेको छ । यहाँका धेरैजसो घर परिवार आफ्नो उत्पादनले वर्षभरी खान नपुग्ने छन् भने आफ्नो करेसाबारी पनि छैन । यस गाउँपालिकामा खाद्य असुरक्षित जनसंख्या उल्लेख्य छ । खाद्यान्नमा आत्मनिर्भरताको स्थिति हेर्दा सबै भन्दा उच्च संख्यामा ३ महिना सम्म आफ्नो उत्पादनले खान पुग्ने गरेको देखिन्छ । आफ्नो उत्पादनले वर्षभरी खान पुग्ने घरपरिवार संख्या न्यून रहेको छ । उत्पादनशील जमिनको कमि, सिंचाईको अभाव, गरिबी, भौगोलिक बिकटता, प्राकृतिक प्रकोप आदि यसका मूख्य कारणहरु हुन । यसै अवस्थालाई लक्षित गरी गाउँपालिकाले आफ्ना नीति तथा योजना तर्जुमा साथै कार्यान्वयन गर्नुपर्ने आवश्यकता देखिन्छ ।

### ३.३.२ प्रमुख समस्याहरु

आवश्यक खाद्य वस्तुहरुको परीपुर्तिको लागि आन्तरिक उत्पादनले मात्र नपुग्ने हुँदा बाहिरबाट आयत गर्नुपर्ने अवस्था रहनु, खेतियोग्य जमिनको खण्डिकरण, जग्गा बाँझो राख्ने प्रवृत्ति बढ्दै जाँदा खेतीयोग्य जमिन घट्दै जानु, कृषि  क्षेत्रका लागि आवश्यक मल तथा उन्नत बीऊ विजनहरु प्रयोगको कमीको कारण कृषि उत्पादनमा ह्रास हुदै जानु, कृषि पेशा सम्मानित पेशा र लगानीमैत्री बन्न नसक्नु, कृषि भूमि अन्य प्रयोजन लागि प्रयोग भइ नाँसिदै जानु, कृषि क्षेत्रबाट कृषकहरु पलायन हुदै जानु, पशु, पंक्षी र माछा पालनमा परम्परागत शैली नै अपनाउनु, आधुनिकिकरण र उत्पादनशील बनाउन नसक्नु, पूर्वाधार निर्माणको अनुपातमा उत्पादनको क्षेत्र कम प्राथमिकतामा पर्नु, आदि यस गाउँपालिकाका खाद्य सुरक्षा सम्बन्धीत क्षेत्रका प्रमुख समस्याहरु हुन ।

### ३.३.३ चुनौती र अवसर

#### चुनौती

खाद्य तथा पोषण असुरक्षीत समुदाय तथा जनसंख्याको पहिचान गर्न, गाउँपालिकामा बहुक्षेत्रिय पोषण तथा खाद्य सुरक्षा सम्बन्धी कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न, खेतियोग्य जमिन खण्डीकृत र बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्न, खेतियोग्य जमिनको चक्लाबन्दी गर्न, संतुलित पोषणको लागि आहरविहार प्रति जनचेतना जगाउन र अभाव भएको क्षेत्रमा पोषणको उचित व्यवस्थापन गर्न यस क्षेत्रका प्रमुख चुनौतीहरु रहेका छन् ।

#### अवसर

नेपालको संविधानले खाद्य सम्बन्धी हक स्थापित गर्नु, दिगो विकासका लक्ष्यहरु मध्ये लक्ष्य नं २ भोकमरिको अन्त्य र खाद्य सुरक्षा एवं सुधार सहितको पोषण हाँसिल गर्न प्रदेश सरकार प्रतिवद्ध रहनु, तीनै तहका सरकारले खाद्य तथा पोषणको क्षेत्रलाई उच्च प्राथमिकतामा राख्नु आदि यस क्षेत्रका अवसरहरु हुन ।

### ३.३.४ दीर्घकलीन सोंच, लक्ष्य र उद्देश्य

#### सोंच

रघुगंगा गाउँपालिकामा खाद्य सुरक्षाको सुनिश्चित गर्ने ।

#### लक्ष्य

कृषि क्षेत्रलाई आधुनिकिकरण, व्यावसायिकरण, विविधीकरण तथा यान्त्रिकिकरण गरी कृषिजन्य वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी दिगो रुपमा गाउँपालिकाबासीको आर्थिक जीवनस्तरमा उल्लेख्य सुधार ल्याउने ।

### उद्देश्य

१. खाद्य तथा पोषणको क्षेत्रमा जोखिममा परेका व्यक्ति तथा समुदायको पहिचान गरी पोषण सुधार कार्यक्रम लागु गर्ने ।

२. कृषि तथा पशुजन्य उत्पादनलाई बढवा दिंदै खाद्य तथा पोषणको अवस्थामा सुधार गर्ने ।

३. पूर्व तयारी गरी रघुगंगा गाउँपालिकाका बासिलाई आवश्यकता अनुसार संकटको बेला खाद्यमा नियमित पहुँच पुर्‍याउने ।

## ३.३.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १: खाद्य तथा पोषणको क्षेत्रमा जोखिममा परेका व्यक्ति तथा समुदायको पहिचान गरी पोषण सुधार कार्यक्रम लागु गर्ने । | |
| १.१ खाद्य सुरक्षा र पोषण सम्बन्धी नीति निर्माण गर्ने । | १.१.१ खाद्य तथा पोषण सुरक्षाका लागि नीति निर्माण गरी त्यसै बमोजिम कार्यविधि तयार गरी प्रभावकारी कार्यान्वयन गरिनेछ । |
| १.२ खाद्य तथा पोषणको क्षेत्रमा जोखिममा परेका व्यक्ति तथा समुदायको पहिचान गरी जनचेतना अभिवृद्धि गर्ने । | १.१.२ नेपाल खाद्य सुरक्षा अनुगमन प्रणालिलाई गाउँपालिका स्तरमा संस्थागत गरी खाद्य तथा पोषण अवस्थाको नियमित अनुगमन गरीनेछ । |
| उद्देश्य २ कृषि तथा पशुजन्य उत्पादनलाई बढवा दिंदै खाद्य तथा पोषणको अवस्थामा सुधार गर्ने । | |
| २.१ सम्भाव्यता भएका वस्तुहरुको उत्पादनमा वृद्धि गर्न आवश्यक प्राविधिक सहयोग गर्ने | २.१.१ पोषणयुक्त उत्पादनलाई प्रवर्द्धन गरी आम्दानीको आधारमा अनुदान उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।<br>२.१.२ खाद्य असुरक्षा भएका स्थानमा संभाब्यताका आधारमा स्थानिय स्तरमा उत्पादन हुन सक्ने पोषणयुक्त कृषि उपज तथा पशुजन्य खाद्य पोषण उत्पादन गर्ने कार्यक्रम सञ्चालन गरी खाद्य सुरक्षाको सुनिश्चितता बढाइनेछ ।<br>२.१.३ कुपोषण बढी भएका घरपरिवारको पहिचान गरि पोषण बगैंचा सञ्चालन गर्नका लागि सहयोग गरिनेछ । |
| उद्देश्य नं ३. पूर्व तयारी गरी रघुगंगा वासिलाई आवश्यकता अनुसार विपद्को वेला खाद्यमा नियमित पहुँच पुर्‍याउने । | |
| ३.१ सरोकारवालासँग समन्वय गरी खाद्य जोखिम न्यूनिकरणका लागि योजना बनाउने | ३.१.१ बिपदको वेला आइपर्ने खाद्य सुरक्षा तथा पोषणसँग सम्बन्धी जोखिम व्यवस्थापन योजना निर्माण र प्रभावकारी रुपमा कार्यान्वयन गरीनेछ ।<br>३.१.२ विपदजन्य अवस्थाको लागि आवश्यकता अनुसार खाद्यान्न भण्डारणको व्यवस्था गरीने छ ।<br>१.१. गाउँपालिका स्तरीय खाद्य सुरक्षा समितिलाई विपदको वेला सकृय रुपमा परिचालन गरीनेछ । |

## ३.३.६ कार्यक्रमका प्राथमिकता

१. खाद्य असुरक्षित घरपरिवारको पहिचान गर्ने ।

२. खाद्य असुरक्षित व्यक्ति तथा समूहको रोजगारी तथा आर्थिक आर्जन हुने खाले उत्पादन वृद्धि गर्न जोड दिने ।

३. खाद्य भण्डारण बढाउने कार्यलाई जोड दिने ।

### ३.३.७ विस्तृत कार्यक्रमहरु

| क्र.स | संकेत | कार्यक्रम तथा क्रियाकलापहरु | इकाई | आधार वर्ष ०८०/८१ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | |
| १ | क | खाद्य अभाव रहेको स्थान र घर परिवारको पहिचान | पटक | - | १ | - | - | - | - | १ |
| २ | क | वडागत खाद्य सुरक्षा तथा पोषण समिति गठन र क्षमता अभिवृद्धि कार्यक्रम | सख्या | - | ८ | - | - | - | - | ८ |
| ३ | कख | पोषणयुक्त स्थानीय बाली तथा बस्तुहरुको संरक्षण र उत्पादनमा अभिवृद्धि र उपभोग प्रबर्द्धन कार्यक्रम | पटक | - | १ | २ | २ | २ | १ | ८ |
| ४ | क | खाद्यान्नको उचित प्रयोग तथा भण्डारण गर्नका लागि सचेतना कार्यक्रम | सख्या | - | ३ | २ | १ | १ | १ | ८ |
| ५ | कख | खाद्य असुरक्षित क्षेत्रमा उत्पादकत्व वृद्धिका लागि विशेष सहुलियत सहित उन्नत मल बिऊ र सिंचाई को व्यवस्था गरि पोषणयुक्त बाली उत्पादन प्रबर्द्धन कार्यक्रम सञ्चालन | परिवार सख्या | - | २५ | ३५ | ५० | ७० | १०० | १०० |
| ७ | कख | खाद्य असुरक्षा भएका क्षेत्रका घरपरिवारको लागि पोषण बगैचा सञ्चालन गर्न आर्थिक तथा प्राविधिक सहयोग तथा तालिम | सख्या | - | २५ | ३० | ३० | ३० | ३० | १४५ |
| ८ | कख | गाउँपालिकाको सबै नागरिकको लागि १२ महिना खाद्यान्न आपूर्तिका लागि तथा विपद्को समयको लागि खाद्य भण्डारणको निर्माण | सख्या | - | १ | - | - | १ | - | २ |
| ९ | क | विपद्को समयमा आवश्यक खाद्यान्नको व्यवस्था गर्ने | नियमित | - | आवश्यकता अनुसार | | | | | |

### ३.३.८. नतिजा खाका

| नतिजा को स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष २०८०/८१ | उपलब्धी | | | | | योजना अवधिको जम्मा लक्ष्य | पुष्ट्याईको आधार | जिम्मेवार निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | | |
| प्रभाव | गाउँपालिकाका नागरिकको लागि पोषण सहितको खाद्यान्नको सहज आपूर्ति भएको हुने | खाद्य असुरक्षामा कमी आएका घर परिवारको संख्या | प्रतिशत | १० | ८ | ७ | ५ | ३ | १ | १ | गा पा प्रतिवेदन | गा पा पा स्वाशा | |
| | | खाद्य संचय तथा | सख्या | ० | - | - | १ | - | - | १ | " | " | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | भण्डारण गृह | | | | | | | | | | | |
| | | पोषण तथा खाद्य सुरक्षा कार्यक्रम सञ्चालन भएको वडा | सख्या | ० | १ | ३ | २ | २ | – | ८ | " | " | |
| प्रतिफल १.१ | गाउँपालिकाका सबै नागरिकलाई खाद्यान्नको सुनिश्चत भएको हुने । | खाद्य सुरक्षा तथा पोषण सम्बन्धमा ऐन नियम, र सञ्चालन कार्यविधि | वडा सख्या | ० | ३ | – | – | – | – | ३ | " | " | |
| | | खाद्य तथा पोषण सुरक्षा सम्बन्धमा जनचेतना तथा पैरवी कार्यक्रम | वडा सख्या | ० | ८ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ८ | " | " | |
| प्रतिफल १.२ | खाद्य तथा पोषण स्थितिको नियमित अनुगमन भएको हुने । | खाद्य सुरक्षा समिति गठन भएका वडा | संख्या | ० | ८ | [illegible] | [illegible] | [illegible] | [illegible] | ८ | " | " | |
| असर २ | कृषि, पशुपंछि र मत्स्य उत्पादनमा वृद्धि भई खाद्य तथा पोषणको स्थितिमा सुधार आएको हुने । | कृषिजन्य उत्पादनमा वृद्धि | प्रतिशत | ० | ५ | १५ | २० | २५ | ३५ | ३५ | " | " | |
| | | पशुपंछी तथा माछा जन्य उत्पादनमा वृद्धि | प्रतिशत | ० | १० | २० | ४० | ५० | ५५ | ५५ | " | " | |
| | | पोषण युक्त संतुलित भोजन गर्ने जनसंख्या | प्रतिशत | २० | २५ | २३ | २५ | ३८ | ४५ | ६५ | " | " | |
| प्रतिफल २.१ | स्थानीय रैथाने जातको संरक्षण भई स्थानीय स्तरमा उत्पादित खाद्य बस्तुको उपयोगमा वृद्धि भएको हुने । | स्थानीय रैथाने जातको कृषि बालीको संरक्षण | सख्या | ० | २ | ३ | ५ | ७ | ८ | ८ | " | " | |
| | | उच्च पौष्टिक तत्व भएको स्थानीय रैथाने बालीको पकेट क्षेत्र | सख्या | ० | ० | १ | १ | १ | १ | ४ | " | " | |
| असर ३ | पोषण तथा खाद्य सुरक्षा सम्बन्धी पूर्व तयारी भई संकटको समयमा संकट ग्रस्त क्षेत्रका नागरिकलाई सहज आपूर्ति भएको हुने । | विपद् व्यवस्थापनको पूर्व तयारी | निरन्तर | – | १ | १ | १ | १ | १ | ५ | " | " | |
| | | खाद्य संकटको समयमा खाद्यान्न बितरण | आवश्यकता अनुसार | | | | | | | | " | " | |
| प्रतिफल ३.१ | संकटजन्य अवस्थाको लागि आवश्यकता अनुसार खाद्यान्न भण्डारणको व्यवस्था भएको हुने । | खाद्यान्न सचय राख्ने डिपो | सख्या | ० | | १ | १ | | | २ | " | " | |
| | | विपदको समयमा आवश्यक खाद्यान्नको संचित भएको वडा | संख्या | – | ८ | – | – | – | – | ८ | " | " | |

## ३.४ पर्यटन तथा संस्कृती

### ३.४.१ पृष्ठभूमि

रघुगंगा गाउँपालिका पहाडी क्षेत्र देखी बेंशीसम्म फैलिएर रहेको छ । यहाँ रहेका जैविक, भौतिक, प्राकृतिक, सामाजिक, साँस्कृतिक, ऐतिहाँसिक र धार्मिक विविधताले पर्यटन विकासमा अहम् भूमिका खेलेका छन् । यहाँका पर्यटकीय गन्तव्यहरुको विविधिकरण गर्दै विकास तथा पर्यटकीय पूर्वाधारहरुको विकास गरी पर्यटन प्रवर्द्धनको माध्यमबाट रोजगारीका अवसरमा वृद्धि गरी गरिबि न्यूनीकण गर्दै जनताको जीवनस्तरमा सुधार गर्न आवश्यक छ । रघुगंगा गाउँपालिका ग्रामीण मौलिक परम्परा र साँस्कृतिक विविधतामा धनी गाउँपालिका हो । यहाँ आफ्नै विशिष्ट पहिचानको साथै चाडबाड, परम्परा, जीवनशैली, भेषभुषा र रहन सहन छ । गाउँपालिका भित्रका प्राकृतिक तथा सांस्कृतिक बस्तीहरूको पहिचान गरी होमस्टे सञ्चालन मार्फत ग्रामीण पर्यटनको विकास गर्न सक्ने थुप्रै सम्भावनाहरु छन् । प्लाष्टिकका सामानहरूको प्रयोगलाई निरुत्साहित गरी विभिन्न घरेलु उद्योग र स्थानीय सीपमा आधारित ह्याण्डीक्र्याफ्ट साथै कृषि लगायतका क्षेत्रहरूलाई पर्यटनसँग जोडेर त्यसको बिस्तार गर्ने, समुदायमा आधारित पर्यटनको विकास गर्न सहकारी र निजी क्षेत्रसँग मिलेर गाउँपालिकाले होटल, होमस्टे लगायत अन्य पूर्वाधारको विकासको साथै धार्मिक ऐतिहाँसिक स्थान, भूमेपूजा, कुना पूजा, धौलेश्वर महादेव मन्दिर, देउराली, गायत्री मन्दिर गलेश्वर, देवी मन्दिर पिप्ले, रानी पौवा दरवार र मन्दिर, मालिका देवी मन्दिर, भगवती देवी मन्दिर मौवाफाँट, नाङ्गेदेवी दग्नाम, भूमेस्थान मन्दिर चिमखोला, मण्डली देवी मन्दिर चिमखोला, काउछुके प्रभु महाराज, भूमरे सिद्धस्थान पाखापानी,  कालिभारा पैलीभरा ताल, दर्मिजा तातोपानी कुण्ड, सुर्मधुरी ताल, गाईखर्क ताल, बराही ताल र स्थानीय शैलीका ढुङ्गे घरहरु, लगायत ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक र प्राकृतिक स्थलहरूको संरक्षण गरी पर्यटकीय गन्तव्यको रूपमा विकास गर्न सकिन्छ । तिव्ल्याङ बेग हुँदै धवलागिरी आइसफल पदमार्गले जोडी आन्तरिक तथा बाह्य पर्यटन प्रबर्द्धन गर्न सकिने त्यतिकै सम्भावना छ । पर्यटकीय मार्गहरूको सुधार, होटल तथा उद्योगहरूको सङ्ख्या वृद्धि गरी यस क्षेत्रको साँस्कृतिक परम्परा, स्थानीय कलाकृति तथा रितिरिवाजको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा प्रचार प्रसारको खाँचो देखिन्छ । आर्थिक वृद्धिका लागि पर्यटन प्रवर्द्धनको क्षेत्रमा लगानी, र बजार व्यवस्थापन गर्न सकेमा यस क्षेत्रमा स्थायित्व कायम गर्न सकिने देखिन्छ । नयाँ पर्यटकीय स्थल र उपजहरुको पहिचान गरी यस क्षेत्रको विकास गर्नु अति जरुरी छ ।

### ३.४.२ प्रमुख समस्याहरु

बाह्रै महिना यातायातका साधनहरु चल्ने सडक नहुनु, पर्यटक बासको लागि चाहिने न्यूनतम मापदण्डका होटेल लजहरु नहुनु, स्थानीय उत्पादनसँग पर्यटन व्यवसायको सहकार्यमा कमि हुनु, पर्यटकीय गन्तव्य तथा सम्पदाको मर्मत संमारमा कम ध्यान हुनु, क्षति भएका पर्यटन पूर्वाधारहरुको पूनर्निर्माण र विकास हुन नसक्नु, युवा जनशक्तिको विदेश पलायनले गर्दा पर्यटन क्षेत्रमा चाहिने स्थानीय जनशक्तिको अभाव हुनु, बाहिरबाट दक्ष जनशक्ति ल्याउन ध्यान नदिनु आदि यस क्षेत्रका समस्याहरु हन् ।

### ३.४.३ चुनौती र अवसर

#### चुनौती

पर्यटनका लागि आवश्यक पर्ने स्थानीय वस्तु तथा सेवाको उत्पादन गर्न, पर्याप्त मात्रामा न्युनतम मापदण्ड भएका होमस्टेहरु व्यवस्था गर्न, गाउँपालिकाका पर्यटनको सम्भावना भएका स्थलहरूमा सूचना, सञ्चार तथा प्रविधिको विकास गर्न, बाह्रै महिना गाडिहरु चल्ने सडक निर्माण गर्न, पर्यटन पदमार्गहरु निर्माण गर्न, पर्यटन क्षेत्रमा चाहिने जनशक्ति अभाव हुन नदिन र पुरातात्विक र प्राचीन सम्पदाहरुको बढ्दो अतिक्रमणलाई रोक्न यस क्षेत्रका प्रमुख चुनौतीहरु हुन ।

**अवसर**

प्रदेश सरकारले पर्यटन क्षेत्रलाई समृद्धिको मुख्य सम्वाहक मान्नु, रघुगंगामा सुपरिचित सबै जात जातिको संस्कृति रहनु, ऐतिहाँसिक बस्तीहरु, देवीका मन्दिरहरु, तातोपानी कुण्ड भूमेपूजा आन्तरीक पर्यटकको रोझाइमा पर्नु, साँस्कृतिक र ऐतिहाँसीक स्थानहरु, धौलागिरि आइसफल जाने पदमार्ग हुनु, तीनै तहका सरकारले पर्यटन क्षेत्रलाई प्राथमिकतामा राख्नु । गाउँपालिकाका हरेक वडा सडक संजाल संग जोडिएको हुनु आदि यस क्षेत्रका अवसरहरु हुन् ।

## ३.४.४ दीर्घकलीन सोंच, लक्ष्य र उद्देश्य

**सोंच**

पर्यटन क्षेत्रको दिगोविकास रघुगंगा समृद्धिको आधार

**लक्ष्य**

पर्यटन विकास मार्फत रोजगारी र आयमा वृद्धि गरी गाउँपालिकाको अर्थतन्त्र बलियो बनाउने ।

**उद्देश्य**

१. पर्यटन पूर्वाधारको विकास र विस्तार गर्ने
२. पर्यटन क्षेत्रको माध्यमद्वारा रोजगारी वृद्धि गर्ने ।
३. पर्यटन व्यवसायलाई स्थानीय कृषि उत्पादनसँग जोड्दै परिणाममुखी र प्रतिस्पर्धी बनाउने ।

## ३.४.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १: पर्यटन पूर्वाधारको विकास र विस्तार गर्नु | |
| १.१ पर्यटकीय स्थलहरुमा पुर्वाधारको निर्माण तथा तरोन्नति गरी बाह्रै महिना सहजै आवत जावत गर्न सक्ने गरी विकास विस्तार गर्ने | १.१.१ पर्यटन गुरुयोजना निर्माण गरी पर्यटन प्रवर्द्धनमा जोड दिइनेछ । <br> १.१.२ सडक, पुल, रंगशाला, बसपार्क, रोधिघर लगायतका पूर्वाधारहरु निर्माण गर्दा स्थानीय सँस्कृति र मौलिकतालाई प्रोत्साहन हुने वातावरण बनाइनेछ <br> १.१.३ पर्यटक आकर्षक हुने स्थानीय स्थलहरुको सम्भाव्यता अध्ययन गरिनेछ । |
| १.२ पर्यटकिय क्षेत्रको संरक्षणको साथै उर्गटन पूर्वाधार, पदमार्ग निर्माण गरी पर्यटन प्रवर्द्धनमा जोड दिने । | १.२.१ तिव्ल्याङ बेग हुँदै  देखि धवलागिरी आइसफल सम्म जाने पदमार्ग निर्माण गरि आन्तरिक तथा बाह्य पर्यटन प्रबर्द्धन गरिनेछ । <br> १.२.२ पर्यटन पदमार्गमा सूचना, सुरक्षा र आपतकालीन उद्धारका लागि आवश्यक पूर्वाधारहरुको निर्माण गरीनेछ । <br> १.२.३ पर्यटन विकास र संरक्षण साथै प्रवर्द्धनको लागि प्याकेज कार्यक्रम सञ्चालन गरीनेछ । <br> १.२.४ गलेश्वर देखि पिप्ले भगवती हुँदै रुइसे भेडीओडार धौलागिरी आइसफल सम्म पदमार्ग निर्माण गरिनेछ । <br> १.२.५ सागरेमा कला सस्कृति तथा परम्परागत अवस्था झल्काउने संग्राहलय निर्माण गरिनेछ । <br> १.२.६ सोबाङ्ग धुरीमा दृष्यावलोकन स्थाल(भ्यू प्यालेस) निर्माण र व्यवस्थापन गरिने छ । |
| उद्देश्य २: पर्यटन क्षेत्रको माध्यमद्वारा रोजगारी वृद्धि गर्ने । | |
| २.१ स्थानीय पर्यटकीय गन्तव्यहरुको पहिचान गरी तिनिहरुको | २.१.१ टुरिष्ट गाईड सम्बन्धी तालिम कार्यक्रम सञ्चालन गरिनेछ । <br> २.१.२ साँस्कृतिक पर्यटन, धार्मिक पर्यटन, पर्यापर्यटन, कृषि पर्यटनको एकिकृतरुपमा प्रवर्द्धन गरीनेछ । |

| | |
|---|---|
| विकास तथा व्यवस्थापन गरी रोजगार सिर्जना गर्ने । | २.१.३ गायत्री मन्दिर गलेश्वर, भगवती मन्दिर राखु, मण्डली देवी चिमखोला लगायत धार्मिक गन्तव्यहरुको वृहत्तर धार्मिक पर्यटकीय स्थलको रुपमा निर्माण गरी धार्मिक पर्यटनको प्रवर्द्धन गरीनेछ ।<br>२.१.४ पर्यटन पेशामा संलग्न पर्यटन व्यवसायिहरुलाई प्रोत्साहित गर्न तथा सम्मानित बनाउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ । |
| २.२ पर्यटन क्षेत्रबाट प्राप्त हुने रोजगार र आम्दानीलाई यायोचित ढंगको बितरण प्रणालीको विकास गर्ने | २.२.१ गाउँपालिका स्तरीय अनुगमन समिति गठन गरिने ।<br>२.२.२ धार्मिक पर्यटकीय स्थल र पदमार्गहरुमा स्टल तथा चमेनागृहहरुको विकास विस्तार गरिनेछ ।<br>२.२.३ ग्रामिण घरवास (होमस्टे) को गुणस्तर र घरवास सञ्चालकको क्षमता वृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिने छ ।<br>२.२.४ गाउँपालिका भित्र रहेका पर्यटकिय स्थलहरुको मर्मत सम्भार र प्रवर्द्धन कार्यलाई द्रुत गतिमा अगाडी बडाइनेछ । |
| उद्देश्य ३. पर्यटन व्यवसायलाई स्थानीय कृषि उत्पादनसँग जोड्दै परिणाममुखी र प्रतिस्पर्धी बनाउने । | |
| ३.१ पर्यटन व्यवसायी र स्थानीय कृषक बीच समधुर सम्बन्ध विकास विस्तार गर्ने । | ३.१.१ प्राङ्गारिक खेतीका सम्भावित वस्तु र क्षेत्रहरूको पहिचान एवम् उत्पादनमा वृद्धि गरी उत्पादित प्राङ्गारिक वस्तुको ब्रान्ड प्रवर्द्धन गर्दै हाट बजारको स्थापना गरी स्थानीय स्तरमा बजारीकरण गरिनेछ ।<br>३.१.२ उत्पादित प्राङ्गारिक वस्तुको ब्रान्ड प्रवर्द्धन गरी **कोशेली घर**को विकास गरीनेछ ।<br>३.१.३ कृषि सहकारीताको विकास गरिने छ ।<br>३.१.४ स्थानीय रुपमा उत्पादित धान, कोदो तथा मकै, तरकारी र फलफूल बाट उत्पादित खाद्य सामग्री प्रवर्द्धन गरी पर्यटकलाई आकर्षण गरिने छ ।<br>३.१.५ पर्यटन व्यावसायी र किसानहरु बीच आवश्यकता अनुसार अन्तरकृयात्मक कार्यक्रहरुको सञ्चालन तथा ज्ञान आर्जनको लागि ठाँउ विशेषमा अध्ययन भ्रमणका लागि प्रोत्साहन गरिने छ । |

### ३.४.६ कार्यकमका प्राथमिकता

१. पर्यटन विकास योजना तर्जुमा गर्ने ।

२. गाउँपालिका स्तरीय पर्यटन प्रवर्द्धन समिति साथै घरवास (Home stay) र होटल व्यवस्थापन समिति गठन गर्ने ।

३. वहुसाँस्कृतीक संग्रहालय, पार्क आदिको निर्माण ।

४. स्थानीय पर्यटन स्थलहरुको प्रवर्द्धन र पर्यटन पदमार्ग निर्माण तथा स्तरोन्नतीमा जोड ।

५. कोशेलीघर, पर्यटन व्यवसाय र स्थानीय कृषि उत्पादनसँग सुमधुर सम्बन्ध विकासमा जोड ।

६. पर्यटन सूचना केन्द्र स्थापना र अध्यवधिक गर्ने ।

७. गाउँपालिकाको मौलिकतामा जोड दिई अर्गानीक खेतिलाई प्रोत्साहित गर्ने ।

८. पर्यटकहरुको बसाई लम्ब्याउन ८ वटै वडामा पर्यटकिय स्थलहरुको सर्किट निर्माण गर्ने ।

९. वार्षिक रुपमा पर्यटकिय महोत्सब र देशका मुख्य मुख्य सहरहरुमा **"घुम्न जाउँ रघुगंगा"** नामक प्रवद्धनात्मक कार्यक्रम सञ्चालन गर्ने ।

## ३.४.७ विस्तृत कार्यक्रमहरु

| क्र. स | संकेत | कार्यक्रम तथा क्रियाकलापहरु | इकाई | आधार वर्ष २०८०/८१ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | |
| १ | क | पर्यटन विकास योजना तर्जुमा | सख्या | | - | १ | - | - | - | १ |
| २ | कख | होम स्टे सञ्चालन तथा क्षमता विकास | पटक | | १ | १ | १ | १ | १ | ५ |
| ३ | कख | पर्यटन विकास, प्रचार प्रसार, अभियान एव महोत्सव सञ्चालन | पटक | | १ | १ | १ | १ | १ | ५ |
| ४ | कख | ईकोटुरिज्म पार्क निर्माण | सख्या | | १ | १ | १ | - | - | ३ |
| ५ | कख | वहु साँस्कृतिक सग्रहालय निर्माण | सख्या | | १ | - | - | - | - | १ |
| ६ | कख | पर्यटन क्षेत्रमा सलग्न जनशक्तिलाई तालिम | सख्या | | २५ | २५ | २५ | २५ | २५ | १२५ |
| ७ | कख | होटल व्यवसायीलाई अतिथि सत्कार (Hospitiality) कुक, एव पर्यटन तालिम | सख्या | | ३० | ३० | ३० | ३० | ३० | १५० |
| ८ | क | ऐतिहासिक, धार्मिक तथा पर्यटकीय क्षेत्रको बृतचित्र तयार | सख्या | | - | १ | - | - | - | १ |
| ९ | क | प्रमुख पर्यटकीय क्षेत्रको डिपिआर तयार गर्ने | पटक | | १ | २ | २ | - | - | ५ |
| १० | कख | धार्मिक तथा साँस्कृतिक धरोहरको मर्मत सभार र सरक्षण(मन्दिर, गुम्बा, पाटी, पौवा, चौतारा) | सख्या | | २ | ३ | २ | २ | १ | १० |
| ११ | कख | ताल, पोखरी तथा ऐतिहाँसिक स्थलको सरक्षण र विकास | सख्या | | २ | ३ | ३ | ४ | २ | १४ |
| १२ | क | पिकनिक स्पोर्ट निर्माण | सख्या | | १ | २ | - | - | - | ३ |
| १३ | कख | पर्यटकीय स्थलको पूर्वाधार निर्माण, मर्मत, सभार तथा पूर्ननिर्माण | सख्या | | १ | ३ | ४ | ५ | - | १३ |
| १४ | कख | पर्यटकीय पदमार्गको मर्मत तथा विस्तार | सख्या | | २ | - | - | - | - | २ |
| १५ | क | स्वागत गेट निर्माण | सख्या | | १ | १ | - | - | - | २ |
| १६ | क | पर्यटन शिक्षा कार्यक्रम सञ्चालन | पटक | | १ | १ | १ | १ | १ | ५ |
| १७ | कख | पर्यटन सूचना केन्द्र स्थापना | सख्या | | १ | १ | - | - | - | २ |
| १८ | कख | टुरिष्ट गाईड तालिम कार्यक्रम सञ्चालन | पटक | | १ | १ | १ | १ | १ | ५ |

## ३.४.८. नतिजा खाका

| नतिजा को स्तर | नतिजा | सूचक | इकाइ | आधार वर्ष २०८०/८१ | उपलब्धी | | | | | योजना अवधिको जम्मा लक्ष्य | पुष्ट्याईको आधार | जिम्मेवार निकाय | जोखिम पक्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | | | |
| प्रभाव | पर्यटन क्षेत्रको दिगो विकासबाट रोजगारीमा वृद्धि भई गाउँपालिकाको समृद्धिमा टेवा पुगेको हुनेछ । | आन्तरिक पर्यटक आगमन | सख्या | १०००० | १२००० | २५००० | ४०००० | ५०००० | ६०००० | ३००००० | नपाप्र | नपा | महामारी रोग | |
| | | विदेशी पर्यटक आगमन | सख्या | १०० | ५०० | १३०० | २३०० | २६०० | ३००० | ९८०० | " | " | " | |
| | | गाउँपालिकाको कुल आयमा पर्यटन क्षेत्रको योगदान | प्रतिशत | १ | २ | २.५ | ३.५ | ४.५ | ६ | ६ | " | " | " | |
| | | पर्यटन क्षेत्रबाट रोजगारीको सिर्जना | जना | ६० | ९० | १५० | २०० | २५० | ३०० | १०५० | " | " | " | |
| असर १ | पर्यटन पूर्वाधार र पर्यटकीय उपजको विकास र प्रबर्द्धन भएको हुनेछ । | पर्यटकीय गन्तब्य | सख्या | २ | ३ | ४ | १ | - | - | १० | " | " | " | |
| | | पर्यटकीय पदमार्ग | सख्या | | ३ | - | - | - | - | ३ | " | " | " | |
| | | पर्यटकीय होटल तथा रेष्टुरेन्ट | सख्या | | ५ | ७ | ७ | ७ | ४ | ३० | " | निजी क्षेत्र | " | |
| | | कोशेली घरको निर्माण | सख्या | ० | - | १ | १ | १ | - | ३ | " | " | " | |
| प्रतिफल १.१ | सघ तथा प्रदेशको पर्यटन विकासको निति अनुरुप पर्यटन मैत्री वातावरणको सिर्जना भएको हुने । | पर्यटन गुरुयोजना | सख्या | ० | १ | - | - | | | १ | " | " | " | |
| | | गाउँपालिकाको पर्यटन नीति तयार | सख्या | ० | १ | - | - | - | - | १ | " | " | " | |
| | | घरवास (Home Stay) सञ्चालन तथा पर्यटन विकास समिति सञ्चालन कार्यविधि तयार | सख्या | ० | - | १ | - | - | - | १ | " | " | " | |
| प्रतिफल १.२ | पर्यटन विकासको लागि संस्थागत संरचनाको विकास भएको हुने छ । | वडा स्तरमा होमस्टे सञ्चालन समिति तथा होटल तथा पर्यटन व्यावसायिक समितिको गठन | सख्या | ० | २ | ५ | ८ | - | - | ८ | " | " | " | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल १.३ | पर्यटन पूर्वाधारहरुको निर्माणमा स्थानीय मौलिक संस्कृति र पहिचान प्रवर्द्धन भएको हुने । | बहुसंस्कृति झल्कने संग्राहलय निर्माण | सख्या | ० | - | - | १ | - | - | १ | " | " | | |
| | | स्थानीय संस्कृति र परिवेश झल्कने पार्क तथा चौतारी | सख्या | ० | १ | २ | ३ | २ | १ | ९ | " | " | | |
| | | पुराना पदमार्गको मर्मत | सख्या | १ | २ | ३ | - | - | - | ५ | " | " | | |
| प्रतिफल १४ | कोसेली उत्पादनमा निजी क्षेत्र प्रोत्साहित भएका हुनेछन् । | कोसेली घरको स्थापना र सञ्चालन | सख्या | ० | - | १ | १ | १ | १ | ५ | " | " | | |
| असर २ | पर्यटन व्यवसाय मार्फत जनताको आय र रोजगारीमा उल्लेख्य वृद्धि भएको हुने । | गाउँपालिकामा सञ्चालित घरबास | सख्या | ६ | २ | २ | ५ | - | - | १२ | " | " | " | |
| | | घरबास व्यवसायबाट रोजगारी सिर्जना | सख्या | १५ | ३० | १५० | २०० | २०० | २०० | ७८० | " | " | " | |
| | | होटल व्यवसायबाट पारिवारिक आम्दानीमा योगदान | प्रतिशत | २ | २.५ | २.७ | ३ | ३ | ३ | ३ | " | " | " | |
| | | होटल तथा रेष्टुरेन्टबाट रोजगारी सिर्जना | सख्या | - | ५० | ७० | ९० | ९० | ९५ | ३९५ | " | " | " | |
| | | पर्यटक पथ प्रदर्शक | सख्या | ५ | १० | १५ | १५ | २० | २० | ८५ | | | | |
| प्रतिफल २१ | पर्यटकको बस्ने अवधी र खर्च गर्ने रकममा वृद्धि भएको हुने । | सरदर पर्यटकको बसाई | दिन | २ | ३ | ४ | ४ | ४ | ४ | ४ | " | " | " | |
| | | प्रति विदेशी पर्यटक दैनिक खर्च | रु | २००० | २२०० | ३३०० | ५५०० | ६००० | ७००० | ७००० | " | " | | |
| | | प्रति स्वदेशी पर्यटक दैनिक खर्च | रु | १५०० | २०० | २५०० | ३००० | ३००० | ३५०० | ३५०० | " | " | | |

## ३.५ घरेलु तथा साना उद्योग

### ३.५.१ पृष्ठभूमि

गाउँपालिकामा रहेका विभिन्न साना व्यवसाय, होटल (खाना तथा नास्ता पसल) होमस्टे, परम्परागत कार्यस्थल ( आरन) हरु अझै पनि औधोगिकीकरण, बैज्ञानिकिकरण भएर विकास हन सकेका छैनन् । परम्परागत व्यवसायहरु विस्तारै लोप हुने अवस्थामा छन् । संख्यात्मक अवस्था हेर्दा गाउँपालिकामा दर्ता भएका अन्य व्यवसायहरु मध्ये कृषि तथा पशुपालन फर्मको संख्या ३३ वटा, होटल तथा रेष्टुरेन्ट ३ वटा रहेको । फर्निचर उद्योग २ वटा, कुटानी पिसानी मिल ११ वटा किराना पसल, रेष्टुरेन्ट/होटल/लज ३ वटा, तरकारी पसल, मासु पसल, कपडा/फेन्सी पसल, हार्डवेयर/निर्माण सामग्री सम्बन्धी पसल, फोटो स्टुडियो, सैलुन, टेलर/लुगा सिलाई, गहना पसल, रेडियो तथा घडी/मोबाईल मर्मत पसल, कृषि औजार जस्ता व्यापार व्यवसाय रहेको भएता पनि तिनिहरुको छन् । तिप्ल्याङ बजार, ठुलोगाउँ वेगखोला, भगवती मैदान बजार, मौवाफाँट, हटिया बजार, बाँसबौट, टेकुर र कमनाथ पाखापानी स्थानीय व्यपारीक केन्द्रको रुपमा छन् । रघुगंगा गाउँपालिका कार्यालयमा दर्ता भएका उद्योग तथा व्यवसायको कुल संख्या ५७ रहेको छ । अन्य व्यवसायहरु मध्ये कृषि तथा पशुपालन फर्मको संख्या धेरै देखिन्छ । फर्महरु निजी फर्महरु रहेका छन् । स्लेट ढुङ्गा खानी, खरीखानी, तामा खानीहरु भएर पनि बन्द अवस्थामा छन् । औद्योगिक कच्चा पदार्थका रुपमा सल्लाको खोटो, सेतो बरुवा, सिस्नु जस्ता वनस्पतिजन्य उत्पादनहरु हुने गर्दछ । व्यवस्थित उत्पादन तथा सङ्कलन कार्य नभएकोले उत्पादित वस्तुको परिमाण वस्तुनिष्ठ रुपमा एकिन हुन सकेको छैन् । परम्परागत व्यवसायका पूर्वाधारहरु प्रकोप प्रतिरोधी, उत्थानशिल तथा सुरक्षित अवस्थामा रहेका देखिंदैनन् । परम्परागत कार्यस्थल, साना व्यवसाय, महिला तथा अपाङ्गता भएका व्यक्तिहरु लक्षित आय आर्जनका कार्यक्रमहरुलाई औधोगिकीकरण, आधुनिकीकरण गर्न सकेको खण्डमा स्थानीय स्तरमा रोजगार वृद्धिको साथै आर्थिक वृद्धिमा टेवा पुग्ने देखिन्छ ।

### ३.५.२ प्रमुख समस्याहरु

यस गाउँपालिकामा रहेका खानीहरु सञ्चालनमा ल्याउन नसक्नु, आरनहरु सुधार कार्यक्रम सञ्चालन हुन नसक्नु, परम्परागत व्यवसायहरु जस्तै स्वीटर, गलबन्दी, पछ्यौरा, बाँस निगालाबाट उत्पादित सामग्रीहरु आधुनिकीकरण र व्यवसायिकरण हुन नसक्नु, स्थानीय कोशेली कार्यक्रमलाई ब्राण्डीङ गर्न नसक्नु, स्थानीय सिप, अनुभव र प्रविधिको प्रवर्द्धन हुन नसक्नु, घरेलु तथा साना उद्योग क्षेत्रमा देखिएका प्रमुख समस्याहरु हुन् ।

### ३.५.३ चुनौती र अवसर

#### चुनौती

उद्योग क्षेत्रको विकासको लागि लगानी जुटाउन, घरेलु तथा साना उद्योगलाई प्रतिस्पर्धी बनाउन, उत्पादित सामग्रीहरुको बजारीकरण गर्न, स्थानीय सील्पी नागरिकहरुको यस तर्फ चासो बढाउन यस क्षेत्रका चुनौतीहरु हुन ।

#### अवसर

पूँजी, सिप र अनुभव लिएर वैदेशिक रोजगारीबाट आएका युवाहरुको उपस्थिति र गाउँपालिकाले लगानीको लागि उपयुक्त वातावरण निर्माण भएको अवस्था यस  यस क्षेत्रका अवसरहरु हुन् ।

### ३.५.४ दीर्घकालिन सोंच, लक्ष्य र उद्देश्य

#### सोंच

औद्योगिक क्षेत्रको विकास, दिगो आर्थिक गतिविधिको आधार

**लक्ष्य**

साना तथा घरेलु उद्योगको विकास गरी स्थानीय स्तरमा रोजगारी वृद्धि गर्ने

**उद्देश्य**

१. आन्तरिक उत्पादनमा वृद्धि गरी आय आर्जनका अवसरहरू सिर्जना गर्नमा जोड दिने ।

२. पुराना क्षतिग्रस्त भएका परम्परागत उद्योग, घरेलु तथा साना उद्योगहरुको पूनर्निर्माण साथै नयाँ निर्माण र सञ्चालनमा युवाहरुलाई प्रोत्साहन गर्ने ।

## ३.५.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १: आन्तरिक उत्पादनमा वृद्धि गरी आय आर्जनका अवसरहरू सिर्जना गर्नमा जोड दिने । | |
| १.१ सार्वजनिक निजी साझेदारी कार्यक्रमलाई कार्यान्वयनमा ल्याउने | १.१.१ लगानीमैत्री कानुन निर्माण गरिनेछ ।<br>१.१.२ विभिन्न व्यवसायलाई दर्ताको दायरमा ल्याइनेछ ।<br>१.१.३ क्षतिग्रस्त घरेलु तथा साना उद्योगहरुको पुनर्निर्माण गर्दा अझ राम्रो र अझ बलियो र विपद जोखिम न्यूनीकरणको अवधारणा अनुसार गरिनेछ । |
| १.२ सानो पुँजीबाट छिटो प्रतिफल प्राप्त हुने परम्परागत उद्योग, घरेलु तथा साना उद्योगहरुको स्थापना, संरक्षण र सम्बर्द्धन गरी उत्पादनमा वृद्धि गर्दै आन्तरिक रोजगारिका अवसरहरु सिर्जना गर्ने | १.२.१ सिपमुलक तालिम सञ्चालन गरी घरेलु उद्योग खोल्न प्रोत्साहन गरिनेछ । लघु उद्यम विकास कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>१.२.२ स्थानीय स्तरमा उपलब्ध जडीबुटी प्रशोधन केन्द्र स्थापना र सञ्चालन गरिनेछ ।<br>१.२.३ बाँस, निगाला जस्ता वस्तुहरुमा आधारित उद्यमशीलता प्रवर्द्धनका लागि सङ्कलन तथा प्रशोधन केन्द्रको स्थापना र सञ्चालन गरिनेछ ।<br>१.२.४ हस्तकला तथा परम्परागत सीप तथा प्रविधिमा आधारित ग्रामिण उद्योगहरु को संरक्षण र विकासमा विशेष जोड दिइनेछ ।<br>१.२.५ परम्परागत सीप तथा प्रविधिमा आधारित ग्रामिण उद्योगहरुबाट उत्पादित वस्तुहरुको बजारीकरणको लागि हाटबजारको व्यवस्था गरिनेछ ।<br>१.२.६ आरन सुधार, कपडा सिलाउने व्यवसाय (ग्रामेण्ट), जुत्ता बनाउने व्यवसाय लाई प्रोत्साहनको व्यवस्था गरिनेछ ।<br>१.२.७ सहुलियत ऋणको व्यवस्था गरिनेछ । |
| उद्देश्य २ : पुराना तथा क्षति भएका परम्परागत उद्योग, घरेलु तथा साना उद्योगहरुको पूनर्निर्माण साथै नयाँ निर्माण र सञ्चालनमा युवाहरुलाई प्रोत्साहन गर्ने । | |
| २.१ घरेलु तथा साना उद्योगहरुको संरक्षणको लागि कार्यक्रम सञ्चालन गर्ने । | २.१.१ पुराना क्षतिग्रस्त भएका घरेलु तथा साना उद्योगहरुको डाटावेश तयार गरिनेछ ।<br>२.२.२ पुराना क्षतिग्रस्त भएका घरेलु तथा साना उद्योगहरुको पुनर्लाभ र पुनर्निर्माण सम्बन्धि अध्ययन गरिनेछ । |

## ३.५.६ कार्यक्रमका प्राथमिकता

१. परम्परागत उद्योग, घरेलु तथा साना उद्योगहरुको प्रवर्द्धनका लागि सार्वजनिक निजी साझेदारी नीतिको निर्माण र कार्यान्वयन ।

२. हाल सञ्चालनमा रहेका घरेलु तथा साना उद्योगहरुको प्रवर्द्धन र विस्तार गर्ने ।

३. हाल रहेका परम्परागत उद्योग, घरेलु तथा साना उद्योगहरुको क्षमता विकास र युवा आकर्षण तथा प्रोत्साहन कार्यक्रम ।

### ३.५.७ विस्तृत कार्यक्रमहरु

| क्र. स | संकेत | कार्यक्रम तथा क्रियाकलापहरु | इकाई | आधार वर्ष २०८०/८१ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | |
| १ | क | पुराना तथा क्षतिग्रस्त भएका घरेलु तथा साना उद्योगहरुको पुनर्लाभ र पुनर्निर्माण सम्बन्धि अध्ययन | पटक | १ | १ | १ | १ | १ | – | ४ |
| ३ | क | परम्परागत उद्योग, घरेलु तथा साना उद्योगमा हुनसक्ने जोखिम न्यूनीकरण सम्बन्धी चेतनामुलक कार्यहरु सञ्चालन । | सख्या | – | १ | १ | १ | १ | १ | ५ |
| ४ | कख | महिला र पछाडि परेका समूहहरुको लागि आर्थिक तथा सामाजिक उत्थानशीलता सम्बन्धी सहयोग कार्यक्रम | सख्या | – | १० | २० | २५ | ३० | ३० | ११५ |
| ५ | कख | लघु उद्यम विकास कार्यक्रमहरु | सख्या | १ | २ | २ | २ | २ | २ | १० |
| ७ | कखग | जडीबुटी प्रशोधन केन्द्र स्थापना र सञ्चालन | सख्या | | १ | १ | – | – | – | २ |
| ८ | कख | बाँस, निगाला, अल्लो, लोक्ता जस्ता वस्तुहरुमा आधारित उद्यमशीलता प्रवर्द्धनका लागि सङ्कलन तथा प्रशोधन केन्द्रको स्थापना र सञ्चालन | सख्या | – | – | १ | – | – | – | १ |
| ९ | कख | हस्तकला तथा परम्परागत सीप तथा प्रविधिमा आधारित ग्रामिण उद्योगहरुको सरक्षण र प्रवर्द्धन कार्यक्रम | प्याकेज | – | ३ | २ | २ | १ | – | ८ |
| १० | क | हस्तकला तथा परम्परागत सीप तथा प्रविधिमा आधारित ग्रामिण उद्योगहरुबाट उत्पादित वस्तुहरुको बजारीकरणको लागि हाटबजार को स्थापना | सख्या | – | १ | १ | १ | १ | १ | ५ |
| ११ | कख | हाल सञ्चालनमा रहेका परम्परागत उद्योग, घरेलु तथा साना उद्योगहरुको क्षमता विकास र युवा आकर्षण तथा प्रोत्साहन कार्यक्रम | प्याकेज | | १ | १ | १ | १ | १ | ५ |
| १२ | कख | परम्परागत उद्योग घरेलु तथा साना उद्योगहरुको डाटावेश तयार | पटक | १ | १ | १ | १ | १ | १ | ५ |
| १३ | कख | हाल सञ्चालनमा रहेका परम्परागत घरेलु तथा साना उद्योगहरुको विकास र प्रवर्द्धन | प्याकेज | | १ | १ | १ | १ | १ | ५ |

## ३.५.८ नतिजा खाका

| नतिजाको स्तर | नतिजा | सूचक | इकाइ | आधार वर्ष २०८०/८१ | उपलब्धी | | | | | योजना अवधिको जम्मा लक्ष्य | पुष्ट्याईको आधार | जिम्मेवार निकाय | जोखिम पक्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | | | | | |
| प्रभाव | साना तथा घरेलु उद्योगको विकास भइ स्थानीय स्तरमा रोजगारी वृद्धि भएको हुने | सञ्चालनमा रहेका थप घरेलु तथा साना उद्योगहरु | सख्या | – | ५ | १५ | १८ | २० | – | ५८ | गापा प्र | गापा | | |
| | | घरेलु तथा साना उद्योगहरुबाट रोजगारी पाएका व्यक्तिहरु | सख्या | – | २० | २५ | ५५ | ६० | ४० | २०० | " | " | | |
| असर १ | गाउँपालिकामा घरेलु तथा साना उद्योगको विकासको वातावरण निर्माण भएको हुने । | गाउँपालिकामा भएका उद्योग ग्राम | सख्या | – | – | – | १ | | – | १ | " | " | | |
| | | घरेलु तथा साना उद्योग सम्बन्धी ऐन | सख्या | – | १ | – | – | – | – | १ | " | " | | |
| | | घरेलु तथा साना उद्योग सञ्चालन कार्यविधि निर्माण | सख्या | – | १ | – | – | – | – | १ | " | " | | |
| | | गाउँपालिका कार्यालयमा घरेलु तथा साना उद्योग विकासको लागि व्यवस्था भएका कर्मचारी | सख्या | – | २ | १ | २ | – | – | ५ | " | " | | |
| प्रतिफल ११ | गाउँपालिकामा व्यवसायिक दक्षताको विकास भएको हुने । | घरेलु तथा साना उद्योग सम्बन्धी तालिम प्राप्त व्यक्तिहरु | सख्या | | ६० | ६० | ६० | ६० | ६० | ३०० | " | " | | |
| | | घरेलु तथा साना उद्योग सम्बन्धी सचालीत तालिम | सख्या | | २ | २ | २ | २ | २ | १० | " | " | | |
| प्रतिफल १२ | घरेलु तथा साना उद्योग विकासको लागि पूँजीको उपलब्धता थप सहज भएको हुने | घरेलु तथा साना उद्योगको लागि सहुलियत ऋृण प्राप्त गर्ने उद्योगीहरु | सख्या | | १० | १५ | १७ | २० | २० | ८२ | " | " | | |
| | | सहुलियत ऋृण प्रदान गर्ने वित्तीय सस्थाहरु | सख्या | | २ | ३ | – | – | – | ५ | " | " | | |
| असर २ | घरेलु तथा साना उद्योगहरु प्रकोपबाट सुरक्षित भएको हुने | प्रकोपबाट सुरक्षित घरेलु तथा साना उद्योग | प्रतिशत | | १० | १२ | ४५ | ५० | ६५ | ६५ | " | " | | |
| प्रतिफल २१ | घरेलु तथा साना उद्योगहरु अझ राम्रो र अझ बलियो अवधारणा अनुसार प्रवलीकरण भएको हुने । | प्रवलीकरण गरी सुरक्षित बनाइएका घरेलु तथा साना उद्योगहरु | प्रतिशत | | २० | ५० | ८० | ८५ | ९५ | ९५ | " | " | | |
| | | प्रवलीकरण गरिएका होमस्टेहरु | प्रतिशत | | २० | ५० | ८५ | ९५ | ९७ | ९७ | " | " | | |
| | | प्रवलीकरण गरिएका होटलहरु | प्रतिशत | | २० | ५० | ८० | ८५ | ९० | ९० | " | " | | |
| | | प्रवलीकरण गरिएका पसलहरु | प्रतिशत | | २० | ५० | ६० | ७८ | ८७ | ८७ | " | " | | |

## ३.६ वित्त, सहकारी र नीजि क्षेत्र

### ३.६.१ पृष्ठभूमि

नेपाल सरकारको समष्टिगत आर्थिक नीतिमा आर्थिक विकासको लागि सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहकार्य र साझेदारी गर्ने परिकल्पना गरिएको छ । प्रादेशिक आर्थिक परिदृश्यमा समेत निजी र सहकारी क्षेत्रलाई आर्थिक विकासमा सँगसँगै लैजानुपर्ने अवस्था रहेको छ । रघुगंगा गाउँपालिकामा ठुला उद्योगहरूको स्थापना हुन नसके तापनि गाउँपालिकामा उपलब्ध स्थानीय स्रोत र साधनको उपयोग गरी विभिन्न साना तथा घरेलु, कृषिजन्य उद्योग तथा व्यापार/व्यवसायहरू सञ्चालनमा रहेका छन् । जसले गाउँपालिकाको आर्थिक विकासमा टेवा पुऱ्याएका छन् । ढुङ्गा खानी (घर छाउने), बालुवा खानी, तामा खानी, फलामखानी लगायतका खानीहरूको प्रशस्त सम्भावना छ । व्यवसायहरु मध्ये सबैभन्दा उच्च संख्यामा किराना पसलहरु रहेको छन् । गाउँपालिकामा उद्योग र व्यापारमा लगानी गर्न स्थानीय स्तरका बैंक तथा लघु वित्त संस्थाहरु मार्फत् कर्जा लगानी हुने गरेको छ । सहकारी संस्थाहरूले कर्जा उपलब्ध गर्दै आएका छन् भने गाउँपालिकावासीहरूसँग रहेको रकमलाई निक्षेपको रूपमा स्विकार गरी बचत पनि गर्दै आएका छन् । रघुगंगा गाउँपालिकामा २० वटा सहकारी, १ वटा बैंक लगायत लघु वित्तले वित्तीयकार्य गर्दै आएका छन् । सहज र व्यवस्थित ढङ्गबाट सञ्चालन हुन सक्ने वातावरणको सिर्जना गरी स्थानीय निकायलाई बलियो बनाउदै गाउँपालिकाका जनतालाई सहकारी संस्थाले प्रदान गर्ने सेवा सुविधाको पहुँच सहजीकरण गर्न सकिएको खण्डमा गाउँपालिकाको विकासमा टेवा पुग्नेछ । सहकारीहरुले आफ्ना सदस्यहरूलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरी गाउँपालिकाको उत्पादन र उत्पादकत्व वृद्धि गर्न सघाउने अपेक्षा गरिएको छ । गाउँपालिकाको अर्थतन्त्रका यी तीन महत्वपूर्ण पक्ष वित्त, सहकारी र नीजि क्षेत्र एकताबद्ध भइ सहकार्य, समन्वय र सहलगानी गर्दै दिगो आर्थिक विकास हाँसिल गर्न यस क्षेत्रलाई प्राथमिकतामा राखी कार्य गर्नुपर्ने टड्कारो आवश्यकता देखिन्छ ।

### ३.६.२ प्रमुख समस्याहरु

ठूला उद्योगमा लगानी गर्न स्रोतको कमी हुनु, प्रभावकारी अनुगमन नहुनु, स्थानीय उत्पादन भन्दा आयतित सामग्रीको व्यापारमा आकर्षित रहनु, आम नागरीकहरुलाई सहकारीको क्षेत्रले उत्पादनशील क्षेत्रमा भन्दा अनुत्पादनशील क्षेत्रमा लगानी केन्द्रित गर्नु, वित्तीय पारदर्शिताप्रति तटस्थ उपगोग र उपादेयीता बारे पर्याप्त जानाकारी नहुनु, सघन बजार केन्द्रहरू र वाणिज्य गतिविधिको विकास नहुनु, स्थानीय पूँजीको विकासको अवस्था कमजोर रहनु, ग्रामीण क्षेत्रमा बैङ्क तथा वित्तीय संस्थाहरूको स्थापना र पूँजी वृद्धि हुन नसक्नु, अपेक्षा गरे अनुसार उत्पादनको क्षेत्रमा लगानी गरी उत्पादन र उत्पादकत्व बढाउन नसक्नु यस क्षेत्रमा प्रमुख समस्याहरू रहेका छन् ।

### ३.६.३ चुनौती र अवसर

#### चुनौती

सहकारीको सङ्गठनात्मक विकास र लगानीको क्षेत्रको दायरा ठूलो बनाउन, सरकारी, निजी र सहकारी क्षेत्रका बीचमा साझेदारी, समन्वय, सहकार्यलाई व्यवहारमा कार्यान्वयन गर्न, बृहत् परियोजनामा आवश्यकता अनुसारको लगानी गर्ने वातावरणको सिर्जना गर्न, अनुगमन कार्यलाई व्यवस्थित गर्न, सहकारीको सिद्धान्त बमोजिम बचत र लगानी गर्ने वातावरणको सिर्जना गर्न, वित्त, सहकारी र नीजि क्षेत्रलाई प्रतिस्पर्धी भन्दा परिपूरकको रुपमा सहकार्य गर्ने संस्कारको विकास गराउन, ८ वटै वडामा राष्ट्रिय स्तरका बैङ्कहरूको उपस्थिती बढाउन यस क्षेत्रका चुनौतीहरू रहेका छन् ।

**अवसर**

उद्योग, कलकारखाना, बजार केन्द्र, व्यपारिक कारोबारको विकास र विस्तार गर्न, बैङ्क, माइक्रो फाइनान्स तथा सहकारीहरूको विकास र विस्तार हुनु । युवा पुस्तामा उद्यमशीलताप्रति सकारात्मक धारणाको विकास हुनु, गाउँपालिका केन्द्रसम्म आर्थिक केन्द्रको विकास र विस्तार हुँदै जानु, निजी क्षेत्रले नाफामूलक मात्र नभइ विस्तारै सामाजिक उत्तरदायित्व वहनलाई समेत अवलम्बन गर्ने संस्कारको सुरुवात हुनु, प्रदेश सरकारले लगानीमैत्री नीति तथा कार्यक्रम ल्याई निजी क्षेत्र र सहकारी क्षेत्रलाई उत्पादनमूलक र सेवा क्षेत्रमा लगानी गर्न खुल्ला आह्वान गर्नु, उत्पादनमूलक क्षेत्रमा लगानी गर्न चाहिने उर्जाको उपलब्धता बढ्दै जानु, उत्पादन र उत्पादकत्व बढाउन तीनै तहका सरकार प्रतिबद्ध रहनु, अर्थतन्त्रका वित्त, सहकारी र नीजि क्षेत्रबीच सहकार्यमा वृद्धि गाउँपालिकाले सहकारी क्षेत्रलाई प्राथमिकतामा राख्नु, सहकारी तथा वित्तीय संस्थाहरुसँग पर्याप्त पूँजी रहेको र उक्त पूँजी सहकारीहरु मार्फत उत्पादन तथा रोजगारी सिर्जना गर्ने क्रियाकलाप परिचालन गर्न सकिने अवस्था हुनु यस क्षेत्रका अवसरहरू हुन् ।

## ३.६.४ दीर्घकालिन सोंच, लक्ष्य र उद्देश्यहरु

**सोंच**

वित्त, सहकारी र नीजि क्षेत्रलाई परिचालन गरी रघुगंगा गाउँपलिकाको समृद्धि हाँसिल गर्न टेवा पुऱ्याउने ।

**लक्ष्य**

स्थानीय श्रम, सीप, पुंजि, प्रविधि, ज्ञान र बजारको उच्चतम परिचालनको माध्यामद्धारा वित्त, निजी तथा सहकारी क्षेत्रको पुँजीलाई उत्पादन र उत्पादकत्वमा गुणस्तरीय वृद्धि गरी आयातमा न्यूनिकरण गर्ने

**उद्देश्य**

१. लगानीमैत्री वातावरण सिर्जना गरी वित्त, निजी क्षेत्र र सहकारी क्षेत्रलाई उत्पादन तथा वितरणको क्षेत्रमा लगानी गर्न उत्प्रेरणा जगाउने ।
२. पुँजी परिचालन तथा लगानीमा प्रोत्साहन गर्ने ।
३. स्वरोजगार एवं रोजगारको सिर्जना गरी गरीबी न्यूनिकरण गर्ने ।

## ३.६.५ रणनीति तथा कार्यनीति

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| उद्देश्य १ः लगानीमैत्री वातावरण सिर्जना गरी वित्त, निजी क्षेत्र र सहकारी क्षेत्रलाई उत्पादन तथा वितरणको क्षेत्रमा लगानी गर्न उत्प्रेरणा जगाउने । | |
| १.१ आवश्यक नीति र कानुन बनाइ स्थागत संरचनाको स्थापना गर्ने । | १.१.१ वित्त, निजी क्षेत्र र सहकारी सम्बन्धी नीति कानुन तथा मापदण्डको साथै कार्यविधि तयार गरीवित्त, निजी क्षेत्र र सहकारी क्षेत्रको लगानीमैत्री वातावरण सिर्जना गरीनेछ ।<br>१.१.२ स्थानीय औद्योगिकीकरणका लागि सडक पहुँच मार्ग, विद्युत् पानी जस्ता आधारभूत संरचनाको निर्माण गरिनेछ ।<br>१.१.३ निजी क्षेत्रको औद्योगिकीकरणका लागि सडक पहुँच मार्ग, विद्युत् पानी जस्ता आधारभूत संरचनाको निर्माण गरिनेछ । |

| | |
|---|---|
| | १.१.४ वित्त, निजी क्षेत्र र सहकारी क्षेत्रलाई सहयोग पुग्ने गरी वित्त, सहकारी र नीजि साझेदारीको अवधारणा अनुरुप परिपूरक लगानी गरिनेछ ।<br>१.१.५ ४० बर्ष सम्मका युवालाई उद्यमशीलामा आकर्षण गर्न अध्यक्षसँग युवा उद्यम कार्यक्रम सञ्चालन गरीनेछ । |
| १.२ लगानीको सम्भाव्य क्षेत्र पहिचान गर्ने | १.२.१ वित्त, निजी क्षेत्र र सहकारी क्षैत्रसँग समन्वय र सहकार्य गरी स्थानयि श्रम, सीप, पुंजी, प्रविधि, ज्ञान र बजारको साथै लगानीका सम्भाव्य क्षेत्रको पहिचान गरीनेछ । |
| उद्देश्य २. ग्रामीण क्षेत्रको पुँजी परिचालन तथा लगानीमा प्रोत्साहन गर्ने । | |
| २.१ वित्त, सहकारी र नीजि क्षेत्रको पुंजीलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न उत्प्रेरित गर्ने । | २.१.१ वित्त, सहकारी र नीजि क्षेत्रमा संकलित बचतलाई एकीकृत् गर्दै उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरिनेछ ।<br>२.१.२ सरकारी क्षेत्रको लगानीलाई वित्त, निजी क्षेत्र र सहकारीक्षेत्रको परिपूरकको रुपमा लगानी गरी ग्रामीण क्षेत्रको पुँजी परिचालन तथा समूह लगानी गर्न प्रोत्साहन गरिनेछ । |
| उद्देश्य ३. स्वरोजगार एवं रोजगारको सिर्जना गरी गरीबी न्यूनिकरण गर्ने । | |
| ३.१ आर्थिक रुपमा पछाडी परेको व्यक्ति, समुदाय र वर्गको पहिचान गर्ने । | ३.१.१ विपन्न वन्चितिकरणमा परेका व्यक्ति, समुदाय र वर्गको पहिचान गरीनेछ ।<br>३.१.२ आर्थिक, सामाजिक रुपमा पछाडी परेका व्यक्ति, समुदाय र वर्गको वित्त तथा सहकारी क्षेत्रको पहुँचमा वृद्धि गरीनेछ । |
| ३.२ स्थानीय रुपमा सञ्चालन गर्ने व्यवसायको उत्थान तथा प्रवर्द्धनमा सहयोग गर्ने । | ३.२.१ विपन्न वन्चितिकरणमा परेका व्यक्ति, समुदाय र वर्गको जीवनस्तरमा सुधार ल्याउन व्यवसायमा पहुँच बढाइनेछ ।<br>३.२.२ स्थानीय स्तरमा नै स्वरोजगार एवं रोजगारको सिर्जना गरीनेछ । |

## ३.६.६ कार्यक्रमको प्राथमिकता

१. वित्त, सहकारी र नीजि क्षेत्रको लगानी प्रवर्द्धन गर्ने एकद्वार प्रणाली विकास गर्ने ।
२. एक सहकारी एक उत्पादन कार्यक्रमको प्रभावकारी कार्यन्यनलाई जोड दिने ।
३. वित्त, सहकारी र नीजि क्षेत्रको लगानी आकर्षित गर्न सहयोगी पूर्वाधार निर्माण गर्ने ।

## ३.६.७ विस्तृत कार्यक्रमहरु

| क्र सं | संकेत | कार्यक्रम तथा क्रियाकलापहरु | इकाई | आधार वर्ष २०८०/८१ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | |
| १ | क | लगानीमैत्री ऐन नियम तथा कार्यविधि तयार | संख्या | - | १ | - | - | - | - | १ |
| २ | कख | युवा स्वरोजगार कार्यक्रम | प्याकेज | १ | १ | १ | १ | १ | १ | ५ |
| ३ | कखग | सहकारी संस्थाको क्षमता विकास कार्यक्रम | संख्या | १ | १ | १ | १ | १ | १ | ५ |
| ४ | कख | सहकारी अनुगमन कार्यक्रम (वार्षिक) | पटक | १ | १ | १ | १ | १ | १ | ५ |
| ५ | कख | स्थानीय उत्पादन र प्रशोधन व्यवसायलाई सबलीकरण कार्यक्रम (वार्षिक) | पटक | | १ | १ | १ | १ | १ | ५ |
| ६ | कख | जग्गा चक्लाबन्दी कार्यक्रम | हेक्टर | | - | १० | - | १० | - | २० |
| ७ | कग | औद्योगिक ग्राम स्थापनाको लागि संभाब्यता अध्ययन | संख्या | | १ | - | - | - | - | १ |
| ८ | कग | औद्योगिक ग्राम स्थापना | संख्या | | १ | - | - | - | - | १ |
| ९ | क | क्षमता तथा स्वरोगारमुलक तालिम कार्यक्रम | संख्या | | १ | १ | १ | १ | १ | ५ |

## ३.६.८. नतिजा खाका

| नतिजा को स्तर | नतिजा | सूचक | ईकाइ | आधार वर्ष २०८०/८१ | उपलब्धी | | | | | योजना अवधिको जम्मा लक्ष्य | पुष्ट्याईको आधार | जिम्मेवार निकाय | जोखिम पक्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | | | |
| प्रभाव | गाउँपालिकाको समृद्धिमा टेवा पुगेको हुनेछ। | गाउँपालिकाको कुल गाह्रस्थ उत्पादनमा बैक, वित्तीय क्षेत्र, सहकारी तथा उद्योग र ब्यापार क्षेत्रको योगदान | प्रतिशत | २ | २.५ | ३ | ३.४ | ३.७ | ४ | ४ | गा पा प्रो | गाक्पा | | |
| असर १ | लगानीमैत्री वातावरणको सिर्जना भएको हुनेछ। | सहकारी ऐन तथा नियम तयार | सख्या | | १ | – | – | – | – | १ | " | " | | |
| | | उद्योग तथा खानी सञ्चालन ऐन तथा कार्यविधि तयार | सख्या | ० | १ | २ | – | – | – | ३ | " | " | | |
| प्रतिफल १.१ | स्थानीय तह स्तरिय औद्योगिक ग्राम स्थापना भएको हुने छ। | स्थानीय औद्योगिक ग्राम निर्माण | सख्या | ० | – | – | १ | – | – | १ | " | " | | |
| | | स्थानीय उत्पादनमा आधारित घरेलु उद्योग | सख्या | ० | – | १ | १ | १ | – | ३ | " | " | | |
| प्रतिफल १.२ | लघु उद्यम विकास कार्यक्रम सञ्चालन भएको हुनेछ | लघु उद्यम कार्यकममा सहभागी परिवार | सख्या | ० | २५ | ३५ | ४८ | ५० | ६० | २१८ | " | " | | |
| | | लघु उद्योग सख्या | सख्या | – | ५ | ५ | ५ | ५ | ५ | २५ | " | " | | |
| असर २ | सहकारी, निजी क्षेत्र र लघु उद्यमबाट स्वरोजगार सिर्जना भएको हुनेछ। | सहकारी क्षेत्रबाट रोजगार पाएका नागरिकहरु | सख्या | १० | १५ | २६ | ३० | ३५ | ४५ | १६१ | " | " | | |
| | | उद्योग तथा ब्यापार क्षेत्रबाट रोजगार पाएका नागरिकहरु | सख्या | १५ | २० | २९ | ३० | ३३ | ४५ | १७२ | " | " | | |
| | | लघु उद्योगबाट रोजगार सिर्जना | सख्या | २० | २५ | २८ | ३० | ३५ | ४० | १७८ | " | " | | |

## ३.७ श्रम तथा रोजगार

### ३.७.१ पृष्ठभूमि

विभिन्न प्रकोप तथा विपदले कृषि तथा परम्परागत पेशामा ठूलो क्षति पुऱ्याएको कारण धेरै व्यक्तिहरु विशेष गरि युवा वर्गले रोजगारीका अवसरहरु गुमाएको देखिन्छ । साथै कोभिड १९ जस्तो महामारीको कारणले पनि रोजगारीका अवसरहरुमा कमी ल्याउन सहयोग पुऱ्याएको देखिन्छ । यस्ता विभिन्न कारणले गर्दा युवाहरुको वैदेशिक रोजगारीमा वृद्धि हुनुका साथै युवा वर्गको पलायन हुने गरेको देखिन्छ भने अर्को तर्फ जेष्ठ नागरिक र महिलाहरुको आम्दानीका श्रोतहरु ज्यादै न्यून भएका कारण उनीहरुलाई परिवार पाल्न आर्थिक बोझ थपिएको देखिन्छ । यस अवस्थामा, महिला, अपाङ्गता भएका व्यक्ति तथा युवाहरुका लागि दिगो रोजगारका अवसरहरु सृजना गर्न दिगो स्थानीय आर्थिक विकास गाउँपालिकाको प्राथमिकतामा पर्नु पर्ने देखिन्छ । यसका अलवा वैदेशिक रोजगारबाट फर्किएका युवा वर्गहरुको अनुभव तथा दक्षतालाई गाउँपालिकाको श्रोतको रुपमा प्रयोग गरि आर्थिक अवसर वृद्धि गर्नु पर्ने देखिन्छ ।

### ३.७.२ प्रमुख समस्या

श्रमशक्तिको सम्मान नहुनु, उद्यमशिलताको विकास नहुनु, गाउँपालिकामा पर्याप्त रोजगारीको अवसर नहुनु र कोभिड १९ को कारण रोजगारीको अवसर गुमाएको अवस्था, नयाँ उद्योगहरु स्थापनामा सोंच र पहल नहुनु, लगानी गरे रोजगार सृजना, आर्थिक रुपमा सबैल भइन्छ भन्ने ज्ञान नहुनु आदि यस क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन् ।

### ३.७.३ चुनौती र अवसर

#### चुनौती

स्थानीय श्रमलाई श्रम बजारसँग जोड्न, उत्पादनमुखी र प्रतिस्पर्धि श्रम क्षेत्रको पहिचान गर्न, परम्परागत पेशालाई साना तथा घरेलु उद्योगमा रुपान्तरण गर्न यहाँका प्रमुख चुनौतीको रुपमा रहेका छन् ।

#### अवसर

गाउँपालिकाले श्रममैत्री वातावरण निर्माण गर्नु र वैदेशिक रोजगारीबाट फर्किएका युवाहरुमा स्वरोजगार प्रति आर्कषण बढ्नु यस क्षेत्रको अवसरको रुपमा रहेका छन् ।

### ३.७.४ दीर्घकालिन सोंच, लक्ष्य र उद्देश्य

#### सोंच

दक्ष श्रमिकको उत्पादन मार्फत रोजगारीमा सिर्जना, साना तथा घरेलु उद्योग स्थापना गरी स्वरोजगारबाट रोजगार सृजना गर्ने ।

#### लक्ष्य

उत्पादन क्षेत्रको प्रवर्द्धन गरी गाउँपालिका भित्र बेरोजगारी कम गर्ने, स्वरोजगारबाट रोजगार सृजना गर्ने

#### उद्देश्य

१.स्वरोजगारको प्रवर्द्धनको लागि लगानी वृद्धि गर्नु ।

२.वैदेशिक रोजगारीलाई थप व्यवस्थित गर्नु ।

३.दीर्घकालिन तथा अल्पकालिन रोजागारीमा न्यून वर्गको सहभागिता वृद्धि गर्नु ।

### ३.७.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १: स्वरोजगारको प्रवर्द्धनको लागि लगानी वृद्धि गर्नु । | |
| १.१ औद्योगिक वातावरणको निर्माण गर्ने | १.१.१ बजार विस्तारको लागि ग्रामीण क्षेत्र र सहरीक्षेत्र बिच सम्बन्ध स्थापित गरी रोजगारी सिर्जना गर्ने क्रियाकलापहरुको लागि प्रोत्साहन गरिनेछ ।<br>१.१.२ निजी क्षेत्रको विकासको लागि आवश्यक कानून तथा नीतिहरुको तर्जुमा गरिनेछ ।<br>१.१.३ गाउँपालिका भित्र औद्योगिक ग्रामको स्थापना गरिनेछ । |
| १.२ लगानीकको सम्भाव्य क्षेत्र पहिचान गर्ने । | १.२.१ वित्त, निजी क्षेत्र र सहकारी क्षैत्रसँग समन्वय र सहकार्य गरी स्थानीय श्रम, सीप, पुंजी, प्रविधि, ज्ञान र बजारको साथै लगानीका सम्भाव्य क्षेत्रको पहिचान गरिने छ । |
| उद्देश्य नं २: वैदेशिक रोजगारीलाई थप व्यवस्थित गर्नु । | |
| २.१ वैदेशिक रोजगारीमा जान बाध्य युवाहरुको क्षमता अभिवृद्धि गर्ने । | २.१.१ युवालाई उद्यमशीलता आकर्षण गर्न युवा लक्षित विशेष कार्यक्रम अध्यक्षसँग युवा कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२.१.२ वैदेशिक रोजगारमा जाने युवाहरुलाई सहुलियत ऋणको व्यवस्था गरिनेछ ।<br>२.१.३ विदेशबाट फर्केर आएको युवाहरुको अनुभव र विज्ञताको उपयोग गरिनेछ । |
| उद्देश्य ३: दीर्घकालिन र अल्पकालिन रोजागारीमा विपदबाट प्रभावितहरु र न्यून वर्गको सहभागितामा वृद्धि गर्नु | |
| ३.१ रोजगारीको अवसर दिंदा न्यून वर्गलाई प्राथमिकतामा राख्ने । | ३.१.१ न्यून वर्गका व्यक्तिहरुको तथ्याँक सङ्कलन गरिनेछ ।<br>३.१.२ कृषि तथा पशुपालनमा युवाहरुको संलग्नतामा वृद्धि गरिनेछ ।<br>३.१.३ महिला र अन्य पछाडि पारिएका र परेका समूहहरुको आर्थिक तथा सामाजिक उत्थानशिलता वृद्धि गर्न जिविकोपार्जन पुनर्लाभको लागि सहयोग गरिनेछ । |

### ३.७.६ कार्यक्रमका प्राथमिकता

१. अदक्ष श्रमशक्तिको क्षमता विकास
२. स्वरोजगारको लागि सहुलियत ऋणको व्यवस्था
३. वैदेशिक रोजगारीबाट पिडित भै फर्किएका मानिसहरुलाई प्राथमिकता

### ३.७.७ विस्तृत कार्यक्रमहरु

| क.स | संकेत | कार्यक्रम तथा क्रियाकलापहरु | इकाई | आधार वर्ष २०८०/८१ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | |
| १ | क | निजी क्षेत्रको विकास सम्बन्धी ऐन, नियम र कार्यविधि तयार गर्ने । | संख्या | – | ३ | – | – | – | – | ३ |
| २ | क | स्वरोजगार प्रवर्द्धनका लागि तालिम कार्यक्रम सञ्चालन । | पटक | – | १ | १ | १ | १ | १ | ५ |
| ३ | कखग | सिमान्तकृत समुदायहरु लक्षित बजार प्रवर्द्धन कार्यक्रम सञ्चालन । | संख्या | – | १ | १ | १ | १ | १ | ५ |
| ४ | क | युवा, महिला तथा अपाङ्गता भएका व्यक्तिहरु लक्षित बाख्रा पालन तथा प्राँगारिक खेती सम्बन्धी तालिम सञ्चालन । | पटक | १ | १ | १ | १ | १ | १ | ५ |
| ५ | कखग | विपदबाट प्रभावितहरु र न्यून वर्गका व्यक्तिहरुका लागि आयमूलक कार्यक्रम । | पटक | १ | १ | १ | १ | १ | १ | ५ |

## ३.७.८ नतिजा खाका

| नतिजा को स्तर | नतिजा | सूचक | ईकाइ | आधार वर्ष २०८०/८१ | उपलब्धी | | | | | योजना अवधिको जम्मा लक्ष्य | पुष्ट्याईको आधार | जिम्मेवार निकाय | जोखिम पक्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | | | |
| प्रभाव | उत्पादन क्षेत्रको प्रवर्द्धन मार्फत पालिका भित्र बेरोजगारी कम भएको हुने । | कुल रोजगार मध्ये औद्योगिक क्षेत्रमा संलग्न रोजगारहरु | प्रतिशत | २ | २.५ | २.७ | २.८ | ३ | ३ | ३ | गापाप्रो | गापा | | |
| | | गाउँपालिकामा दर्ता भएका व्यवशाय मध्ये उत्पादन क्षेत्रमा संलग्न व्यवसायहरु | सख्या | | ५ | ५ | ५ | ५ | ५ | २५ | " | " | | |
| असर १ | निजी क्षेत्र मैत्री वातावरणको सिर्जना भएको हुनेछ । | नीजि क्षेत्रलाई प्रवर्द्धन गर्ने ऐन | सख्या | | १ | – | – | – | – | १ | " | " | | |
| | | गाउँपालिकाबाट कर छुट पाएका उद्योगहरु | सख्या | | १ | १ | २ | २ | २ | ८ | " | " | | |
| प्रतिफल १.१ | स्थानीय तह स्तरिय औद्योगिक ग्राम स्थापना भएको हुने छ । | औद्योगिक ग्राम निर्माणको लागि सम्भाव्यता अध्ययन | सख्या | | १ | – | – | – | – | १ | " | " | | |
| | | स्थानीय औद्योगिक ग्राम निर्माण | | | – | १ | – | – | – | १ | | | | |
| | | स्थानीय उत्पादनमा आधारित घरेलु उद्योग | सख्या | | १ | २ | २ | ३ | ३ | ११ | " | " | | |
| प्रतिफल १.२ | लघु तथा साना उद्योगहरुको स्थापना भएको हुने । | लघु उद्यम कार्यक्रम मा सहभागी लक्षित परिवार | सख्या | | ३५ | ४५ | ५० | ७५ | ८५ | २९० | " | " | | |
| | | लघु तथा साना उद्योगहरु | सख्या | – | ७ | ९ | ९ | १० | १० | ४५ | " | " | | |

# परिच्छेद ४ : सामाजिक विकास क्षेत्र

## ४.१ शिक्षा

### ४.१.१ पृष्ठभूमी

नेपालको संविधानले शिक्षालाई मौलिक हक अन्तर्गत राखेको छ । सचेत, अनुशासित तथा उत्पादनशील जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षेत्रको नै सर्बोपरि भूमिका अनिवार्य रहन्छ । सामाजिक एवम् मानव विकासको एक महत्वपूर्ण आयामको रूपमा रहेको शिक्षा क्षेत्रमा रघुगंगा गाउँपालिकाको अवस्था कमजोर नै देखिन्छ । यस गाउँपालिकामा सामुदायिक विद्यालय ५७ तहगत रुपमा हेर्दा आधारभूत तह सम्म पठन पाठन हुने ४८ वटा, माध्यमिक तह सम्म ९ वटा, प्रारम्भिक बाल विकास केन्द्र ३३ वटा  रहेका छन् भने हाल सम्म स्नातक तह सम्म पठन पाठन हुने क्याम्पस स्थापना भएको छैन ।

यहाँको साक्षरता दर ९५ प्रतिशत (५ वर्ष भन्दा माथिको जनसंख्याको) रह्को छ ।  १५ देखि ६० वर्ष उमेर समूहका ९६.२७ प्रतिशत नागरीक साक्षर भएको आधारमा म्याग्दी जिल्ला नै पूर्ण साक्षर भएको जिल्ला घोषणा भैसकेको छ । “समृद्ध रघुगँगा गाउँपालिका निर्माणको आधार, दिगो कृषि, सुरक्षित पूर्वाधार, उर्जा र पर्यटन” सोंचको लक्ष्य हाँसील गर्न शिक्षा क्षेत्रको नै महत्वपूर्ण भूमिका रहन्छ । गाउँपालिकाको दिगो विकास गर्न जनतामा स्वशासन साथै नागरिक अधिकारको प्रत्यभूत गर्न स्वएम् गाउँपालिकाको मात्र नभइ संघ र प्रदेशको पनि उत्तिकै दायित्व रहेको छ । यो दायित्व पुरा गर्नको लागि शिक्षा एउटा आधारभूत अंग भएकोले यस क्षेत्रको सञ्चालन र विकासका लागि दीर्घकालीन नीति, कार्यक्रम र योजना तर्जुमा पहिलो प्राथमिकता हो । त्यसकारण शिक्षा क्षेत्रको यस दोस्रो पञ्चर्षिय आवधिक विकास योजना निर्माणको क्रममा अत्यन्तै संवेदनशील, तथ्यपरक, व्यवहारिक र सर्बै स्वीकार्य बनाउने प्रयत्न गरीएको छ ।

### ४.१.२ प्रमुख समस्याहरु

सबै बाल बालिकाहरुको गुणस्तरीय शिक्षामा पहुँच नहुनु, व्यवसायिक तथा प्राविधिक शिक्षा सहज नहुनु, विद्यालय तहमा विपद जोखिम न्यूनीकरण र विपद् जोखिम व्यवस्थापन सम्बन्धी शिक्षाको कमी हुनु, प्राविधिक शिक्षाको क्षेत्रमा आवश्यक मात्रमा लगानी हुन नसक्नु, उच्च शिक्षाको लागि शैक्षिक संस्था नहुनु, केहि बालबालिकाहरु अझै पनि स्कुलवाट बाहिर रहनु, धेरै विद्यालयमा शुद्ध पिउने पानीको अभाव, शौचालयहरू निर्माण भएपनि आवश्यक पर्ने पानी, तथा सरसफाइको समस्या हुनु, अपाङ्गमैत्री तथा छात्रामैत्री शौचालयको साथै छात्राहरूको लागि गुणस्तरीय सेनेटरी प्याडको व्यवस्था नहुनु, स्नातक तह वा सो भन्दा माथिको उच्च शिक्षाको सुविधा नहुनु, विद्यालयमा विषयगत शिक्षकको कमी, विद्यार्थी-शिक्षक अनुपात असमान रहनु, विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला तथा कम्प्युटर शिक्षाको अभाव हुनु, प्राविधिक शिक्षाको अभाव को साथै विद्यालयमा शैक्षिक पूर्वाधारको कमी हुनु, अतिरिक्त क्रियाकलाप, विद्यार्थी मैत्री शिक्षा तथा खेलकुद सामग्रीको अभाव भएको हुनु, नयाँ तथा प्रविधिमैत्री शिक्षण पद्धतिको अभाव रहनु, उपयुक्त खेल मैदानको व्यवस्था नहुनु, लक्षित, निरक्षर तथा सीमान्तकृत वर्गलक्षित विशेष शिक्षाको व्यवस्था हुन नसक्नु, विद्यालयमा स्वच्छ पिउने पानीको व्यवस्था नहुनु, र योग्यता एवम् व्यवसायिक रुपमा दक्ष शिक्षकको अपर्याप्तता यस क्षेत्रका प्रमुख समस्याहरु हुन ।

### ४.१.३ चुनौती र अवसरहरु

## चुनौती

माध्यमिक तहमा विषयगत दक्ष शिक्षकको व्यवस्थापन गर्न, प्राविधिक शिक्षाको लागि पर्याप्त लगानीको व्यवस्था गर्न, विद्यालय शिक्षा प्रणालीलाई विविधिकरण गर्दै शिक्षाको विविध आवश्यकतालाई सम्बोधन गर्न, बाहिर जानबाट विद्यार्थीलाई गाउँपालिकै भित्र राख्नको लागि शैक्षिक वातावरणको सिर्जना गर्न, विद्यालयहरुमा उपलब्ध पूर्वाधारहरू जस्तै विज्ञान, कम्प्युटर प्रयोगशाला प्रयोगमा ल्याउन, विद्यालय समायोजन र दरवन्दी मिलान गर्न, विद्यालयहरुलाई बहुप्रकोपको जोखिमबाट सुरक्षित राख्न, सबै बालबालिकाहरुलाई विद्यालय भित्र ल्याउन अर्थात विद्यालय बाहिरका विद्यार्थीहरुको संख्या सुन्यमा झार्न  यस क्षेत्रका चुनौतिहरु रहेका छन् ।

### अवसर

नेपालको संविधानले शिक्षालाई मौलिक हकका रुपमा स्थापित गरेको, नेपाल सरकार तथा प्रदेश सरकारले गरेका प्रतिवद्धता अनुरुप लागू गरीएको विधालयक्षेत्र विकास योजना (२०१६-२०२२) जस्ता कानुनी ढाँचा एवम् मार्गचित्र तय भएको । तालिम प्राप्त शिक्षकको व्यवस्था माध्यामिक तह सम्म निशुल्क शिक्षा तथा छात्रावृत्तिको व्यवस्था, दलित सिमान्तकृत छात्राहरुको लागि आधारभुत तहमा भत्ताको व्यवस्था, दिवा खाजाको व्यवस्था, सरकारसँग वृहत विद्यालय सुरक्षा कार्यक्रम भएको, प्राविधिक शिक्षालयहरू स्थापना गर्न र शिक्षा क्षेत्रको विकासका लागि निजी क्षेत्रको सहयोग लिन सकिने भएको, प्रौढ शिक्षा तथा अनौपचारिक शिक्षाको व्यवस्था गरी साक्षरता दरलाई बढाउन सकिने यस क्षेत्रका अवसरहरु रहेका छन् ।

### ४.१.४ दीर्घकालिन सोंच, लक्ष्य र उद्देश्यहरु

### सोंच

उत्थानशिल विद्यालय भवन सहित सर्वैशुलभ, समावेशी, गुणस्तरीय र प्राविधिक, व्यवहारिक एवं व्यवसायिक शिक्षा

### लक्ष्य

गुणस्तरीय विद्यालय शिक्षा र रोजगारमुलक व्यवसायिक शिक्षाको विकास गर्ने ।

### उद्देश्य

१. गुणस्तरीय शिक्षाको साथै विद्यार्थीहरुको सिकाई उपलब्धी वृद्धि गर्ने ।
२. दक्ष जनशक्ति उत्पादनका लागि शिक्षण संस्थाहरुमा आधुनिकिरण गर्दै उच्च शिक्षाको सुरुवात गर्ने ।
३. शिक्षालाई जीवन उपयोगी बनाउनको लागि प्राविधिक शिक्षा तथा व्यवसायिक तालीममा जोड दिने

### ४.१.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १: गुणस्तरीय शिक्षाको साथै विद्यार्थीहरुको सिकाई उपलब्धीमा वृद्धि गर्ने । | |
| १.१ शिक्षा क्षेत्रका जनशक्तिमा पेशागत सुशासन तथा नैतिकता जस्ता सेवा प्रवाहका आधारभूत | १.१.१ शिक्षा सम्बन्धी नीति र कार्यविधिलाई प्रभावकारी कार्यन्वयन गरिने छ ।<br>१.१.२ विद्यालयमा कार्यरत शिक्षकको योग्यता, सक्षमता र सेवा शर्त सम्बन्धी गाउँपालिका स्तरीय मापदण्ड तयार गरी लागू गरिनेछ ।<br>१.१.३ विशेष शिक्षा, समावेशि शिक्षा, अनौपचारीक शिक्षा, निरन्तर शिक्षा, दुरशिक्षा तथा खुला शिक्षा सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरी अपाङ्गता |

| | |
|---|---|
| मापदण्ड पालनाका लागि वैधानिक आचार संहिता तयार गरी लागू गर्ने । | भएका विद्यार्थी साथै शिक्षाको पहुँचबाट पछाडि परेका सबैलाई शिक्षाको मुलप्रवाहमा समट्ने प्रणालीको स्थापना गरिनेछ ।<br>१.१.४ विद्यालय तथा शैक्षिक संस्थाहरुको स्तरोन्नती साथै बालमैत्री बनाइ निरन्तरता दिनको लागि अनुगमन कार्यमा गाउँशिक्षा समितिलाई सकृय एवम् प्रभावकारी ढंगले परिचालन गरिनेछ । |
| १.२ विद्यालयलाई संरचनागत, प्राविधिक, भौतिक तथा प्रविधिगत सहजीकरण प्रदान गर्ने प्रणालीको विकास गर्ने । | १.२.१ सबै किसिमका विद्यालय तथा शैक्षिक निकायहरुको उपलब्धि स्तर एवम् प्रणालीगत कार्यकुशलताको उपयुक्त मापदण्ड र सूचक तयार गरिनेछ । |
| उद्देश्य २: दक्ष जनशक्ति उत्पादनका लागि शिक्षण संस्थाहरुमा आधुनिकिरण गर्दै उच्च शिक्षाको शुरुवात गर्ने । | |
| २.१ माध्यमिक तह सम्मको शिक्षाको गुणस्तरमा सुधार गर्दै सबै बालबालिकाको पहुँचतामा वृद्धि गर्ने । | २.१.१ शिक्षामा सबैको पहुँच पुऱ्याउनको लागि नीतिगत परिवर्तनको साथै लगानीमा वृद्धि गरिनेछ ।<br>२.१.२ विद्यालयमा उपलब्ध स्रोत साधनको उच्चतम प्रयोगमा ल्याइ सिप र ज्ञान अभिवृद्धिका लागि शिक्षक तथा विद्यार्थीहरुलाई तालिम सञ्चालन गरिनेछ ।<br>२.१.३ टाढा तथा छरिएको बस्ती भएका क्षेत्रहरुका विद्यालयहरुमा आवासिय सुविधाको व्यवस्था मिलाई नमूना विद्यालयको रुपमा रुपान्तरण गरिनेछ ।<br>२.१.४ विद्यालय भवन, शौचालय र विद्यालय घेरावारहरुलाई बहुप्रकोपबाट बचाई उत्थानशिलता वृद्धि गरिनेछ । |
| उद्धेश्य ३: शिक्षालाई जीवन उपयोगी बनाउनको लागि प्राविधिक शिक्षा तथा व्यवसायिक तालीममा जोड दिने | |
| ३.१ विद्यालय शिक्षाको पाठ्यक्रममा आधारभूत स्तरको व्यवसायिक तथा प्राविधिक सीप सम्बन्धी विषय समावेश गर्ने । | ३.१.१ प्राविधिक तथा व्यवसायिक शिक्षा प्रदान गर्न लागि शिक्षकहरुको पेशागत दक्षता बडाउनको लागि आधुनिक, प्रविधिमैत्री शिक्षण सीपयुक्त निरन्तर सिकाइमुखि बनाउन तालिमको व्यवस्था गरिनेछ ।<br>३.१.२ विद्यालय शिक्षालाई जीवन उपयोगी बनाउन जोड दिइने छ ।<br>१.१.३ गाउँपालिकास्तरीय शिक्षा समितिलाई प्राविधिक शिक्षाको लागि सकृय रुपमा परिचालन गरिनेछ । |
| ३.२ माध्यमिक विद्यालयहरुमा प्राविधिक विषयहरु राखि प्राविधिक जनशक्तिको उत्पादन गर्ने | ३.२.१ साधारण विषयको पढाइ हुने माध्यमिक विद्यालयहरुमा प्राविधिक विषयहरुको पढाइ थप गर्न प्रोत्साहन गरिनेछ । |
| ३.३ व्यवसायिक सीप विकास संबन्धि तालिम दिने संस्थाहरुसँग समन्वय तथा सहकार्य गरी सीपयुक्त प्राविधिक जन शक्तिको उत्पादन गर्ने | ३.३.१ व्यवसायिक सीपयुक्त, दक्ष, मागयोग्य जनशक्ति उत्पादनको लागि प्राविधिक विषयमा आवश्यकता बमोजिम व्यवसायिक तालिम निरन्तर सञ्चालन गरिनेछ । |

### ४.१.६ कार्यक्रमको प्राथमिकता

१. प्राविधिक विद्यालय तथा शैक्षिक निकायको विकास विस्तार गर्ने ।

२. साधारण धारका माध्यमिक विद्यालयलाई प्राविधिक धारमा रुपान्तरण गर्न प्रोत्साहन गर्ने ।

## ४.१.७ विस्तृत कार्यक्रमहरु

| क्र. सं | संकेत | कार्यक्रम तथा क्रियाकलापहरु | इकाई | आधार वर्ष २०८०/८१ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | |
| १. | क ग | विशेष शिक्षा, सममावेशि शिक्षा, अनौपचारीक शिक्षा प्रवर्द्धन कार्यक्रम | प्याकेज | १ | १ | १ | १ | १ | १ | ५ |
| २. | क | विद्यालय भर्ना अभियान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १ | ५ |
| ३. | कखग | विद्यालयमा विषयगत प्रयोगशाला, पुस्तकालय र सूचना प्रविधि कार्यक्रम | सख्या | ५ | १ | १ | १ | १ | १ | ५ |
| ४. | क ग | विद्यालय प्रकोप जोखिम न्यूनीकरण सचेतना साथै विद्यालयको पुन सवलिकरण गर्ने कार्यक्रम | प्याकेज | १ | १ | १ | १ | १ | १ | ५ |
| ५. | कखग | शिक्षक तालिम सञ्चालन कार्यक्रम | पटक | - | १ | १ | १ | १ | १ | ५ |
| ६. | क | नमुना आवासीय विद्यालय विकास, व्यवस्थापन र सञ्चालन कार्यक्रम | सख्या | - | १ | १ | १ | १ | - | ४ |
| ७. | क | माध्यमिक विद्यालय मा कक्षा ११ र १२ मा विज्ञान तथा प्रविधि सम्बन्धी पठन पाठन सञ्चालनको लागि विद्यालयलाई संस्थागत क्षमता विकास र प्रोत्साहन कार्यक्रम | सख्या | - | २ | - | - | - | - | २ |
| ८. | क | माध्यमिक विद्यालयका लागि कृषि, उधोग, जडीबुटी, उर्जा र पूर्वाधार पेशा व्यवसायसँग सम्बन्धीत ऐच्छिक विषयहरुको पाठ्यक्रम विकास कार्यक्रम | पटक | - | - | १ | - | - | - | १ |
| ९. | क | प्रारम्भिक कक्षामा मातृभाषा शिक्षणको लागि पाठ्यक्रम, पाठ्यपुस्तक विकास साथै विद्यालय र शिक्षकको सम्बन्धीत विषयमा क्षमता विकास कार्यक्रम | सख्या | - | १ | - | - | - | - | १ |
| १० | क | विद्यार्थी प्रतिभा प्रोत्साहन कार्यक्रम | प्याकेज | १ | १ | १ | १ | १ | १ | ५ |
| ११ | क | विद्यालयमा बालमैत्री पूर्वाधार विकास गर्ने | सख्या | | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | ५७ |
| १२ | क | एक विद्यालय एक फूलवारी निर्माण गर्ने | सख्या | | १५ | १५ | १० | १० | ७ | ५७ |
| १३ | क | स्थानीय विषय वस्तुमा आधारित पाठ्यक्रम निर्माण गर्ने | पटक | | १ | - | - | - | - | १ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १४ | क | परम्परागत सीप विकासको लागि व्यवसायीक विषयको रुपमा पठन पाठन सञ्चालन गर्ने | संख्या | | १ | १ | - | - | - | २ |
| १५ | क ख | एक विद्यालय एक खेल मैदान निर्माण र स्तरोन्ती कार्यक्रम | संख्या | | १५ | १५ | १० | १० | ७ | ५७ |
| १५. | कखग | व्यवसायीक तथा प्राविधिक शिक्षा सञ्चालन गर्ने विद्यालय तथा शिक्षालयको विकास गर्ने | संख्या | | - | २ | १ | - | - | ३ |

## ४.१.८ नतिजा खाका

| नतिजा को स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष २०८०/८१ | उपलब्धी | | | | | योजना अवधिको जम्मा लक्ष्य | पुष्ट्याइको आधार | जिम्मेवार निकाय | जोखिम पक्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | | | |
| प्रभाव | मध्यमस्तरको जनशक्ति उत्पादन भएको हुने । | गुणस्तरीय शिक्षा प्रदान गर्ने विद्यालय र व्यवसायिक तथा प्राविधिक शिक्षालय | संख्या | | १५ | १५ | १० | १० | ७ | ५७ | गापा शिसा प्रतिवेदन | गापा | | |
| असर १ | मध्यमस्तरको जनशक्ति उत्पादनका लागि शिक्षण संस्थाहरुको पूर्वाधार सुधार भएको हुने । | पूर्वाधार सुधार भएका विद्यालय र व्यवसायिक तथा प्राविधिक शिक्षालय | सख्या | १ | १५ | १५ | १० | १० | ७ | ५७ | " | " | | |
| | सबै बालबालिकाको माध्यमिक तह सम्मको शिक्षामा पहुँच पुग्नुको साथै शिक्षाको गुणस्तरमा वृद्धि भएको हुने । | कक्षा १ मा भर्ना दर | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | " | " | | |
| | | आधारभूत तह (कक्षा १–५) मा खुद भर्ना दर | प्रतिशत | ९८ | ९८ | ९८.१ | ९८.९ | ९९ | ९९.५ | १०० | " | " | | |
| | | आधारभूत तह (कक्षा १–५) मा कुल भर्ना दर | प्रतिशत | ९८ | ९८.१ | ९८.९ | ९९ | ९९.५ | १०० | १०० | " | " | | |
| | | आधारभूत तह (कक्षा १–८) मा खुद भर्ना दर | प्रतिशत | ९७ | ९७.१ | ९७.९ | ९९ | ९९.५ | १०० | १०० | " | " | | |
| | | आधारभूत तहमा विद्यालयमा जाने उमेरका विद्यालय बाहिर रहेका बालबालिका | प्रतिशत | १ | ०.५ | ० | ० | ० | ० | ० | " | " | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर | प्रतिशत | ९७ | ९७.१ | ९७.९ | ९९ | ९९.५ | १०० | १०० | " | " | | |
| | | विद्यालय शिक्षा (१–१२) मा शिक्षक विद्यार्थी अनुपात | अनुपात | १:२० | १;३० | १;३० | १;३० | १;३० | १;३० | १;३० | " | " | | |
| प्रतिफल १ | अपाङ्गता भएका विधार्थीहरुले शिक्षा प्राप्त गर्ने अवसर पाएका हुने | अपाङ्गता भएका बिद्यार्थीहरुले अध्ययन गर्ने विशेष शिक्षा सञ्चालन भएका विद्यालय संख्या | संख्या | | १ | – | – | – | – | १ | " | " | | |
| प्रतिफल २ | शिक्षाको गुणस्तरमा सुधार गर्न लगानीमा वृद्धि भएको हुने | विद्यालय भर्ना र टिकाउका लागि अभियान चलाउने खालका कार्यक्रमहरुको सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १ | ५ | " | " | | |
| | | शैक्षिक गुणस्तर अभिवृद्विको लागि क्षमता विकास भएका शिक्षकहरुको संख्या | संख्या | | ३० | ३० | ३० | ३० | ३० | १५० | " | " | | |
| | | विषयगत प्रयोगशाला, पुस्तकालय र प्रविधियुक्त भएका विद्यालय | संख्या | | १५ | १५ | १० | १० | ७ | ५७ | " | " | | |
| | | बालमैत्री पूर्वाधार भएका विद्यालय | संख्या | | १५ | १५ | १० | १० | ७ | ५७ | " | " | | |
| | | बालमैत्री शिक्षण विधिको प्रयोग भएका विद्यालय | संख्या | | ५७ | ५७ | ५७ | ५७ | ५७ | ५७ | " | " | | |
| | | विपद् जोखिम न्यूनीकरण सचेतना कार्यक्रम एवम् विद्यालयको पुन सवलिकरण गर्ने कार्यक्रमको सञ्चालन भएका विद्यालय | संख्या | – | १५ | १५ | १० | १० | ७ | ५७ | " | " | | |
| प्रतिफल ३ | नमुना बाल विकास केन्द्र स्थापना भएका हुने । | तालिम प्राप्त गरी क्षमता विकास गरेका बाल विकास केन्द्रका शिक्षक | संख्या | – | १० | १० | १० | २ | १ | ३३ | " | " | | |
| प्रतिफल ४ | दुर्गम तथा छरिएको बस्ती भएका क्षेत्रका विद्यालयहरु नमुना आवासीय विद्यालयहरु को रुपमा रुपान्तरीत भएका हुने । | नमूना आवासीय विद्यालयहरुको रुपमा रुपान्तरीत भएका विद्यालयको संख्या | संख्या | | ४ | – | – | – | – | ४ | " | " | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| असर २ | दक्ष जनशक्ति उत्पादनका लागि आधुनिकिरण र प्रविधियुक्त विद्यालयहरु भएका हुने । | आधुनिकिरण र प्रविधियुक्त विद्यालयहरु | संख्या | | १ | १ | – | – | – | २ | " | " | | |
| प्रतिफल १ | कक्षा ११ र १२ मा विज्ञान विषय र प्रविधि विषय सम्बन्धी पठन पाठन रसामुदायिक विद्यालयको स्तरोन्ती साथै विद्यार्थी प्रोत्साहन कार्यक्रमको व्यवस्था भएको हुने | कक्षा ११ र १२ मा विज्ञान विषय र प्रविधि विषय सम्बन्धी पठन पाठन हुने विद्यालय | सख्या | | – | १ | १ | १ | – | ३ | " | " | | |
| | | कक्षा ११ र १२ मा विज्ञान विषय र प्रविधि विषय अध्यान गर्ने विधार्थीको लागि छत्रावृत्ति वितरण | जना | | ६ | ६ | ६ | ६ | ६ | ३० | " | " | | |
| | | विज्ञान र प्रविध प्रयोगशालाको सञ्चालन तथा सुदृढिकरण गर्ने विद्यालय | सख्या | | १ | १ | १ | – | – | ३ | " | " | | |
| प्रतिफल२ | माध्यमिक तहका कृषि, उधोग, जडीबुटी, उर्जा र पूर्वाधार पेशा व्यवसायसँग सम्बन्धीत ऐच्छिक विषयहरुको पाठ्यक्रम विकास कार्यक्रम निर्माण भएको हुने | स्थानीय विषय वस्तुमा आधारित पाठ्यक्रम को विकास | सख्या | | १ | – | – | – | – | १ | " | " | | |
| | | परम्परागत सीप विकासको लागि व्यवसायीक विषयको रुपमा पठन पाठन सञ्चालन भएका विद्यालय | सख्या | | १ | १ | १ | १ | – | ३ | " | " | | |
| | | व्यवसायीक तथा प्राविधिक शिक्षा सञ्चालन गर्ने विद्यालय तथा शिक्षालयको विकास | सख्या | | १ | – | – | | | १ | " | " | | |
| | | प्रारम्भिक कक्षामा मातृभाषा शिक्षणको लागि पाठ्यक्रम, पाठ्यपुस्तक विकास | सख्या | | १ | – | – | | | १ | " | " | | |
| | | प्रारम्भिक कक्षामा मातृभाषा शिक्षणको लागि विद्यालय र शिक्षकको सम्बन्धीत विषयमा क्षमता विकास | सख्या (जना) | | २ | – | – | – | – | २ | " | " | | |
| असर ३ | साक्षरता दर र जीवन उपयोगी शिक्षाको अवसर बडेको हुने | पाँच वर्ष देखि माथिको उमेर समूह जनसख्याको साक्षरता दर | प्रतिशत | ९०१७ | ९१ | ९२ | ९४ | ९५ | ९९.५ | ९९.५ | " | " | | |
| | | युवा साक्षरता दर (१५-२४ उमेर समूह) | प्रतिशत | ८७ | ८५ | ९५ | ९८ | ९८ | ९९ | ९९ | " | " | | |
| प्रतिफल १ | विद्यालय शिक्षामा जीवन उपयोगि सीप एकिकृत रुपमा समावेश भएको हुने | पाठ्यक्रमलाई कार्यन्वयनमा जीवन उपयोगी सीप समावेश गर्ने विद्यालय | सख्या | | १ | २ | २ | २ | २ | ९ | " | " | | |
| प्रतिफल २ | माध्यमिक विद्यालयहरुमा प्राविधिक विषयहरुको पढाइ भएको हुने | प्राविधिक तथा व्यवसायिक विषयहरुको पढाइ थप गर्न प्रोत्साहीत गरीएका विद्यालय | सख्या | | १ | – | १ | १ | – | ३ | " | " | | |

## ४.२ स्वास्थ्य तथा पोषण
## ४.२.१ पृष्ठभूमि

नेपालको संविधानको धारा ३५ को उपधारा १ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क रूपमा प्राप्त गर्ने हक हुनेछ र सबैलाई आकस्मिक स्वास्थ्य सेवामा पहुँचको हक हुनेछ भन्ने उल्लेख छ । अर्कोतर्फ दिगो विकास लक्ष्य ३ मा सबै उमेर समूहका व्यक्तिहरूका लागि स्वस्थ्य जीवनको सुनिश्चितता गर्ने र राम्रो जीवनस्तर प्रबर्द्धन गर्ने उल्लेख छ । हाल यस गाउँपालिकामा ८ वटा स्वास्थ्य चौकी र १ वटा आयुर्वेद अस्पताल गरि कुल ९ वटा स्वास्थ्य संस्थाले स्वास्थ्य सेवा प्रदान गर्दै आएका छन् । यी मध्ये ३ वटा स्वास्थ्य संस्थामा प्रसुती सेवा (वर्थिङ सेन्टर), यस गाउँपालिकामा ७२ जना महिला स्वयमसेविका रहेका छन् । स्वस्थ्य मानवशक्ति विकास, सुख र समृद्धिको अपरिहार्य आवश्यकता हो ।
जनस्वास्थ्य सेवाको पहुँचका हिसाबले कमजोर अवस्थामा रहेको यस गाउँपालिकामा आधारभूत पूर्वाधार र सेवाहरू सहितको कम्तिमा एउटा सम्पूर्ण आधारभूत सुविधा सम्पन्न अस्पताल निर्माण गर्नु अत्यन्त टड्कारो आवश्यकता रहेकोले बजेट व्यवस्थापन गरी तत्काल निर्माण कार्य थालनी गर्नुपर्ने अत्यावस्यक देखिन्छ । स्वास्थ्यका हिसाबले गाउँपालिका वासीहरूको सोंच तथा दैनिक व्यवहारमा व्यापक सुधार गर्नुपर्ने अवस्था रहेकोले बस्ती बस्तीमा स्वास्थ्य सम्बन्धी सचेतना फैलाउन चेतनामूलक कार्यक्रमहरू सघन रूपमा सञ्चालन गर्नुपर्ने देखिन्छ । विश्वव्यापिरुपमा आउन सक्ने महामारी र अन्य संक्रमणलाई मध्यनजर गर्दै अत्यन्त आवश्यक औषधी, सामग्री तथा पूर्वाधार निर्माणको लागि विशेष वजेट व्यवस्थाको लागि ध्यान जानु आवश्यक छ । संघीय सरकारले लिएको शुन्य होम डेलिभरी नीति अवलम्वन गर्दै गाउँपालिका अन्तगर्तका स्वास्थ्य चौकीहरुमा आधारभूत र आकस्मीक मातृ तथा नव शिशु स्याहार सेवालाई सुदृढीकरण गरी स्वस्थ्य संस्थामा सुत्केरी हुने प्रतिशतलाई वडाउने नीतिको लागि आवश्यक वजेट व्यवस्थापनको आवश्यक देखिन्छ ।

## ४.२.२ प्रमुख समस्याहरु

आधारभुत स्वस्थ्य सेवा गुणस्तरिय नहुनु, स्वास्थ्य संस्थामा पूर्वाधार कमी हुनु, स्वास्थ्य संस्थामा दक्ष जनशक्तिको कमी, प्रविधिमैत्री पूर्वाधारमा कमी, स्वास्थ्य संस्थामा समेत खानेपानीको कमी हुनु, सबै स्वास्थ्य संस्थामा प्रसुति केन्द्र (Birthing center) को अभावले प्रसुति सेवामा कठिनाई हुनु, सरुवा रोगको प्रकोप बढ्दै जानु, खोप कार्यक्रम प्रभावकारी नहुनु, अस्पतालको अभावले रोग निदानमा समस्या, पाठेघरजन्य समस्या, सरकारी स्वास्थ्य संस्थामा आवश्यकता अनुसारको उपकरण र विशेषज्ञ चिकित्सकको अभाव रहनु, निःशुल्क तथा अत्यावश्यक औषधीको पर्याप्त मात्रामा सर्बैयाम उपलब्ध नहुनु । अपाङ्गता भएका व्यक्ति तथा महिलाहरू र जेष्ठ नागरिकहरुको स्वास्थ्य चौकीको पहुँचमा कमी हुनु, कुपोषण, श्वास प्रश्वासजन्य स्वास्थ्य समस्या रहनु, स्वास्थ्य र पोषण सम्बन्धी चेतनाको कमी, बढ्दो खाद्य असुरक्षता तथा प्राकृतिक विपदले हुने मानवीय स्वास्थ्य समस्याहरु, मानसिक स्वास्थ्यले कम प्राथमिकता पाउनु, स्वास्थ्य बीमाको सुविधामा सबैको पहुँच नहुनु आदि यस क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन ।

## ४.२.३ चुनौती र अवसर
### चुनौती
आवश्यक स्वास्थ्य कर्मी, औषधी र चिकित्सा सम्बन्धी उपकरण उपलब्ध गराउन, स्वास्थ्य कर्मी जस्तै डाक्टर, नर्स, अन्य स्वास्थ्य प्राविधिकहरुलाई टिकाउन, गुणस्तरीय स्वास्थ्य सेवालाई जनस्तरमा सर्बैसुलभ रुपमा उपलब्ध गराउन, पूर्ण खोपको कार्यान्वयन गर्न, स्वास्थ्य सेवालाई सबैको पहुँच भित्र ल्याउन, सबै सुत्केरी सेवालाई

संस्थागत दायरामा ल्याउन, निशुल्क, स्वास्थ्य संस्थामा आधारभूत तथा अत्यावश्यक औषधि सर्बैयाम उपलब्ध गराउन, स्वास्थ्य संस्थाहरूमा आधारभूत सुविधा यूक्त (औजार/उपकरण, दक्ष जनशक्ति र पूर्वाधार) पुऱ्याउन, स्वास्थ्य बीमालाई सबै नागरिकको दायरामा पुऱ्याउन, जडिवुटीमा आधारित तथा स्थानीय उपचार प्रणालीलाई स्वास्थ्य संस्थाको दायरामा ल्याई व्यवस्थित, गुणस्तरीय बनाउन, खाद्य सचेतना तथा खाद्य व्यवहार सुधारलाई स्वास्थ्य प्रणालीको अङ्गको रुपमा विकास गर्न, प्रवर्द्धनात्मक तथा निरोधात्मक र उपचारात्मक स्वास्थ्य सेवा बारे जनचेतना अभिवृद्धि गर्न यस क्षेत्रका प्रमुख चुनौती हुन् ।

**अवसर**

संविधान र स्थानीय सरकार सञ्चालन, २०७४ ऐनले स्थानीय तहलाई आधारभूत स्वास्थ्य र सफाईको अधिकार प्रदान गरेको, आधारभूत स्वास्थ्य स्थानीय सरकारको अधिकारमा रहेको, १५ शैया सम्मको अस्पताल सबै स्थानीय तहमा खोल्ने सरकारी नीति रहेको, स्वास्थ्य संस्थाहरुको जिल्लाव्यपी सञ्जाल तयार भएको, सबै वडामा स्वास्थ्य संस्था र खोप केन्द्र उपलब्ध भएको, कुपोषित बालबालिकाहरुलाई स्वास्थ्य सेवा, राष्ट्रिय स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन भएको, स्वास्थ्य गाउँपालिकाको प्राथमिकता र जनचासोको विषय रहेको, ग्रामीण स्वास्थ्य स्वयंसेविका र आमा समूहको क्रियाशीलता, जडिबुटीहरूको उपलब्धता भएको, सडक पहुँचको विस्तार भएको यस क्षेत्रका प्रमुख अवसरहरू रहेका छन् ।

## ४.२.४ दीर्घकलीन सोंच, लक्ष्य र उद्देश्य

**सोंच**

गुणस्तरीय, सर्बैसुलभ आधारभूत स्वस्थ्य सेवाको उपलब्धता

**लक्ष्य**

गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा सबै नागरीकको पहुँच विस्तार गर्ने ।

**उद्देश्य**

१. निशुल्क आधारभूत गुणस्तरीय स्वास्थ्य सेवामा गाउँपालिकावासी सबैको पहुँच विस्तार गर्ने ।
२. आम नागरीकमा स्वास्थ्य सम्बन्धी सचेतना अभिवृद्धि गरी स्वास्थ्य तथा पोषणको सूचकमा सुधार गर्ने ।
३. स्वास्थ्य सम्बन्धी विपद जोखिम न्यूनिकरण गर्नु

## ४.२.५ रणनीति तथा कार्यनीति

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| उद्देश्य १: निशुल्क आधारभूत गुणस्तरीय स्वास्थ्य सेवामा गाउँपालिकावासी सबैको पहुँच विस्तार गर्ने । | |
| १.१ आधारभूत स्वास्थ्यमा समता मूलक पहुँच सुनिश्चित गर्ने । | १.१.१ स्वास्थ्य संस्थामा आधारभूत औषधी, उपकरण र चिकित्सक सेवा उपलब्ध गराइनेछ ।<br>१.१.२ विपन्न र वञ्चितीमा परेका समुदायको स्वास्थ्य सेवा प्राप्तिमा देखिएका अवरोधहरू हटाई स्वास्थ्य सेवाको पहुँचमा ल्याउन विशेष व्यवस्था गरिनेछ ।<br>१.१.३ सबै स्वास्थ्य संस्थाहरूमा नियमित जाँच सहितको प्रसुती सेवा उपलब्ध गराइनेछ ।<br>१.१.४ महिलासँग सम्बन्धीत रोगहरू (पाठेघर जन्य समस्या, पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर, रक्तअल्पता) आदि रोकथाम तथा नियन्त्रणका लागि विशेष स्वास्थ्य शीविर सञ्चालन गरिनेछ । |

| | |
|---|---|
| | १.१.५ स्वास्थ्य बीमाको पहुँच सबै परिवारमा पुऱ्याइ, अति विपन्न समुदायलाई स्वास्थ्य बीमा सम्बन्धी अनुदान सहयोग उपलब्ध गराइने छ । |
| १.२ रिफरल स्वास्थ्य सेवाको पहुँचलाई सहज बनाउने । | १.२.१ गाउँपालिकामा कम्तिमा १० बेडको अस्पताल स्थापना गरिने छ ।<br>१.२.२ चिकित्सा विज्ञान सम्बन्धी संस्था, विशेषज्ञ अस्पतालबाट गाउँपालिका अस्पताल केन्द्रित विशेषज्ञ घुम्ती सेवा सञ्चाल गरी रिफरल स्वास्थ्य सेवाको पहुँच बढाइने छ ।<br>१.२.३ रिफरल सेवाको लागि अन्य सहज रुपमा पहुँच हुन सक्ने अस्पतालहरुसँग सहकार्य गरिने छ ।<br>१.२.४ भरपर्दो र नियमित एम्बुलेन्स सेवा सञ्चालनको व्यवस्था मिलाईने छ । |
| उद्देश्य २: आम नागरीकमा स्वास्थ्य सम्बन्धी सचेतना अभिवृद्धि गरी स्वास्थ्य तथा पोषणको सूचकमा सुधार गर्ने । | |
| २.१ स्वास्थ्य तथा पोषण सम्बन्धी चेतना अभिवृद्धि गर्ने । | २.१.१ विद्यालय तहमा विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालन गरिने छ ।<br>२.१.२ अति कुपोषणमा परेका महिला तथा बाल बालिकाहरूलाई पोषण सम्बन्धी उपचारात्मक सेवा उपलब्ध गराइने छ ।<br>२.१.३ महिला स्वयं सेविकाहरूको क्षमता विकास गरी समुदाय केन्द्रीत जनचेतना अभिवृद्धिका साथै स्वास्थ्य सेवा विस्तारमा परिचालन गरिने छ ।<br>२.१.४ व्यायाम, योग जस्ता शारिरीक सुगठन तथा मानसिक स्वास्थ्य सम्बन्धी विषयलाई विद्यालय र समुदाय केन्द्रीत बनाई अभियानको रुपमा शिविर सञ्चालन गरिनेछ ।<br>२.१.५ गरिव, महिला बालबालिका, अपाङ्गता भएका व्यक्तिहरू, जेष्ठ नागरिक जस्ता लक्षित वर्गहरुको स्वास्थ्य सेवामा पहुँच वृद्धि गरिनेछ ।<br>२.१.६ अपाङ्गमैत्री स्वास्थ्य सेवा स्थापना गरिने ।<br>२.१.७ खाने पानी तथा सरसफाई, महामारी तथा अन्य स्वास्थ्य सम्बन्धी जनचेतना अभिवृद्धि कार्यक्रममा आमा समुह लगायतका सामुदायिक संस्थाहरुको परिचालन गरिनेछ । |
| उद्देश्य ३: स्वास्थ्य सम्बन्धी विपद जोखिम न्यूनिकरण गर्ने । | |
| ३.१ विपद व्यवस्थापनका एकिकृत उपायहरु अवलम्बन गर्ने । | ३.१.१ विपद तथा महामारीको तत्काल सम्बोधन, एम्बुलेन्स सेवाको एकिकृत विकास, साधन सम्पन्न अस्पताल, तालिम प्राप्त चिकित्सक, र स्वास्थ्यकर्मिको टोलिलाई प्रभावकारी परिचालन गरीनेछ । |

## ४.२.६ कार्यक्रमका प्राथमिकता

१. प्रयोगशाला सेवा विस्तार

२. स्वास्थ्य कर्मीहरुको व्यवस्थापन र क्षमता विकासमा जोड दिने ।

३. स्वास्थ्य संस्थाहरुमा सूचना प्रविधिको व्यवस्थापन कार्यलाई जोड दिने ।

४. स्वास्थ्य सेवा सम्बन्धी नीति, ऐन, मापदण्ड कार्यविधि आदि तयारी गर्ने ।

५. मानसिक स्वास्थ्य उपचारका सम्बन्धमा चेतना अभिवृद्धि तथा परामर्श सेवा प्रदानलाई जोड दिने ।

६. स्वास्थ्य चौकी र स्वास्थ्य केन्द्रको भवन निर्माण साथै पुनर्निर्माणमा जोड दिने ।

७. विपन्न, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुका लागि स्वास्थ्य सेवामा पहूँचको सुनिश्चितता गर्ने ।

## ४.२.७ विस्तृत कार्यक्रमहरु

| क्र.स | संकेत | कार्यक्रम तथा क्रियाकलापहरु | इकाई | आधार वर्ष २०८०/८१ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | |
| १ | क | प्रयोगशाला (ल्याब) सेवा सुदृढिकरण गर्ने | सख्या | १ | १ | १ | १ | १ | – | ५ |
| २ | क | स्वास्थ्य परीक्षण तथा स्क्रिनिङ क्याम्प सञ्चालन | पटक | | १ | १ | १ | १ | १ | ५ |
| ३ | क | उपाध्यक्ष कोशेली गर्भवति पोषण खर्च वितरण | प्याकेज | | १ | १ | १ | १ | १ | ५ |
| ४ | कखग | स्वास्थ्य कर्मिहरुको लागि क्षमता विकास तालिम | सख्या | १ | १ | १ | १ | १ | १ | ५ |
| ५ | कखग | नागरिकहरुको लागि स्वास्थ्य शिक्षा कार्यक्रम | प्याकेज | १ | १ | १ | १ | १ | १ | ५ |
| ७ | क | महामारी रोकथाम तथा व्यवस्थापन कार्यक्रम | प्याकेज | १ | १ | १ | १ | १ | १ | ५ |
| ८ | कख | जटिलतायूक्त गर्भवति सुत्केरी प्रेषण गर्ने (पठाउने) यातायात, एम्बुलेन्स खर्च सहयोग कार्यक्रम | प्याकेज | १ | १ | १ | १ | १ | १ | ५ |
| ९ | क | मानसिक स्वास्थ्य सम्बन्धी चेतना अभिवृद्धि तथा मनोसामाजिक परामर्शसेवा सञ्चालन कार्यक्रम | प्याकेज | १ | १ | १ | १ | १ | १ | ५ |
| १० | कखग | विपन्न, जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुका लागि स्वास्थ्य परिक्षणको साथै उपचार | प्याकेज | १ | २ | २ | २ | २ | २ | १० |
| ११ | क | महिला स्वास्थ्य स्वयंसेवीका मासिक प्रोत्साहन | प्याकेज | | – | १ | १ | – | – | २ |
| १२ | कख | स्वास्थ्य संस्थाहरुलाई क्रमिकरुपमा अपाङ्गतामैत्री, जेष्ठ नागरिक मैत्री साथै लैङ्गिकतामैत्री बनाउने | सख्या | | २ | २ | २ | – | – | ६ |
| १३ | क | स्वास्थ्य प्रोफाइल तयारी र प्रकाशन | पटक | | १ | – | – | – | – | १ |
| १४ | क | गुणस्तरीय स्यानीटरी प्याड बनाउने तालिम | पटक | | १ | १ | १ | १ | १ | ५ |
| १५ | क | प्रसुतिगृह (birthing Center) सञ्चालन तथा व्यवस्थापन | सख्या | १ | २ | ३ | – | – | – | ५ |

## ४.२.८ नतिजा खाका

| नतिजाको स्तर | नतिजा | सूचक | ईकाइ | आधार बर्ष २०८०/८१ | उपलब्धी २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | योजना अवधिको जम्मा लक्ष्य | पुष्ट्याईको आधार | जिम्मेवार निकाय | जोखिम पक्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा सबै नागरीकको पहुँच विस्तार भएको हुने | मातृ मृत्यु दरप्रति हजारमा | दर | | | | | | | | गा पा स्वा सा प्रतिवेदन | साविम | | |
| | | ५ वर्ष मुनिका बाल मृत्यु दर प्रति हजार जिवित जन्ममा | दर | | २.५ | २ | १ | ०.५ | ० | ० | " | " | | |
| | | शिसु मृत्यु दर प्रति हजार जिवित जन्ममा | दर | | २.३ | २ | १.५ | १ | ० | ० | " | " | | |
| | | नवजात शिसु मृत्यु दर प्रति हजार जिवित जन्ममा | दर | | १ | ०.५ | ०.५ | ० | ० | ० | " | " | | |
| | | प्रति महिला प्रजनन दर | दर | | – | – | २ | – | – | २ | " | " | | |
| असर १ | नि:शुल्क गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा सबै नागरीकको पहुँच विस्तार भएको हुने | दक्ष प्रसुति कर्मिको सहयोगमा बच्चा जन्म गराइएको अनुपात | अनुपात | ६०.९ | ६८ | ७० | ७५ | ७६ | ८० | ८० | " | " | | |
| | | स्वास्थ्य सस्थामा बच्चा जन्माउने प्रतिशत | प्रतिशत | ५० | ६५ | ७० | ७५ | ८५ | ९५ | ९५ | " | " | | |
| | | स्वास्थ्य सस्थामा नागरिकको पहुँच अभिवृद्धि गर्ने कार्यक्रमहरु | प्याकेज | १ | १ | १ | १ | १ | १ | ५ | " | " | | |
| | | बर्थिङ् सेन्टरहरु | सख्या | | ३ | २ | – | – | – | ५ | " | " | | |
| प्रतिफल १ | आधारभूत स्वास्थ्यमा समतामूलक पहुँच सुनिश्चित भएको हुने | प्रयोगशाला (ल्याब) सेवा सुदृढिकरण | सख्या | १ | २ | १ | १ | १ | – | ५ | " | " | | |
| | | स्वास्थ्य परीक्षण तथा स्क्रिनिङ क्याम्प सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १ | ५ | " | नपा स्वासा | | |
| | | उपाध्यक्ष कोशेली गर्भवति पोषण खर्च वितरण कार्यक्रम | प्याकेज | १ | १ | १ | १ | १ | १ | ५ | " | " | | |
| प्रतिफल २ | स्वास्थ्य सेवा सुधार तथा विस्तारको साथै जेष्ठ नागरिक, लैगिक तथा अपाङ्गमैत्री भएका हुने | स्वास्थ्य सस्थाहरुको सख्या | सख्या | ९ | | | | | | | | | | |
| | | जेष्ठ नागरिक, लैङ्गिक तथा अपाङ्गमैत्री स्वास्थ्य सस्थाहरुको सख्या | सख्या | | २ | ३ | – | – | – | ५ | गापा स्वा सा प्रतिवेदन | साविम | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल ३ | मानसिक स्वास्थ्य सेवाको विकास तथा विस्तार भएको हुने | मानसिक स्वास्थ्य सेवाको विकास तथा विस्तार भएको स्वास्थ्य संस्था | सङ्ख्या | ० | – | १ | – | – | – | १ | " | " | | |
| असर २ | आम नागरीकमा स्वास्थ्य सम्बन्धी सचेतना अभिवृद्धिको साथै स्वास्थ्य तथा पोषणको सुचकमा सुधार भएको हुने | विद्यालय तह र समुदाय स्तरसम्म स्वास्थ्य र पोषण सम्बन्धी चेतना अभिवृद्धि कार्यक्रम | प्याकेज | १ | १ | १ | १ | १ | १ | ५ | " | गापा स्वाशा | | |
| | | स्वास्थ्य बीमा संबन्धि चेतना अभिवृद्धि | प्याकेज | १ | १ | १ | १ | १ | १ | ५ | " | गापा स्वाशा | | |
| | | महामारी , सर्ने र नसर्ने रोगहरु बारे सचेतना कार्यक्रम | प्याकेज | १ | १ | १ | १ | १ | १ | ५ | " | गापा स्वाशा | | |
| प्रतिफल १ | एकिकृत रुपमा स्वास्थ्य सेवा सञ्चालन भएको हुने | एकिकृत रुपमा स्वास्थ्य सेवा सञ्चालन | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | ५ | " | गापा स्वाशा | | |
| | | स्वास्थ्य सेवा सबन्धि पारिवारिक बिबरण (Family Profile) तयार गर्ने | सङ्ख्या | | १ | – | – | – | – | १ | " | गापा स्वाशा | | |
| प्रतिफल २ | स्वास्थ्यलाई प्रतिकुल असर गर्ने अखाद्य वस्तुहरुको मिसावट र नियन्त्रण तथा नियमन भएको हुने | स्वास्थ्यलाई प्रतिकुल असर गर्ने अखाद्य वस्तुहरुको मिसावट र नियमन तथा नियन्त्रण | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | ५ | " | सबै सरोकार वालाहरु को सहयोग | | |
| प्रतिफल ३ | स्वास्थ्य बानीव्यवहार सुधारको साथै कुपोषण न्यूनीकरण भएको हुने | कुपोषण न्यूनीकरणका लागि स्वास्थ्य बानी र व्यवहारको प्रवर्द्धन | प्याकेज | | १ | निरन्तर सञ्चालन | निरन्तर सञ्चालन | निरन्तर सञ्चालन | निरन्तर सञ्चालन | १ | " | " | | |
| असर ३ | स्वास्थ्य सम्बन्धी विपद जोखिम न्यूनिकरण भएको हुने | विपद व्यवस्थापन योजना बनाएको हुने | सङ्ख्या | | १ | – | – | – | – | १ | " | नपा स्वाशा | | |
| प्रतिफल १ | विपद्को सबोधन गर्न स्वास्थ्य कर्मिको टोलि परिचालन भएको हुने | विपद तथा महामारीको तत्काल सम्बोधन, साधन सम्पन्न अस्पताल, तालिम प्राप्त चिकित्सक, र प्रभावकारी परिचालीत स्वास्थ्यकर्मिको टोलि | प्याकेज | | १ | निरन्तर सञ्चालन | निरन्तर सञ्चालन | निरन्तर सञ्चालन | निरन्तर सञ्चालन | १ | " | सबै सरोकार वालाहरु | | |
| प्रतिफल २ | विपद व्यवस्थापनका एकिकृत उपायहरु अवलम्बन गर्ने । | एम्बुलेन्स सेवाको एकिकृत विकास | प्याकेज | | १ | " | " | " | " | १ | " | " | | |

## ४.३ खानेपानी तथा सरसफाइ

### ४.३.१ पृष्ठभूमि

नेपालको संविधानद्धारा खानेपानी तथा सरसफाइ सेवा आधरभूत मानव अधिकारको रुपमा स्थापीत गरेको छ। खानेपानीको पहुँचलाई मौलिक हकको रुपमा नै व्यख्या भएको छ। पानीका स्रोतहरुलाई धेरै किसिमबाट असर गरेको देखिन्छ। गाउँक्षेत्रमा पाइप धाराको पानी नै खानेपानीको स्रोतको रुपमा रहेको छ। सार्वजनिक धाराको पानीको उपयोग गर्ने घरपरिवार धेरै रहेका छन् भने निजी धाराबाट खानेपानी उपयोग गर्ने घरपरिवार कम प्रतिशत रहेको छ। कुवा वा मूलबाट नै खानेपानी उपयोग गर्ने घरपरिवार  छन्। पिउने पानीको स्रोतमा पानीको मात्र घट्दै जाने, पानीको स्रोतहरु सुक्ने। पहिरोको कारण नष्ट भएको र पिउने पानी दूषित हुने अवस्था विद्यमान नै रहेको देखिन्छ। सुद्ध खानेपानी, सरसफाइ र स्वास्थ्य सुविधाहरू धेरै प्रभावित छन्। केहि वडाहरुमा खानेपानीको ठूलो समस्या देखिन्छ। अझै पनि एक घर एक धारा कार्यक्रमबाट सबै लाभान्वीत हुन नसकेको अवस्था छ। यहाँका १०० प्रतिशत घरपरिवारमा शौचालय रहको छ। रघुगँगा गाउँपालिका खुला दिशा मुक्त गाउँपालिका घाषण भैसकेको छ।

### ४.३.२ प्रमुख समस्या

खानेपानी तथा सरसफाई संरचनाहरु बाढि तथा पहिरोबाट क्षतिग्रस्त हुनु, जलवायु परिवर्तनको कारण खानेपानीका स्रोतहरु सुक्नु, बाढी र पहिरोको कारण खानेपानी तथा सरसफाईका संरचनाहरु बिग्रनु,  खानेपानी तथा सरसफाईका संरचनाहरु निर्माणमा विपन्न र जोखिममा रहेका परिवारहरुको कम पहुँच र अति नै न्यूस्तरको सरसफाइको वातावरण हुनु, खानेपानी तथा सरसफाईका संरचनाहरु प्रकोप प्रतिरोधी नहुनु (जस्तै जलासय, पाईपलाईन, चर्पी, इन्टेक आदि), अव्यवस्थित वस्ति विकासको गति नरोकिनु यस क्षेत्रका प्रमख समस्याहरु रहेका छन्।

### ४.३.३ चुनौती र अवसर

#### चुनौती

खानेपानीको परियोजनाहरुलाई विपद्‌बाट बचाउन र पानीको आपूर्ति नियमित र भरपर्दो बनाउन, अव्यवस्थित वस्ति विकासको गतिलाई रोक्न, खानेपानिका श्रोतहरुको उचित संरक्षण गर्न, नदिनाला, पोखरी आदिको अतिक्रमण रोक्न आदि यस क्षेत्रका प्रमख चुनौतीहरु हुन्।

**अवसर**

खानेपानी तथा सरसफाई सुविधालाई नेपालको संविधानले नागरिकको मौलिक हकको रुपमा व्याख्या गरेको, खानेपानी तथा सरसफाईका लागि तिनै तहका सरकारको उच्च प्राथमिकतामा पर्नु, आयोजनाको छनौट, सञ्चालन र व्यवस्थापनमा उपभोक्ता तथा समुदायको चासो बढ्दै गएको, एक घर एक धारा कार्यक्रमले निरन्तरता पाएको, पालिकाले पूर्ण सरसफाई उन्मुख गाउँपालिका घोषणा गर्ने नीति लिएको यस क्षेत्रका अवसरहरु रहेका छन्।

### ४.३.४ दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य

**सोंच**

दिगो खानेपानी तथा पूर्ण सरसफाई युक्त रघुगंगा गाउँपालिका

**लक्ष्य**

गुणस्तरीय र सर्बसुलभ खानेपानी तथा सरसफाई सेवाको पहुँच विस्तार गर्ने ।

**उद्देश्य**

१. स्वच्छ खानेपानी र सरसफाइको व्यवस्था गर्नु ।

### ४.३.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १: स्वच्छ खानेपानी र सरसफाइको व्यवस्था गर्नु । | |
| १.१ एक घर एक धाराको अवधारणा अनुसार स्वच्छ खानेपानी उपलब्ध गराउने | १.१.१ एक घर एक धारा निर्माण कार्यक्रम अन्तरगत बाँकी कार्यक्रमलाई पूर्णता दिइ आगामी ५ वर्ष भित्र सबै घरधुरीलाई स्वच्छ खानेपानी उपव्ध गराइनेछ<br>१.१.२ स्वच्छ खानेपानी सुनिश्चितताको लागि पानिको शुद्धता परिक्षण गरिनेछ । |
| १.२ खानेपानी मुहानको आसपासमा रुख कटान, वन फडानी र डढेलो नियन्त्रण गर्ने । | १.२.१ पानीका मुहान वरपर वृक्षारोपण गरिनेछ ।<br>१.२.२ पानीको मुहान संरक्षणको लागि तारवार घेरा निर्माण गरीनेछ ।<br>१.२.३ आयोजनाहरुको जलाधार क्षेत्र तथा मुहान संरक्षण सम्बन्धी कार्यक्रममा जोड दिइनेछ ।<br>१.२.४ नागरिक सचेतना सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरीनेछ ।<br>१.२.५ स्वच्छ खानेपानी वितरणका लागि मुहान सुधारका साथै पानी वितरण पूर्व प्रशोधन गरिनेछ । |
| १.३ सबै घरमा चर्पीको व्यवस्था गर्नुका साथै सरसफाइको अभ्यास वढाउने | १.३.१ सबै घरमा व्यवस्थित चर्पीको व्यवस्था गरिने छ ।<br>१.३.२ चर्पी बनाउन नसक्ने अतिविपन्न परिवारलाई अनुदानको व्यवस्था गरिनेछ ।<br>१.३.३ पूर्ण सरसफाइयुक्त गाउँपालिका घोषणा गर्न सरसफाइ अभियान,चेतना अभिवृद्धि फोहोर विसर्जन वास्केट तथा कन्टेनर र व्यवस्थित कम्पोष्टिङ आदिको व्यवस्था गरिने छ ।<br>१.३.४ प्रमुख बस्ती र बजार केन्द्रहरूमा सार्वजनिक सौचालयको व्यवस्था गरी समुदायलाई सञ्चालनको जिम्मेवारी दिइनेछ ।<br>१.३.५ सबैलाई आधारभूत स्तरको सरसफाइ सेवामा पहुँच तथा मानव तथा पशु उत्सर्जीत मलमूत्र र फोहर पानीको उचित व्यवस्थापन गरी वातावरण स्वच्छ राख्न सहयोग पुऱ्याइनेछ । |

### ४.३.६ कार्यक्रमका प्राथमिकता

१. जलाधार क्षेत्र तथा मुहान संरक्षणको लागि तारवार घेरा

२. एक घर, एक धारा, एक चर्पी

३. जनशक्ति उत्पादन तथा तालिम

## ४.३.७ विस्तृत कार्यक्रमहरु

| क्र.स | संकेत | कार्यक्रम तथा क्रियाकलापहरु | इकाई | आधार वर्ष २०८०/८१ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | |
| १ | क | सेफिट ट्याङ्की निर्माण तथा सरसफाइ अनुदान | प्याकेज | | १ | १ | १ | १ | १ | ५ |
| २ | क | एक घर एक धारा कार्यक्रम | संख्या | | बाँकी रहेका सबैमा | बाँकी रहेका सबैमा | बाँकी रहेका सबैमा | बाँकी रहेका सबैमा | बाँकी रहेका सबैमा | बाँकी रहेका सबैमा |
| ३ | क | खानेपानी मुल संरक्षण कार्यक्रम | प्याकेज | | १ | १ | १ | १ | १ | ५ |
| ४ | कखग | खानेपानी शुद्धिकरण कार्यक्रम | प्याकेज | | १ | १ | १ | १ | १ | ५ |
| ५ | क | खानेपानी तथा फोहरमैला व्यवस्थापन सम्बन्धी सचेतना कार्यक्रम | प्याकेज | १ | १ | १ | १ | १ | १ | ५ |
| ६ | क | टोल सरसफाइ अभियान | प्याकेज | १ | १ | १ | १ | १ | १ | ५ |
| ७ | कख | फोहोरमैला व्यस्थापन  कार्यक्रम | प्याकेज | १ | १ | १ | १ | १ | १ | ५ |
| ८ | क | लिफिटङ खानेपानीको वैकल्पिक उपाय सम्बन्धी अध्ययन तथा खोजि | प्याकेज | | १ | १ | १ | १ | १ | ५ |
| ९ | कखग | खानेपानी र्मत तथा संभार कार्यक्रम | प्याकेज | १ | १ | १ | १ | १ | १ | ५ |

## ४.३.८ नतिजा खाका

| नतिजाको स्तर | नतिजा | सूचक | ईकाइ | आधार वर्ष २०८०/८१ | उपलब्धी | | | | | योजना अवधिको जम्मा लक्ष्य | पुष्ट्याईको आधार | जिम्मेवार निकाय | जोखिम पक्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०३४/८५ | २०८५/८६ | | | | | |
| असर १ | गुणस्तरीय र सर्वसुलभ खानेपानी तथा सरसफाई सेवाको पहुँच विस्तार भएको हुने | गुणस्तरीय र सर्वसुलभ खानेपानी तथा सरसफाई सेवाको पहुँच विस्तार | सख्या | | सबैमा | सबैमा | सबैमा | सबैमा | सबैमा | सबैमा | गापाप्र | गापा खापा स सा | | |
| प्रतिफल १ | एक घर एक धाराको अवधारणा अनुसार स्वच्छ खानेपानी उपलब्ध भएको हुने | सेपिट ट्याङ्की निर्माण तथा सरसफाइ भएका घर | सख्या | | सबैमा | सबैमा | सबैमा | सबैमा | सबैमा | सबैमा | " | " | | |
| | | एक घर एक खानेपानी धारा निर्माण कार्यक्रम | सख्या | | बाँकी रहेका सबैमा | बाँकी रहेका सबैमा | बाँकी रहेका सबैमा | बाँकी रहेका सबैमा | बाँकी रहेका सबैमा | बाँकी रहेका सबैमा | " | " | | |
| | | खानेपानी शुद्धिकरण कार्यक्रम | प्याकेज | | १ | १ | १ | १ | १ | ५ | " | " | | |
| | | खानेपानी तथा फोहरमैला व्यवस्थापन सम्बन्धी सचेतना कार्यक्रम | प्याकेज | १ | १ | १ | १ | १ | १ | ५ | " | " | | |
| | | फोहोरमैला व्यस्थापन कार्यक्रम | प्याकेज | १ | १ | १ | १ | १ | १ | ५ | " | " | | |
| | | सेपिट ट्याङ्की निर्माण तथा सरसफाइ | प्याकेज | | १ | १ | १ | १ | १ | ५ | " | " | | |
| प्रतिफल २ | सबै घरमा चर्पीको व्यवस्था गर्नुका साथै सरसफाइको अभ्यास बढोत्तरी भएको हुने | सबै घरमा चर्पीको व्यवस्था गर्नुका साथै सरसफाइको अभ्यास | प्याकेज | १ | निरन्तर सञ्चालन | निरन्तर सञ्चालन | निरन्तर सञ्चालन | निरन्तर सञ्चालन | निरन्तर सञ्चालन | निरन्तर सञ्चालन | " | " | | |

## ४.४ लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण

### ४.४.१ पृष्ठभूमि

नेपालको कानुनले लैङ्गिक विभेदको अन्त्य गर्ने संकल्प सहित महिलालाई लैङ्गिक भेदभाव विना समान वंसिय हक, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी हक, राज्यका सबै निकायमा समानुपातिक समावेशि सिद्धान्तको आधारमा सहभागी हुने हक लगायत मौलिक हकको प्रत्याभूत गरेको छ । सबै लिङ्ग, वर्ग र समूहको सहभागिता र अपनत्व वोध सहितको समावेशीताले राज्य प्रणालीलाई सुदृढ गर्नुका साथै समृद्धिको आकांक्षा परिपूर्ति गर्न ठुलो मद्दत गर्दछ । संविधानले वर्गीय, जातिय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातिय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाको जम्मा १४२३२ जनसंख्या मध्ये पुरुषको ६८५७ र महिलाको जनसंख्या ७३७५ रहेको छ । त्यसै गरि लागू औषध दुर्व्यशन, ज्येष्ठ  नागरिक दुर्व्यवहार जातिय तथा लैङ्गिक विभेद जस्ता समाजिक समस्या तथा कुरितिहरुमा कम आएको देखिँदैन । दिगो विकासका लक्ष्यमा लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण विषय समावेश भएको छ । यसकारण संविधानको मर्म अनुरुप सामाजिक समानता तथा सामाजिक समोशीकरण कायम गर्न कार्यक्रमहरु सञ्चालन गर्ने आवश्यकता रहेको छ ।

### ४.४.२  प्रमुख समस्या

महिला पुरुष बीचको असमानता, शिक्षा, स्वास्थ्य लगायत सेवामा महिलाको पहुँचमा कमी, महिला नेतृत्व विकासको कमी, महिलाको भूमिका औपचारिक आर्थिक कृयाकलापमा भन्दा घरायसी काममा बढी केन्द्रित हुनु, महिला लक्षित कार्यक्रमको कमी, महिला, अपाङ्गतामैत्री तथा बालमैत्री पूर्वाधारको कमी, अशक्त तथा जेष्ठ नागरिकलाई असमान व्यवहार गर्ने प्रवृत्ति बढ्दो हुनु,  महिला तथा पुरुषमा असमान ज्याला, महिला हिंसा तथा घरेलु हिँसा कायमै रहनु, सम्बन्ध विच्छेद बढ्दो क्रममा हुनु, बाल विवाह अझै पनि कायम रहनु, एकल महिलालाई हेर्ने दृष्टिकोणमा सुधार आउन नसक्नु, महिनावारी बारेको कुसंस्कृति विद्यामान रहनु, महिलाहरुको पुरुष प्रतिको परनिर्भरता कायमै रहनु, बाल श्रम शोषण कायम रहनु, अपाङ्गता भएका व्यक्तिहरु परनिर्भरतामा बाँच्नु पर्ने परिस्थीति विद्यमान रहनु, जातिय विभेद वा छुवाछुत कायमै रहनु, अपाङ्गमैत्री संरचना नहुनु आदि यस क्षेत्रका समस्या रहेका छन् ।

### ४.४.३ चुनौती तथा अवसर

**चुनौती**

घरेलु तथा महिला हिँसा न्यूनीकरण गर्न, अपाङ्गता भएका व्यक्तिहरुको परनिर्भरतामा कमी ल्याउन, जातीय विभेद निर्मुल पार्न, सबै भौतिक पूर्वाधारहरु अपाङ्गतामैत्री बनाउन, बालमैत्री कार्यक्रमलाई निरन्तरता दिन यस क्षेत्रका प्रमुख चुनौतिहरु हुन ।

**अवसर**

नेपालको संविधानले समानताको हक अधिकार सुनिश्चित गर्नु, संघीय र प्रादेशिक ऐन कानुनहरु लैङ्गिकतामैत्री हुनु,बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका,२०७८ र बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ कार्यन्वयनमा आएको, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण राष्ट्रिय प्राथमिकतामा भएको यस क्षेत्रका मुख्य अवसरहरु हुन ।

### ४.४.४ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य

**सोंच**

लक्षितवर्ग तथा उत्पीडित समुदायको सहभागितामुलक, विभेद मुक्त  समावेशी एवं समतामूलक समाज

**लक्ष्य**

सामाजिक कुसंस्कार, कुरिति र अन्धविश्वास हटाइ महिला र पुरुष बीच न्ययीक समानता कायम गर्ने ।

## उद्देश्य

१. लैङ्गिक उत्तरदायी बजेट र शासन व्यवस्थालाई संस्थागत गर्दै लैङ्गिकताको कारण पछाडी परेका सबैको सम्मानित जिवन यापनको वातावरण सुनिश्चित गर्ने ।
२. लक्षित वर्गको क्षमता अभिवृद्धि गरि आत्मनिर्भर तथा स्वावलम्बनमा वृद्धि गर्ने ।

## ४.४.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १:** लैङ्गिक उत्तरदायी बजेट र शासन व्यवस्थालाई संस्थागत गर्दै लैङ्गिकताको कारण पछाडी परेका सबैको सम्मानित जिवनयापनको वातावरण सुनिश्चित गर्ने । | |
| १.१ संघीय र प्रादेशिक काननुसँग नबाभिने गरी लैङ्गिक समानता सम्बन्धी गाउँपालिका स्तरिय नीति तथा कानुन तर्जुमा गर्ने । | १.१.१ विद्यमान नीति कानुन तथा कार्यक्रमको पुनवरावलोकन गरी कार्यान्वयन गरीनेछ ।<br>१.१.२ महिला सशक्तीकरणका विशेष कार्यक्रमहरू नियमित रूपमा सञ्चालनको साथै ज्येष्ठ नागरिक तथा एकल महिला लक्षित सामाजिक सुरक्षाका कार्यक्रमहरुलाई प्रभावकारी बनाइनेछ ।<br>१.१.३ युवा, महिला, विपन्न, दलित तथा सीमान्तकृत समुदायमा सशक्तीकरणका विशेष कार्यक्रमहरू सञ्चालन गरीनेछ । |
| १.२ लैङ्गिक उत्तरदायी बजेट र शासन पद्धती अवलम्बन गर्ने । | १.२.१ लैङ्गिकता विरुद्ध हुने सबै प्रकारका हिँसा, शोषण र रोकथाम तथा नियन्त्रणका लागि कानुनी उपचार प्रणालीलाई सहज बनाउन पहल गरीने छ ।<br>१.२.२ महिला माथि हुने सबै किसिमका हिँसा विरुद्ध शुन्य सहनशिलताको नीतिलाई प्रभावकारी बनाइनेछ ।<br>१.२.३ लैङ्गिक आचार संहिता बनाइ कार्यान्वयन गर्ने र लैङ्गिक उत्तरदायी बजेट र शासन पद्धती  पालिका स्तरमा प्रभावकारी तवरले लागु गर्न जोड दिइनेछ । |
| १.३ अपाङ्गता, बालबालिका र जेष्ठ नागरिक मैत्री  सुरक्षित पूर्वाधार निर्माण गर्ने । | १.३.१ “एक वडा एक बाल उद्यान, एक गाँउ एक जेष्ठ नागरिक पार्क” कार्यक्रमलाई साकार बनाउने कार्यक्रमहरु सञ्चालन गरीनेछ ।<br>१.३.२ विद्यालयहरुलाई बालमैत्री विद्यालय बनाइनेछ ।<br>१.३.३ सार्वजनिक सेवा उपलब्ध हुने सरकारी, गैरसरकारी तथा नीजि क्षेत्रका  पूर्वाधार तथा स्थानहरुलाई अपाङ्गता मैत्री बनाउन पहल गरीनेछ । |
| **उद्देश्य २.लक्षितवर्गको क्षमता अभिवृद्धि गरि आत्मनिर्भर तथा स्वावलम्बनमा वृद्धि गर्नु ।** | |
| २.१लक्षित वर्गको क्षमता अभिवृद्धि गरि आत्मनिर्भर तथा स्वावलम्बनमा वृद्धि | २.१.१ महिला सशक्तीकरणका विशेष कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गरीनेछ ।<br>२.१.२ युवा, महिला, विपन्न, दलित तथा सीमान्तकृत समुदायमा सशक्तीकरणका विशेष कार्यक्रमहरू सञ्चालन गरीनेछ ।<br>२.१.३ महिला उद्यमीहरूको पहिचान गरी उनीहरूको वृत्ति विकासका लागि तालिमका साथै अन्य  विशेष कार्यक्रमहरू सञ्चालन गरीनेछ ।<br>२.१.४ सीमान्तकृत र अल्पसङ्ख्यक जातिहरूका मौलिकता संरक्षण गर्न विशेष कोष निर्माण गरी सञ्चालनमा ल्याइनेछ ।<br>२.१.५ दलित, अल्पसङ्ख्यक, जनजाति, विपन्न वर्ग तथा सीमान्तकृत समुदायका छात्र छात्राहरूलाई शिक्षामा पूर्ण प्राथमिकता दिई विशेष छात्रवृत्तिको व्यवस्था गरीनेछ ।<br>२.१.६ महिलाको स्वरोजगार तथा उद्यमशीलतामा विकास गर्न सहुलियतपूर्ण ऋण तथा वित्तीय पहुँचको व्यवस्था मिलाउन सम्बन्धीत क्षेत्रसँग समन्वय गरीनेछ । |
| २.२ लैङ्गिक हिंसा अन्त्य गर्ने कार्यक्रमहरु कार्यान्वयन गर्ने । | २.२.१ लक्षितवर्गका आत्म निर्भरता र स्ववलम्वनमा वृद्धि गर्न क्षमता अभिवृद्धि एवम् आर्थिक स्तरलाई माथी उठाउने कार्यक्रमहरु सञ्चालनमा जोड दिइनेछ । |

## ४.४.६ कार्यक्रमका प्राथमिकता

१. निर्णय प्रक्रियामा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरु, ज्येष्ठ नागरिकहरुको सहभागिता सुनिश्चित गर्ने  ।
२. शिक्षा र स्वास्थ्यमा अपाङ्गता भएका व्यक्तिहरु लगायत सबैको पहुँच सुनिश्चित गर्ने ।

## ४.४.७ विस्तृत कार्यक्रमहरु

| क्र. सं | संकेत | कार्यक्रम तथा क्रियाकलापहरु | इकाई | आधार वर्ष २०८०/८१ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | |
| १ | क | विद्यमान नीति कानुन तथा कार्यक्रमको पुनवरावलोकन र आवश्यक कानुन निर्माण र कार्यन्वयन | प्याकेज | | १ | १ | १ | १ | १ | ५ |
| २ | क | महिला सशक्तीकरणका विशेष कार्यक्रमहरू नियमित रूपमा सञ्चालन, ज्येष्ठ नागरिक तथा एकल महिला लक्षित सामाजिक सुरक्षाका कार्यक्रम | प्याकेज | | १ | १ | १ | १ | १ | ५ |
| ३ | कखग | "एक वडा एक बाल उद्यान, एक गाँउ एक जेष्ठ नागरिक पार्क कार्यक्रम | प्याकेज | | १ | १ | १ | १ | १ | ५ |
| ४ | कख | युवा, महिला, विपन्न, दलित तथा सीमान्तकृत समुदायमा सशक्तीकरण सम्बन्धी विशेष कार्यक्रमहरू | प्याकेज | | १ | १ | १ | १ | १ | ५ |
| ५ | कख | महिला उद्यमीहरूको पहिचान गरी उनीहरूको वृत्ति विकासका लागि तालिमको साथै अन्य विशेष कार्यक्रमहरू | प्याकेज | | १ | १ | १ | १ | १ | ५ |
| ६ | कख | सीमान्तकृत र अल्पसङ्ख्यक जातिहरूका मौलिकता संरक्षण गर्न विशेष कोष निर्माण | प्याकेज | | १ | - | - | - | - | १ |

## ४.४.८ नतिजा खाका

| नतिजाको स्तर | नतिजा | सूचक | ईकाइ | आधार वर्ष २०८०/८१ | उपलब्धी | | | | | योजना अवधिको जम्मा लक्ष्य | पुष्ट्याईको आधार | जिम्मेवार निकाय | जोखिम पक्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | | | |
| प्रभाव | सामाजिक कुसंस्कार, कुरिति र अन्धविश्वास हटाइ महिला र पुरुष बीच न्ययीक समानता कायम भएको हुने । | महिला र पुरुषको सहभागिताको अनुपात प्रतिशत | प्रतिशत | | ७५ | ७७ | ७९ | ८० | ८० | ८० | न पा वा प्र | न पा | | |
| | | घर तथा सम्पत्तिमा महिलाको स्वामित्व भएको अनुपात प्रतिशत | प्रतिशत | १७ | २१ | २५ | २९ | ७० | ७५ | ७५ | " | " | | |
| असर १ | लैङ्गिक उत्तरदायी बजेट र शासन व्यवस्थालाई संस्थागत गर्दै लैङ्गिकताको कारण पछाडी परेका सबैको सम्मानित जिवन यापनको वातावरण सुनिश्चित भएको हुने | लैङ्गिक उत्तरदायी बजेट | प्रतिशत | | ३० | ३५ | ४५ | ५० | ५० | ५० | " | " | | |
| प्रतिफल १ | लैङ्गिक समानता सम्बन्धी गाउँपालिका स्तरिय नीति तथा कानुन तजुमा गर्ने | विद्यमान नीति कानुन तथा कार्यक्रमको पुनवरावलोकन, आवश्यक कानुन निर्माण र कार्यन्वयन | संख्या | | १ | १ | १ | १ | १ | ५ | " | " | | |

## ४.४.८ नतिजा खाका

| नतिजाको स्तर | नतिजा | सूचक | ईकाइ | आधार वर्ष २०८०/८१ | उपलब्धी | | | | | योजना अवधिको जम्मा लक्ष्य | पुष्ट्याईको आधार | जिम्मेवार निकाय | जोखिम पक्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | | | |
| प्रभाव | सामाजिक कुसंस्कार, कुरिति र अन्धविश्वास हटाइ महिला र पुरुष बीच न्ययीक समानता कायम भएको हुने । | महिला र पुरुषको सहभागिताको अनुपात प्रतिशत | प्रतिशत | | ७५ | ७७ | ७९ | ८० | ८० | ८० | न पा वा प्र | न पा | | |
| | | घर तथा सम्पत्तिमा महिलाको स्वामित्व भएको अनुपात प्रतिशत | प्रतिशत | १७ | २१ | २५ | २९ | ७० | ७५ | ७५ | " | " | | |
| असर १ | लैङ्गिक उत्तरदायी बजेट र शासन व्यवस्थालाई संस्थागत गर्दै लैङ्गिकताको कारण पछाडी परेका सबैको सम्मानित जिवन यापनको वातावरण सुनिश्चित भएको हुने | लैङ्गिक उत्तरदायी बजेट | प्रतिशत | | ३० | ३५ | ४५ | ५० | ५० | ५० | " | " | | |
| प्रतिफल १ | लैङ्गिक समानता सम्बन्धी गाउँपालिका स्तरिय नीति तथा कानुन तजुमा गर्ने | विद्यमान नीति कानुन तथा कार्यक्रमको पुनवरावलोकन, आवश्यक कानुन निर्माण र कार्यन्वयन | संख्या | | १ | १ | १ | १ | १ | ५ | " | " | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल २ | महिला विरुद्ध हुने सबै खाले भेदभाव, हिँसा र शोषणको अन्त्य भएको हुने | युवा, महिला, विपन्न, दलित तथा सीमान्तकृत समुदायमा सशक्तीकरण सम्बन्धी विशेष कार्यक्रमहरू | प्याकेज | | १ | १ | १ | १ | १ | ५ | " | " | | |
| प्रतिफल ३ | अपाङ्गता, बालबालिका र जेष्ठ नागरिकमैत्री सुरक्षित पूर्वाधार निर्माण भएको हुने | "एक वडा एक बाल उद्यान, एक गाँउ एक जेष्ठ नागरिक पार्क | प्याकेज | | २ | २ | २ | १ | १ | ८ | " | सरोकार वाला सबै | | |
| असर २ | लक्षितवर्गको क्षमता अभिवृद्धि गरि आत्मनिर्भर तथा स्वावलम्बनमा वृद्धि भएको हुने | महिला शक्तीकरणका कार्यक्रमहरू | प्याकेज | १ | १ | १ | १ | १ | १ | ५ | " | " | | |
| प्रतिफल १ | युवा, महिला, विपन्न, दलित, सीमान्तकृत समुदाय सशक्तीकरण भएको हुने | युवा, महिला, विपन्न, दलित तथा सिमान्तकृत समुदायमा सशक्तीकरण सम्बन्धी कार्यक्रमहरू | प्याकेज | १ | १ | १ | १ | १ | १ | ५ | " | " | | |
| प्रतिफल २ | महिला उद्यमीहरूको वृत्ति विकासका लागि तालिम कार्यक्रमहरू | महिला उद्यमशीलता तालीममा सहभागी सख्या | संख्या | ३० | ४० | ४० | ४० | ४० | ४० | २०० | " | " | | |
| प्रतिफल ३ | लैङ्गिक समानता तथा सशकितकरण सम्बन्धी सूचकहरु तयार भइ अनुगमन तथा मुल्याङ्कन प्रणालीको प्रभावकारी कार्यान्वयन भएको हुने | लैसस सम्बन्धी सूचकहरु को निर्माण साथै अनुगमन तथा मुल्याङ्कन सयन्त्र निर्माण | पटक | | १ | - | - | – | – | १ | " | " | | |

## ४.५ युवा तथा खेलकुद

### ४.५.१ पृष्ठभूमी

उत्पादनशील युवा (२५ देखि ४० वर्षको उमेर समूह) मुलुकको विकासका संवाहक हुन । खेलकुद शारीरिक तथा मानसिक विकासको महत्वपूर्ण माध्यम हो । गाउँपालिका क्षेत्रमा कुल १४ वटा युवा क्लवहरु क्रियाशिल रहेका छन् । गाउँपालिका अन्तर्गतका ठुला तथा सुविधायुक्त खेलकुदमैदान नभएता पनि साना खेलकुद मैदानमा मुख्य ३२ वटा रहेका छन् । पर्याप्त रोजगारीको अवसर नहुदा वैदेशिक रोजगारमा जाने यूवाको संख्या बढ्दो गतिमा छ । अनुशासित युवाहरुबाट गाउँपालिका, प्रदेश र राष्ट्रको साथै समग्र समाजको विकासमा योगदान पुऱ्याउनको लागि हरेक क्षेत्रमा युवाहरुको पहुँच बढाइ सामाजिक, आर्थिक रुपान्तरणमा युवाहरुलाई मूलप्रवाहीकरण गर्नु आवश्यक देखिन्छ ।

### ४.५.२ प्रमुख समस्या

युवाशक्तिलाई उत्पादनशील क्षेत्रमा परिचाल गर्न नसक्नु, युवाशक्ति विदेश पलायन हनु, सीपमूलक तालिम नपाउदा युवामा दक्षता र क्षमताको कमी हुनु, युवा लक्षित ठोस नीति र कानुन नहनु, युवाहरूलाई उद्यमशील, रोजगारीमूलक र स्वरोजगार बनाउन नसक्नु, खेलकुदको विकासका लागि पूर्वाधारको कमी हुनु, व्यवसायिक खेलकुदको कमी, खेलकुद प्रशिक्षणको कमी हुनू, क्लव तथा खेलकुद सँग सम्बन्धीत संस्थाको आयस्रोतमा कमी हुनु, आदि यस क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन् ।

### ४.५.३ अवसर र चुनौती

**अवसर**

युवा तथा खेलकुद विकासका लागि संवैधानिक व्यवस्था भएको, स्थानीय तहमा रोजगार र स्वरोजगारका अवसर अभिवृद्धिका लागि सरकारको उच्च प्राथमिकता भएको, युवा संलग्न स्थानीय संयन्त्र रहेको, गाउँपालिकामा विभिन्न समुहका खेलाडीहरूका लागि खेलकुद प्रतियोगिता निरन्तरता भैरहेको, राष्ट्रपति रनिङशिल्ड प्रतियोगीताको निरन्तरता र पालिकास्तरीय भलिवल प्रतियोगीता कार्यक्रमको सञ्चालनमा निरन्तरता भएको आदि यस क्षेत्रका प्रमुख अवसरका रुपमा रहेका छन् ।

**चुनौती**

युवा क्षमताको विकास गर्न, युवा प्रतिभा पलायन रोक्न, युवामा सकारात्मक सोंचको विकास गराउन, युवाहरुलाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी बनाउन, स्थानीयस्तरमा रोजगारीका सम्भावनाहरूमा युवाहरूको आकर्षण गराउन, युवालाई खेलकुद प्रति प्रोत्साहित गराउन, खेलकुद पूर्वाधारको निर्माण गर्न, व्यवसायिक खेलकुदको विकास गर्न, खेलकुद प्रतियोगिता आयोजना गर्न आदि यस क्षेत्रका प्रमुख चुनौती रहेका छन् ।

### ४.५.४ दीर्घकालिन सोंच, लक्ष्य र उद्देश्यहरु

**सोंच**

रघुगंगा समृद्धिको आधार युवा जनशक्तिको विकास

**लक्ष्य**

युवा जनशक्तिलाई गाउँपालिकाको सर्बाङ्गिण विकासमा मूलप्रवाहिकरण गर्ने ।

## उद्देश्य

१. युवाहरुको सीप र नेतृत्व क्षमतामा वृद्धि गरी उद्यमशील, स्वरोजगार र स्वावलम्बी बनाउनु ।
२. खेलकुद पूर्वाधारको विकास गरी स्वास्थ्य, अनुशासित, प्रतिस्पर्धी र व्यवसायिक खेलाडी बनाउनु ।

## ४.५.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १: युवाहरुको सीप र नेतृत्व क्षमतामा वृद्धि गरी उद्यमशील, स्वरोजगार र स्वावलम्बी बनाउनु । | |
| १.१ युवाहरूको क्षमता विकास गरी रोजगारीको अभिवृद्धि गर्ने । | १.१.१ गाउँपालिकास्तरीय युवानीति निर्माण<br>१.१.२ युवाहरूलाई उनीहरूको अभिरुचि अनुसारको सीपमूलक तालिम दिई उद्यम, व्यवसायका लागि सहुलियतपूर्ण कर्जा उपलब्ध गराउन वित्तीय संस्थाहरूसँग सहजिकरण गरिनेछ ।<br>१.१.३ युवाहरूको दक्षता र क्षमताका आधारमा उद्यमशील, रोजगार मूलक र स्वरोजगारीमा आवद्ध गराइने छ ।<br>१.१.४ युवाहरूलाई दुर्व्यसनबाट रोकी उत्थानशील उत्पादन कार्यमा संलग्न गराउन प्रोत्साहित गरिने छ ।<br>१.१.५ युवाहरूलाई संगठित गर्न विभिन्न संघ सस्था र साँकृतिक क्लव, मनोरञ्जन समूह आदिमा संलग्न गराई प्रतिभा प्रष्फुटनको अवसर दिलाईने छ<br>१.१.६ परम्परागत मौलिक संस्कृति र सीपहरूलाई युवा पुस्तामा पुस्तान्तरण गर्न प्रोत्साहित गरिनेछ ।<br>१.१.७ व्यवसायीक सीप विकास तालिम र दिगो उद्यम घुम्ती कोषको स्थापना गरी सञ्चालनमा जोड दिइनेछ । |
| उद्देश्य २ : खेलकुद पूर्वाधारको विकास गरी स्वास्थ्य, अनुशासित, प्रतिस्पर्धी र व्यवसायिक खेलाडी बनाउनु । | |
| २.१ खेलकुद पूर्वाधारको विकास गर्ने । | २.१.१ विद्यालय स्तरमा खेलकुद शिक्षकको क्षमता विकास गरिनेछ ।<br>२.१.२ प्रत्येक वडामा एक एक वटा खेल मैदाननिर्माण वा स्तरोन्नती गरीने छ ।<br>२.१.३ विद्यालय स्तर देखि नै खेलकुद विकासका लागि हरेक विद्यालयमा खेल मैदानको व्यवस्थागर्न सहयोग गरिनेछ ।<br>२.१.४ गाउँपालिका स्तरीय अन्तर विद्यालय खेलकुद प्रतियोगिताको आयोजनाको साथै उत्कृष्ट खेलाडीलाई जिल्लास्तरीय प्रतियोगितामा भाग लिन प्रोत्साहित गरिनेछ ।<br>२.१.५ पालिका स्तरीय मेयर कप भलिवल र फुटवल सञ्चालन गरी व्यवसायिक खेलाडी उत्पादन गरिनेछ । |

## ४.५.६ कार्यक्रमका प्राथमिकता

१. गाउँपालिकास्तरीय युवानीति निर्माण
२. व्यवसायीक सीप विकास तालिम र दिगो उद्यम घुम्तीकोषको स्थापना तथा सञ्चालन कार्यक्रम
३. रंगशाला निर्माण ।
४. एक वडा एक खेलकुद मैदान निर्माण ।

### ४.५.७ विस्तृत कार्यक्रमहरु

| क्र. स. | संकेत | कार्यक्रम तथा क्रियाकलापहरु | इकाई | आधार वर्ष २०८०/८१ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | |
| १ | कखग | युवा लक्षित प्रविधिक तथा व्यवसायिक तालिम | पटक | १ | १ | १ | १ | १ | १ | ५ |
| २ | कख | उत्पादन क्षेत्रमा युवा प्रोत्साहन कार्यक्रम | प्याकेज | | १ | १ | १ | १ | १ | ५ |
| ३ | क | गाउँपालिकास्तरीय युवा नीति निर्माण | पटक | | | १ | | | | १ |
| ४ | क | युवाहरुलाई उत्पादन मूलक उद्यमका लागि अनुदान कार्यक्रम | प्याकेज | | १ | १ | १ | १ | १ | ५ |
| ५ | कख | परम्परागत पेशाको व्यवसायिकरण र प्रोत्साहन | प्याकेज | | १ | १ | १ | १ | १ | ५ |
| ६ | क | गाउँपालिकास्तरीय युवा तथा खेलकुद विकास समिति गठन | सख्या | | १ | – | – | – | – | १ |
| ७ | क | युवा उद्यमशिलता र व्यवसायिक योजना सम्बन्धी तालिम | प्याकेज | | १ | १ | १ | १ | १ | ५ |
| ८ | कखग | दिगो उद्यमको लागि घुम्ती कोषको स्थापना र सञ्चालन | प्याकेज | | १ | – | – | – | – | १ |
| ९ | कखग | वडास्तरीय युवा तथा खेलकुद क्लवहरुको स्थापना र सञ्चालन | सख्या | | २ | ३ | ३ | – | – | ८ |
| १० | कखग | एक वडा एक खेल मैदान निर्माण कार्यक्रम | सख्या | | २ | ३ | २ | १ | – | ८ |
| ११ | क | खेलकुद पूर्वाधार निर्माण | सख्या | | २ | ३ | २ | १ | – | ८ |
| १२ | क | युवा तथा खेलकुद क्लवहरुलाई खेलकुद सामग्री प्रोत्साहन | प्याकेज | | २ | ३ | २ | १ | – | ८ |
| १३ | कखग | अन्तर वडा स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन | पटक | | १ | १ | १ | १ | १ | ५ |
| १४ | कखग | गाउँपालिकास्तरीय भलिबल, फुटबल र ब्याडमिन्टन प्रतियोगिता | पटक | | १ | १ | १ | १ | १ | ५ |
| १५ | क | स्थानीयस्तरका लोपोन्मुख खेल पहिचान, सरक्षण र प्रवर्द्धन कार्यक्रम | प्याकेज | | १ | १ | १ | १ | १ | ५ |
| १६ | कखग | खेलकुद प्रशिक्षण कार्यक्रम | प्याकेज | | १ | १ | १ | १ | १ | ५ |

## ४.५.८ नतिजा खाका

| नतिजाको स्तर | नतिजा | सूचक | ईकाइ | आधार वर्ष २०८०/८१ | उपलब्धी | | | | | योजना अवधिको जम्मा लक्ष्य | पुष्ट्याईको आधार | जिम्मेवार निकाय | जोखिम पक्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | | | | | |
| प्रभाव | युवा जनशक्ति गाउँपालिकाको सर्वाङ्गिण विकासमा मूलप्रवाहिकरण भएको हुने । | रोजगारीमा नरहेका १५ देखि २४ वर्ष उमेर समूहका युवाहरु | प्रतिशत | ६५ | ५५ | ३५ | ३० | २५ | १० | १० | गापाप्र | गा पा | | |
| | | शिक्षामा नरहेका १५ देखि २४ उमेर समूहका युवा | प्रतिशत | ४५ | ४० | ३७ | २५ | २० | १० | १० | " | " | | |
| असर १ | युवाहरुको सीप र नेतृत्व क्षमतावान, उद्यमशील, स्वरोजगार र स्वावलम्बी युवा भएको हुने । | प्रविधिक तथा व्यवसायिक तालिम प्राप्त गरेका युवा | प्रतिशत | ५ | १५ | ३५ | ४५ | ५० | ६० | ६० | " | | | |
| | | क्षमता विकास भएर रोजगारमा लागेका युवाहरु | प्रतिशत | ४ | १५ | ३५ | ४५ | ५० | ६० | ६० | " | " | | |
| प्रतिफल १ | युवा नीति निर्माण भइ कार्यान्वयन भएको हुने | गाउँपालिका स्तरीय युवा नीति निर्माण | सख्या | | १ | - | - | - | - | १ | " | " | | |
| प्रतिफल २ | विकासमा युवा सहभागिता वृद्धि भएको हुने । | विकास सम्बन्धी कार्यमा सहभागी युवा | प्रतिशत | | १० | १५ | २५ | ३५ | ४५ | ४५ | " | " | | |
| प्रतिफल ३ | युवाहरुलाई उद्यमशील, स्वरोजगार र स्ववलम्बी हुन | घुम्तीकोषको स्थापना तथा सञ्चालन कार्यवीधि तयार | सख्या | | १ | - | - | - | - | १ | " | " | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रोत्साहन गर्न घुम्ती कोषको स्थापना र सञ्चालन भएको हुने | घुम्तीकोष स्थापना तथा सञ्चालन | सख्या | | १ | – | – | – | – | १ | " | " | | |
| असर २ | खेलकुद पूर्वाधारको विकास गरी स्वास्थ्य, अनुशासित, प्रतिस्पर्धी र व्यवसायिक खेलाडी उत्पादन भएको हुने | खेलकुद पूर्वाधार निर्माण भएका वडाहरु | सख्या | | २ | ३ | २ | १ | – | ८ | " | " | | |
| | | खेल मैदान निर्माण | सख्या | | २ | ३ | २ | १ | – | ८ | " | " | | |
| प्रतिफल १ | युवा तथा खेलकुद क्लवहरुको स्थापना र सञ्चालन भएको हुने । | सकृय युवा तथा खेलकुद क्लवहरु | सख्या | ३२ | सबै युवा तथा खेलकुद ल्कवहरु | | | | | ३२ | " | " | | |
| प्रतिफल २ | स्थानीयस्तरका लोपोन्मुख खेल पहिचान, संरक्षण र प्रवर्द्धन भएको हुने । | खेलकुद प्रशिक्षण कार्यक्रम | प्याकेज | | १ | १ | १ | १ | १ | ५ | " | " | | |
| प्रतिफल ३ | मैत्रीपूर्ण अन्तर गाउँपालिका स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन भएको हुने । | अन्तर वडा स्तरीय खेलकुद प्रतियोगिता | पटक | | १ | १ | १ | १ | १ | ५ | " | " | | |
| | | मैत्रीपूर्ण अन्तर गाउँपालिका खेलकुद प्रतियोगिता | पटक | | १ | १ | १ | १ | १ | ५ | " | " | | |
| | | गाउँपालिका स्तरीय भलिबल, फुटबल र ब्याडमिन्टन प्रतियोगिता | पटक | | १ | १ | १ | १ | १ | ५ | | | | |

# परिच्छेद ५ : भौतिक पूर्वाधार विकास क्षेत्र

## ५.१ सडक, पुल, झोलुंगे पुल, यातायात तथा पैदल मार्ग

### ५.१.१ पृष्ठभूमी

गाउँपालिकाको आर्थिक एवं सामाजिक विकासको लागि यातायात पूर्वधार निर्माण महत्वपूर्ण हुन्छ । सडक, पुल, केबलकार, रन्जुमार्ग लगायतका यातायातका साधनहरुको व्यवस्थापनले गाउँपालिकाको विकासमा टेवा पुऱ्याउँदछ । यस गाउँपालिकामा हालसम्म हाल रहेको सडकको कुल लम्बाइ करिब ५७.६७ कि.मि. रहेको छ । जस मध्ये ३ कि.मि. कालो पत्रे र बाँकी ५४.६७ कि.मि. कच्ची सडक रहेको छ । कच्ची सडकहरुको स्तर उन्नती गरी कालो पत्रे गर्ने र कतिपय स्थानमा नयाँ ट्र्याक खोली पक्की पुल र कल्भर्ट निर्माण गरी यातायातलाई सुचारु र व्यवस्थित गर्नु नितान्त जरुरी छ । यसको साथै पर्यटकीय पदमार्गको सञ्चालन गरी पर्यटन व्यवसायको संभाव्यता अध्ययन गरी पर्यटन व्यावसाय मार्फत गाउँपालिकामा रोजगार सिर्जना गरी आर्थिक गतिविधि बढाउनु पनि उत्तिकै जरुरी छ । गाउँपालिकामा सडक यातायातको विकास भएको भएता पनि पैदल मार्गको उतिकै महत्व रहेको छ । ग्रामिण क्षेत्रमा वसोवास गर्नेहरु गाउँबेशी गर्ने देखि लिएर घाँस दाउराका लागि जंगल जाने होस पैदल मार्गको प्रयोग भई नै रहेको छ । तर ति पैदल मार्गहरु संरक्षणको अभावमा जीर्ण बन्दै गएका छन । गाउँपालिकाको धेरैजसो भौगोलिक बनावट भिरालो रहेको छ भने कुनै कुनै भु-भाग सम्म परेको पनि छ । बाढि तथा पहिरोले हरेक वर्ष सडक, सिंचाई तथा विद्युत जस्ता पूर्वाधारहरुको क्षति हुने गरेको छ । निर्माण भएका अधिकाँश सडकहरुमा भूकम्प प्रतिरोधी प्रविधि, विपद उत्थानशिलता तथा वातावरणीय पक्षलाई कम ध्यान दिइएको छ । त्यसैगरी सडक निर्माण गर्दा नालीहरुको निर्माण गरेको देखिदैन । सडक तथा पुलहरुको निर्माण गर्दा अपनाउनुपर्ने न्यूनतम मापदण्ड र निर्देशिका निर्माण र कार्यान्वयनमा गाउँपालिकाले जोड दिन जरुरी देखिन्छ । सडक, पुल, झोलुंगे पुल, यातायात तथा पैदल मार्गको दिगो विकास र व्यवस्थापन गर्दै लैजानु पर्ने टड्कारो अवश्यकता रहेको छ ।

### ५.१.२ प्रमुख समस्या

अधिकांश सडकहरु कच्ची र साँघुरा हुनु, बिना योजना र प्राविधिक सहयोग बिना सडक विस्तार गर्नु, विभिन्न सडकलाई जोड्ने पक्की पुल, पुलेसा, नाली र कल्भर्टको निर्माण नहुनु, वातावरणीय पक्षलाई ध्यान नदिई सडक विस्तार गर्नु, पर्यटकीय पदमार्गको विस्तार नहुनु, सडक यातायात बाहेक अन्य यातायातका साधनहरुको अभाव हुनु, वैज्ञानिक भाडादर कायम नहुनु, सडक निर्माणमा बजेट विनियोजन र सञ्चालनमा कुशलताको अभाव, ठेक्का पट्टा व्यवस्थापनमा कमजोरी रहनु, मापदण्ड विना नै सडक योजनाहरुको पहिचान र छनौट हुनु, गाउँपालिकाको पूर्वाधार व्यवस्थापन सम्बन्धि ऐन, २०७५ अनुसार सडकहरु वर्गिकरण गर्न नसक्नु, सडक सञ्जालको योजना बनाउँदा विपद जोखिम न्यूनिकरणमा ध्यान पुऱ्याउन नसक्नु, पुराना सबैरी साधन र चालकलाई प्रशिक्षणको अभाव, सडक यातायात व्यवस्थित नहुनु यस क्षेत्रका प्रमुख समस्याहरु हुन ।

### ५.१.३ चुनौती र अवसर

#### चुनौती

गाउँपालिकाका महत्वपूर्ण सडकहरुको स्तर उन्नती गर्न, ११ वटै वडा केन्द्रदेखि गाउँपालिका केन्द्रसम्म जोड्ने सडकको स्तरोन्नती, विस्तार र कालो पत्रे गर्न, पूर्वाधार सम्बन्धी कामको गुणस्तर कायम गर्न, निर्माण सम्बन्धी कार्य समयमा सम्पन्न गर्न, वातावरणमा पर्न सक्ने प्रतिकुल असरहरुलाई रोक्न, वृहतरुपमा वातावरणीय पक्षलाई ध्यान दिई सडक विस्तार र तिनको स्तरोन्नती गर्न, हालका बस्ती र वडा जोड्ने सडक सञ्जाललाई अपाङ्गता

मैत्री बनाउन, सडक यातायात बाहेक यातायातका अन्य साधनहरु जस्तैः केवलकार सञ्चालन गर्न, छरिएर रहेका विभिन्न घरधुरीलाई जोड्ने सडक निर्माण गर्न, यातायातका साधनलाई दिगो, व्यवस्थित र भरपर्दो बनाउन उपयुक्त भाडादर कायम गर्न, यात्रु बीमा, चालक प्रशिक्षण तथा तालिम र पुराना सबैरी साधनहरु हटाइ नयाँ सञ्चालन गर्न, निर्माण सम्पन्न तथा निर्माधिन सडक वातावरणमैत्री बनाउँदै नेपाल सरकारको मापदण्ड अनुसार गुणस्तर कायम गर्न यस  क्षेत्रका चुनौतीहरु रहेका छन् ।

**अवसरहरु**

गाउँपालिका केन्द्रदेखि वडा केन्द्र सम्म जोड्ने सडक निर्माणमा प्रदेश सरकारले आर्थिक सहयोग र समन्वयन भएको, गाउँपालिकाका महत्वपूर्ण सडकहरु स्तर उन्नती र कालो पत्रे गर्न र पर्यटकीय पदमार्ग निर्माणमा संघीय सरकारको सहयोग रहेको, महत्वपूर्ण सडकहरु जोड्ने पक्कीपुल निर्माणमा प्रदेश र संघीय सरकारको समन्वय भएको, यातायात सेवा सञ्चालनमा निजी क्षेत्रको संलग्नता रहेको, रघुगंगा गाउँपालिकाको यातायात गुरुयोजना तयार भएको, संघिय तथा प्रदेश सरकारले यातायत तथा सडक पूर्वाधार निर्माणलाई प्राथमिकतामा राखेको यस क्षेत्रका प्रमुख अवसरहरु रहेका छन् ।

## ५.१.४ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य

### सोंच

**"हाम्रो सडक राम्रो सडक"** सडक पूर्वाधारको दिगो रुपमा विकास र विस्तार भई गाउँपालिकाका सबै बस्तिमा सहज यातायातको सुविधा उपलब्ध हुने ।

### लक्ष्य

गुणस्तरीय सडक संजालको विस्तार गरी आर्थिक तथा सामाजिक अवसरहरुमा गाउँपालिकावासीको पहुँच वृद्धि भएको हुनेछ ।

### उद्देश्य

१. दिगो, भरपर्दो, सुरक्षित र वातावरणमैत्री यातायात संजालको विस्तार गर्ने ।
२. सडक, पुल पुलेसा, पैदल मार्गको उचित संरक्षण, मर्मत संभार तथा व्यवस्थापन गरि गाउँपालिका वासीका सहज यातायातमा पहुँचमा वृद्धि गर्ने ।

## ५.१.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ः दिगो, भरपर्दो, सुरक्षित र वातावरणमैत्री यातायात संजालको विस्तार गर्ने । | |
| १.१ यातायात संजाल विस्तार गर्ने । | १.१.१ गाउँपालिकाका महत्वपूर्ण सडकहरु कालो पत्रे गरी पक्की पुल निर्माण गरिनेछ ।<br>१.१.२ वडा केन्द्रदेखि गाउँपालिका केन्द्रसम्म जोड्ने सडकको स्तर वृद्धि गरिनेछ ।<br>१.१.३ पर्यटक पदमार्ग सञ्चालन र रिङरोडको संभाव्यता अध्ययन गरिनेछ ।<br>१.१.४ निजी क्षेत्रसंग समन्वय गरी हरेक बस्तिमा यातायात सुविधा पुऱ्याउने ।<br>१.१.५ आवश्यक स्थानमा जीपपार्कको व्यवस्थापन गर्ने ।<br>१.१.६ वैज्ञानिक भाडादर,जीप काउन्टर र चालक प्रशिक्षणको व्यवस्था गरीनेछ ।<br>१.१.७ गाउँपालिकाका सडक संजाले नछोएका बस्तीमा नयाँ ट्याक खोली सडक संजालले जोड्ने कार्यलाई जोड दिइनेछ । |

| | |
|---|---|
| | १.१.८ एक वडा एक हेलीप्याड निर्माणलाई निरन्तरता दिइने छ ।<br>१.१.९ सडक साथै निकटवर्ती ठूला शहरहरूसम्म जोड्ने सडकलाई उच्च प्राथमिकताका साथ स्तरोन्नति र सुविधा सम्पन्न बनाई निर्माण गर्न सबै श्रोतहरूबाट बजेटको प्रबन्ध गरीनेछ ।<br>१.१.१० सम्पूर्ण कृषि सडक तथा ग्रामिण बस्तीलाई बजार केन्द्रसम्म जोड्ने अन्य सडकहरूलाई समेत उच्च प्राथमिकतामा राखिनेछ । |
| १.२ अपांग मैत्री, वातावरण मैत्री तथा सडक पूर्वाधारको दिगोपनाका उपायहरुको अवलम्बन गर्ने । | १.२.१ गाउँपालिकाका सडकलाई अपाङ्गमैत्री, वातावरणमैत्री बनाइनेछ ।<br>१.२.२ सडकको दिगो व्यवस्थापनको लागि सडक नाला, पहिरो जाने स्थान, तथा अन्य संबेदनशील स्थानमा बृक्षारोपण तथा वायो इन्जिनियरिङ प्रविधिको प्रयोग गरिनेछ ।<br>१.२.३ सडक छेउ तथा सडक आसपासका भू-क्षय हुने स्थानमा वृक्षारोपण गरिनेछ ।<br>१.२.४ सडकको दिगो विकासको लागि उपयुक्त स्थानहरूमा सम्भाव्यता हेरी कम्तिमा २५ प्रतिशत सडकहरू बायो इन्जिनियरिङ प्रविधिमा आधारित रही सम्पन्न गरिनेछ । |
| १.३ ग्रामिण बस्तीमा सहज पैदल यात्राको लागि गोरेटो बाटोको संजाल विस्तार गर्ने । | १.३.१ गाउँपालिका भित्रका जीर्ण पैदल मार्गको मर्मत संभार गरि पैदल यात्रालाई सहज बनाइनेछ ।<br>१.३.२ पैदल मार्गमा पर्ने खोला तथा खोल्सीमा झोलुङ्गे पुलको व्यवस्था गरिने छ ।<br>१.३.३ भएका पर्यटकीय पैदलमार्गको मर्मत गरी नयाँ पैदलमार्गको खोजी र विस्तार गरिनेछ । |
| उद्देश्य नं २ सडक, पुल पुलेसा, पैदलमार्गको उचित संरक्षण, मर्मत संभार तथा व्यवस्थापन गरि गाउँपालिकावासीको सहज यातायातमा पहुँचमा वृद्धि गर्ने । | |
| २.१ संघ र प्रदेश संग समन्वय गरि सार्वजानिक, समुदाय तथा उपभोक्ता समिति सहभागितामा सडकको मर्मत संभार तथा व्यवस्थापन गर्ने । | २.१.१ गाउँपालिका भित्रका मुख्य सडकहरूलाई बाह्रै महिना गाडी सञ्चालन गर्न सकिने सडक बनाउन जोड दिइनेछ ।<br>२.१.२ सडक पूर्वाधारको उचित मर्मत संभार र व्यवस्थापनका लागि संस्थागत संजालको व्यवस्था गरिने छ ।<br>२.१.३ सडकको मर्मत संभार गर्न संघ प्रदेश संग समन्वय गरि गाउँपालिकाले एउटा छुट्टै मर्मत संभार कोषको व्यवस्थापन गरिनेछ ।<br>२.१.४ सडक तथा पैदल मार्गको मर्मत तथा संरक्षणको लागि स्थानीय उपभोक्ता, उपभोक्ता समितिलाई उत्तरदायी बनाईनेछ । |

## ५.१.६ कार्यक्रमका प्राथमिकता

१. गाउँपालिका केन्द्र देखि वडाहरु जोड्ने सडकहरुको स्तरोन्नति गर्ने ।

२. बेगखोला देखि भगवती हुँदै मौंवाफाँट जाने सडक कालोपत्रे गर्ने ।

३. मालिका अल्छिढुङ्गा देखि मौवाफाँट मोटरबाटो पिच गर्ने ।

४. मौंवाफाँट देखि झिँ हुदै पाखापानी सम्मको मोटरबाटो स्तरोन्नती गर्ने ।

५. मौंवाफाट देखि चिमखोला हुदै घ्याँसीखर्क सम्मको मोटरबाटो स्तरोन्नती गर्ने ।

६. बसपार्क निर्माण तथा व्यवस्थापन गर्ने ।

## ५.१.७ विस्तृत कार्यक्रमहरु

| क्र. स. | संकेत | कार्यक्रम तथा क्रियाकलापहरु | इकाई | आधार वर्ष २०८०/८१ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | |
| १ | कखग | क्रमागत योजना सञ्चालन | सख्या | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | सबै |
| २ | खग | नाला, पर्खाल सहित सडक कालोपत्रे | किमी | ३ | १० | १० | २० | १० | ५ | ५७ |
| ३ | क | सडक विस्तार तथा स्तरोन्नती - ग्राभेल | किमि | | ५ | ५ | १५ | १५ | ५ | ४० |
| ४ | क | सडक नाली निर्माण | किमि | | ५ | ५ | १५ | १५ | ५ | ४० |
| ५ | खग | सडक पुल | सख्या | | - | १ | २ | - | - | २ |
| ६ | कखग | ग्रामिण सडक मर्मत सुधार | पटक | | १ | १ | १ | १ | १ | ५ |
| ७ | क | नयाँ ट्रयाक खोल्ने | किमि | | - | ५ | ५ | - | १० | १० |
| ८ | खग | झोलुंगे पुल (नयाँ निर्माण) | सख्या | | ३ | १० | ५ | ३ | २ | २३ |
| ९ | क | झोलुंगे पुल मर्मत | सख्या | | आवश्यकता अनुसार | | | | | |
| १० | कख | घोरेटो बाटो नयाँ निर्माण तथा मर्मत | सख्या | | ३ | ४ | २ | २ | २ | १४ |
| ११ | कख | बसपार्क निर्माण तथा विस्तार | सख्या | | | १ | - | - | - | १ |
| १२ | कख | सडकको डिपिआर तयार | सख्या | | | नयाँ ट्रयाकको | | | | |
| १३ | क | सडकको IEE अध्ययन | सख्या | | | ३ | २ | - | - | ५ |
| १४ | क | योजना तथा आयोजनाको सामाजिक परिक्षण | सख्या | | १ | १ | १ | १ | १ | ५ |

## ५.१.८ नतिजा खाका

| नतिजाको स्तर | नतिजा | सूचक | ईकाइ | आधार वर्ष २०८०/८१ | उपलब्धी | | | | | योजना अवधिको जम्मा लक्ष्य | पुष्टयाईको आधार | जिम्मेवार निकाय | जोखिम पक्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | | | |
| प्रभाव | गुणस्तरीय सडक संजालको विस्तार भएको हुने । | बाह्रै महिना सवारी साधन सञ्चालन हुने गुणस्तरीय सडक | सख्या | | १ | १ | १ | - | - | ३ | गापावाप्र | भौपूविशा | | |
| असर १ | दिगो, भरपर्दो, सुरक्षित र वातावरणमैत्री,जेष्ठ नागरिकमैत्री, अपाङ्गमैत्री यातायात संजालको विस्तार भएको हुने | वडा केन्द्रदेखि गाउँपालिका केन्द्रसम्म जोड्ने जेष्ठ नागरिक मैत्री, वातावरणमैत्री अपाङ्गमैत्री,नाला, पर्खाल सहित कालोपत्रे सडक | किमि | | १० | १० | २० | १० | ५ | ५७ | " | " | | |
| प्रतिफल १ | वातावरणमैत्री तथा दिगोपना भएका वडाबाट नगरालिका, गाउँपालिका केन्द्रबाट जिल्ला सदरमुकाम र अन्य शहरसंग जोड्ने सडक भएको हुने । | वातावरणमैत्री तथा दिगोपना भएका वडाबाट गाउँपालिका, गाउँपालिका केन्द्रबाट जिल्ला सदरमुकाम र अन्य शहरसंग जोड्ने सडक | सख्या | | १ | २ | - | - | - | ३ | " | " | | |
| प्रतिफल २ | संघ र प्रदेशसंग समन्वय र | ग्रामिण सडक मर्मत सुधार | पटक | | १ | १ | १ | १ | १ | ५ | " | " | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | उपभोक्ता समितिको सहभागितामा सडकको मर्मत संभार र व्यस्थापन भएको हुने । | सडकको डिपिआर तयार (नयाँ ट्र्याक) | सख्या | | | १ | १ | १ | | ३ | " | " | | |
| | | प्रारम्भिक वातावरणीय परीक्षण (IEE) भएको सडक | सख्या | | १ | १ | १ | - | - | ३ | " | " | | |
| | | योजना तथा आयोजनाको प्रभाव मुल्यांकन | संख्या | | - | ५ | - | - | - | ५ | " | " | | |
| | | निर्माण भएका बसपार्क | संख्या | | | १ | - | - | - | १ | " | " | | |
| असर २ | सडक, पुल पुलेसा, पैदल मार्गको उचित संरक्षण, मर्मत संभार तथा व्यवस्थापन गरि गाउँवासीको सहज यातायातमा पहुँच वृद्धि भएको हुने | सडक पुल | संख्या | | १ | - | २ | १ | - | ३ | " | " | | |
| | | झोलुंगे पुल (नयाँ निर्माण) | संख्या | | ३ | १० | ५ | ३ | २ | २३ | गापावाप्र | गापाभौ पूशा. | | |
| | | झोलुंगे पुल मर्मत | संख्या | | २ | - | २ | ३ | - | ७ | " | " | | |
| प्रतिफल १ | गाउँ बस्तीमा सहज पैदल यात्राको लागि गोरेटो बाटोको संजाल विस्तार भएको हुने । | नयाँ निर्माण तथा मर्मत भएका गोरेटो बाटो | संख्या | | ३ | ४ | २ | २ | २ | १४ | " | " | | |

## ५.२ भवन निर्माण, आवास तथा बस्ती विकास

### ५.२.१ पृष्ठभूमि

सरकारी र सामुदायिक भवन जनताका आवास र बस्ती सुरक्षित स्वस्थ्यकर, वातावरणमैत्री, भुकम्प प्रतिरोधी र किफायती हुनु पर्दछ । गाउँपालिकाले राष्ट्रिय भवन निर्माण संहितालाई ध्यानमा राखेर भवन निर्माण कार्यविधि निर्माण गरी कार्यन्वयन गर्नु पर्दछ । घरबार विहिन जनताहरुलाई आवास कार्यक्रम अन्तरगत समावेश गर्नु जरुरी छ । छरिएर रहेका घर बस्ती, बाढी पहिरो र भु-क्षयको जोखिममा रहेका बस्तीहरुलाई स्थानान्तरण गरी एकीकृत बस्ती निर्माण गर्न गाउँपालिकाले जोड दिनु पर्दछ । विपद जोखिम प्रतिरोधी भवन संहिता र त्यसको प्रभावकारी कार्यान्वयन र अनुगमनको लागि एउटा संयन्त्र पनि हुन आवश्यक छ । हालसम्मको अवस्थामा गाउँपालिकाका ८ वटा वडा कार्यालय मध्ये ३ वटाको आफ्नै भवन भएको र बाँकी ५ वटा वडाको आफ्नै भवन नभएको र गाउँपालिका कार्यालयले आफ्नै भवनमा कार्य सञ्चालन गरेको अवस्था छ ।

### ५.२.२ प्रमुख समस्या

राष्ट्रिय भवन निर्माण आचारसंहिता पूर्ण रुपमा कार्यन्वयन नहुनु, भवन निर्माण मापदण्ड निर्माण नहुनु, भवन निर्माण गर्ने कामदारमा प्राविधिक क्षमता र दक्षतामा कमी हुनु, गुणस्तरीय निर्माणको सामग्री अभाव, भवन निर्माण किफायती र सस्तो नहनु, भवन निर्माणमा प्राविधिकको रेखदेख, निरीक्षण र अनुगमनको कमी, सुरक्षित, स्वास्थ्यकर, सुविधायुक्त र वातावरणमैत्री आवास निर्माण नहुनु, सामुदायिक आवास निर्माणमा जनचासो नहुनु, जोखिमयुक्त बस्तीहरु स्थानान्तरण गरी एकीकृत बस्ती निर्माणको अवधारणा सम्बन्धी कम ज्ञान हुनु यस क्षेत्रका प्रमुख समस्याहरु हुन ।

### ५.२.३ चुनौती र अवसर

#### चुनौती

राष्ट्रिय भवन निर्माण आचारसंहिता अनुरुप भवन निर्माण मापदण्ड तयार गरी कार्यन्वयन गर्न, सुरक्षित, स्वास्थ्यकर, सुविधायुक्त, कम खर्चिलो, भुकम्प प्रतिरोधी, वातावरणमैत्री भवन निर्माण गर्न, दक्ष कामदार, प्राविधिक र गुणस्तरीय निर्माण सामग्री उपलब्ध गराई भवन तथा आवास निर्माण गर्न, जोखिमयुक्त र छरिएका बस्तीहरुलाई स्थानान्तरण गराई एकीकृत बस्ती निर्माण गर्न, गरिबीको रेखामुनी रहेका, पिछडिएका, दलित, अति सीमान्तकृत र जोखिम क्षेत्रमा रहेका वर्गहरूलाई सामूहिक, सुरक्षित वातावारणमैत्री, न्यून लागत लाग्ने आवासको व्यवस्थापन गर्न यस क्षेत्रका प्रमुख चुनौतीहरु हुन ।

#### अवसर

सरकारी र सामुदायिक भवन निर्माणमा प्रदेश सरकारसँग समन्वयन भएको, राष्ट्रिय भवन निर्माण आचारसंहिता अनुरुप भवन मापदण्ड निर्माण गरी कार्यन्वयन भएको, स्थानीय क्षेत्रमा उपलब्ध सामग्री, गाउँपालिकामा कार्यरत प्राविधिक र स्थानीय कामदारद्धारा कम खर्चमा भवन तथा आवास निर्माण गर्न, भवन तथा आवास निर्माण सम्बन्धी ज्ञानको क्रमशः अभिवृद्धि हुदै गएको, जनता आवास कार्यक्रम सञ्चालन भएको र जोखिमयुक्त बस्तीको विषयमा जनतामा जानकारी प्राप्त भएको यस क्षेत्रका अवसरहरु हुन ।

### ५.२.४ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य

#### सोंच

रघुगंगा गाउँपालिकको दिगो विकास, सुरक्षित र भूकम्प प्रतिरोधात्मक एकिकृत आवास

**लक्ष्य**

सुरक्षित, सुविधायुक्त, कम, खर्चिलो, वातावरण मैत्री, प्रविधियुक्त र स्थानीय निर्माण सामग्रीमा आधारित भवन आवास तथा बस्तीको निर्माण गर्ने ।

**उद्देश्य**

१. स्थानीय निर्माण सामग्रीको आधिकतम प्रयोग गरी सुरक्षित, वातावरणमैत्री र किफायती भवन निर्माण गर्ने ।

२. जोखिमयुक्त र छरिएर रहेका बस्तीहरुलाई स्थानान्तरण गरी एकीकृत रुपमा बस्ती निर्माणको योजना तयार गर्ने ।

३. पुराना तथा क्षतिग्रस्त भएका घर र सार्वजनिक भवनहरुको मर्मत तथा पुनःनिर्माण गर्ने ।

## ५.२.५ रणनीति र कार्यनिती

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १.स्थानीय निर्माण सामग्रीको आधिकतम प्रयोग गरी सुरक्षित, वातावरणमैत्री र किफायती भवन निर्माण गर्ने । | |
| १.१ एकिकृत तथा सुरक्षित बस्ती विकास गर्ने । | १.१.१ भू-उपयोग योजना अनुसार एकिकृत बस्ती विकास गर्दै लगिनेछ ।<br>१.१.२ अव्यवस्थित बस्तीहरूलाई एकिकृत र व्यवस्थित गर्न कम्तीमा ल्याण्ड पूलीङ गरी एक नमूना बस्ती विकास कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.१.३ नमुना बस्तीमा सडक, ढल, खानेपानी, विद्युत लगायतका पूर्वाधार सुविधालाई एकिकृत रूपमा आवद्ध हुने गरी विकास गरिनेछ ।<br>१.१.४ सुरक्षित आवास, वस्ति विकास तथा सार्वजनिक निर्माणका लागि चेतना अभिवृद्धि गरिनेछ । |
| उद्देश्य २. जोखिमयुक्त र छरिएर रहेका बस्तीहरुलाई स्थानान्तरण गरी एकीकृत रुपमा बस्ती निर्माणको योजना तयार गर्ने । | |
| २.१ गाउँपालिका स्तरीय भवन संहिता तयार गरि कार्यान्वयन गर्ने । | २.१.१ भवन संहिता तयार गरी कार्यान्वयन गरिनेछ ।<br>२.१.२ पुरुष तथा महिला डकर्मी सिकर्मीहरूलाई मापदण्ड अनुसारको घर निर्माण सम्बन्धमा तालिम तथा अभिमुखीकरण गरिनेछ ।<br>२.१.३ सरकारी तथा सार्वजनिक भवनहरू बालमैत्री, जेष्ठनागरिकमैत्री, महिला र अपाङ्गता मैत्री बनाइनेछ ।<br>२.१.४ खरको छाना विस्थापन गरी ढुङ्गाको छाना लगाउन अनुदानको व्यवस्था गरिनेछ ।<br>२.१.५ सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत १ वडा १ घर निर्माण गर्ने नीति अवलम्बन गरिनेछ । |
| उद्देश्य ३. पुराना तथा क्षतिग्रस्त भएका घर र सार्वजनिक भवनहरुको मर्मत तथा पुनःनिर्माण गर्ने । | |
| ३.१ पुराना तथा क्षतिग्रस्त भएका आवास तथा भवनहरू को पुनर्निर्माण गर्ने । | ३.१.१ पुराना तथा क्षतिग्रस्त निजी आवास, सार्वजनिक भवन तथा बस्ती पुनर्निर्माणको कार्यलाई सहजीकरण गरिनेछ ।<br>३.१.२ जोखिम नक्साङ्कन गरी जोखिमयुक्त स्थानमा रहेका घर बस्तीलाई सुरक्षित स्थानमा स्थानन्तरण गरिनेछ ।<br>३.१.३ व्यवस्थित ढङ्गले चलिरहेको आवास पुनःनिर्माण अभियानलाई पूर्णता दिन गति तिव्र बनाइनेछ ।<br>३.१.४ पुराना तथा क्षतिग्रस्त घर, सार्वजनिक भवन, ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक धरोहरहरूको संघ, प्रदेश तथा दातृ निकायसंगको समन्वयमा श्रोत जुटाई मर्मत तथा पुनःनिर्माण कार्यलाई जोड दिईनेछ । |

## ५.२ .६ कार्यक्रमका प्राथमिकता

१. भवन निर्माण मापदण्ड तयार गर्ने ।

२  एकीकृत बस्ती निर्माणको संभाव्यता अध्ययन गर्ने ।

३. पुराना तथा क्षतिग्रस्त आवास, सार्वजनिक तथा सामुदायीक भवनहरुको विपद जोखिम प्रतिरोधी ढंगले मर्मत तथा पुन निर्माण कार्यलाई जोड दिने ।

४. जनता अवास कार्यक्रमलाई जोड दिने ।

## ५.२.७ विस्तृत कार्यक्रमहरु

| क्र. स. | संकेत | कार्यक्रम तथा क्रियाकलापहरु | इकाई | वर्ष २०८०/८ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | |
| १ | क | गाउँपालिकाको सार्वजनिक सम्पत्तिहरुको लगत तयार | पटक | | १ | १ | १ | १ | १ | ५ |
| २ | कग | पुराना तथा क्षतिग्रस्त भएका आवास तथा सरकारी भवनहरुको पुन:निर्माण | संख्या | | ३ | २ | १ | – | – | ६ |
| ३ | क | भूउपयोग योजना तयारी र लागू | संख्या | | १ | – | – | – | – | १ |
| ४ | क | खुला स्थान एवं पार्कहरुको निर्माण तथा संरक्षण | संख्या | | १ | २ | ४ | ३ | – | १० |
| ६ | कग | वडा कार्यालय भवन निर्माण | सख्या | | – | २ | ३ | – | – | ५ |
| ७ | कख | अन्य सार्वजानिक भवन निर्माण तथा स्तरोन्नती | सख्या | | ३ | १ | २ | २ | १ | ९ |
| ८ | कख | पार्क निर्माण | सख्या | | १ | ३ | २ | १ | १ | ८ |
| ९ | क | ल्याण्डफिल साइट निर्माण | सख्या | | – | १ | – | – | – | १ |
| १० | क | ढलको निर्माण | सख्या | | १ | २ | १ | १ | १ | ६ |
| ११ | क | फोहरमैला व्यवस्थापन तथा वातावरणीय कानुनी शिक्षा, सम्बन्धमा नागरीक शिक्षा कार्यक्रम सञ्चालन | पटक | | १ | १ | १ | १ | १ | ५ |
| १२ | कग | १० शैयाको अस्पताल भवन निर्माण | सख्या | | १ | – | – | – | – | १ |
| १३ | कखग | स्वास्थ्य चौकी र स्वास्थ्य केन्द्र भवन निर्माण तथा स्तरोन्नती | सख्या | | २ | २ | – | – | – | ४ |
| १४ | कखग | भुकम्प प्रतिरोधात्मक घर निर्माण तथा चेतनामुलक तालिम तथा प्रर्दशनी कार्यक्रम | पटक | | १ | १ | १ | १ | १ | ५ |
| १५ | क | एकिकृत नमूना बस्ती निर्माणका लागि डिपिआर तयार | संख्या | | – | १ | – | – | – | १ |
| १६ | क | सुरक्षित नागरिक आवास कार्यक्रम सञ्चालन | पटक | | १ | १ | १ | १ | १ | ५ |

## ५.२.८ नतिजा खाका

| नतिजाको स्तर | नतिजा | सूचक | ईकाइ | आधार वर्ष २०८०/८१ | उपलब्धी ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | योजना अवधिको जम्मा लक्ष्य | पुष्ट्याईको आधार | जिम्मेवार निकाय | जोखिम पक्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | सुरक्षित, सुविधायुक्त, कम खर्चिलो, वातावरण मैत्री, प्रविधियुक्त र स्थानीय निर्माण सामग्री मा आधारित भवन आवास तथा बस्ती भएको हुने | सुरक्षित, सुविधायुक्त, कम खर्चिलो, वातावरणमैत्री, प्रविधियुक्त र स्थानीय निर्माण सामग्रीमा आधारित भएर निर्माण भएका घरहरु मा वसोवास गर्ने घरपरिवार | प्रतिशत | २० | ३० | ४० | ५० | ६० | ७० | ७० | गापावा प्रतिवेदन | गापा र भौपूविम | | |
| असर १ | स्थानीय निर्माण सामग्रीको अधिकतम प्रयोग गरी सुरक्षित, वातावरणमैत्री र किफायती भवन निर्माण भएको हुने | स्थानीय निर्माण सामग्रीको प्रयोग गरी निर्माण गरीएका घरहरु | प्रतिशत | | १५ | ३५ | ५५ | ६५ | ६० | ६० | " | " | | |
| प्रतिफल १ | स्थानीय स्तरको भवन निर्माण मापदण्ड तयार र कार्यन्वयन भएको हुने | स्थानीय स्तरको भवन निर्माण नीति | सख्या | | १ | - | - | - | - | १ | गापा स्था राजपत्र | गापा | | |
| | | स्थानीय स्तरको भवन निर्माण मापदण्ड | सख्या | | १ | - | - | - | - | १ | नपा स्था राजपत्र | गापा | | |
| | | स्थानीय स्तरको भवन निर्माण मापदण्ड बमोजिम बनेका घरहरु | प्रतिशत | | १५ | २० | ३५ | ६० | ७० | ७० | गापा वा प्रतिवेदन | गापा र भौपूविम | | |
| प्रतिफल २ | सार्वजानिक भवन निर्माण तथा स्तरोन्नती भएको हुने | प्रशासकीय भवन, वडा कार्यालय भवन र अन्य सार्वजानिक भवन निर्माण तथा स्तरोन्नती | सख्या | | ५ | ७ | ५ | ५ | ५ | २७ | " | " | | |
| प्रतिफल ३ | सुरक्षित नागरिक आवास कार्यक्रम कार्यक्रम अन्तर्गत १ वडा १ नमूना घर निर्माण गर्ने नीति अवलम्बन भएको हुने । | जनता अवास कार्यक्रम अन्तर्गत निर्माण भएका घरहरु | सख्या | | १ | २ | ३ | १ | १ | ८ | " | " | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | निर्माण तथा संरक्षण भएका पार्कहरु | सख्या | | १ | ३ | २ | १ | १ | ८ | " | " | | |
| | | निर्माण भएको ल्याण्डफिलसाइट | सख्या | | १ | – | – | – | – | १ | " | " | | |
| असर २ | जोखिमयुक्त र छरिएर रहेका बस्तीहरुलाई स्थानान्तरण गरी एकीकृत रुपमा बस्ती निर्माणको योजना तयार भएको हुने । | एकीकृतबस्ती निर्माण योजना | सख्या | | १ | – | – | – | – | १ | " | " | | |
| प्रतिफल १ | एकिकृत नमूना बस्तीको डिपिआर तयार भएको हुने | एकिकृत नमूना बस्ती निर्माणका लागि डिपिआर तयार | सख्या | | १ | – | – | – | – | १ | " | " | | |
| प्रतिफल २ | जोखिमयुक्त स्थान र अनधिकृत रुपले बसोबास गर्ने घरपरिवारको पहिचान भइ त्यस्ता स्थानबाट हटेको हुने | जोखिम युक्त स्थान र अनधिकृत रुपमा रहेका बस्ती तथा घरपरिवार सुरक्षित स्थानमा स्थानान्तरण गर्ने कार्य | स्थान | | – | १ | – | – | – | १ | " | " | | |
| असर ३ | पुराना तथा क्षति ग्रस्त भएका घर र सार्वजनिक भवनहरुको मर्मत तथा पुन:निर्माण कार्य सम्पन्न भएको हुने | मर्मत तथा पुन:निर्माण गरीएका घर तथा सार्वजनिक भवन | सख्या | | मर्मत तथा पुन:निर्माण भएका सबै | | | | | | " | " | | |
| प्रतिफल १ | निजी आवास, सार्वजनिक भवन, विद्यालय र स्वास्थ्य संस्थाहरुको मर्मत तथा पुन:निर्माण सम्पन्न भएको हुने | क्षतिग्रस्त आवास तथा सार्वजनिक भवन | | | मर्मत तथा पुन:निर्माण भएका सबै | | | | | | " | " | | |

## ५.३ सिंचाई

### ५.३.१ पृष्ठभूमि

कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धिमा सिंचाई महत्वपूर्ण माध्यम हो । सिंचाई सुविधाका दृष्टिले नदि, खोलानाला र गाउँपालीकाका वर्षेमुल प्रमुख स्रोतको रूपमा रहेका छन् भने अहिले सम्म धेरैजसो वर्षे मूलमा अर्थात आकासे पानीमा नै भर पर्नुपर्ने अवस्था छ । गाउँपालिका क्षेत्रमा कुल ५ वटा बाह्रै महिना सञ्चालन हुने कुलाहरु रहेको देखिन्छ । सिंचाई सुविधा पुऱ्याएको जमिनको क्षेत्रफल ६२९ हेक्टर जसमध्ये बाह्रै महिना सिंचाई सुविधा पुगेको जमिन २४० हेक्टर रहेको छ । मानवीय तथा प्रकृति सिर्जित प्रकोपहरु जस्तै पहिरो, बाढी तथा सडक निर्माणबाट पनि थुप्रै सिंचाई प्रणालीहरुमा असर पुग्ने गरेको छ । यसबाट कृषि उत्पादनमा नकारात्मक असर पर्ने भएकोले सिंचाई प्रणालीहरुको मर्मत संभार अझ राम्रो र अझ बलियो अवधारणा अनुसार प्राथमिकता मा राखी गर्नु पर्ने देखिन्छ । कृषिमा उत्पादकत्व बढाई खाद्य सुरक्षा तथा गरीबी निवारणमा योगदान पुऱ्याउन सिंचाईको प्रमुख भूमिका रहेको हुन्छ । त्यसकारण सिंचाईको क्षेत्रमा उच्च प्राथमिकताका साथ कार्य गर्नुपर्ने देखिन्छ ।

### ५.३.२ प्रमुख समस्या

कृषि योग्य जमिनमा न्यून सिंचाई सुविधा हुनु, सिंचाई विकासमा आधुनिक प्रविधि (थोपा सिंचाई, प्लाष्टिक पोखरी, लिफ्टिङ) को प्रयोगमा कमी हुनु, सिंचाई कुलो र पोखरी गुणस्तरीय तथा पक्की नहुनु, भएका सिंचाई आयोजनाहरू पनि पूर्ण क्षमतामा प्रयोगमा आउन नसक्नु, मर्मत सम्भारको कमी हुनु, सिंचाई स्रोत मुहान सुक्दै जानु, जल उत्पन्न प्रकोपले सिंचाई आयोजनामा क्षति पुग्नु, कृषि प्रणाली र सिंचाई बीच अन्तरसम्बन्ध स्थापित गर्न नसकिनु आदि यस क्षेत्रका प्रमुख समस्याहरू रहेका छन् ।

### ५.३.३ अवसर र चुनौती

**अवसर**

सिंचाईका लागि नियमित बगिरहने जलस्रोतहरूको उपलब्धता भएको, आकाशे पानी सङ्कलन र प्लाष्टिक पोखरीको अभ्यास सुरु भएको, साना सिंचाई निर्माणका क्षेत्रमा संघसंस्थाहरू क्रियाशील रहेको, साना सिंचाई गाउँपालिकाको अधिकार क्षेत्रमा परेको, गाउँपालिकाको प्राथमिकतामा सिंचाई क्षेत्र समावेश भएको, सिंचाईका लागि उपयुक्त फाँटहरूको उपलब्धता भएको आदि यस क्षेत्रका अवसरहरू रहेका छन् ।

**चुनौती**

कृषियोग्य जमिनमा सर्बैयाम सिंचाई सुविधा उपलब्ध गराउन, कृषि र सिंचाई बीच अन्तरसम्बन्ध स्थापना गर्नु, सिंचाई आयोजनाहरू पूर्ण क्षमतामा उपयोग गर्न, स्थानीय समुदायहरूद्वारा सञ्चालन भईआएका परम्परागत सिचाई प्रणालीका कुलाहरूको संरक्षण गर्न, सिंचाई कुलाहरुको मर्मत सम्भारमा लाभग्राही उपभोक्ता समितिहरू लाई जिम्मेवार बनाउन, सिंचाई विकासका लागि अन्तरसरकार र साझेदारहरूबीच प्रभावकारी समन्वय स्थापित गर्न, वैकल्पिक सिंचाई प्रविधिहरूको प्रयोग बढाउन आदि यस क्षेत्रमा प्रमुख चुनौती छन् ।

### ५.३.४ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य

**सोंच**

गाउँपालिकाका सबै कृषि योग्य भूमीमा भरपर्दो सिंचाई सुविधाको विकास गर्ने

**लक्ष्य**

सिंचाईका विविध विधिको माध्यमबाट गाउँपालिकाका मुख्य कृषियोग्य भूमीमा सिंचाई सुविधाको विस्तार भएको हुने ।

## उद्देश्य

१. गाउँपालिका भित्र रहेका जलस्रोतको उपयोग गरी सतही सिंचाई सुविधाको विकास विस्तार गर्ने ।

२. सिंचाईका आधुनिक प्रविधिको साथै वैकल्पिक विधि प्रयोग गरि सिंचाई सुविधा विकास र विस्तार गर्ने ।

## ५.३.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १. गाउँपालिका भित्र रहेका जलस्रोतको उपयोग गरी सतही सिंचाई सुविधाको विकास विस्तार गर्ने । | |
| १.१विद्यमान सिंचाई प्रणालीको संरक्षण, सम्भार र स्तरोन्नती गर्ने | १.१.१ जल उपयोग गुरुयोजना तयार गरी संभाव्य सिंचाई आयोजनाहरूको पहिचान गरिनेछ ।<br>१.१.२ कृषि उपज पकेट क्षेत्रको संभावनाका आधारमा सिंचाई आयोजनाको विकास गरिनेछ ।<br>१.१.३ सम्बन्धित निकायसँग समन्वय गरी योजना सञ्चालन गरिनेछ ।<br>१.१.४ मखान मूल देखि वार्डगाउँ, सुनपानी काउले फाँट, लेङ्गुरे फाँट सम्म सिंचाई सेवा उपलव्ध गराइने छ । |
| १.२ जलउत्पन्न प्रकोपको क्षति नियन्त्रण गर्ने । | १.२.१ जल उत्पन्न जोखिमको क्षेत्र पहिचान गरी न्यूनीकरणका उपायहरू अवलम्बन गरिनेछ ।<br>१.२.२ नदीजन्य प्रकोपको दिगो नियन्त्रणमा स्थानीय प्रविधि र रैथाने ज्ञानको उपयोग गरिनेछ ।<br>१.२.३ खोला खोल्सीको नियन्त्रणमा बायोइन्जिनियरिङ प्रविधिको उपयोग गरिनेछ ।<br>१.२.४ वनको संरक्षणमा विशेष ध्यान दिइनेछ । |
| उद्देश्य २. सिंचाईका आधुनिक प्रविधिको साथै वैकल्पिक विधि प्रयोग गरि सिंचाई सुविधा विकास र विस्तार गर्ने । | |
| २.१ वैकल्पिक तथा आधुनिक सिंचाई प्रणालीको विकास गर्ने | २.१.१ सतह सिंचाईको संभावना नरहेका टारहरूमा नयाँ प्रविधिमा आधारित लिफ्ट सिंचाई प्रणालीको अवलम्बन गरिनेछ ।<br>२.१.२ पानीको सतही स्रोत नरहेका स्थानमा बर्षाको पानी सङ्कलनको लागि हरेक घरमा पानी ट्यांकीको निर्माण गरिनेछ ।<br>२.१.३ गाउँपालिकाका सुख्खा स्थानमा बर्षाको पानी सङ्कलनको लागि प्लाष्टिक पोखरीको निर्माण गरिने छ ।<br>२.१.४ तरकारी बालीमा सिंचाई गार्दा कम पानी खर्च हुने प्रविधि थोपा सिंचाई तथा अन्य आधुनिक प्रविधिको प्रयोग गरिने छ ।<br>२.१.५ सरकारी तथा गैर सरकारी संघसंस्थासँग समन्वय गरी सिंचाईका आधुनिक संरचनाहरूको निर्माण गरिनेछ । |

## ५.३.६ कार्यक्रमका प्राथमिकता

१. जलउपयोग स्रोत नक्साङ्कन साथै जल उपयोग गुरुयोजना निर्माण

२. सिंचाई आयोजनाको निर्माण, मर्मत सम्भार र स्तरोन्नती

३. उपभोक्ता समितिको क्षमता विकास

४. मर्मत सम्भार कोष स्थापना

५. जोखिम स्थानमा नदि नियन्त्रण

६. कमाण्ड एरिया सिंचाई

७. लिफ्ट सिंचाई

८. डिप बोरिङ

९. थोपा सिंचाई

## ५.३.७ विस्तृत कार्यक्रमहरु

| क्र. स. | संकेत | कार्यक्रम तथा क्रियाकलापहरु | इकाई | आधार वर्ष २०८०/८१ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | |
| १ | क | सिचाई कुला मर्मत | पटक | | १ | १ | १ | १ | १ | ५ |
| २ | कख | जल उपयोग गुरुयोजना तयार गर्ने | सख्या | | – | १ | – | – | – | १ |
| ३ | क | जल उत्पन्न जोखिमको क्षेत्र अध्ययन | पटक | | १ | – | – | – | – | १ |
| ४ | कखग | नयाँ सतही सिचाई योजना निर्माण | सख्या | | – | १ | १ | – | – | २ |
| ५ | कख | लिफ्ट सिचाई योजना सञ्चालन | सख्या | | – | १ | १ | १ | – | ३ |
| ६ | कख | थोपा एव साना सिचाई | प्याकेज | | १ | १ | १ | १ | १ | ५ |
| ७ | क | सिचाई पोखरी निर्माण | सख्या | | १ | २ | २ | २ | १ | ८ |
| ८ | कख | वर्षाको पानी सङ्कलन विधि सम्बन्धी तालिम सञ्चालन | पटक | | १ | १ | १ | १ | १ | ५ |
| ९ | कखग | नदि नियन्त्रणको लागि चेक ड्याम तथा स्परको निर्माण | सख्या | | १ | १ | १ | – | – | ३ |
| १० | कखग | करेसाबारी सिंचाईको लागि (धाराबाट खेरजाने पानी सङ्कलन गर्न) एक घर एक पानी सङ्कलन ट्याङ्की निर्माण कार्यक्रम | सख्या | | २०० | २०० | २०० | २०० | २०० | १००० |
| ११ | कखग | डिप बोरिङ सिंचाई | सख्या | | | १ | | १ | | २ |

## ५.३.८ नतिजा खाका

| नतिजाको स्तर | नतिजा | सूचक | इकाइ | आधार वर्ष २०८०/८१ | उपलब्धी | | | | | योजना अवधिको जम्मा लक्ष्य | पुष्ट्याईको आधार | जिम्मेवार निकाय | जोखिम पक्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | | | | | |
| प्रभाव | गाउँपालिकाका मुख्य कृषियोग्य भूमीमा सिंचाई सुविधाको विकास र विस्तार भइ कृषि उत्पादनमा वृद्धि भएको हुने | सिंचाई सुविधा भएको खेतियोग्य जमिन । | प्रतिशत | २७ | ३५ | ४५ | ६० | ७५ | ८० | ८० | नपा वाप्र | नपा | | |
| | | बाह्रै महिना सिंचाई सुविधा भएको खेतियोग्य जमिन । | प्रतिशत | - | २५ | ३५ | ५० | ६५ | ७० | ७० | " | " | | |
| असर १ | गाउँपालिका भित्र रहेका मुख्य मुख्य खेतियोग्य जमिनमा सिंचाई सुविधाको विकास भएको हुने । | सिंचाई सुविधा पुगेका गाउँपालिका भित्र रहेका मुख्य मुख्य खेतियोग्य जमिन । | हेक्टर | ६२९ | ७०० | ८०० | ९०० | १५० | १०० | २५०० | " | " | | |
| प्रतिफल १ | विद्यमान सिंचाई प्रणालीको संरक्षण, सम्भार र स्तरोन्नती भएको हुने । | मर्मत सम्भार कोष | सख्या | १ | - | - | - | - | - | १ | " | " | | |
| | | दक्ष अगुवा कृषकहरुको संख्या | सख्या | | ३५ | ३५ | ३५ | ३५ | ३५ | १७५ | " | " | | |
| | | संस्थागत क्षमता वृद्धि भएका उपभोक्ताहरुको संख्या | सख्या | | १०० | ११० | १०० | १०० | १०० | ५१० | " | " | | |
| प्रतिफल २ | जल उपयोग गुरुयोजना तयार भएको हुने । | जल उपयोग गुरुयोजना | सख्या | | - | १ | - | - | - | १ | " | " | | |
| प्रतिफल ३ | कृषि पकेट क्षेत्र र कृषि कार्यक्रमहरु | सिंचाईको लागि जल स्रोतको खोज तथा अध्ययन | पटक | | १ | - | - | - | - | १ | " | " | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सञ्चालित क्षेत्रमा आवश्यकता बमोजिम सिंचाई सुविधाको व्यवस्था भएको हुने । | संभाव्य सिंचाई आयोजना पहिचान | पटक | | – | १ | – | – | – | १ | " | " | | |
| | | नयाँ सतही सिंचाई योजना | सख्या | | २ | २ | २ | – | – | ६ | " | " | | |
| | | वर्षाको पानी सङ्कलन विधि सम्बन्धी तालिम सञ्चालन | पटक | | १ | १ | १ | १ | १ | ५ | " | " | | |
| असर २ | सिंचाईका आधुनिक प्रविधिको साथै वैकल्पिक विधिको प्रयोग द्वारा सिंचाई सुविधा विकास र विस्तार भएको हुने । | मर्मत तथा स्तरोन्ती र निर्माण भएका संरचनाहरू | सख्या | २ | ५ | ५ | ५ | ५ | ५ | २५ | " | " | | |
| प्रतिफल १ | परम्परागत तथा आधुनिक सिंचाई प्रणालीको विकास र स्तरोन्ती भएको हुने । | सिंचाई पोखरी | सख्या | | १५ | १५ | १५ | – | – | ४५ | " | " | | |
| | | थोपा एवं साना सिंचाई | प्रतिशत | | ४ | ५ | ६ | ९ | १० | १० | " | " | | |
| | | पानी सङ्कलन पोखरी बाट सिंचाई पुगेका करेसाबारी | प्रतिशत | | ५ | १५ | २५ | ३० | ३५ | ३५ | " | " | | |
| | | वर्षाको पानी सङ्कलन विधि सम्बन्धी तालिम | प्याकेज | | १ | १ | १ | १ | १ | ५ | " | " | | |
| | | लिफ्ट सिंचाईबाट सिंचित | प्रतिशत | | १ | १.२ | १.४ | १.५ | २ | २ | " | " | | |
| प्रतिफल २ | सिंचाई अयोजनाहरुको मुहान तथा स्रोतको संरक्षण भएको हुने | मुहान तथा स्रोतको संरक्षण भएका आयोजनाहरु । | सख्या | ५ | १० | १० | १० | १० | १० | ५० | " | " | | |

## ५.४ सूचना तथा सञ्चार

### ५.४.१ पृष्ठभूमी

नेपालको संविधानले सूचना तथा सञ्चार सम्बन्धी हकलाई मौलिक हककोरुपमा उल्लेख गरेको छ । रघुगंगा गाउँपालिकामा नेपाल टेलिकम, एनसेलले मोवाइल सेवा प्रदान गरेका छन् । गाउँपालिकाका सबै बस्तीमा प्रायः मोवाइल सेवा पुगेको छ । सरकारी स्तरबाट सञ्चालन भएको नेपाल टेलिकमको सेवा सबै बस्तीस्तरसम्म पुग्न सकेको छ । उपलब्ध भएको स्थानमा गुणस्तरिय सेवा दिन सकेको छैन । यस गाउँपालिकामा हुलाक सेवा पनि रहेको छ । सो मार्फत चिठ्ठी पत्र आदान हुने गर्छ । गाउँपालिकाका प्राय सबै बस्तिमा मोवाइल सेवा मार्फत सेवा सुचारु भएको छ । रेडियो, पत्रपत्रिका, केवल च्यानल आदि सूचना तथा सञ्चारका सेवा एवं सुविधाहरु रहेको छ । तर सबै जनता एवं बस्तीमा इन्टरनेट सेवा, पत्रिका, रेडियो आदिको गुणस्तरीय पहुँच पुग्न सकेको छैन । त्यस्तै सूचना संस्कृतिको विकास र विस्तार गर्न अझै धेरै कार्य गर्नु पर्ने आवश्यकता रहेको छ ।

### ५.४.२ प्रमुख समस्या

मोवाइल फोन सेवाको गुणस्तर कम हुनु, सबै स्थानमा एउटै मोवाइल कम्पनीको सिमले काम नगर्नु, रेडियो, टिभि, सबै नागरिकको सहज पहुँचमा नहुनु, पत्रपत्रिका सबै जनाताको सहज पहुचमा नपुग्नु, सबै गाउँ बस्तीमा ४ जी सेवा नपुग्नु, कार्यालयको वेभसाईटलाई व्यवस्थित गर्न नसक्नु, सस्तो र सुलभ द्रुत गतिको इन्टरनेट सुविधा सबै नागरिकको सहज पहुँचमा पुग्न नसक्नु, गाउँपालिका, वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था र अन्य सामाजिक संघ संस्थामा इन्टरनेट पूर्वाधारको कमीले छिटो छरितो ढंगले काम नहुनु यस क्षेत्रका समस्याहरु हुन ।

### ५.४.३ चुनौती र अवसर

#### चुनौती

सहज रुपमा सबै स्थानमा नेपाल टेलीकम तथा निजी क्षेत्रका इन्टरनेट सेवा प्रदायक संस्थाले सेवा विस्तार गर्न, गाउँपालिका भित्र सञ्चालित कार्यक्रमहरुलाई रेडियो, एफ.एम लगायत अन्य सञ्चार माध्यमद्धारा प्रचार प्रसार गराउन, गाउँपालिकाका सम्पूर्ण विद्यालयहरुमा इन्टरनेट सुविधा उपलब्ध गराई प्रविधिमैत्री शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्न र प्रविधिमैत्री स्वास्थोपचार सुविधा उपलब्ध गराउन, गाउँपालिकामा नियमितरुपमा राष्ट्रिय पत्र पत्रिका उपलब्ध गराई जनतालाई सुसुचित गराउन यस क्षेत्रका चुनौतिहरु हुन् ।

#### अवसर

सूचनाको हकको प्रवर्द्धन गर्न राज्यस्तरबाटै ध्यानकर्षण भएको, केवल च्यानल, रेडियो, टेलिभिजन, एफ.एम. पत्रपत्रिकाबाट सूचना एवं समाचार र ज्ञान प्रसारणमा सूचनाका साथै आधुनिक प्रविधिहरुको प्रयोगमा वृद्धि हुँदै गएको, डिजिटल साक्षरता बढ्दै गएको, द्रुत इन्टरनेट सेवा विस्तार भएको, प्रत्येक व्यक्तिका हात हातमा मोबाइल फोन, इन्टरनेट, विश्वसँग नेटवर्क जोडिएको, सञ्चारको सुविधा पुऱ्याउन सरकार तथा निजी लगानीकर्ता तत्पर रहेको, बहुसंख्यक नागरिकको हातमा मोवाइल टेलिफोन सेवा उपलब्ध भएको यस क्षेत्रका अवसरहरु हुन ।

## ५.४.४ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य

### सोंच

सूचना र सञ्चार, ज्ञान र सुशासनको आधार दैनिक जीवनमा सहज

### लक्ष्य

गाउँपालिकाका सम्पूर्ण बस्तीमा सूचना र प्रविधिको उपयोगमा विस्तार, विकास गरि गाउँपालिकाका नागरिकको दैनिक जीवन सहज बनाउन टेवा पुगेको हुनेछ ।

### उद्देश्य

१ सूचना तथा सञ्चार प्रविधिलाई सुरक्षित, भरपर्दो र आकर्षण क्षेत्रको रुपमा विकास गर्ने ।

२. सरकारी तथा गैर सरकारी क्षेत्रको सेवा प्रवाहमा आधुनिक सूचना प्रविधिको प्रयोग गरि सुशासन कायम राख्ने

## ५.४.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १: सूचना तथा सञ्चार प्रविधिलाई सुरक्षित, भरपर्दो र आकर्षण क्षेत्रको रुपमा विकास गर्ने | |
| गाउँपालिका भित्रका सबै स्थानमा भरपर्दो सूचनाको पहुँच विस्तार गर्ने । | १.१.१ गाउँपालिकाका विद्यालयमा इन्टरनेट सेवा जडान गर्ने<br>१.१.२ गाउँपालिका र वडा केन्द्रका सम्पूर्ण कार्यालयहरुमा इन्टरनेट सुविधा उपलब्ध गराउने ।<br>१.१.३ प्रदेश सरकारको समन्वयमा युवा स्वरोजगार लक्षित सूचना प्रविधि तालिम र दक्षता अभिवृद्धि गर्ने ।<br>१.१.४ नेपाल दुरसञ्चार कम्पनीसँगको सहकार्यमा टेलीफोन टावर स्थापना गर्ने ।<br>१.१.५ नीजि क्षेत्रको समन्वयमा सञ्चार क्षेत्रको विकासमा जोड दिने । |
| उद्देश्य नं २ सरकारी तथा गैर सरकारी क्षेत्रको सेवा प्रवाहमा आधुनिक सूचना प्रविधिको प्रयोग गरि सुशासन कायम राख्ने । | |
| सूचना प्रविधिमा आधारित सेवा प्रणालीको विकास गर्ने। | २.१ विद्यालय, स्वास्थ्य चौकी, वित्तीय संस्था र गाउँपालिकाको वडा कार्यालयसम्म भरपर्दो इन्टरनेट सेवाको विस्तार गरिनेछ ।<br>२.२ सूचना प्रविधिमा आधारित सेवा प्रणालीको विकास गर्ने ।<br>वाईफाई सेवाको विस्तार गरी फ्रि वाइफाइ जोनको विकास गरिनेछ ।<br>२.३ गाउँपालिका र वडा कार्यालयहरूमा विद्युतीय सूचना पूर्वाधारको विकास गरिनेछ<br>२.४ विद्यालय केन्द्रित ई-लाईब्रेरीका सेवा सन्चालन गरिनेछ ।<br>२.५ विद्यालयमा कम्प्युटर प्रविधि शिक्षाको विस्तार गर्दै लगिनेछ ।<br>२.६ सूचनाको हक र अधिकार सम्बन्धमा जनचेतना अभिवृद्धि गरिनेछ । |

## ५.४.६ कार्यक्रमका प्राथमिकता

१. सेवा प्रदायक संस्थाहरूसँग समन्वय गरी टेलिफोन टावर विस्तार गर्ने

२. कार्यालयको काममा आधुनिक सूचना प्रविधिको प्रयोग गर्ने

### ५.४.७ विस्तृत कार्यक्रमहरु

| क्र. स. | संकेत | कार्यक्रम तथा क्रियाकलापहरु | इकाई | आधार वर्ष २०८०/८१ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | |
| १ | ग | मोवाइल टावरको क्षमता विस्तार | संख्या | | १ | १ | - | - | - | २ |
| २ | कख | सूचना केन्दको स्थापना र व्यवस्थापन | संख्या | | १ | १ | ५ | १ | - | ८ |
| ३ | क | सरकारी, गैरकारी एवं निजी क्षेत्रका विकास गतिविधिलाई रेडियो तथा टिभिद्धारा प्रसारण तथा पत्रिकामा प्रकाशन र प्रवर्द्धन | नियमित | | | | | | | |
| ४ | ग | अप्टीकल फाइवर इन्टरनेट सेवाको विस्तार | पटक | | १ | - | - | - | - | १ |
| ५ | ग | हुलाक सेवाको स्तरवृद्धि | पटक | | १ | - | - | - | - | १ |
| ६ | कग | गाउँपालिकाका सबै विद्यालयमा इन्टरनेट सुविधा को विस्तार | संख्या | | २० | ३० | २१ | ५ | ५ | ८१ |
| ७ | कग | गाउँपालिका सबै स्वास्थ्य संस्थामा इन्टरनेट सुविधाको विस्तार | संख्या | | - | - | - | - | - | सबैमा |
| ८ | कखग | सूचना प्रविधि पार्क निर्माण | संख्या | | १ | - | १ | - | - | २ |
| ९ | क | सूचनाको हकको प्रभावकारी कार्यन्वयनका लागि जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने | प्याकेज | | १ | १ | १ | १ | १ | ५ |

## ५.४.८ नतिजा खाका

| नतिजा को स्तर | नतिजा | सूचक | इकाइ | आधार वर्ष २०८०/८१ | उपलब्धी | | | | | योजना अवधिको जम्मा लक्ष्य | पुष्ट्याईको आधार | जिम्मेवार निकाय | जोखिम पक्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | | | | | |
| प्रभाव | सूचना र सञ्चारको प्रविधिको प्रयोगबाट गाउँपालिकाका सम्पूर्ण नागरिकको दैनिक जीवन सहज बनाउने | सूचना र सञ्चार प्रविधिको प्रयोगबाट दैनिक जीवन सहज भएका नागरिक । | प्रतिशत | २० | २० | ५० | ६० | ७० | ९० | ९० | गापाप्र | गापा र नेटेक | | |
| असर १ | सूचना तथा सञ्चार प्रविधिलाई सुरक्षित, भरपर्दो र आकर्षण क्षेत्रको रुपमा विकास गर्ने | सुरक्षित,भरपर्दोसूचना तथा सञ्चार प्रविधि प्रयोग गर्ने नागरिक | प्रतिशत | २० | १५ | १५ | ४५ | ६५ | ८० | ८० | " | " | | |
| प्रतिफल १ | गाउँपालिका भित्रका सबै स्थानमा भरपर्दो सुचनाको पहुँच विस्तार गर्ने | क्षमता विस्तार भएका मोवाइल टावर | सख्या | | १ | - | २ | - | - | ३ | " | " | | |
| | | सूचना केन्दको स्थापना र व्यवस्थापन | सख्या | | १ | १ | ३ | २ | १ | ८ | " | " | | |
| | | हुलाक सेवाको स्तर वृद्धि | पटक | | १ | - | - | १ | - | २ | " | " | | |
| प्रतिफल २ | प्रदेश सरकारको समन्वयमा सूचना तथा प्रविधिमा युवाहरुको दक्षता अभिवृद्धि भएको हुने | प्रदेश सरकारको समन्वयमा युवा स्वरोजगार लक्षित सूचना प्रविधि तालिम सञ्चालन | पटक | | १ | १ | १ | १ | १ | ५ | " | " | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| असर २ | सरकारी तथा गैर सरकार क्षेत्रको सेवा प्रवाहमा आधुनिक सुचना प्रविधिको प्रयोग गरि सुशासन कायम भएको हुने । | रेडियो तथा टिभिद्धारा प्रसारण र पत्रिकामा प्रकाशन भएका सरकारी, गैरसकारी एवं निजी क्षेत्रका विकासका गतिविधिहरु | प्रतिशत | १० | ५० | ६५ | ७५ | ८५ | ९० | ९० | " | " | | |
| प्रतिफल १ | सूविधा सम्पन्न र पूर्वाधारयूक्त सूचना प्रविधि पार्क स्थापना भएको हुने | सूचना प्रविधि पार्क | सख्या | | १ | - | १ | - | - | २ | " | " | | |
| प्रतिफल २ | गाउँपालिकाका सबै सामुदायिक माध्यमिक विद्यालयहरुमा सूचना प्रविधि अध्ययान कक्षको स्थापना भएको हुने | सूचना प्रविधि अध्ययान कक्षाको स्थापना भएका माध्यमिक विद्यालयहरु | सख्या | | १ | ३ | १ | १ | - | ६ | " | " | | |
| प्रतिफल ३ | गाउँपालिका सबै स्वास्थ्य संस्थामा इन्टरनेट सुविधाको विस्तार | इन्टरनेट सुविधाको विस्तार भएका स्वास्थ्य संस्थाहरु | सख्या | | सबैमा | सबैमा | सबैमा | सबैमा | सबैमा | सबैमा | " | " | | |

## ५.५ जलविद्युत, उर्जा तथा नविकरणीय उर्जा

### ५.५.१ पृष्ठभूमी

रघुगंगा गाउँपालिकामा जलविद्युतको संभावना रहेका नदी र खोलाहरु रहेका छन । यस गाउँपालिकाका सबै घरपरिवारले बत्तीको रुपमा विद्युत, खाना पकाउनको लागि दाउरा, एल पि ग्याँस, विद्युत र गोवर ग्यासको प्रयोग गर्छन् । यस गाउँपालिकामा धेरैजसो ग्रामीण बस्ती भएको कारण यहाँका मानिसहरुको प्रमुख खाना पकाउने इन्धनको रुपमा दाउराको प्रयोग हुने गर्दछ । खनिज एवं वायु उर्जाको विकास भएको छैन भने ज्यादै कम घर परिवारले वायो ग्याँस प्रयोग गर्छन् । कतिपय घरपरिवारहरुले बायो ग्याँस तथा सौर्य उर्जाको प्रयोग पनि गरिरहेका छन् र तिनीहरुलाई  प्रकोपहरुबाट सुरक्षित राख्नु आवश्यक छ ।

### ५.५.२ प्रमुख समस्या

भरपर्दो र गुणस्तरीय विद्युत सेवा उपलब्ध नहुनु, स्थानीय जलश्रोतबाट विद्युत उत्पादन हुन नसक्नु, विद्युत सबैस्टेसनको निर्माण नहुनु, विद्युत पोलहरु भरपर्दो र टिकाउ नहुनु, आवश्यक मात्रामा नवीकरणीय उर्जाको उत्पादन र प्रयोग हुननसक्नु, उर्जा उत्पादनमा प्राविधिक र वित्तीय श्रोतको कमि हुनु यस क्षेत्रका प्रमुख समस्याहरु रहेका छन् ।

### ५.५.३ चुनौती र अवसर

**चुनौती**

भरपर्दो र गुणस्तरीय विद्युत सेवा उपलब्ध गराउन, प्राविधिक र वित्तीय अभावले गर्दा फलाम र स्टिलका पोलहरु व्यवस्थापन गर्न, नवीकरणीय उर्जा उत्पादन संवन्धी नीति निमार्ण गरी कार्यन्वयन गर्न, स्थानीय स्तरमा ठूला जलविद्युत आयोजना सञ्चालन गर्न यस क्षेत्रका प्रमुख चुनौतिहरु हुन ।

**अवसर**

यस गाउँपालिकामा रघुगंगा नदी लगायत अन्य खोलाहरु भएकोले जलविद्युत उत्पादन भई उज्यालो गाउापालिका कार्यक्रम कार्यन्वयन गर्न, गाउँपालिका साझेदारीमा घर घरमा सौर्य बत्ती उपलब्ध गराई उज्यालो गाउँपालिका कार्यक्रममा सहयोग पुऱ्याउन, प्राविधिक र वित्तीय साझेदारीमा गोवरग्याँस लगायतका नविकरणीय उर्जा क्षेत्रमा सरकारी तथा गैर सरकारी क्षेत्रको आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध रहेका यस क्षेत्रका अवसरहरु हुन ।

### ५.५.४ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य

**सोंच**

जलविद्युत र नवीकरणीय उर्जा उत्पादन मार्फत दिगो आर्थिक विकास गर्न ।

**लक्ष्य**

जलविद्युत र नवीकरणीय उर्जा उत्पादन प्रयोग क्षमता र दक्षता अभिवृध्दि गरी आर्थिक विकासमा टेवा पुऱ्याउने ।

**उद्देश्यहरु**

१. विद्युत सेवालाई दिगो र भरपर्दो बनाई उर्जा सुरक्षामा योगदान पुयाउनु ।

२. नवीकरणीय उर्जाको माध्यमबाट दाउराको खपतमा कम गरि वातावरण सुधार र नागरिकको स्वास्थ्यमा सुधार ल्याउने ।

## ५.५.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १** विद्युत सेवालाई दिगो र भरपर्दो बनाई उर्जा सुरक्षामा योगदान पुयाउनु । | |
| रणनीति १ स्थानीय स्तरमा जलविद्युत उत्पादनमा जोड दिने तथा वितरण सेवालाई व्यवस्थापन गर्ने । | १.१ संघीय र प्रदेश सरकारको समन्वयनमा भरपर्दो विद्युत पोलहरु र सबै स्टेसनहरुको निर्माार्ण गरिनेछ ।<br>१.२ साना तथा मझौला जलविद्युत आयोजनाको संभाव्यता अध्ययन गरिनेछ ।<br>१.३ विद्युत सेवा नपुगेका घरमा विद्युत सेवा जडान गरिनेछ ।<br>१.४ विद्युत आयोजनामा स्थानीय जनताको लगानी सुनिश्चत गरिनेछ<br>१.५ स्थानीय स्तरमा जलविद्युत आयोजना सञ्चालनका लागि संभाब्यता अध्ययन गरी नीजि क्षेत्रको लागानीलाई आकर्षित गरिनेछ । |
| उद्देश्य २ नवीकरणीय उर्जाको माध्यमबाट दाउराको खपतमा कम गरि वातावरण सुधार र नागरिकको स्वास्थ्यमा सुधार ल्याउने । | |
| २.१ नवीकरणीय उर्जालाई विद्युतीकरण र उद्योगको प्रयोग मा गरी रोजगार सिर्जना गर्ने | २.१.१ विद्युत सेवा नपुगेका स्थानमा सौर्य बत्ती जडान गर्ने ।<br>२.१.२ गाउँपालिका केन्द्र र यसका शाखाहरु, वडा केन्द्र, विद्यालय, स्वास्थ्य चौकी र मुख्य मुख्य बजारकेन्द्रमा सौर्य वत्ती जडान गरिनेछ ।<br>२.१.३ नवीकरणीय उर्जाको प्रयोग मार्फत वातावरणमा सुधार ल्याउने ।<br>२.१.४ दाउराको खपत र एलपि ग्याँसको आयत कम गर्नको लागि गोवर ग्याँस र सुधारिएको चुल्होको प्रबर्धनमा जोड दिईनेछ । |

## ५.५.६ कार्यक्रमका प्राथमिकता

१. काठका विद्युत पोलहरुलाई विस्थापित गरी सिमेन्ट तथा स्टीलका पोलहरु प्रतिस्थापन गर्ने ।

२. गाउँपालिका र यसका शाखा, वडा केन्द्र, विद्यालय, स्वास्थ्य चौकी र महत्वपूर्ण बस्तीहरुका सडकमा सौर्य वत्ती जडान गर्ने ।

३. गाउँपालिका भित्र सञ्चालित साना तथा घरेलु उद्योगको लागि विद्युत सेवा आपूर्ती गराउने ।

४. उज्यालो रघुगंगा अन्तर्गत गाउँपालिका भित्र रहेका ठुला गाउँहरुमा सडक बत्ती जडान कार्यक्रम ।

## ५.५.७ विस्तृत कार्यक्रमहरु

| क्र.स. | संकेत | कार्यक्रम तथा क्रियाकलापहरु | इकाई | आधार वर्ष २०८०/८१ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | |
| १ | कखग | संघीय र प्रदेश सरकारको समन्वयनमा भरपर्दो विद्युत पोलहरु र सव स्टेसनहरुको निर्माण | प्याकेज | | १ | १ | – | १ | – | ३ |
| २ | क | विद्युत सेवा नपुगेका घरमा विद्युत सेवा जडान | प्याकेज | १ | १ | – | १ | १ | – | ३ |
| ३ | कखग | स्थानीय स्तरमा जलविद्युत आयोजना सञ्चालनका लागि संभाब्यता अध्ययन गरी नीजि क्षेत्रको लागानीलाई आकर्षित गर्ने कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १ | ५ |
| ४ | कखग | गाउँपालिका केन्द्र र वडा केन्द्र, विद्यालय, स्वास्थ्य चौकी र मुख्य मुख्य बजारकेन्द्र (Market center) मा सौर्य वत्ती जडान | प्याकेज | | १ | – | १ | – | – | २ |
| ५ | कग | गोवर ग्याँस र धुवाँ रहित सुधारिएको चुल्हो प्रबर्द्धन कार्यक्रम | प्याकेज | | १ | १ | १ | १ | १ | ५ |
| ६ | कखग | लिफ्ट खानेपानी आयोजना आवस्याक्ता रहेका ठाँउमा सौर्य उर्जा प्रयोगको लागि प्रोत्साहन कार्यक्रम | पटक | | १ | १ | १ | १ | १ | ५ |
| ७ | कखग | लिफ्ट सिंचाई आयोजना आवस्याक्ता रहेका ठाँउमा सौर्य उर्जा प्रयोगको लागि प्रोत्साहन कार्यक्रम | प्याकेज | | १ | १ | १ | १ | १ | ५ |
| ८ | क | वायु तथा सौर्य उर्जाको संभाव्यता अध्ययन | पटक | | १ | – | – | – | – | १ |
| ९ | क | गाउँपालिका भित्र सञ्चालित साना तथा घरेलु उद्योगको लागि विद्युत सेवा आपूर्ती | प्याकेज | १ | १ | १ | १ | १ | १ | ५ |

## ५.५.८. नतिजा खाका

| नतिजाको स्तर | नतिजा | सूचक | ईकाइ | आधार वर्ष २०८०/८१ | उपलब्धी ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | योजना अवधिको जम्मा लक्ष्य | पुष्ट्याईंको आधार | जिम्मेवार निकाय | जोखिम पक्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | जलविद्युत र नवीकरणीय उर्जाको उत्पादन र उपभोग द्धारा सामाजिक तथा आर्थिक विकासमा टेवा पुगेको हुने । | गाउँपालिकाको कुल ग्राहस्थ उत्पादनमा विद्युत, ग्याँस र पानीको योगदान । | प्रतिशत | | ३ | ६ | १० | १३ | १५ | १० | गापा लेखा शाखा | गापा | | |
| असर १ | विद्युत सेवा र उर्जा सुरक्षा उत्थानसील र भरपर्दो भइ दिगो अर्थतन्त्र निर्माणकोआधार तयार भएको हुने । | निर्माण गरीएका जलविद्युत, उर्जा (वैकल्पिक उर्जा र नविकरणीय उर्जा) आयोजनाको क्षमता | प्याकेज | | १ | १ | १ | १ | १ | ५ | गापावा प्रतिवेदन | गापा | | |
| प्रतिफल १ | सघीय र प्रदेश सरकारसँगको समन्वयनमा भरपर्दो विद्युत पोलहरु र सव स्टेसनहरुको निर्माण | पुराना काठे पोलको ठाउँमा फलामे पोल प्रतिस्थापन | सख्या | आवश्यकता बमोजिम गाउँपालिकाको सबै ठाँउमा | | | | | | | " | " | | |
| | | गाउँपालिका केन्द्र र वडा केन्द, विद्यालय, स्वास्थ्य चौकी र मुख्य मुख्य बजारकेन्द्रमा सौर्य वत्ती जडान | प्याकेज | | १ | - | १ | - | १ | ३ | " | " | | |
| | | सव स्टेसनहरुको निर्माण | सख्या | | १ | - | - | १ | - | २ | " | " | | |
| | | ट्रान्सफार्मर जडान | सख्या | | ३ | २ | २ | १ | १ | ९ | " | " | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल २ | विद्युत वितरणको दिगो व्यवस्थापन भएको हुने | विद्युतमा पहुँच पुगेको घरपरिवार | प्रतिशत | ७० | ७५ | ८६ | ९७ | ९७ | १०० | १०० | " | " | | |
| | | प्रति व्यक्ति प्रति वर्ष विद्युत खपत | किलोवाट घण्टा | १३० | २०० | ३६० | ५५० | ५५१ | ५५२ | ५५२ | " | " | | |
| असर २ | नवीकरणीय उर्जाको माध्यमबाट वातावरण सुधार र नागरिकको स्वास्थमा सुधार आएको हुने । | सौर्य उर्जाको सभाव्यता अध्ययन | पटक | | १ | - | - | - | - | १ | " | " | | |
| | | सौर्य उर्जा प्रयोग भएका लिफ्ट खानेपानी आयोजना | सख्या | | २ | - | १ | १ | १ | ५ | " | " | | |
| | | सौर्य उर्जा प्रयोग भएका लिफ्ट सिचाई आयोजना | सख्या | | २ | - | १ | १ | १ | ५ | " | " | | |
| प्रतिफल १ | गोवर ग्याँस र धुवाँ रहित सुधारिएको चुल्हो प्रबर्द्धन भएको हुने । | दाउराको खपतमा कम भएको घरपरीवार | प्रतिशत | १० | २५ | ३० | ४० | ५० | ६० | ६० | " | " | | |
| | | गोवर ग्याँस प्रयोग गर्ने घरपरीवार | प्रतिशत | ३ | ६ | ९ | १० | १३ | १५ | १५ | " | " | | |
| | | धुवाँ रहित सुधारिएको चुल्हो प्रयोग गर्ने घरपरीवार | प्रतिशत | १० | २५ | ३० | ४० | ५० | ७५ | ७५ | " | " | | |
| प्रतिफल २ | स्थानीय स्तरमा जलविद्युत आयोजना सञ्चालनका लागि सभाब्यता अध्ययन भएको हुने । | स्थानीय स्तरमा जलविद्युत आयोजना सञ्चालनका लागि सभाब्यता अध्ययन | पटक | | १ | - | - | - | - | १ | " | " | | |

# परिच्छेद ६ : वन, वातावरण र विपद् व्यवस्थापन

## ६.१ बन तथा भूसंरक्षण

### ६.१.१ पृष्ठभूमी

रघुगंगा गाउँपालिकाको कुल क्षेत्रफलको करीब करिब ४३३१.५७ हेक्टर क्षेत्रफल अर्थात कुल क्षेत्रफलको ११.४२ प्रतिशत भू-भाग वनले ओगटेको छ । गाउँपालिकामा जनसंख्याको बासाइसराईले बनमाथिको चाप कम हुदै जानु तथा जग्गा बाँझो हुनुले बनको क्षेत्रमा वृद्धि भएको पाइन्छ । यस गाउँपालिका बेंशी देखि उच्च पहाडी क्षेत्र सम्म फैलिएको हुँदा जैविक विविधताले भरिपूर्ण रहेको छ । वनक्षेत्रमा साल, चिलाउने, कटुस, उत्तिस, खोटेसल्ला, लालीगुराँस, तेजपत्ता, बाँझ आदि जस्ता वन पैदावार पाइन्छन् ।  यहाँ लोठसल्ला, चिराइतो, अम्रिसो, पदमचाल, टिमुर, सिल्टीमुर, कालो काफल, पाखनवेद, सतुवा, पाँचऔंले, भूतकेश, पुदिना, बनमरहटी, अमला, हर्रो, बर्रो, घोडटाप्रे, तेजपत्ता, कुरिलो लगायतका जडिबुटी पाइन्छ । जङ्गली जनावर तर्फ बाघ, दुम्सी, बाँदर, मृग, स्याल, मलस्याप्रो, वन विरालो, लोखर्के आदि पाईन्छ । यस गाउँपालिकामा ५५ वटा सामुदायिक वन र ५ वटा निजी वन रहेका छन् । वन बाट काठ, दाउरा र जडिबुटी उत्पादन गरेको देखिन्छ । विकास निर्माणका पूर्वाधारहरुको सञ्चालन गर्दा बन क्षेत्रमा केही मात्रामा क्षेति पुगेको देखिन्छ । पूर्वाधार निर्माण सडक, भवन, तथा अन्य भौतिक पूर्वाधार निर्माणका कार्य गर्दा ब्यापक मात्रामा जमिनको क्षयिकरण भएको तथा नागरिकको स्वास्थ्यमा प्रतिकुल असर परेको र बाढी, पहिरो बढ्न गई वातावरणमा नकरात्मक प्रभाव परेको छ ।

### ६.१.२ प्रमुख समस्या

प्राकृतिक सम्पदाको बढ्दो क्षयीकरण, आगलागीका कारण वन एवं वातावरणमा प्रतिकुल असर पर्नु, जनचेतनाको कमिले वन सम्पादाको उचित व्यवस्थापन हुन नसक्नु, वन्यजन्तुले कृषि उत्पादनलाई नोक्सानी गर्ने प्रबृत्ति बढ्दै जानु, पानीको स्रोत सुक्दै जानु, कार्वन उत्सर्जनको प्रभाव बढ्दै जानु, पूर्वाधार विकास तथा ईन्धनको निर्भरताले वन विनाश बढ्दै जानु, जलाधारको उचित व्यवस्थापन नहुनु, जैविक विविधतामा कमी हुँदै जानु, प्लाष्टिक तथा सिसाजन्य वस्तुको उपयोग बढ्नु, कृषिमा प्रयोग हुने रसायन र विषादीको मापदण्डको अभाव हुनु, वातावरण सम्बन्धी काम गर्ने संघ संस्थामा समन्वय नहुनु, बाढी, पहिरो लगायत विपदका घटनाहरू बढ्दै जानु, आदि प्रमुख समस्या हुन् ।

### ६.१.३ चुनौती र अवसर

#### चुनौती

वनको अनधिकृत अतिक्रमण रोक्न, विकास र वातावरण बीच सन्तुलन कायम गर्न, जलाधार र जैविक विविधताको संरक्षण गर्न, जलवायु अनुकुलन प्रविधिको विकास गर्न, बन्यजन्तुको चोरी शिकारी नियन्त्रण गर्न, वनमा रहेको इन्धन निर्भरता घटाउन, वन र वातावरणलाई आय आर्जन र रोजगारीमा आवद्ध गर्न, बढ्दो प्लाष्टिकजन्य वस्तुको प्रयोग रोक्न, फोहोरको उचित व्यवस्थापन गर्न, वन तथा वातावरण सम्बन्धी काम गर्ने संघसस्थाहरूमा समन्वय कायम गर्न, जलवायु परिवर्तनको वढ्दो असरलाई कम गर्दै लैजान, विपदबाट क्षतिग्रस्त संरचनाहरूको पुनर्निर्माण तथा पुनःस्थापन गर्न, इन्धनको स्रोतको रूपमा प्रयोग हुँदै आएको दाउरालाई प्रतिस्थापन गर्न, भौगोलिक जटिलता, बन्य जन्तुको व्यवस्थापन र बाँदरको आक्रमणबाट अन्न बानी जोगाउन आदि यस क्षेत्रका प्रमूख चुनौती हुन् ।

**अवसरहरु**

गाउँपालिकाको ११.४२ प्रतिशत भू-भाग बन क्षेत्रले ढाकेको, बन व्यवस्थापनमा समुदायको चासो रहेको, वन तथा वातावरण संरक्षण गाउँपालिकाको प्राथमिकतामा परेको, बनस्पति तथा जीवको जैविक विवधता भएको, वन तथा वातावरण र विपद व्यवस्थापन सम्बन्धी कार्य दिगो विकासको लक्ष्यमा समाविष्ट भएको, वातावरण सम्बन्धि संघ संस्थाहरूको साझेदारी रहको, सामुदायिक, कवुलियती, निजी तथा धार्मिक वनहरूको विकास समुदायको संलग्ता बढ्दै गएको, जैविक विविधताका कारण प्राकृतिक पर्यटनको उच्च सम्भावना भएको, काठ तथा जडिबुटीजन्य बहुमूल्य वन पैदावारको उपयोग र निकासीबाट आय आर्जनको सम्भावना भएको आदि अवसरका रूपमा रहेका छन् ।

## ६.१.४ दीर्घकालिन सोंच, लक्ष्य र उद्देश्य

### सोंच

बन क्षेत्रको दिगो र बैज्ञानिक व्यवस्थापन, जैविक विविधताको संरक्षण हुने

### लक्ष्य

बन क्षेत्रको बैज्ञानिक व्यबस्थपन भई गाउँपालिकाबासीको आर्थिक उपार्जनमा टेवा दिएको हुनेछ ।

### उद्देश्य

१. बनको बैज्ञानिक व्यवस्थापन, भू तथा जलाधार, जैविक विविधताको संरक्षण र उपयोग गरि नागरिकको आम्दानीमा टेवा पुऱ्याउने ।
२. गाउँपालिकामा फोहोर मैलाको व्यवस्थापन गरि वातावरणको संरक्षण गर्ने ।

## ६.१.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १: बनको बैज्ञानिक व्यवस्थापन, भू तथा जलाधार, जैविक विविधताको संरक्षण र उपयोग गरि नागरिकको आम्दानीमा टेवा पुऱ्याउने । | |
| १.१ वन लगायत प्राकृतिक स्रोतको विकास र वैज्ञानिक व्यवस्थापन र उपयोग गर्ने । | १.१.१ वन क्षेत्रको संरक्षण गर्दै खाली जमिनमा वृक्षारोपण गरीनेछ ।<br>१.१.२ एक घर एक रुख हरियाली अभियान कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.१.३ जल, जमिन, जलाधार, जैविक विविधता जडिबुटीको संरक्षण र विकास गरिनेछ ।<br>१.१.४ जडिबुटी खेतीलाई प्रोत्साहन गर्दै आय र रोजगारीसँग आवद्ध गरिनेछ ।<br>१.१.५ इन्धनको लागि वन जंगलमा भएको निर्भरता हटाउन बैंकल्पिक इन्धनको विकास गरी वनक्षेत्रको ह्रासलाई न्यूनीकरण गरिनेछ ।<br>१.१.६ खोलाको मुहानलाई संरक्षण गरी वहाववाट हुने क्षतिलाई न्यूनीकरण गरिनेछ ।<br>१.१.७ वातावरणलाई सहयोगी जंगली जनावर, पशुपंक्षी, किरा, पुतली तथा जलचर आदिको पहिचान र संरक्षण गरिनेछ । |
| १.२ प्राकृतिक स्रोतको उपयोग लाई आय र रोजगारी सँग आवद्ध गर्ने । | १.२.१ सामुदायिक वन, कवुलियती वन व्यवस्थापनमा, महिला तथा स्थानीय समुदायको सहभागिता वृद्धि गरी आय आर्जनसँग आवद्ध गराइनेछ ।<br>१.२.२ सामुदायिक तथा कबुलियत बनमा जडिबुटी कुरिलो, टुसा, निउरो, बेसार, अलैंची जस्ता उच्चआय खेती प्रवर्द्धन गरी आय तथा रोजगारका अवसर बिस्तार गरिनेछ ।<br>१.२.३ निजी जग्गामा फलफूल, डालेघाँस लगायत काष्ठ तथा गैर काष्ठजन्य आयमूलक रुख विरुवाहरू लगाउन प्रोत्साहन गरिनेछ । |

| | |
|---|---|
| | १.२.४ स्थानीयस्तरमा काष्ठजन्य उद्योगलाई प्रोत्साहन गरिनेछ।<br>१.२.५ वनजन्य उत्पादनलाई सहकारी मार्फत वजारीकरण गर्न प्रोत्साहित गरिनेछ।<br>१.२.६ वन र वातावरण सम्बन्धमा काम गर्ने संघ संस्था बीच प्रभावकारी समन्वय र सहकार्य गरिनेछ।<br>१.२.७ वन, वातावरण र जैविक विविधतालाई पर्यटनसंग आवद्ध गरी स्थानीय आय र रोजगारीमा वृद्धि गरिनेछ। |
| उद्देश्य नं २ गाउँपालिकामा फोहोर मैलाको व्यवस्थापन गरि वातावरणको संरक्षण गर्ने। | |
| २.१ विकास र वातावरण बीच सन्तुलन कायम गर्ने। | २.१.१. ठूला आयोजना निर्माणमा वातावरणीय प्रभाव अध्ययनलाई योजना कार्यान्वयनको पूर्वशर्त बनाइनेछ।<br>२.१.२. हरेक पूर्वाधार सम्बन्धि नीति निर्माण गर्दा वातावरणीय पक्षलाई विशेष ध्यान दिइनेछ।<br>२.१.३. विकास संरचना निर्माण गर्दा हुने वन तथा जलाधारको कमी क्षतिहुने व्यवस्थाका साथै क्षतिलाई अनिवार्य परिपूरण गर्ने व्यवस्था गरिनेछ।<br>२.१.४. जलवायु परिवर्तन सम्बन्धी जनचेतनात्मक कार्यक्रम सञ्चालन गरिनेछ।<br>२.१.५. जलवायु परिवर्तनको प्रभावलाई न्युन गर्न अनुकुलनका कार्यक्रम सञ्चालन गरिनेछ<br>२.१.६. स्थानीय जलवायु अनुकुलन कार्य योजनाका सूचकहरूलाई प्रभावकारी रुपमा लागु गरिनेछन्।<br>२.१.७. रघुगंगा गाउँपालिकालाई वातावरणमैत्री गाउँपालिकाको रूपमा विकास गरिनेछ। |
| २.२ फोहोरमैलाको उचित व्यवस्थापन गर्ने। | २.२.१ गाउँपालिकाका घना बस्ती भएका स्थान मौवाफाँट, चिमखोला, तिप्ल्याङ, वेगखोला बजार लगायतका बस्तीमा विभिन्न संघ संस्था एवं अन्तर सरकार समन्वय गरी लागत सहभागितामा पायक पर्ने ठाउँमा बातावरणमैत्री तवरले फोहोर व्यवस्थापन गरिनेछ।<br>२.२.२. घरबाट निस्कने फोहोरलाई कुहिने र नकुहिने फोहोर छुट्याउन कन्टेनरको व्यवस्था गरिनेछ।<br>२.२.३. गाउँपालिकाका मुख्य बस्ति तथा चोकमा फोहोर फाल्ने भाँडाको व्यवस्था गरिनेछ।<br>२.२.४. शौचलाय नभएका घरमा अनिवार्य शौचालय बनाउन लगाउने तथा गाउँपालिकाका मुख्य बस्ति क्षेत्रमा सार्वजानिक शौचालय निर्माण गरिनेछ।<br>२.२.५. प्लाष्टिकमुक्त गाउँपालिका घोषणा गरिनेछ।<br>२.२.६. निश्चित क्षेत्रलाई समेट्ने गरी सफा र आधारभूत सुविधायुक्त नमूना वस्ति, टोल निर्माण गर्ने गरी स्मार्ट भिलेज कार्यक्रम सञ्चालन गरिनेछ। |

## ६.१.६ कार्यक्रमका प्राथमिकता

१. नर्सरी स्थापना तथा वृक्षरोपण साथै वन डढेलो रोकथाम तथा नियन्त्रण कार्यक्रम।

२. वन्यजन्तु तथा जैविक विविधता संरक्षण र नियन्त्रण।

३. वन उपभोक्ता समितिहरू गठन, क्षमता विकास र बैज्ञानिक बन व्यवस्थापन कार्यक्रम।

४. व्यवसायिक जडिबुटी खेती विकास।

५. जलवायु परिवर्तन तथा अनुकुलन कार्यक्रम।

६. हरित उद्यम सञ्चालन।

## ६.१.७ विस्तृत कार्यक्रमहरु

| क्र.स. | संकेत | कार्यक्रम तथा क्रियाकलापहरु | इकाई | आधार वर्ष २०८०/८१ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | |
| १ | क | नर्सरी स्थापना तथा वृक्षरोपण | संख्या | | १ | १ | ४ | १ | १ | ८ |
| २ | क | वन डढेलो रोकथाम तथा नियन्त्रण कार्यक्रम | प्याकेज | | १ | १ | १ | १ | १ | ५ |
| ३ | क | वन्यजन्तु तथा जैविक विविधता संरक्षण र नियन्त्रण | प्याकेज | | १ | १ | १ | १ | १ | ५ |
| ४ | कखग | बैज्ञानिक बन व्यवस्थापन कार्यक्रम | प्याकेज | | १ | १ | १ | १ | १ | ५ |
| ५ | क | वन उपभोक्त समितिहरू गठन र क्षमता विकास | प्याकेज | | १ | १ | १ | १ | १ | ५ |
| ७ | क | व्यवसायिक जडिबुटी खेती विकास | प्याकेज | | १ | १ | १ | १ | १ | ५ |
| ८ | कख | जलवायु परिवर्तन तथा अनुकुलन कार्यक्रम | प्याकेज | | १ | १ | १ | १ | १ | ५ |
| ९ | क | चोरी शिकारी नियन्त्रण तथा जनचेतना | प्याकेज | | १ | १ | १ | १ | १ | ५ |

### ६.१.८ नतिजा खाका

| नतिजाको स्तर | नतिजा | सूचक | ईकाइ | आधार वर्ष २०८०/८१ | उपलब्धी | | | | | योजना अवधिको जम्मा लक्ष्य | पुष्ट्याईको आधार | जिम्मेवार निकाय | जोखिम पक्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | | | | | |
| प्रभाव | बन तथा जैविक विविधताको संरक्षण र बैज्ञानि व्यवस्थापन मार्फत वातावरणीय सन्तुलन कायम भई बन तथा जलाधारिय श्रोतहरुको उत्पादकत्वमा वृद्धि भएको हुनेछ । | गाउँपालिकाको कुल क्षेत्रफलमा बन क्षेत्रले ढाकेको क्षेत्रफल | प्रतिशत | ११.४२ | १२ | १२.५ | १२.७ | १३ | १४ | १४ | गापा वस्तुगत विवरण | अनुगमन तथा सुपरिवेक्षण समिति वातावरण शाखा – सम्बन्धित वन ईकाई | | |
| | | संकटासन्न अवस्थामा रहेका बनस्पतीका प्रजाती | सख्या | १५ | १५ | १० | ९ | ८ | २ | २ | | | | |
| | | संकटासन्न अवस्थामा रहेका प्राणीका प्रजाती | सख्या | | १४ | १२ | १० | ८ | ३ | ३ | | | | |
| | | गाउँपालिकाको कुल गाह्रस्त उत्पादनमा बन क्षेत्रको योगदान | प्रतिशत | ०.५ | १ | १.५ | २.५ | २.८ | ३ | ३ | | | | |
| असर १.१ | बन संरक्षणमुखी व्यवस्थापनबाट उत्पादन मुखी व्यवस्थापनमा रुपान्तरण भएको हुनेछ | समुदायबाट व्यवस्थापन भएको बन क्षेत्र | प्रतिशत | २१ | २२ | २३ | ३० | ५० | ६० | ३ | गापा वस्तुगत विवरण – सर्वेक्षण प्रतिवेदन – प्रगति/ अनुगमन प्रतिवेदन | अनुगमन तथा सुपरिवेक्षण समिति वातावरण शाखा – सम्बन्धित वन ईकाई | | |
| प्रतिफल १ | | समुदायको नेतृत्वमा परिचालीत चोरी निकासी नियन्त्रण इकाई | संख्या | ० | ० | १ | १ | | | २ | | | | |
| | | संरक्षित तथा व्यवस्थित चरन क्षेत्र | हे | ५० | ६० | ८० | १०० | १५० | १५० | ५४० | | | | |
| प्रतिफल १.१ | वन श्रोतको संरक्षण तथा वैज्ञानिक व्यवस्थापन र संचितीमा वृद्धि भएको हुने छ । | संरक्षित तथा व्यवस्थित वन क्षेत्र | प्रतिशत | ११.४२ | १२ | १२.५ | १२.७ | १३ | १४ | १४ | गा प वा प्र | गा पा वा प्र | | |
| | | वृक्षारोपण क्षेत्र | हे | | ३ | ५ | ६ | ८ | ८ | ३० | | | | |
| | | गैरकाष्ठ वन पैदावारको | हे | ० | ०.५ | १ | २ | २ | २ | ७.५ | | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | व्यवसायिक खेती गरिएको क्षेत्रफल | | | | | | | | | | | | |
| | | सामुदायिक बन संख्या | संख्या | ८८ | १ | - | - | - | - | १ | | | | |
| | | चोरी निकासी नियन्त्रण इकाई | संख्या | १ | २ | २ | ३ | - | - | ७ | | | | |
| | | बन्यजन्तु सरक्षण उद्यान | संख्या | ० | - | - | १ | - | - | १ | | | | |
| | | मानव तथा बन्यजन्तु द्धन्द व्यवस्थापन | प्याकेज | ० | १ | १ | १ | १ | १ | ५ | | | | |
| प्रतिफल १.३ | बन तथा बन्यजन्तु संरक्षण र व्यवस्थापनमा नागरिकको क्षमता विकास भएको हुनेछ । | बन व्यवस्थापन तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १ | ५ | उपबामगप्र प्रतिवेदन तथा गापा वस्तुगत विवरण | उपबामगप्र गापा वाशा | | |
| | | बन व्यवस्थापन कार्ययोजना भएका सामुदायिक बन उपभोक्ता समुह | संख्या | | ५५ | - | - | - | - | ५५ | | | | |
| | | बन अतिक्रमण नियन्त्रण | | | अतिक्रमण भएका सबै वन | | | | | | | | | |
| प्रतिफल १.४ | काठ जन्य तथा गैरकाठ जन्य बस्तुको उत्पादन, बजारीकरण भएको हुने छ । | बनमा आधारित उद्योग संख्या | संख्या | | ६ | ८ | १० | १० | १० | ४४ | उपबामग प्रतिवेदन तथा गापा वस्तुगत विवरण | उपबामगप्र गापावाशा | | |
| | | जडिबुटी नर्सरी स्थापना र सञ्चालन | संख्या | ० | - | १ | २ | - | - | ३ | | | | |
| | | जडिबुटी उत्पादन तथा निकासी | क्युन्टल | ५७० | ५८० | ५९० | ६०० | ६७० | ७५० | ७५० | | | | |
| प्रतिफल २.१ | जलाधार क्षेत्रको जल, जंगल र सिमसार क्षेत्रको संरक्षण भएको हुने । | संबेदनशिल जलाधार क्षेत्रको संरक्षण | संख्या | ० | १ | ३ | ५ | ३ | ३ | १५ | उपबामगप्र प्रतिवेदन तथा गापा वस्तुगत विवरण | उपबामगप्र गापावाशा | | |
| | | भू व्यवस्थापन तालिम सञ्चालन | पटक | ० | १ | १ | १ | १ | १ | ५ | | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | व्यवसायिक खेती गरिएको क्षेत्रफल | | | | | | | | | | | | |
| | | सामुदायिक बन संख्या | संख्या | ८८ | १ | - | - | - | - | १ | | | | |
| | | चोरी निकासी नियन्त्रण इकाई | संख्या | १ | २ | २ | ३ | - | - | ७ | | | | |
| | | बन्यजन्तु सरक्षण उद्यान | संख्या | ० | - | - | १ | - | - | १ | | | | |
| | | मानव तथा बन्यजन्तु द्धन्द व्यवस्थापन | प्याकेज | ० | १ | १ | १ | १ | १ | ५ | | | | |
| प्रतिफल १.३ | बन तथा बन्यजन्तु संरक्षण र व्यवस्थापनमा नागरिकको क्षमता विकास भएको हुनेछ । | बन व्यवस्थापन तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १ | ५ | उपबामगप्र प्रतिवेदन तथा गापा वस्तुगत विवरण | उपबामगप्र गापा वाशा | | |
| | | बन व्यवस्थापन कार्ययोजना भएका सामुदायिक बन उपभोक्ता समुह | संख्या | | ५५ | - | - | - | - | ५५ | | | | |
| | | बन अतिक्रमण नियन्त्रण | | | अतिक्रमण भएका सबै वन | | | | | | | | | |
| प्रतिफल १.४ | काठ जन्य तथा गैरकाठ जन्य बस्तुको उत्पादन, बजारीकरण भएको हुने छ । | बनमा आधारित उद्योग संख्या | संख्या | | ६ | ८ | १० | १० | १० | ४४ | उपबामग प्रतिवेदन तथा गापा वस्तुगत विवरण | उपबामगप्र गापावाशा | | |
| | | जडिबुटी नर्सरी स्थापना र सञ्चालन | संख्या | ० | - | १ | २ | - | - | ३ | | | | |
| | | जडिबुटी उत्पादन तथा निकासी | क्युन्टल | ५७० | ५८० | ५९० | ६०० | ६७० | ७५० | ७५० | | | | |
| प्रतिफल २.१ | जलाधार क्षेत्रको जल, जंगल र सिमसार क्षेत्रको संरक्षण भएको हुने । | संबेदनशिल जलाधार क्षेत्रको संरक्षण | संख्या | ० | १ | ३ | ५ | ३ | ३ | १५ | उपबामगप्र प्रतिवेदन तथा गापा वस्तुगत विवरण | उपबामगप्र गापावाशा | | |
| | | भू व्यवस्थापन तालिम सञ्चालन | पटक | ० | १ | १ | १ | १ | १ | ५ | | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संरक्षित सिमसार क्षेत्र कार्यक्रम | प्याकेज | ० | १ | १ | १ | १ | १ | ५ | | | | |
| | | जलाधार व्यवस्थाजन योजना | संख्या | ० | १ | - | - | - | १ | १ | | | | |
| प्रतिफल २.२ | गल्छी पहिरो तथा खोला किनाराको संरक्षण भएको हुने | प्रकोप नक्सांकन | संख्या | ० | - | १ | - | - | - | १ | उपबामगप्र प्रतिवेदन तथा गापा वस्तुगत विवरण | उपबामगप्र गापावाशा | | |
| | | पहिरो रोकथाम तथा खोला किनारा संरक्षण | संख्या | २ | ४ | ५ | ९ | ९ | ९ | ३६ | | | | |
| | | भू संरक्षण प्रणाली प्रदर्शनी | संख्या | ० | १ | १ | १ | १ | १ | ५ | | | | |
| असर ३ | जलवायु परिवर्तनका नकरात्मक प्रभावकको न्यूनिकरण, अनुकुलन तथा नागरिकको समानुकुलन क्षमताको विकास भएको हुनेछ । | जलवायुको परिवर्तन असरबाट समायोजन हुन समानुकुल क्षमतामा वृद्धि जनसंख्या | प्रतिशत | १ | ५ | ७ | १० | २० | २५ | २५ | उपबामगप्र प्रतिवेदन तथा गापा वस्तुगत विवरण | उपबामगप्र गापावाशा | | |
| प्रतिफल ३.१ | गाउँपालिकाको सुन्दरता तथा पर्यावरणीय स्वच्छता र जलवायु परिवर्तन अनुकुलतामा अभिवृद्धि भएको हुने छ । | व्यवस्थित मनोरञ्जन स्थल, पार्क र हरित क्षेत्र | संख्या | ० | २ | २ | ३ | ३ | ३ | १३ | उपबामगप्र प्रतिवेदन तथा गापा वस्तुगत विवरण | उपबामगप्र गापावाशा | | |
| | | जलवायु परिवर्तन न्यूनिकरण तालिम | संख्या | १ | १ | १ | १ | १ | १ | ५ | | | | |
| | | नियमित सरसफाइको अभ्यास गर्ने घरधुरी | प्रतिशत | ५ | २५ | ३५ | ५० | ६० | ७५ | ७५ | | | | |
| | | घरभित्रको धुवाँमुक्त घरधुरी | प्रतिशत | ५ | २० | ३० | ५० | ५५ | ६५ | ६५ | | | | |

## ६.२ विपद् व्यवस्थापन

### ६.२.१ पृष्ठभूमि

पहाडी भू-भागमा अवस्थित रघुगंगा गाउँपालिका अझै पनि विभिन्न प्राकृतिक प्रकोपको उच्च जोखिममा रहेको छ । प्रत्येक वर्ष यस गाउँपालिकाले ठूलो जनधनको क्षति व्यहोर्नु परेको छ । नेपालको संविधानले प्राकृतिक तथा गैरप्राकृतिक विपद्पूर्व तयारी उद्धार तथा राहत र पुनर्लाभ कार्यलाई संघ र प्रदेशको साझा अधिकारको सूचीमा सूचीकृत गरेको छ । विपद् व्यवस्थापनलाई तीनै तहको अधिकारको साझा सूचीमा समेत राखेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले विपद् व्यवस्थापन सम्बन्धी स्थानीय स्तरमा योजना एवं कार्यक्रमहरू तर्जुमा र कार्यान्वयन गर्ने जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ । रघुगंगा गाउँपालिकाको भौगोलिक अवस्थिति कमजोर भौगर्भिक अवस्था र मानवीय क्रियाकलापले गर्दा विभिन्न प्राकृतिक तथा गैरप्राकृतिक विपद्को सामना गर्नु परिरहेको छ । गाउँपालिका भित्रका धेरैजसो भू-भागहरु पहिरोको उच्च जोखिममा रहेको कुरा सहजै अनुमान गर्न सकिन्छ । राम्चे काफलडाँडाको पहिरो, रायखोरको पहिरो, चौरखानीको पहिरो, घ्याङ्ग्री खोलाको पहिरो ठुला पहिराको रुपमा छन् । यी पहिराहरुले सबैभन्दा बढि क्षति पूर्‍याएका छन् । गाउँपालिकाका विभिन्न अति जोखिमयूक्त स्थानहरुमा कुल १०० भन्दा बढि घरपरिवार बसोवास गर्ने गरेको देखिन्छ । विषम हावापानी, फरक फरक भू-बनावट, अव्यवस्थित बस्तीको कारण अधिकांश घरपरिवार जोखिमयूक्त स्थानमा रहेको यस गाउपालिकामा पहिरो र बाढीका कारण क्षति व्यहोर्नु  परेको अवस्था रहेको छ । यस गाउँपालिकामा विपद्जन्य घटनाहरूमा भूकम्प, बाढी, पहिरो, आगलागी, खडेरी, हिपात, असिना, हावाहुरी, अतिवृष्टि, अनावृष्टि,सडक दुर्घटना, स्वास्थ्यजन्य महामारी र चट्याङ्ग प्रमुख रहेका छन् । समय समयमा विपद्को कारण धेरै धनजनको क्षति भएतापनि कुनै लेखाजोखा तथा यथार्थ तथ्याङ्क राखी अध्यावधिक गरेको देखिदैन । स्थानीयस्तरमा गठित विपद् व्यवस्थापन समिति, तत्काल सहायतार्थ प्रहरी चौकिहरू छन् । यसैगरी विपद् सम्बन्धी कार्यमा नेपाल सरकारको राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, रेडक्रस, लगायतका गैर सरकारी संस्थाहरू पनि यस गाउँपालिकामा क्रियाशील रहेका छन् । गाउँपालिका स्थित नदि, खोला तथा खहरेमा आउने बर्षयामको बाढीले मानव बस्ती तथा भौतिक संरचना र खेति योग्य जमिन जोखिममा रहेको छ ।

### ६.२.२ प्रमुख समस्या

भिरालो भू-बनौट, विपद उत्थानशील पूर्वाधार विकास नहुनु, अवैज्ञानिक कृषि प्रणाली, कृषिमा रसायन र विषादीको प्रयोग, जोखिम क्षेत्रको पहिचान नहुनु, सिमान्त भूमि तथा नदी किनाराहरूमा बस्ती बस्नु तथा खेती गरिनु, प्राकृतिक स्रोतको अवैज्ञानिक प्रयोग हुनु, विपदबाट भएको क्षति सम्बन्धी यथार्थ तथ्याङ्क र अध्यावधिक नहुनु, जनचेतनाको कमी हुनु, नदीजन्य पदार्थको तीव्र दोहन गरिनु, स्वास्थ्य र सरसफाई सम्बन्धी जागरुकताको कमी हुनु, विपद् पूर्व तयारीको कमी, विपदका क्षेत्रमा कार्य गर्ने संघ संस्थाहरू बीच समन्वयको कमि हुनु आदि यस क्षेत्रका प्रमुख समस्या हुन् ।

### ६.२.३ चुनौती र अवसर

### चुनौती

पूर्वाधार निर्माणको कार्यलाई व्यवस्थित गर्न, दिगो र उत्थानशील बनाउनु पूर्वाधरको विकास गर्न, विकास र वातावरण वीच सन्तुलन कायम गर्न, विपदबाट भएको क्षति सम्बन्धी यथार्थ तथ्याङ्क व्यवस्थापन गर्न, नदीनालाको संरक्षण तथा तटबन्ध निर्माण गर्न, पुर्ननिर्माणको कार्य समयमा नै सम्पन्न गर्न, विपद् व्यवस्थापन सम्बन्धी संघ संस्थाहरू बीच प्रभावकारी समन्वय कायम गर्नु, जोखिमयुक्त बस्तीको स्थानान्तरण गर्नु, व्यवस्थित विपद् पूर्व तयारी गर्नु, विकास सम्बन्धी सोंच र धारणामा परिवर्तन गरी विपद्संवेदनशील बनाउन आदि यस क्षेत्रका प्रमुख चुनौती हुन् ।

**अवसर**

विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ कार्यान्वयनमा आउनु, विपद सम्बन्धमा नागरिकको चेतना अभिवृद्धि हुनु, भवन संहिता तथा भवन निर्माण मापदण्ड तर्जुमा गरी लागू हुनु, वन तथा हरियाली क्षेत्रको विस्तार गर्ने क्षेत्र प्रशस्त हुनु, निर्माण सम्बन्धी नवीन प्रविधि र ज्ञान उपलब्ध हुनु, भूकम्प प्रतिरोधात्मक आवास तथा स्तरीय संरचना सहितका विद्यालय तथा अन्य (नयाँ) सार्वजनिक संरचनाको निर्माण हुनु आदि यस क्षेत्रमा देखिएका अवसरहरू हुन् ।

## ६.२.४ दीघकालीन सोंच, लक्ष्य र उद्देश्य

**सोंचः**

जल उत्पन्न प्रकोपको न्यूनिकरण भई मार्फत विपद उत्थानशील विकास हुने ।

**लक्ष्य**

दिगो र वातावरणमैत्री विकासद्धारा जलवायू परिवर्तन र विपद व्यवस्थापन र न्यूनीकरण गर्ने ।

**उद्देश्य**

१. विपदजन्य घटनाको न्यूनिकरण गर्दै विपद व्यवस्थापन गर्ने ।
२. जोखिम न्यूनीकरण र पूर्नस्थापनाका लागि भरपर्दो सूचना प्रणाली र संयन्त्रको निर्माण गरी कार्यान्वयन गर्ने ।

## ६.२.५ रणनीति तथा कार्यनिती

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ विपद्जन्य घटनाको न्यूनिकरण गर्दै विपद व्यवस्थापन गर्ने । | |
| १.१ विपद व्यवस्थापन पूर्व तयारी प्रभावकारी बनाउने । | १.१.१ स्थानीय विपद व्यवस्थापन समितिलाई क्रियाशील गराइनेछ ।<br>१.१.२ विपद उद्धार कार्यमा स्थानीय रेडक्रस, समुदायमा आधारित विपद् व्यवस्थापन समिति, युवा स्वयंसेवी, सरोकारवाला संघसंस्था तथा गैसस एवं सुरक्षा निकायलाई अभिमुखीकरण गरी तयारी अवस्थामा राखिनेछ ।<br>१.१.३ स्थानीय स्वास्थ्य संस्थाहरूलाई विपद्तयारी सम्बन्धी पूर्वाधार व्यवस्था र तत्काल परिचालन गर्न सकिने अवस्थामा राखिनेछ ।<br>१.१.४ एम्बुलेन्स सेवालाई प्रभावकारी बनाइनेछ ।<br>१.१.५ छिमेकि स्थानीय तहहरुसँगको सहकार्यमा गाउँपालिकामा बारुणयन्त्र सेवाको स्थापना गरी उद्धार उपकरण समेतको व्यवस्था गरिनेछ ।<br>१.१.६ विपद्पूर्व सूचना प्रणाली व्यवस्थित गरी प्रत्येक घर परिवार वा बस्तीमा मोबाइल र एफ एमबाट विपद् सम्भावना सम्बन्धि पूर्व सूचना प्रवाह गरिनेछ । |
| विपदबाट भएको क्षतिको पुनर्निर्माण एवं पुनःस्थापना गर्ने । | १.२.१ विपद जोखिम नक्सांकन गरिनेछ ।<br>१.२.२ पानीको मुहान, जलाधार क्षेत्र आदिको संरक्षणका लागि समुदायमा आधारित विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.२.३ सार्वजनिक निर्माणका कामहरूमा “अझ राम्रो अझ बलियो” सिद्धान्तको अनुसरण गरिने छ । |

| | |
|---|---|
| | १.२.४ वर्षेनी हुने बाढी, पहिरो जस्ता विपद्बाट भएको क्षतिलाई प्राथमिकताका साथ पुनर्निर्माण र पुनर्स्थापना गरिनेछ। |
| उद्देश्य २ जोखिम न्यूनीकरण र पूर्नस्थापनाका लागि भरपर्दो सुचना प्रणाली र संयन्त्रको निर्माण गरी कार्यान्वयन गर्ने | |
| २.१ दिगो विपद व्यवस्थापन प्रणालीको अवलम्बन गर्ने। | २.१.१ समुदायमा आधारित विपद् व्यवस्थापन समितिहरू गठन गरी तिनको क्षमता विकास गरिनेछ।<br>२.१.२ विपद व्यवस्थापनका क्षेत्रमा कार्यरत रेडक्रस, संघ संस्थाहरू र स्थानीय क्लवहरूलाई समन्वय गरी परिचालन गरिनेछ।<br>२.१.३ गाउँपालिकामा विपद व्यवस्थापनको वेग्लैकोषमा आवश्यक रकम विनियोजनको साथै क्षति सम्बन्धी यथार्थ तथ्याङ्क राखी अध्यावधिक गरीने छ।<br>२.१.४ गाउँपालिकामा सरोकारवाला समेतको सहभागिता रहने गरी विपद व्यवास्थापन केन्द्रको स्थापना गरी एकिकृत सेवा प्रवाह गरिनेछ। यस्तो केन्द्रमा आवश्यक न्यूनतम विपद उद्धार सामग्रीहरू भण्डारण गरिनेछ।<br>२.१.५ विपद व्यवस्थापनमा संलग्न हुने संघ संस्था समुदाय र व्यक्तिहरूको क्षमता विकास गरिनेछ।<br>२.१.६ विकास निर्माण कार्यहरूमा जोखिम न्यूनीकरणका उपायहरू सहित विपद उत्थानशील विकास प्रक्रियाको अवलम्बन गरिनेछ।<br>२.१.७ विद्यालय तहमा विपद जोखिम सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।<br>२.१.८ सडक दुर्घटना जोखिम स्थलहरूमा सचेतना संकेतहरू राखिनेछ। |

## ६.२.६ कार्यक्रमका प्राथमिकता

१. नीति, कानून तर्जुमा तथा कार्यान्वयन।
२. विपद व्यवस्थापनको वेग्लैकोष स्थाापना र विपदबाट भएको क्षति सम्बन्धी यथार्थ तथ्याङ्क अध्यावधिक
३. विपद जोखिम नक्सांकन र विपद्पूर्व तयारी तथा प्रतिकार्य योजना तयार।
४. समुदायमा आधारित विपद् व्यवस्थापन समितिहरू गठन र जनचेतना अभिवृद्धि अभियान।
५. विपद व्यवस्थापन केन्द्रको स्थापना।
६. सरोकारवालाहरूको क्षमता विकास साथै विपद उत्थानशील संरचना निर्माण।

## ६.२.७ विस्तृत कार्यक्रमहरु

| क्र.स. | संकेत | कार्यक्रम तथा क्रियाकलापहरु | इकाई | आधार वर्ष २०८०/८१ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | |
| १ | क | विपद जोखिम नक्सांकन | संख्या | | १ | - | - | | - | १ |
| २ | क | विपद व्यवस्थापन कोष स्थापना र सञ्चालन | संख्या | | १ | - | - | | - | १ |
| ३ | क | विपद व्यवस्थापन केन्द्रको स्थापना | संख्या | | - | ३ | - | - | - | ३ |
| ४ | कखग | उद्धार राहत सम्बन्धी सामग्री तथा उपकरण आपूति | प्याकेज | | १ | १ | १ | १ | १ | ५ |
| ५ | क | जनचेतना अभिवृद्धि अभियान सञ्चालन | प्याकेज | | १ | १ | १ | १ | १ | ५ |
| ६ | कख | एकीकृत बस्तीको संभाव्यता अध्ययन | प्याकेज | | १ | - | - | - | - | १ |
| ७ | क | जोखिमयुक्त र छरिएर रहेका बस्तीहरु स्थानान्तरण गर्ने योजना निर्माण | संख्या | | - | १ | - | - | - | १ |
| ८ | कखग | विपद व्यवस्थापनमा महिला तथा बहिष्करणमा परेका समुदायको क्षमता अभिवृद्धि | प्याकेज | | १ | १ | १ | १ | १ | ५ |
| ९ | क | विपद्पूर्व तयारी तथा प्रतिकार्य योजना तयार | संख्या | | - | १ | - | - | - | १ |

## ६.२.८ नतिजा खाका

| नतिजा को स्तर | नतिजा | सूचक | ईकाइ | आधार वर्ष २०८०/८१ | उपलब्धी ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | योजना अवधिको जम्मा लक्ष्य | पुष्ट्याईको आधार | जिम्मेवार निकाय | जोखिम पक्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | प्राकृतिक तथा मानव सृजित विपद् एवम जोखिम न्यूनिकरण गर्दै विपद उत्थानशिल समाज र अर्थतन्त्रको निर्माण भएको हुने । | विपद्का घटनाबाट भएको क्षति | प्रतिशत | ० | ५० | ४० | २५ | १० | १ | १ | गा.पा.वा. प्रतिवेदन | गापा | | |
| असर १ | विपद्का संभाब्य जोखिमको लेखाजोखा, अनुगमन र पूर्ब तयारी प्रणालीको विकास पश्चात विपद् जोखिम न्यूनिकरण भएको हुने । | विपदका संभाब्य जोखिम स्थानको पहिचान र लेखाजोखा | संख्या | ० | १ | - | - | - | - | १ | गापा प्रतिवेदन | गापा | | |
| | | विपद् पूर्व तयारी तथा प्रतिकार्य तालिम | प्याकेज | १ | १ | १ | १ | १ | १ | ५ | गापा प्रतिवेदन | गापा | | |
| प्रतिफल १.१ | विपद् पूर्वनुमान तथा पूर्वाचेतावनी प्रणालीको विकास तथा सञ्चालन भएको हुने तथा वडा स्तरमा विपद प्रतिकार्य समितिको गठन भएको हुने । | गाउँपालिका स्तरमा विपद् व्यवस्थापन समिति गठन | संख्या | १ | ८ | - | - | - | - | ८ | | | | |
| | | वडा स्तरमा विपद् प्रतिकार्य समिति गठन | संख्या | ० | ८ | - | - | - | - | ८ | | | | |
| | | विपद् जोखिम व्यवस्थापन ( प्रतिकार्य) योजना निर्माण र कार्यान्वयन | संख्या | ० | - | १ | - | - | - | १ | | | | |
| | | सार्वजनिक खुल्ला क्षेत्रको पहिचान, नक्शाकंन तथा अभिलेख, संरक्षण, उपयोग कार्यक्रम | पटक | | १ | १ | १ | १ | १ | ५ | | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नदि, खोला तथा पहिरो गएको स्थनको संरक्षण | | | | | | | | | | | | |
| | | विपद् उत्थानशील योजना | प्रतिशत | ५ | २५ | ५० | ७५ | ८० | ८५ | ८५ | | | | |
| | | जोखिमयुक्त स्थान तथा बस्तीहरुको पहिचान र सुरक्षित स्थानमा स्थानान्तरण | संख्या | | - | - | १ | - | - | १ | | | | |
| असर १.३ | विपद् जोखिम न्यूनिकरणका लागि पूर्वतायारी र स्थानीय जनाताको क्षमता अभिबसद्धि भएको हुने । | भूकम्प तथा प्रकोपबाट सुरक्षित बस्ती,  सामुदायिक संरचना, भवन निर्माण भवन तथा संरचनाको मापदण्ड सम्बन्धी सचेतना | प्याकेज | ० | १ | १ | १ | १ | १ | ५ | | | | |
| | | विपद् जोखिम न्यूनिकरण जनचेतना कार्यक्रम सञ्चालन | संख्या | ० | १ | १ | १ | १ | १ | ५ | | | | |
| | | आपतकालीन आश्रय स्थलको निर्माण | संख्या | ० | - | ३ | ३ | - | - | ६ | | | | |
| | | आपतकालिन स्थापनाका लागि उद्धार सामग्री तथा अन्य आवश्यक सामग्रीको व्यवस्था, भएको वडा | संख्या | ० | ८ | - | - | - | - | ८ | | | | |
| असर २ | विपद पश्चातको पुर्नलाभ, पुस्थापना, पुर्नार्माण र नवनिर्माणको कार्य सवल र उत्थानशिल भएको हुने । | उत्थानशिल कुल जनसंख्या | प्रतिशत | ८० | ९० | ९५ | ९८ | ९८ | ९८ | ९८ | | | | |
| प्रतिफल २.१ | प्रारम्भिक विपद् लेखाजोखा भई पिडितका लाथि राहात सामाग्र बितरण भएको हुने । | विपदको तथ्याङ्क अध्यावधि तथा लेखाजोखा | पटक | १ | १ | १ | १ | १ | १ | ५ | | | | |
| | | विपदका वेला राहात वितरण गर्ने वडा संख्या | आवश्यकताको आधारमा | - | ८ | निरन्तर | | | | ८ | | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | विपद व्यवस्थापन कोष स्थापना कार्यक्रम वार्डस्तर | संख्या | ० | ८ | _ | - | - | - | ८ | | | | |
| | | जोखिमयुक्त बस्ती पहिचान, सामुदायिक संरचनाको जोखिम स्थीति विश्लेषण | | | | | | | | | | | | |
| प्रतिफल २.२ | विपद् पश्चात क्षति तथाको लेखाजोखा भएको हुने | विपद् पश्चात क्षति तथा आवश्यकताको लेखाजोखा भएको वडा संख्या | संख्या | | ८ | ८ | ८ | ८ | ८ | ८ | | | | |
| प्रतिफल २.३ | समुदायको प्रकोप पश्चात सामाना गर्न सक्ने र पूर्व अवस्थामा फर्कन सक्ने क्ष्मताको विकास भएको हुने । | वडास्तरमा स्वयंसेवकलाई विपद व्यावस्थापन, विपद न्यूनीकरण सीप, क्षमता विकास तालिम कार्यक्रम | संख्या | | ३५ | ३५ | ३५ | ३५ | ३५ | १७५ | | | | |
| | | विपद व्यवस्थापन सरोकारवाला निकायहरुसँग समन्वय तथा परामर्श कार्यक्रम | पयाकेज | | १ | १ | १ | १ | १ | ५ | | | | |
| | | विद्यालय स्तरमा विपद् व्यवस्थापन सम्बन्धी क्षमता विकास कार्यक्रम | पटक | | १ | १ | १ | १ | १ | ५ | | | | |
| | | विपद् पिडितका लागि आयआर्जन कार्यकम | पटक | | १ | १ | १ | १ | १ | ५ | | | | |

# परिच्छेद ७ : संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन

## ७.१ संस्थागत विकास तथा सेवा प्रवाह

### ७.१.१ पृष्ठभूमि

स्थानीय तहको सरकारहरूको प्रमुख जिम्मेवारी लोकतन्त्रका लाभहरूको वितरण गर्नु हो । यसका निमित्त स्थानीय तहहरू सक्षम, पारदर्शी, भ्रष्टाचार मुक्त, उत्तरदायी र सहभागितामूलक हुन आवश्यक छ । गाउँपालिकाबाट आवश्यकता बमोजिम स्थानीय ऐन, नियमावली, कार्यविधि, निर्देशिकाहरू तथा मापदण्डहरु नगर सभा तथा नगर कार्यपालिकाबाट स्वीकृत भई गाउँपालिकाको राजपत्रमा प्रकाशन भएर कानूनको रुपमा कार्यान्वयनमा आएका छन । "व्यवसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन" लाई आत्मसाथ गरी  सभाबाट सुशासन समिति, विधायन समिति र लेखा समिति लगायत समिति र कार्यपालिकाबाट गठीत समितिहरु, विषयगत समितिहरु गठन भएका छन् । हाल सबै समितिहरु सक्रिय र प्रभावकारी देखिएका छन् । सार्वजनिक सेवाका सन्दर्भमा गाउँपालिका र ८ वडामा गरी ९ वटा नागरिक बडापत्रको प्रयोग भएकोछ । सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट, मासिक रुपमा गाउँपालिकाको आम्दानी खर्च तथा बैठक तथा सभाका निर्णयहरु सार्वजनिक गर्ने अभ्यास नियमित रुपमा भएको छ । समयमा नै बजेट तथा कार्यक्रम र यस सम्बन्धी ऐन नियमहरू स्विकृत भई कार्यान्वयनमा आउने गरेको छ। गाउँपालिकाको सञ्चित कोषको स्थापना भई सुत्रमा आधारित आर्थिक कारोवारको सञ्चालन, व्यक्तिगत घटना, सामाजिक सुरक्षा आदिको सेवामा विद्युतीय प्रणालीको प्रयोग भइरहेको, एप्सको प्रयोगबाट वस्तुगत विवरण सङ्कलन भएको र आर्थिक कारोबार बैङ्किङ प्रणलीबाट सम्पादन हुने गरेको छ । न्याय सम्पादनका  लागि उपाध्यक्षको अध्यक्षतामा न्यायिक समिति रहेको, साना साना विवादलाई गाउँपालिकाबाट नै मिलाउने गरिएको र जटिल प्रकृतिका घटनाहरु मात्र कानुनी दायरामा जाने गरेका छन् । गाउँपालिका शान्ति सुरक्षाका लागि राखु भगवति र पाखापानीमा गरी २ वटा प्रहरी चौकी रहेको र यहिबाट गाउँपालिका भरि शान्ति सुव्यवस्था कायम गरिएको छ ।

### ७.१.२ प्रमुख समस्या

संघियताको मर्म अनुरुप नागरिकलाई सेवा दिन नसक्नु, स्थानीयवासीमा चेतनाको स्तर माथि उठ्न नसक्नु, संस्थागत तथा क्षमता अभिवृद्धिका नियमित कार्यक्रमहरूको व्यवस्था नहुनु, कर्मचारीहरू सुशासन तथा सेवा प्रवाहका नयाँ पद्धतिहरूमा कम जानकार हुनु, स्रोत, प्रविधि तथा पूर्वाधारहरूको पर्याप्तता नहुनु, गाउँपालिका, वडा कार्यालय, शाखा तथा उपशाखामा दरबन्दि अनुसार कर्मचारीको पदपूर्ती नहुनु, कर्मचारी तथा जनप्रतिनिधिलाई पेशागत क्षमता विकास तालिम पर्याप्त मात्रामा नहुनु, लोक सेवा आयोग मार्फत आएका कर्मचारीको समय अगावै नै सरुवा हुनु आदि यस क्षेत्रका प्रमुख समस्या रहेका छन ।

### ७.१.३  अवसर तथा चुनौती

**अवसर**

E-governance नागरिकको पहुँचमा बिस्तार गर्न नेपाल सरकार नीतिगत व्यवस्था गर्नु, विद्यमान सूचना प्रविधिको सदुपयोग गरी अन्य स्थानीय सरकारले गरेका उत्कृष्ट अभ्यासहरूको अनुशरण गर्न सकिने अवस्था हुनु, जनगुनासोलाई तत्काल सम्बोधन गरी सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउन आन्तरिक नियन्त्रण प्रणाली निर्माण गरी लागु गर्न सकिने अवस्था हुनु । गाउँपालिकामा नगर प्रहरीको व्यवस्थापन गर्न सकिने र अन्य सुरक्षा निकायलाई समेत आवश्यकता अनुसार विस्तार गर्न सकिने अवस्था हुनु, स्थानीय तहको एकल अधिकार भित्रका विषयमा कानून निर्माण गरी कार्यान्वयन गर्ने अधिकार हुनु, आर्थिक कार्यप्रणाली व्यवस्थित गर्ने सम्बन्धी आर्थिक

ऐन र अन्य केही ऐन कानूनहरू तर्जुमा हुनु, आफ्नो प्रशासनिक संगठन र संरचना आफै निर्माण गर्न सक्ने अधिकार हुनु, संवैधानिक तथा कानूनी रूपमा नै वित्तीय हस्तान्तरणबाट निश्चित स्रोतको सुनिश्चितता रहनु, स्थानीय तवरमा विकास साझेदारहरूको उपस्थिति र सकरात्मक सहयोगको वातावरण हुनु यस क्षेत्रका प्रमुख अवसरहरु रहेका छन ।

### चुनौती

जनचासो र जनगुनासोको समयमै सम्बोधन गर्न, राजश्व अपचलन हुनबाट रोक्न, जनउत्तरदायी शासन प्रणालीको विकास गर्न, कर्मचारीको पदपूर्ति गरी सबै वडा तथा विषयगत कार्यालयहरूमा दरबन्दी अनुसारको कर्मचारी पदपूर्ति गर्न, आर्थिक ऐन कानून कार्यान्वयनमा ल्याउन, संघीय सरकारबाट खटिने कर्मचारीहरूमा स्थायित्व ल्याउन, समायोजित कर्मचारीहरूलाई स्थानीय सेवाअनुसार परिचालन गरी व्यवस्थित गर्न आदि यस क्षेत्रका प्रमुख चुनौती रहेका छन् ।

## ७.१.४ दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य

### सोंच

दक्ष मानव संसाधनको विकास, आर्थिक सबैलता सहितको आधुनिक सेवा प्रवाह र पारदर्शिता

### लक्ष्य

गाउँपालिका आर्थिक रुपमा सबैल, सामाजिक समावेशीकरण, लैङ्गिक समानता, सुशासन, जवाफदेहिता तथा पारदर्शीता सुनिश्चित भएको हुनेछ ।

### उद्देश्य

१. संस्थागत सुदृढीकरण गरी सरल, सहज र सुलभ रूपमा सेवा प्रवाहको सुनिश्चितता गर्नु ।
२. पारदर्शी, सहभागिता पूर्ण जवाफदेहि र पूर्व अनुमान योग्य शासकीय प्रणाली स्थापित गर्नु ।

## ७.१.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १** संस्थागत सुदिृढीकरण गरी सरल, सहज र सुलभ रूपमा सेवा प्रवाहको सुनिश्चितता गर्ने । | |
| १.१ विधि र प्रक्रियामा आधारित शासन व्यवस्था स्थापना गर्ने । | १.१.१ संविधान प्रदत्त अधिकारको सीमाभित्र रही आवश्यक कानून, नियमावली, निर्देशिका निर्माण र कार्यन्यनलाई प्रार्थमिकता दिइनेछ । |
| | १.१.२ सदाचार प्रवर्द्धन गर्दै पारदर्शी कार्यप्रक्रियाको निर्माण गरी भ्रष्टाचार विरुद्ध प्रभावकारी उपायको अवलम्बन गरिनेछ । |
| | १.१.३ सार्वजनिक पदाधिकारीका लागि आचार संहिता निर्माण गरी कार्यान्वयनमा ल्याउनका साथै अनुगमन प्रणाली स्थापना गरिनेछ । |
| | १.१.४ सेवा प्रवाहलाई जनमुखी बनाउने नागरिक बडा-पत्र अध्यावधिक गरी पूर्णरूपमा कार्यान्वयनमा ल्याइनेछ । |
| | १.१.५ गाउँपालिकाका विकट क्षेत्रहरू लक्षित गरी स्वास्थ्य, कृषि लगायतका सेवा एकिकृत रूपमा घरदैलोमा पुऱ्याउन घुम्ती सेवा कार्यक्रम सञ्चालन गरिने छ । |
| | १.१.६ स्थानीय सरकारको स्वमूल्याङ्कन प्रणालीलाई (Local Institution Self-Assisment) संस्थागत गरिनेछ । |
| | १.१.७ सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, गुनासो व्यवस्थापन जस्ता नागरिक उत्तरदायी संयन्त्रहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ । |
| | १.१.८ सार्वजनिक सुनुवाईलाई नियमित र प्रभावकारी बनाइनेछ । |
| | १.१.९ गाउँपालिकाको वार्षिक बजेट, कार्यक्रम, योजना र यसका प्रगतिहरू अध्यावधिक गरी वेवसाइटमा राख्ने व्यवस्था मिलाईने छ । |

| | |
|---|---|
| | १.१.१० आर्थिक कारोवार सम्बन्धी विवरण मासिक रूपमा सार्वजनिक हुने व्यवस्था मिलाईनेछ । |
| १.२.कार्यमूलक संगठन संरचना निर्माण गरी कार्य सम्पादन प्रणाली लाई संस्थागत बनाउने । | १.२.१ गाउँपालिकाको आवश्यकता अनुसार नयाँ संगठन संरचना तयार गरी लागू गरिनेछ ।<br>१.२.२ गाउँपालिकाको कार्य सम्पादन तथा कार्य विभाजन नियमावलीमा आवश्यक परिमार्जन गरी सबै निर्वाचित प्रतिनिधिहरु र गाउँपालिका तथा सभाका समितिहरुको कार्य विवरण स्पष्ट गरिनेछ ।<br>१.२.३ गाउँपालिकाको कानून निर्माण क्षमता अभिवृद्धि हुने गरी संस्थागत क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.२.४ गाउँ कार्यपालिकाका उपाध्यक्ष, सबै वडा अध्यक्षहरु र कार्यपालिका सदस्यहरुसँग अध्यक्षले तथा प्रमुख प्रशासकीय अधिकृतले सबै शाखा प्रमुख सँग कार्य सम्पादन करार गरी नतिजाको अनुगमन गर्ने पद्धति निर्माण गरी कार्यान्वयनमा ल्याइने छ ।<br>१.२.५ सबै कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कन र पुरस्कार तथा दण्डलाई उनीहरूको कार्यप्रगतिसँग आवद्ध गरिनेछ ।<br>१.२.६ गाउँपालिका तथा सबै वडाका सेवा प्रवाहका लागि आबश्यक पूर्बाधारको बिकास गरिनेछ |
| १.३ गाउँपालिकाको संस्थागत क्षमता अभिवृद्धि गर्ने। | १.३.१ गाउँपालिकाको संगठन संरचना र दरबन्दी व्यवस्थित गरिने छ ।<br>१.३.२ निर्धारित दरवन्दी अनुसार आवश्यक कर्मचारीहरूको पद पूर्ति गरिनेछ ।<br>१.३.३ शाखा, वडा कार्यालय र विषयगत शाखहरू बीच विद्युतीय सञ्जाल स्थापना गरिनेछ ।<br>१.३.४ कर्मचारी तथा निर्वाचित प्रतिनिधिहरूको समय सापेक्ष दक्षता हासिल गर्न क्षमता विकास गरिनेछ ।<br>१.३.५ अन्य पालिकाहरू बीच साझा चासोका विषय र परियोजनाहरूको पहिचान गरी सहकार्य गरिनेछ ।<br>१.३.६ न्यायिक समितिको क्षमता अभिवृद्धि गरी प्रभावकारी बनाइनेछ । |
| उद्देश्य २ पारदर्शी, सहभागिता पूर्ण जवाफदेहि र पूर्व अनुमान योग्य शासकीय प्रणाली स्थापित गर्ने । | |
| २.१ सूचना प्रविधिको प्रयोग मार्फत सेवा प्रवाहलाई सुलभ, सरल र सहज बनाउने । | २.१.१ गाउँपालिकामा सूचना तथा अभिलेख केन्द्रको स्थापना गरिनेछ ।<br>२.१.२ सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग गरिनेछ ।<br>२.१.३ कार्यालयका व्यक्तिगत घटना दर्ता, आर्थिक कारोवार, राजश्व जस्ता नागरिकसँग सम्बन्धीत सेवा प्रवाहमा विद्युतीय प्रणालीको प्रयोग गरिनेछ ।<br>२.१.४ गाउँपालिकाको वेवसाइटलाई सुधार गरी गाउँपालिकाका निर्णय, बजेट तथा कार्यक्रम र प्रगति, खर्चको विवरण जस्ता सार्वजनिक चासोका विषय नियमित रूपमा वेवसाइटमा राख्ने व्यवस्था मिलाईने छ ।<br>२.१.५ गाउँपालिकाको आर्थिक करोवार विद्युतीय प्रणालीमा आवद्ध गरिनेछ ।<br>२.१.६ गाउँपालिकाका निर्णयहरू वेवसाइटमा समेत नियमित रूपमा राखी सार्वजनिक गरिनेछ । |

## ७.१.६ कार्यक्रमका प्राथमिकता

१. आवश्यकता अनुसार कानूनको पुनरावलोकन, परिमार्जन तथा निर्माण ।

२. संगठन तथा व्यवस्थापन अध्ययन ।

३. विषयगत शाखा तथा वडा कार्यालयको पूर्वाधार निर्माण ।

४.स्थानीय राजपत्र प्रकाशन ।

५.आधुनिक सूचना प्रविधि जडान, वेवसाइट अध्यावधिक र सूचना सञ्जालीकरण ।

६.नागरिक उत्तरदायित्व अभिवृद्धि, सामाजिक परिक्षण तथा सार्वजनिक सुनुवाइ ।

७.संस्थागत विकास सूचकहरूको मूल्यांकन ।

### ७.१.७ विस्तृत कार्यक्रमहरु

| क्र. स. | संकेत | कार्यक्रम तथा क्रियाकलापहरु | इकाई | आधार वर्ष २०८०/८१ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | |
| १ | क | गाउँपालिका कार्यालय साथै सबै वडा कार्यालयलाई प्रविधि मैत्री बनाउने | संख्या | | ८ | - | - | - | - | ८ |
| २ | क | गाउँपालिकाको वेवसाईडलाई नियमित अद्यावधिक गर्ने | पटक | | १ | १ | १ | १ | १ | ५ |
| ३ | क | गाउँपालिका, विषयगत शाखा र सबै वडा कार्यालयहरुमा सुझाव पेटिका र नागरिक वडा पत्र राख्ने | संख्या | | ८ | - | - | - | - | ८ |
| ४ | क | सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ कार्यक्रम | पटक | | २ | २ | २ | २ | २ | १० |
| ५ | कखग | शासकिय सुधारका लागि अभिमुखिकरण कार्यक्रम | प्याकेज | १ | १ | १ | १ | १ | १ | ५ |
| ६ | क | संगठन तथा व्यवस्थापन (O & M) सर्वेक्षण गर्ने | पटक | | - | १ | - | - | - | १ |
| ७ | कखग | विद्युतिय शासन पद्धति लागू गरी सेवा प्रवाह पारदर्शि बनाउने | प्याकेज | | १ | १ | १ | १ | १ | ५ |
| ८ | क | प्रत्येक कर्मचारीको कार्य बिबरण तयार गर्ने | प्याकेज | | १ | - | - | - | - | १ |
| ९ | क | सबै आयोजनाहरुको प्रगति समिक्षा गर्ने | प्याकेज | | १ | १ | १ | १ | १ | ५ |
| १० | क | पत्र पत्रिका र रेडीयोमा चेतनामूलक सूचना प्रकाशन तथा प्रसारण गर्ने | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित |
| ११ | कखग | कर्मचारीहरुको कार्य दक्षता विकासको लागि तालिम | प्याकेज | | १ | १ | १ | १ | १ | ५ |
| १२ | कखग | जनप्रतिनिधिहरुको लागि तालिम | प्याकेज | | १ | १ | १ | १ | १ | ५ |
| १३ | क | स्थानीय राजपत्र प्रकाशन | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित |
| १४ | कखग | गाउँपालिका र सबै वडा कार्यालयहरुमा आधुनिक सूचना प्रविधि जडान गर्ने | प्याकेज | | १ | - | १ | - | - | २ |

## ७.१.८ नतिजा खाका

| नतिजाको स्तर | नतिजा | सूचक | ईकाइ | आधार वर्ष २०८०/८१ | उपलब्धी | | | | | योजना अवधिको जम्मा लक्ष्य | पुष्ट्याइको आधार | जिम्मेवार निकाय | जोखिम पक्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | | | | | |
| प्रभाव | आर्थिक रुपमा सवल, सामाजिक समावेशीकरण, लैङ्गिक समानता, सुशासन, जवाफदेहिता तथा पारदर्शीता सुनिश्चित भएको गाउँपालिका हुने । | आर्थिक रुपमा सवल, सामाजिक समावेशीकरण, लैङ्गिक समानता, सुशासन, जवाफदेहिता तथा पारदर्शीता सुनिश्चितता कार्यक्रम सञ्चालन | प्याकेज | | १ | १ | १ | १ | १ | ५ | गा.पा.प्र. सा. प्रतिवेदन | गापा. प्र.सा. | | |
| | | सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ कार्यक्रम | पटक | ३ | ३ | ३ | ३ | ३ | ३ | १५ | ″ | ″ | | |
| असर १ | संस्थागत सुदृढीकरणको साथै सरल, सहज र सुलभ रूपमा सेवा प्रवाहको सुनिश्चितता भएको गाउँपालिका हुने | संस्थागत सुदृढीकरणको साथै सरल, सहज र सुलभ रूपमा सेवा प्रवाहको कार्यक्रम सञ्चालन | प्याकेज | | १ | १ | १ | १ | १ | ५ | ″ | ″ | | |
| प्रतिफल१ | गाउँपालिका, विषयगत शाखा र सबै वडा कार्यालयहरुमा सुझाव पेटिका र नागरिक वडा पत्र भएको हुने | गाउँपालिका, विषयगत शाखा र सबै वडा कार्यालयहरुमा सुझाव पेटिका | संख्या | १ | १२ | – | – | – | – | १२ | ″ | ″ | | |
| | | गाउँपालिका, विषयगत शाखा र सबै वडा कार्यालयहरुमा  नागरिक वडा पत्र | संख्या | | १२ | – | – | – | – | १२ | ″ | ″ | | |
| प्रतिफल २ | कार्यमूलक संगठन संरचना निर्माण गरी कार्य सम्पादन प्रणालीलाई संस्थागत संस्थागत रुपमा विकास भएको हुने | संगठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण गर्ने | पटक | | – | – | १ | – | – | १ | ″ | ″ | | |
| | | तयार भएको क्षमता विकास योजना | संख्या | | – | – | १ | – | – | १ | ″ | ″ | | |
| | | गाउँपालिकाको संस्थागत क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम | प्याकेज | | १ | – | – | १ | – | २ | ″ | ″ | | |
| असर २ | पारदर्शी, सहभागिता पूर्ण जवाफदेहि र पूर्व अनुमान योग्य शासकीय प्रणाली स्थापित भएको हुने | पारदर्शी, सहभागिता पूर्ण जवाफदेहि र पूर्व अनुमान योग्य शासकीय प्रणालीको विकास विस्तार | प्याकेज | | १ | – | – | १ | – | २ | ″ | ″ | | |
| प्रतिफल १ | सूचना प्रविधिको प्रयोग मार्फत सेवा प्रवाहलाई सुलभ,सरल र सहज भएको हुने | गाउँपालिकामा सूचना तथा अभिलेख केन्द्रको स्थापना | प्याकेज | | १ | १ | १ | १ | १ | ५ | ″ | ″ | | |
| | | नागरिकसँग सम्बन्धीत सेवा प्रवाहमा विद्युतीय प्रणालीको प्रयोग | प्याकेज | | १ | १ | १ | १ | १ | ३ | ″ | ″ | | |

## ७.२ वित्तीय सुशासन

### ७.२.१ पृष्ठभूमि

नेपालको संविधान, नेपाल पक्ष भइ हस्ताक्षर गरिएका अन्तर्राष्ट्रिय अभिलेख तथा दिगो विकासको लक्ष्य नं १६ ले भ्रष्टाचारमुक्त प्रशासनको परिकल्पना गरेको छ । सार्वजनिक आयको अद्यावधिक स्थितिको लेखाङ्कन तथा प्रतिवेदन प्रणालीलाई नियमित र एकरुपता कायम गरी प्रभावकारी बनाउँदै लैजानको लागि सूचना प्रविधिमा आधारीत वित्तीय व्यवस्थापनको विकासमा जोड दिँदै एकल खाताकोष प्रणाली र राजश्व व्यवस्थापन प्रणालीको विकास भएको छ। जनताले तिरेको करबाट राज्य सञ्चालन हुने सामान्य सिद्धान्त हो। तर जनताले प्रशस्त कर तिर्नका लागि आर्थिक क्रियाकलापहरूमा तीव्रता आउनु पर्दछ । आर्थिक क्रियाकलापहरूलाई तिव्रता दिन उत्पादनमा वृद्धि, बजारीकरण, निर्यात र उपभोक्ता बजारको प्रबर्द्धन गर्नुका साथै उद्योग र कलकारखानाहरू खुल्ने उपयुक्त वातावरण सिर्जना हुनुपर्दछ । गाउँपालिकालाई आर्थिक रूपमा सम्पन्न बनाउन 'दक्ष मानव संसाधनको विकास, आर्थिक सबैलता सहितको आधुनिक सेवा प्रवाह र पारदर्शिता' भन्ने सोंचलाई साकार तुल्याउने नीति अनुरूप राजश्व परिचालन र श्रोत अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्ने योजना रहेको छ । यस गाउँपालिका कार्यालयमा हाल छुट्टै राजश्व शाखा नभएको अवस्था छ। सांगठानिक ढाँचामा राजश्व शाखा पनि छुट्टै बनाइ कार्य चुस्तता बनाउनको लागि आवश्यक देखिन्छ।

### ७.२.२ प्रमुख समस्या

आर्थिक उत्तरदायित्व तथा जवाफदेहीताको अवस्था कमजोर हुनु, विकास खर्च अपेक्षित परीमाणमा नहुनु, यस क्षेत्रका प्रमुख समस्याहरु हुन ।

### ७.२.३ चुनौती र अवसर

#### चुनौती

संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान ठिक समयमा प्राप्त गर्न, समयमा नै कार्यक्रमहरु स्वीकृत गरी वार्षिक खरिद योजना तयार गर्न, समयमा नै ठेक्का बन्दोबस्त गर्न, पूंजिगत खर्च वृद्धि गर्न यस क्षेत्रका प्रमूख चुनौती रहेका छन् ।

#### अवसर

गाउँपालिका भित्र कानुनको परिधिमा रही सम्भाव्य करका दायरा बढाउन करदाता विवरणलाई डिजिटल प्रविधिमा आवद्ध गरी प्रत्येक करदाताको विद्युतीय खाता (Smart Tax Account) बनाई लागु हुनु, आर्थिक ऐन, आन्तरिक लेखा परिक्षण कार्यविधि, सुशासन ऐन, अनुगमन तथा सुपरिवेक्षण समितिको कार्य सञ्चालन कार्यविधि, लगायतका ऐन, नियमावली र कार्यविधिहरु तयार भएर रघुगंगा गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन हुनु यस क्षेत्रका प्रमुख अवसरहरु रहेका छन् ।

### ७.१.४ दीर्घकलीन सोंच, लक्ष्य र उद्देश्य

#### सोंच

रघुगंगा गाउँपालिकामा प्रभावकारी वित्तीय सुशासन कायम गर्ने ।

**लक्ष्य**

सार्वजनिक आय व्ययलाई व्यवस्थित, पारदर्शि र अनुमानयोग्य बनाई समग्र विकास प्रकृयालाई प्रभावकारी बनाउने ।

**उद्देश्य**

१.रघुगंगा गाउँपालिकामा सार्वजनिक आय र खर्च प्रणालीको प्रभावकारीतामा वृद्धि गर्ने ।

## ७.२.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १:** रघुगंगा गाउँपालिकामा सार्वजनिक आय र खर्च प्रणालीको प्रभावकारीतामा वृद्धि गर्ने । | |
| १.१ गाउँपालिकाको राजश्व वृद्धिकाका लागि कार्यक्रमहरु सञ्चालन गर्ने । | १.१ राजश्व सङ्कलनको लागि समुदाय स्तरमा कर शिक्षा सञ्चालन गरिने छ । |
| १.२ वित्तीय व्यवस्थापन प्रणालीको सुदृढीकरण गर्ने | १.२.१ साँगठनिक ढाँचामा सुधार गरि राजश्व शाखा बनाइ वित्तीय व्यवस्थापन सम्बन्धी संस्थागत सुदृढीकरण गरी राजश्व परिचालनको क्षमतामा वृद्धि गरीनेछ । |
| १.३ सार्वजनिक आय व्यय र खरिद प्रकृयालाई प्रभावकारी, व्यवस्थित र पारदर्शी बनाउने । | १.३.२ ठेक्कापट्टा निर्धारित समयभित्रै गरीनेछ ।<br>१.३.२ निर्धारित समय अगावै काम सम्पन्न गर्ने ठेकेदारलाई प्रोत्साहन गरीनेछ भने निर्धारित समयमा काम सम्पन्न नगर्ने ठेकेदारलाई कालोसूचीमा राखि कारवाही गरिनेछ ।<br>१.३.३ सूचना प्रविधिको प्रयोगलाई विकास, विस्तार गरीनेछ । |
| १.४ राजश्व सुधार गरी गाउँपालिकाको आन्तरीक आयमा वृद्धि ल्याउने । | १.४.१ गाउँपालिकाको राजश्व सुधार कार्य योजना बनाइ कार्यन्वयनमा ल्याइनेछ ।<br>१.४.२ कर शिक्षा सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरि गाउँपालिकावासीलाई उत्साही बनाइनेछ । |

## ७.२.६ कार्यक्रमका प्राथमिकता

१. विद्युतिय आर्थिक कार्य प्रणालीको सुदृढीकरण गर्ने ।

२. दोस्रो राजश्व सुधार कार्य योजना निर्माण ।

३. कर शिक्षा सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने ।

## ७.२.७ विस्तृत कार्यक्रमहरु

| क्र सं | संकेत | कार्यक्रम तथा क्रियाकलापहरु | इकाई | आधार वर्ष २०८०/८१ | लक्ष्य | | | | | योजना अवधिको जम्मा लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | |
| १ | क | कर शिक्षा सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने | प्याकेज | | १ | १ | १ | १ | १ | ५ |
| २ | क ख | कर्मचारीहरुको लागि राजश्व परिचालन सम्बन्धी क्षमता वृद्धि तालिम आयोजना गर्ने | प्याकेज | | १ | १ | १ | १ | १ | ५ |
| ३ | क ख | लेखाप्रणाली सुदृढीकरण तालिम सञ्चालन | प्याकेज | | १ | १ | १ | १ | १ | ५ |
| ४ | क | विद्युतिय आर्थिक कार्यप्रणालीको विकास गर्ने | प्याकेज | | १ | १ | १ | १ | १ | ५ |
| ५ | क | राजश्व सुधार कार्य सुधार कार्ययोजना तयार / कार्यान्वयन गर्ने | पटक | १ | - | - | १ | - | - | १ |
| ६ | क ख | सूचना प्रविधिको प्रयोगलाई विकास विस्तार गर्ने | प्याकेज | | १ | १ | १ | १ | १ | ५ |
| ७ | क | निर्धारित समय भन्दा अगावै कार्य सम्पादन गर्ने ठेकेदारलाई प्रोत्साहन कार्यक्रम | प्याकेज | | १ | १ | १ | १ | १ | ५ |

## ७.२.८ नतिजा खाका

| नतिजा को स्तर | नतिजा | सूचक | ईकाइ | आधार वर्ष २०८०/८१ | उपलब्धी ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | योजना अवधिको जम्मा लक्ष्य | पुष्ट्याइको आधार | जिम्मेवार निकाय | जोखिम पक्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | सार्वजनिक आय व्यय व्यवस्थित, पारदर्शि र अनुमानयोग्य बनि प्रभावकारि विकास गर्ने | सार्वजनिक आय व्यय पारदर्शि र व्यवस्थित अनुमानयोग्य र प्रभावकारी विकास प्रकृया | संख्या | १ | १ | १ | १ | | | ४ | गापा प्रतिवेदन | गापा | | |
| असर १ | सार्वजनिक आय र खर्च प्रणालीको प्रभावकारीतामा वृद्धि गर्ने | सार्वजनिक आय र खर्च प्रणालीको प्रभावकारीतामा वृद्धि | प्याकेज | १ | १ | १ | १ | १ | १ | ५ | " | " | | |
| | | राजस्व सुधार कार्य योजना तयार/कार्यन्वयन गर्ने | संख्या | - | १ | - | - | - | - | १ | " | " | | |
| प्रतिफल १ | साँगठनिक ढाँचामा सुधार गरि वित्तीय व्यवस्थापन सम्बन्धी संस्थागत सुदृढीकरण गरी राजश्व परिचालनको क्षमतामा वृद्धि गर्ने | राजश्व शाखा | संख्या | - | १ | - | - | - | - | १ | " | " | | |
| असर १ | खरिद प्रकृयालाई प्रभावकारी, व्यवस्थित र पारदर्शी गर्ने। | प्रभावकारी, व्यवस्थित र पारदर्शी खरिद प्रकृया | | | नियमित | नियमित | नियमित | नियमित | नियमित | | " | " | | |
| प्रतिफल १ | ठेक्कापट्टा निर्धारित समय भित्रै गर्ने। | निर्धारित समय भित्रै भएका ठेक्कापट्टा | | | नियमित | नियमित | नियमित | नियमित | नियमित | | " | " | | |
| | | निर्धारित समय अगावै काम सम्पन्न गर्ने ठेकेदार प्रोत्साहन | संख्या | | १ | १ | १ | १ | १ | ५ | " | " | | |

# परिच्छेद ८ : आवधिक योजनाको वित्तीय श्रोत व्यवस्थापन, अनुगमन एवं मूल्यांकन र कार्यान्वन

## ८.१. आगामी ५ बर्षका लागि आवश्यक, उपलब्ध हुनसक्ने अनुमानित तथा नपुग हुने विकास बजेट

रघुगंगा गाउँपालिकाको समग्र विकासका लागि ५ बर्षमा सञ्चालन गरिने योजनाको समष्टिगत रुप हो । यस योजनाको उपलब्ध हुने रकममा गाउँपालिकालाई उपलब्ध हुन सक्ने सबै खाले स्रोतको समावेश हुनेछ । यस योजनामा संघिय सरकार, प्रदेश सरकार, सरकारी, गैर सरकारी संस्था तथा निजी क्षेत्रबाट हुने लगानीलागि पनि उपयूक्त वातावरणको सिर्जना गरिने छ ।

## ८.२. घाटा र घाटा पूर्तिको ब्यवस्था

यस योजनाको खर्चको अनुमान र श्रोत ब्यवस्था सम्बन्धि उपरोक्त विश्लेषबाट यस आवधिक योजनामा न्यून हुन सक्ने बजेट पूर्ति गर्न वार्षिक योजना तर्जुमा गर्दा विभिन्न क्षेत्रबाट श्रोत जुटाउन निम्नानुसार पहल एवं प्रयास गरिनेछ :

- गाउँपालिकामा उपलब्ध आर्थिक श्रोतको उच्चतम उपयोग गर्न मितब्ययी कार्यान्वयन प्रक्रिया र लगानीमा पारदर्शिताको नीति अवलम्वन गरिनेछ । जसले गर्दा साविकको लगानीबाट बढि उपलब्धि भई बढि जनसहभागिता परिचालन हुनेछ ।
- संघिय तथा प्रदेश सरकारको अनुदान रकम वृद्धि गराउन प्रयास गरिनेछ ।
- गाउँपालिकाको आवश्यकता र दातृ संस्थाहरुको प्राथमिकतालाई ध्यानमा राखेर आवश्यक प्रस्तावहरु तयार गरी श्रोत वृद्धिका लागि दातृ संस्थाहरुको खोजी गरिनेछ ।
- स्थानीय तह र सामुदायिक संघसंस्थाहरुको आन्तरिक श्रोत परिचालन वृद्धि गरिनेछ । आयका नयाँ क्षेत्रहरु पहिचान गरी कर वा शुल्क सङ्कलनका कार्यहरु अगाढि बढाइनेछ ।
- पर्यटन, विद्युत, उद्योग, र कृषि क्षेत्रमा निजी क्षेत्रको लगानी वृद्धि गर्ने वातावरण तयार गरिनेछ ।
- सरकारी, निजी क्षेत्र तथा गैससहरुको साझेदारी तथा सहकार्यबाट कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- जनसहभागिता अभिवृद्धि एवं नागरिक साझेदारीलाई समेत यथोचित प्रोत्साहित गरिनेछ ।
- गाउँपालिकाको विकास निर्माण प्रकृयामा, आय आर्जन र रोजगारी सिर्जनाका क्षेत्रमा सहकारी क्षेत्रको लागानीलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिने छ ।

## ८.३. संगठन संरचना तथा विकास व्यवस्थापन

यस आवधिक योजनाको सफल कार्यान्वयन गरि यसले लिएका उद्देश्य र लक्ष्य प्राप्त गर्नका लागि कार्यालयको सांगठनिक संरचना सुढृड गरिनेछ । योजनाले तय गरेका कार्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयन गर्न तथा कार्यक्रमका दौरान अनुगमन र कार्य सम्पन्न पश्चात कार्यक्रमको उचित मुल्यांकन गर्नको लागि कार्यालय स्थित शाखामा आवश्यकता अनुसारको कर्मचारी हुनु अति जरुरी हुने हुँदा शाखा अनुसार कर्मचारी पदपूर्तिलाई विशेष ध्यान दिईनेछ ।

### ८.३.१ जिम्मेवारी तालीका

यस आवधिक विकास योजनामा निर्दिष्ट गरिएका आयोजना तथा कार्यक्रमहरुको कार्यान्वयन सम्बन्धी जिम्मेवारी, संयोजन, मुख्य कार्यान्वयनकर्ता र सहयोगी संस्थाहरुको विवरण निम्न अनुसार दिइएको छ ।

| क्र.सं. | कार्यक्रम तथा क्रियाकलापहरु | सँयोजनकर्ता | कार्यान्वयनकर्ता | सहयोगी | सहकार्य गर्ने निकाय |
|---|---|---|---|---|---|
| १ | बार्षिक योजना तर्जुमा तथा कार्यान्वयन | गाउँपालिका | गाउँपालिका, राजनैतिक दल, गैसस, निजी क्षेत्र, गाउँपालिकाको सम्बन्धीत शााखा, संघ तथा प्रदेश सरकार, सहकारी तथा निजी क्षेत्र | राजनैतिक दल, नागरिक तथा परमर्शदाता | गैसस, दाता, स्थानीय उपभोक्ता, निजी क्षेत्र |
| २ | आवश्यक क्षेत्रगत योजना निर्माण तथा कार्यान्वयन | गाउँपालिका | गाउँपालिका, राजनैतिक दल, गैसस, निजी क्षेत्र, गाउँपालिकाको सम्बन्धीत शााखा | राजनैतिक दल, नागरिक तथा परमर्शदाता | गैसस, दाता, स्थानीय उपभोक्ता, निजी क्षेत्र |

## ८.४. अनुगमन तथा मूल्यांकन

### ८.४.१. यस आवधिक योजनाको सुपरिवेक्षण, समीक्षा, अनुगमन तथा मूल्यांकन कार्य

**क**) सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन व्यवस्थाका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले गाउँपालिकामा उप प्रमुखको अध्यक्षतामा गाउँपालिका स्तरिय अनुगमन तथा सुपेरीवेक्षण समिति तथा वडा स्तरमा वडाध्यक्षको अध्यक्षतामा अनुगमन तथा मूल्यांकन समितिको स्थापना गरेको छ । समग्रमा यस योजनाको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गर्न अनुगमन गर्नु पर्ने हुन्छ ।

### (ख) अनुगमन तथा मूल्याङ्कनका सूचकहरु

यस आवधिक योजनामा समाविष्ट उद्देश्य, नीति तथा कार्यक्रमहरुको अनुगमन तथा मूल्यांकनका लागि समष्टिगत एवं विषयगत लगफ्रेममा समाविष्ट सूचकहरु नै प्रयोगमा ल्याइनेछ । गाउँपालिकाद्धारा प्रक्रियागत, दिगोपना, असर, प्रभाव, सम्वद्धता, नतिजा, उपलब्धि आदिको आधारमा अनुगमन तथा मूल्याङ्कन गरिनेछ । जुन कार्य सम्पादन गर्न, राष्ट्रिय अनुगमन तथा मुल्याङ्कन दिग्दर्शन २०७५, प्रचलित ऐन, नियम तथा निर्देशिकामा व्यवस्था भएका फारमहरु एवं सूचकहरु लगायत आवश्यकता अनुसार अन्य सूचक तथा फारमहरु तयार गरी लागू गरिनेछ ।

### (ग) अनुगमन तथा मूल्यांकनका लागि तथ्याङ्कीय आधार

अनुगमन तथा मूल्याङ्कनका लागि तथ्याङ्कीय आधारको अत्यन्त जरुरी पर्दछ । अतः यसका लागि गाउँपालिका अन्तर्गत सूचना तथा अभिलेख केन्द्र र अनुगमन तथा मूल्याङ्कन इकाइहरुलाई परिचालन गरिनेछ । ती इकाइहरुलाई तालिम प्राप्त जनशक्ति एवं सहायक उपकरणद्धारा सुसज्जित पारिनेछ ।

### (घ) मध्यावधि तथा अन्तिम मूल्यांकन

यस आवधिक योजनामा समाविष्ट कार्यक्रम तथा योजनाहरु निश्चित सीमा भित्र रहेर तर्जुमा गरिएका हुन् । समयक्रममा परिवर्तन हुदैजाने नयाँ नयाँ चाहना तथा आवश्यकताहरु संगसँगै यस योजनामा समाविष्ट योजना तथा आयोजनाहरुलाई पनि समायोजन, परिमार्जन एवं संशोधन गर्दै जानुपर्ने हुन्छ । यी पक्षहरुलाई मिलान गर्दै योजनालाई समय सापेक्ष बनाउदै लैजान यस आवधिक विकास योजनाको २ वर्षपछि नै मध्यावधि मूल्याङ्कन गरी उपलब्धिहरुको आधारमा र नयाँ सिर्जित आवश्यकताहरुलाई समावेश गरी योजनालाई परिमार्जन गर्नुपर्ने हुन्छ । यस योजनाको मध्याबधि मुल्याङ्कन आ.ब.२०८२/०८३ समाप्ती पछि र अन्तिम मूल्याङ्कन आ.व. २०८५/०८६ को मध्यतिर गरिनेछ । सो मूल्याङ्कनबाट प्राप्त हुने अनुभवहरु समेतबाट शिक्षा लिई अर्को आवधिक विकास योजना तर्जुमा गरिनेछ ।

## ८.५. आबधिक विकास योजनाको कार्यान्वयनको पूर्वतयारी तथा वार्षिक लगानी कार्यक्रम

आवधिक विकास योजनाको सफल कार्यान्वयनका लागि सो योजना अनुरुप वार्षिक योजना, कार्यक्रम तथा वजेट तयार गरी कार्यान्वयन गरिनेछ । अतः यस योजनाले निर्दिष्ट गरेका उद्देश्य, नतिजा, सूचक तथा कार्यक्रमहरुको दायराभित्र रहेर नै गाउँपालिकाले वार्षिक योजना, कार्यक्रम तथा वजेट तयार गर्नेछ । आवधिक योजना कार्यान्वयनको पूर्व तयारीस्वरुप प्रत्येक विषय क्षेत्रका कार्यक्रम तथा आयोजनाहरुको वार्षिक लगानीको रुपरेखा तयार गरी वार्षिक कार्ययोजना तयार गरिनेछ ।

### क) आवधिक विकास योजनाको स्वीकृति तथा प्रकाशन

आवधिक योजना तयार गर्नका लागि राष्ट्रिय योजना आयोगबाट २०७५ मा जारी भएको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, गण्डकी प्रदेश नीति तथा योजना आयोगले तयार पारेको स्थानीय तहको योजना तर्जुमा २०७७, नेपाल सरकारको साह्रौं योजनाको अवधारणा पत्र, गण्डकी प्रदेश सरकारको दोस्रो योजनाको अवधारणा पत्र, दिगो विकासको लक्ष्यलाई केन्द्रमा राखि सो अनुरुपका विषयवस्तु समाविष्ट गरी यो पञ्चवर्षीय आवधिक विकास योजना तयार गरिएको हो । यो दस्तावेज तयार गर्दा गाउँपालिकाको नेतृत्वमा सम्पूर्ण प्रक्रिया अघि बढाइएको थियो । यसको तयारीमा गाउँपालिकाको विकासमा संग्लग्न सबै सरोकारवालाहरुको सक्रिय सहभागिता जुटाइएको थियो । यस आवधिक विकास योजनालाई गाउँ सभाबाट पास गरी प्रकाशन गर्ने र लागू गर्ने कुरालाई व्यवस्थित गरिनेछ ।

### ख) आवधिक विकास योजना कार्यान्वयनका लागि गर्नुपर्ने पूर्वतयारी

गाउँपालिकास्तरबाट आवधिक योजना तयार गर्ने यो पहिलो प्रयास भएकोले गाउँपालिकासँग सम्बन्धीत अन्य निकायहरु लगायत गाउँपालिका स्वएम्को पनि संगठनात्मक ढाँचा र कार्य प्रक्रियामा सुधार ल्याई आवधिक विकास योजना कार्यान्वयनका लागि अनुकुल वातावरण बनाइनुपर्ने हुन्छ । यसै सन्दर्भमा गाउँपालिकाको संगठनात्मक ढाँचा र कार्यप्रक्रियालाई सुधार गर्ने क्रममा एक छुट्टै अध्ययन गरी त्यसको प्रतिवेदनका आधारमा संगठनात्मक विकासको प्रक्रिया अघि बढाइनेछ ।

### ग) वार्षीक लगानी कार्यक्रम

प्रत्येक विषयगत क्षेत्र बमोजिमका कार्यक्रमहरु कार्यान्वयन गर्न आवश्यक पर्ने बजेटको अनुमान वा प्रक्षेपण यस अगाडि कै भागमा गरिएकोछ । यस आवधिक योजनालाई मूल आधार मानी गाउँपालिकाले वार्षिक रुपमा योजना तर्जुमा गरी कार्यान्वयन गर्नेछ ।

## ८.६ वडागत छलफलबाट आएका समग्र योजना तथा कार्यक्रमहरु

### वडा नं. १

### १. सामाजिक विकास

#### शिक्षा

- +२ गरेकाहरुको लागि लोकसेवा आयोगको कक्षा सञ्चालन गर्ने ।
- २ तहको शिक्षा सरकारी र नीजि विद्यालयहरुलाई एउटै बनाउने ।
- गरिब विद्यार्थीलाई निशुल्क शिक्षा तथा पोशाकको व्यवस्था गर्ने ।

- विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई उद्घोषण, यौन शिक्षा, लागु औषध, कुरीति तथा कुसंस्कार विरुद्ध सम्बन्धी तालिम र कृषि सम्बन्धी तालिमहरु सञ्चालन गर्ने ।
- कालिका मा.वि. तिव्ल्याङमा सुद्ध खानेपानीको व्यवस्था गर्ने ।
- विद्यालयमा नैतिक शिक्षा र व्यवहारि शिक्षा सञ्चालन गर्ने ।
- तिव्ल्याङ कालिका मा.वि.मा प्रविधियूक्त कक्षा कोठा निर्माण, प्रयोशाला, ईलाइव्रेरी, सभाहल, चमेनागृह, डिजिटल हाजिरी, छात्रबासको स्तरउन्नती गरी अपांगमैत्री र बालमैत्री विद्यालयको रुपमा विकास गर्ने ।
- तिव्ल्याङ कालिका मा.वि.को प्राङ्गणमा म्यूजियम निर्माण गर्ने ।

## स्वास्थ्य र पोषण

- वडाको सबै गाउँमा वर्षको एक पटक स्वास्थ्य शिविर सञ्चालन गर्ने ।
- देउरालीमा १० सैयाको अस्पताल निर्माण कार्य सम्पन्न गर्ने ।
- तिव्ल्याङमा स्वास्थ्य ईकाई निर्माण गर्ने ।

## खाने पानी तथा सरसफाई

- एक घर एक धारा खानेपानी योजना सम्पन्न गरी बेग टोल नं. ४ र ५ लाई खानेपानीको व्यवस्था गर्ने ।
- बेगमा डिवीङ्ग टेंकी निर्माण गर्ने ।
- टोल नं. ४ कुना पुज्ने खानेपानी ट्याङ्की निर्माण गर्ने ।
- तिव्ल्याङ खानेपानी मर्मत तथा संरक्षण गर्ने ।
- बांदुक खानेपानीको मुहान तथा पानी ट्यांकीको संरक्षण गर्ने ।

## लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण

- युवा युवतीहरुलाई लागु औषध तथा यौन शिक्षा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।
- बांदुकका महिलाहरुलाई सीपमूलक तालिमहरु उपलब्ध गराउने ।
- वडा नं. १ का महिलाहरुलाई व्यक्तित्व तथा नेत्तृत्व विकासका लागि भाषणकलाको तालिम सञ्चालन गर्ने ।
- वडा नं. १ का सबै युवा, पुरुष तथा महिलाहरुलाई संविधान र कानूनी शिक्षा सम्बन्धी अभिमुखिकरण गर्ने ।

## भाषा तथा सस्कृति

- पुर्ख्यौली नृत्य तथा गायन तालिम सञ्चालन गर्ने ।
- पुर्खैउली कला सस्कृतिको  संरक्षण तथा जगेर्णा गर्न नयाँ पुस्तालाई तालिमको व्यवस्था गरी सोरठी तथा हराउदै गएको मौलिक गीतको खोजी तथा संरक्षण गर्ने ।
- भूमेपूजा, भिमसेनपूजा जस्ता परम्परागत संकृतिको संरक्षण गर्ने ।

## युवा तथा खेलकुद

- पुन भि.सी. स्मृती युवा क्लव भवनको खेल मैदान निर्माण तथा प्यारापिङ कम्पाउण्ड निर्माण गर्ने ।
- प्रत्येक गाउँमा खेलमैदान तथा सभाभवन र प्रशिक्षणको व्यवस्था गर्ने ।

- तिव्ल्याङ पुन भि.सी. क्लवलाई खेलकुद प्रशिक्षण तथा उद्घोषण तालिमको व्यवस्था गर्ने ।
- बाँसकोट खेलमैदानको छेउमा छादनको निर्माण गर्ने ।
- भूमेथानको खेलमैदान, बेग भूईपाईले ग्राउण्ड निर्माण तथा व्यवस्थापन गर्ने ।

## २. आर्थिक विकास

**कृषि :**

- कृषि तथा पशुपालन सम्बन्धी तालिम सञ्चालन गर्ने ।
- कृषि, बाख्रा तथा पशुपंक्षी व्यवसाय भएका फर्महरुलाई अनुदानको व्यवस्था गर्ने ।
- एक घर एक करेसाबारी योजना सञ्चालन तथा सम्पन्न गर्ने ।
- कृषि तथा भेटनरी कार्यलय स्थापना गर्ने ।
- सुन्तला चिस्यान केन्द्र स्थापना गर्ने ।
- मौरी पालन र मौरी पालनको तालिम सञ्चालन गर्ने ।
- कृषकहरुलाई सिजन अनुसारको विउ विजनहरु वितरण गर्ने ।
- कृषकहरुलाई मौसमी तथा बेमौसमी तरकारी तथा बाली सम्बन्धी तालिम सञ्चालन गर्ने ।
- रैथाने बालिको संरक्षण तथा प्रवर्धन गर्ने ।
- वडा नं. १ लाई सुन्तला र कागती पकेट क्षेत्रकोरुपमा विकास गर्ने ।
- बांदुक गाउँलाई सुन्तला, कागती, बदम र सिमीको पकेट क्षेत्रको रुपमामा विकास गर्ने ।
- कृषकहरुलाई सुन्तला तथा फलफूल सम्बन्धी तालिम सञ्चालन गर्ने ।
- कल्लेरी सुन्तला सिंचाईको लागि G pipe ४० mm को छहराटाउको देखि कल्लेरी सम्म लगभग २ किलोमिटर पुग्ने उपलब्ध गर्ने (पोलिथिन पाइप उपलब्ध गराउने)
- बांदुक सामूहिक कृषि फर्म सुन्तला खेतिलाई १०००० लिटरको ३ वटा पानी ट्यांकीको व्यवस्था गर्ने ।
- बांदुक सामूहिक कृषि फर्म सुन्तला खेतिलाई छेकबारको लागि GI तार जाली साथै सुन्तला टिप्ने भऱ्याङ ८ फुटको १० वटा उपलब्ध गराउने ।
- बांदुक सामूहिक कृषि फर्म सुन्तला खेतिलाई औषधी छर्न ५ वटा power spray व्यस्थापन गर्ने ।
- तिव्ल्याङ कालिओडारमा सुन्तला सङ्कलन केन्द्र निर्माण गर्ने ।
- बांदुक सामूहिक कृषि फर्म सुन्तला खेतिलाई झाडि फाड्नको लागि grass cutter machine १० थान व्यस्थापन गर्ने ।
- कल्लेरीमा अदुवा र बेसार खेति कार्यक्रम सञ्चालन गर्ने ।
- बांदुकलाई फलफूल खेतिमा प्रोत्साहित गर्ने कार्यक्रमहरु सञ्चालन गर्ने ।
- वडामा समुहिक फलफूल तथा घाँस उत्पादनको लागि विउ तथा विरुवा उपलब्ध गराउने ।
- स्थानीय पशुपंक्षी तथा वनकुखुरा मृग जस्ता जंगली जनावरको संरक्षण गर्ने ।

**पशुपंक्षी तथा मत्स्य विकास**

- भकारो सुधार तथा गोठ सुधार कार्यक्रमहरु सञ्चालन गर्ने ।
- बांदुकमा पाहापालन सञ्चालन गर्ने ।
- पशुपालनको लागि उन्नत जातको राँगा, बोयर बाख्राको बोकाको व्यवस्था गर्ने ।

**पर्यटक तथा संस्कृति**

- बेगमा होमस्टे सञ्चालन गर्ने ।
- तिव्ल्याङ बेग हुँदै धवलागिरी आइसफल जाने पर्यटन विकास प्रवर्धनको लागि पदमार्ग निर्माण गर्ने ।
- कृषि पर्यटनको लागि होमस्टे सञ्चालन गर्न व्यवस्थापन गर्ने ।
- बांदुक तिव्ल्याङ नौमति बाजा संरक्षण गर्ने ।

**घरेलु तथा साना उद्योग**

- हरेका योजनाहरुमा स्थानीय स्रोत साधनहरुको प्रयोग गर्ने व्यवस्था गर्ने ।
- वडा नं. १ मा जडिबुटी प्रसोधन केन्द्र स्थापना तथा सञ्चालन गर्ने ।
- तिव्ल्याङ वा कालिओडारमा दुध सङ्कलन केन्द्र स्थापना गर्ने र डेरी प्रोडक्ट सम्बन्धी तालिम सञ्चालन गर्ने ।
- तिव्ल्याङमा स्थानीय उत्पादन सङ्कलन तथा बिक्रिकेन्द्र स्थापना गर्ने ।
- वडा नं. १ मा उत्पादित वस्तु तथा सामग्रीको वजार व्यवस्थापन गर्ने ।
- आधुनिक तरिकाले लोकल रक्सि उत्पादन गरी ब्राण्डीङ् गर्ने नीति निर्माण गरी कार्यक्रम सञ्चालन गर्ने ।
- पुवा तथा अल्लोको खेती गर्ने र कपडा उद्योग सञ्चालन गर्ने ।
- वडामा अर्गानीक फलफूल खेती गरी जाम, जुस, रक्सि तथा वाईन बनाउने उद्योग सञ्चालनको लागि प्रोत्साहन गर्ने ।
- फर्निचर उद्योगको लागि रुख तथा काठजन्य स्रोत जुटाउनको लागि सहजिकरण गर्ने ।

**वित्त, सहकारी नीजि क्षेत्र विकास**

- स्थानीय सहकारीहरुलाई नियमित रुपमा निगरानीमा राख्ने

**श्रम तथा रोजगार**

- वडा नं एकका सबै युवा युवतीहरुलाई बिजुली, वाइरिङ, प्लम्बर, ड्राइभिङ जस्ता सीपमूलक तालिम सञ्चालन गर्ने ।
- वडा नं. एक का सबै महिलाहरुको लागि उनीहरुकै गाउँमा उद्यमशीलता साथै आय आर्जनमूलक तालिम जस्तैः सिलाई बुनाई, साबन बनाउने, चुरापोते, चप्पल बनाउने लगायत क्षमता विकास समबन्धी तालिमहरु सञ्चालन गर्ने ।
- तिव्ल्याङ सरस्वती आमा समूहलाई आत्मनिर्भर तथा जीविकोपार्जन सीपमूलक तालिम सञ्चालन गर्ने ।
- कृषिका आत्मनिर्भरको लागि कृषि तालिमको साथै आवश्यक कृषि औजारहरुको व्यवस्था गर्ने

## ३. भौतिक पुर्वधार विकास

**सडक, पुल, यातायात तथा पैदल मार्ग**

- बेगखोला, देउराली, बास्कोट, बांदुक तिव्ल्याङ सडक निर्माण डि पि आर बमोजिम निर्माण गर्ने र कालो पत्रे गर्ने ।
- भगवती देखि बेग सडक पिच गर्ने र तिब्ल्याङ बतासे मोटरबाटो स्तर उन्नती गर्ने ।
- देउराली, वडा कार्यालय, भाउनसोरा, सिम, सिरबारी सडक स्तरउन्नती गर्ने ।

- बेग औल लामो पुल र बांदुक सडक निर्माण गर्ने ।
- बेगखोला देउराली पदमार्ग र तिब्ल्याङ बांदुक पदमार्ग निर्माण गर्ने ।
- गाउँखोला र भिरजारामा झोलुङ्गे पुल निर्माण गर्ने, टोल नं. ५ गाउँखोलामा झोलुङ्गे पुल निर्माण गर्ने ।
- बेगखोला देखि बेग देउराली सम्मको गोरेटो बाटो स्तरउन्नती गर्ने ।
- महादेव मा.वि. विद्यालय बाट भजेनी हुँदै भिरजारा खोलामा झोलुङ्गे पुल निर्माण गर्ने ।
- बांदुक तिव्ल्याङ पुन भि.सी. मार्ग सडक फराकिलो र पिच बनाउने साईडमा नाली र ढल निकास र आवश्यक्ता अनुसार वाल सहित स्तरउन्नती गर्ने, (अमला चौतारा देखि सानपानी सम्म र बायोचौरको चौतारा देखि कल्लरीकुना सम्म) रेलिङ तथा वाल निर्माण गर्ने ।
- लेखेडाँडा देखि हम्पालको भिर हुँदै बतासे छहराटाउको सम्मको गोरेटो बाटो स्तरउन्नती तथा २ वटा चौतारा पानीको धारा र शौचालय सहित बनाउने ।
- बांदुक देखि वडाकार्यालय जान बांदुक लामो झोलुङ्गे पुल भिर हुँदै बेग बागथान काउले हुँदै पक्कि मोटर बाटो निर्माण गर्ने ।
- बेगखोलाबाट बेग आउने मोटर बाटो घुम्तीमा फराकिलो र स्तर उन्नती गर्ने ।
- डोरा देखि चाकबाङ् सम्म मोटर बाटो निर्माण गर्ने ।
- तिव्ल्याङ् बांदुक बासकोट हुदै बेग सम्म रिङरोड निर्माण गर्ने ।
- वडा नं १ को टोल नं. २ मा गोरेटोबाटो निर्माण गर्ने ।
- बेगखोला देउराली हरीतकृषि सडक फराकिलो तथा पिच गरी स्तरउन्नती गर्ने ।
- ठुलो गाउँ देखि वडा कार्यालय सम्म मोटरबाटो पिच गर्ने ।
- गाउँखोलामा झोलुङ्गे पुल निर्माण गर्ने ।
- ठुलो गाउँ देखि सिमफाँट फुटबल ग्राउण्ड सम्म पदमार्ग निर्माण तथा स्तरउन्नती गर्ने ।
- तिव्ल्याङ, काप्राखर्क, बतासे कृषि सडकको स्तरउन्नती गर्ने ।
- तिव्ल्याङ, डाँडा चौतारी देखि दोसल्ले गाउँ जोड्ने झोलुङ्गे पुल निर्माण गर्ने ।
- तिव्ल्याङ, काप्राखर्क, बतासे, हुँदै बांदुक जोड्ने सडक निर्माण गर्ने ।
- तिव्ल्याङ, गाउँडाँडा देखि दास जोड्ने कृषि सडक निर्माण गर्ने ।
- टिमुर खोल्साबाट भूमेथान जाने बाटो स्तरउन्नती गर्ने ।
- भूमेथान देखि गाइबाटो चौतारा हुँदै पाखापानी सम्मको गोरेटो बाटोमा (गाईबाटो चौतारोमा र भैंसेचौतारेमा) छानो र खानेपानी सहितको २ वटा चौतारा निर्माण गर्ने ।
- गाउँगारादेखि दास हुँदै कल्लेरीसम्म पदमार्गमा चौतारो र पिउने पानीको व्यवस्था सहित स्तरउन्नती गर्ने।
- लेखेडाँडा देखि कुसिपानी सम्मको घाँसदाउरा गर्ने गोरेटो बाटोको स्तरउन्नती गर्ने ।
- तिव्ल्याङ देखि बतासे जाने पदमार्ग स्तरउन्नती गर्ने ।

## भवन निर्माण, आवास तथा बस्ती विकास

- वडा नं.१ को वडा कार्यालय सभा हल सहित निर्माण गर्ने ।
- बेग समाज घर निर्माण गर्ने ।
- मा.वि.तहको विद्यालयहरुमा होस्टेल र सभाहल निर्माण गर्ने ।
- बांदुक सरस्वती आमा समूहको भवन डाँडा गाउँ सभा भवनको साथमा निर्माण गर्ने ।
- बांदुक भूमे युवा क्लवको खेल मैदान को तारबार तथा क्लव भवन लेखेडाँडामा बनाउने ।

- धौलेश्वर महादेव मन्दिर मर्मत तथा वरीपरी घेराबार र प्रवेशद्धार निर्माण गर्ने ।
- वडामा कृषिको भवन निर्माण गर्ने ।
- भि.सी. संग्राहलय निर्माण गर्ने ।
- तिव्ल्याङ शिवालय मन्दिर निर्माण गर्ने ।
- तिव्ल्याङ सरस्वती आमा समूहको भवन निर्माण गर्ने ।
- तिव्ल्याङ कालिओडारमा खाने पानी, शौचालय र छानो सहितको घाँट निर्माण गर्ने ।
- तिव्ल्याङ बरचौतारा निर्माण गर्ने ।
- बांदुकको पञ्चायत भवनमा प्रयाप्त मात्रामा फर्निचर, कार्पेट, तथा अन्य आवश्यक सामग्रीहरुको व्यवस्थापन गर्ने ।
- कल्लेरी देखि अमलाचौतारा सम्म चौताराहरुलाई छानो सहित मर्मत संभार गर्ने ।
- बांदुक गाउँमा सुरक्षित आवास कार्यक्रम सञ्चालन गर्ने ।
- बेगखोला घाँट निर्माण गर्ने ।
- वडा नं. १ मा २ वटा हेलीप्याड (१वटा बांदुक, १ वटा बेगमा) निर्माण गर्ने ।
- वडा नं १ मा बहुउद्देश्य संग्राहलय भवन तथा ठुलो समाजिक एन्दो (ठूलो आँगन भएको घुमाउने शैलीको सामुहिक भवन) निर्माण गर्ने ।

**सिंचाई तथा नियन्त्रण**

- बृहत सिंचाई सम्पन्न गर्ने ।
- बांदुकको सिंचाई योजना सम्पन्न गर्ने ।
- कल्लेरीको बांदुक सामूहिक कृषि फर्म सुन्तला खेतिलाई स्प्रिङकल सिचाई ४० थान व्यवस्थापन गर्ने ।
- बेगमा कृषिको लागि सिंचाईको व्यवस्था गर्ने ।
- बतासे, ढोङ्राचार, काप्राखर्कमा सिंचाई निर्माण गर्ने ।

**जलविद्युत, उर्जा तथा नविकरणीय उर्जा**

- तिव्ल्याङको बिजुलीको पोल बाटोमा सार्ने र विजुलीको कालो तारको प्रयोग गर्ने ।

## ४. वन तथा वातावरण र विपद व्यवस्थापन

**वन तथा भूसंरक्षण**

- वडामा उन्नत जातका बोटविरुवाहरु वृक्षरोपन गर्ने ।
- पदमार्गको दुवै साईडमा फलफूल तथा फूलको बिरुवा रोप्ने ।

**विपद व्यवस्थापन**

- दासडाँडा पहिरो नियन्त्रण गर्ने ।
- टिमुर खोल्सा देखी निनिउसाना सम्म खोल्सा नियन्त्रण तथा व्यवस्थापन गर्ने ।
- हम्पाल भिरको पहिरो नियन्त्रण गर्ने ।
- निनिउसाना देखि माथि भि.सी.को घर मुनी सम्मको पहिरो नियन्त्रण गर्ने ।
- कल्लेरी सुन्तला फर्मको छेउको खोल्सामा दाँया वाँया ग्याविङ जाली हालि नियन्त्रण गर्ने ।

**जलधार संरक्षण**

- तिव्ल्याङको खानेपानी मुहान संरक्षण गर्ने ।
- वडाको पानीको मुहानमा घेराबार साथै वृक्षारोपण गर्ने ।
- वडामा भएका पुराना पानीका कुवाहरुलाई संरक्षण गर्ने ।

**फोहोर मैला व्यवस्थापन**

- कालीओडार घाँट नजिकै तिव्ल्याङको फोहरमैला व्यवस्थापन गर्ने स्थान निर्माण गर्ने ।
- वडाको सबै बस्तिको फोहर व्यवस्थापनको लागि टोलहरुमा फोहर सङ्कलन गर्न ठुलो साइजको डस्टविनहरुको व्यवस्थापन गर्ने ।
- टोल नं. २ मा महादेव मा.वि. देखि बह्माथान सम्म ढल निर्माण गर्ने ।
- देउराली वडाकार्यालय तलबाट गाउँखोलासम्म ढल निकास गर्ने ।
- बांदुक गाउँमा बर्खे पानी र धारको पानीको ढल निकास गर्ने ।
- वडाका प्रत्येक टोलटोलमा ढल निकास गर्ने ।

**जल उत्पन्न प्रकोप नियन्त्रण**

- तिव्ल्याङ बजारको कालीगण्डकी किनारमा अन्दाजी ६०० मिटर तटबन्धन निर्माण गर्ने ।
- तिव्ल्याङमा कालिगण्डकी तटबन्धन गर्ने ।

**५. संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन**

**सस्थागत विकास तथा सेवा प्रवाह**

- वडा कार्यलयमा प्रोजेक्टरको व्यवस्थापन गर्ने
- अक्षयकोषको स्थापना गर्ने ।

**सुशासन**

- उद्योग व्यवसाय दर्ता प्रक्रिया सहज बनाउने ।

**वडा नं. २**

**१.सामाजिक विकास**

**शिक्षा**

- बालविकासका शिक्षकहरुलाई मन्टेश्वरी तालिम दिने ।
- माध्यमिक तहसम्मको शिक्षामा महत्वपूर्ण विषयहरु जस्तैः विज्ञान, गणित, कम्प्यूटर जस्ता विषयहरुलाई अंग्रेजी माध्यमबाट शिक्षण गराउने ।
- शिक्षकहरुलाई सूचना प्रविधि सम्बन्धी तालिम गराउने र शिक्षण सिकाईमा प्रविधिको प्रयोग गर्ने ।
- विपन्न तथा पछाडी परेका विद्यार्थीहरुको शिक्षामा पहुँच बढाउन छात्रवृद्धिको व्यवस्था गर्ने ।
- वडा नं. २ अन्तर्गत साविक २ वडामा रहेको बालशिक्षाक लागि शिक्षकको व्यवस्था गर्ने ।
- ओखरबोट राममन्दिर चउर र रिसिनचौतारोका विद्यालयलाई स्तरउन्नती गर्ने ।

- सिद्धार्थ आ. वि.को जमिनको समस्याले पठन पाठनमा समस्या भएकोले यसलाई संरक्षण गर्ने ।
- देउराली आ.वि. विद्यालय कक्षाकोठा र शौचालय निर्माण गर्ने ।

**स्वास्थ्य र पोषण**

- वडामा सञ्चालीत स्वास्थ्य संस्थाहरुको क्षमता वृद्धि गर्ने ।
- भगवती स्वास्थ्य चौकीमा ल्याब व्यवस्थापन तथा आवश्यक भौतिक संरचना निर्माण गर्ने ।
- स्वास्थ्य विमा कार्यक्रम सञ्चालन गर्ने ।
- राममन्दिर स्वास्थ्य ईकाईको तला थप तथा घेरबार गर्ने ।
- वडा नं. २ को स्वास्थ्य संस्थामा प्रयाप्तमात्रामा औषधी, दक्ष जनशक्ति र ल्यावको व्यवस्थापन गर्ने ।
- स्वास्थ्य चौकी नजिक १ वटा हेलिप्याड निर्माण गर्ने ।

**खानेपानी तथा सरसफाई**

- वृहत भगवती पिप्ले खानेपानी योजना (गौरवको योजना) सम्पन्न गर्ने ।
- खाल्टे जाखुरपानी खानेपानी व्यवस्थापन तथा आवश्यक संरचना निर्माण गर्ने ।
- खानेपानी वितरणलाई व्यवस्थित र प्रभावकारी बनाई एक घर एक धारा खानेपानी वितरणलाई व्यवस्थित गर्ने ।
- ओखरबोट, राममन्दिर, चउर र रिसिन चौतारीमा खानेपानीको व्यवस्थापन गर्ने ।
- साविक वडा नं. ४ र ८ मा १५० घरधुरीको खानेपानी क्षतिग्रस्त भएकोले मर्मत तथा निर्माण गर्ने ।
- साझापानी बाखीडिका ४५ घरलाई खानेपानी टैंकी निर्माण गर्ने ।
- चिमखोला, भगवती, पिप्ले खानेपानी योजना सम्पन्न गर्ने ।
- सिजाल गाउँमा एक घर एक धारा योजना अन्तर्गत ५२ घरधुरीहरुलाई पुरा गर्ने ।
- डम्ठेखर्क, रुईसे हुँदै सिँजालगाउँ सम्म खानेपानी योजना सम्पन्न गर्ने ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण**

- महिला, किशोरीहरुको लागि बाजा बजाउने तालिम, कटिङ, सिलाई बुनाई, व्युटिसियन सम्बन्धी तालिम लगायत आयआर्जन, आत्मनिर्भर हुने साथै क्षमता विकास तालिम तालिम तथा कार्यक्रमहरु सञ्चालन गर्ने।

**युवा तथा खेलकुद**

- युवाहरुलाई कुलतमा लाग्नबाट कम गरी नैतिक आचरणको विकास गर्न प्रोत्साहन गर्ने कार्यक्रमहरु सञ्चालन गर्ने ।
- युवाहरुमा फैलिएको विकृति जस्तैः जाँड चुरोट गाँजा र रक्सिजन्य पदार्थको नियन्त्रण गर्ने ।
- मुक्तिधाम मा.वि. खेलमैदान, प्राङ्गण मर्मत, बाल उद्यान निर्माण र घेरबार निर्माण गर्ने
- धौलागिरी आ.वि. खेलमैदान निर्माण र घेराबार गर्ने ।
- माझखर्क खेलमैदान निर्माण गर्ने ।
- राम मन्दिरखेल मैदान निर्माण गर्ने ।
- पखटोल खेलमैदान निर्माण गर्ने ।
- कटुवाल टोल खेलमैदान निर्माण गर्ने ।

## २. आर्थिक विकास

### कृषि

- २ नं. वडाका महिलाहरु र पुरुषहरुलाई कृषि सम्बन्धी तालिम दिने ।
- मुलपानी देखि तल तिरका जमिनलाई सुन्तला जोन घोषणा गर्ने ।
- साविक वडा नं. १ र २ लाई केरा र सुन्तला पकेट क्षेत्रमा विकास गर्ने ।
- साविक वडा नं. ३,४,५,६,७, सुन्तला पकेट क्षेत्र विकास कार्यक्रम सञ्चालन गर्ने ।
- साविक वडा नं. ८र ९ को उपल्लो भेगमा टिम्मुर, अलैची, ओखर, किवि. पकेट क्षेत्र विकास गर्ने ।
- कृषकहरुलाई आवश्यक पर्ने विभिन्न विउविजन तथा किटनासक रोग नियन्त्रणको लागि आवश्यक औषधीको व्यवस्था गर्ने ।
- कृषि सम्बन्धी तालिम दिने ।
- बेमौसमी कृषि उपकरण वितरण गर्ने ।
- पखटोल रानी चौतरी ओखरबोट, राममन्दिर लाई समेटेर सुन्तला पकेट क्षेत्र बनाउने र सिचाई सुविधा गर्ने ।
- महिलाहरुलाई कृषि सम्बन्धी तालिम व्यवस्था गर्ने ।
- रैथाने बाली संरक्षणको लागि तालिम एवं प्रोत्साहन गर्ने ।
- घट्टमा टनेल तथा बेमौसमी तरकारीको विउ विजन वितरण गर्ने ।

### पशुपंक्षी तथा मत्स्य विकास

- एकली खेत घट्ट मौरी पालन पकेट क्षेत्र विकास गर्ने ।
- मौरी पालनको तालिम सञ्चालन गर्ने ।

### पर्यटक तथा संस्कृति

- सिजाल गाउँबाट रुइसे भ्यूटावर, भेडिओडार हुँदै धवलागिरी आइसफल सम्म पदमार्ग निर्माण गर्ने ।

### घरेलु तथा साना उद्योग

- सिजालगाउँ आरनटोलको लागि आरन व्यवसाय सञ्चालन गर्न तालिम एंव आर्थिक सहयोग व्यवस्थापन गर्ने ।

### श्रम तथा रोजगार

- बेरोजगारी व्यवस्थापन गर्ने ।
- २ नं. वडाका महिलाहरु र पुरुषहरुलाई सीपमूलक तालिमको व्यवस्था गर्ने ।

## ३. भौतिक पुर्वधार विकास

### सडक, पुल, यातायात तथा पैदल मार्ग

- भगवती बेगखोला सडक डि पि आर अनुसार निर्माण गर्ने ।
- भगवती बेग सडक निर्माण डि पि. आर बमोजिम निर्माण गर्ने ।
- बैसरी, राम मन्दिर, ओखरबोट DPR तयार गर्ने र क्रमवद्ध रुपमा सडक मर्मत सम्भार कार्य गर्ने ।

- रानीपौवा, रिसिन चौतारी माभखर्क सडकको DPR तयार गरी क्रमवद्ध रुपमा सडक मर्मत सम्भार कार्य गर्ने ।
- पिप्ले, बाउनचौर, कटुवालटोल, सडक स्तरउन्नती गर्ने ।
- बैसरी, रिसिन चौतारी, रोटेपानी सिम्ले हुँदै वडाकार्यलय तथा भगवती मैदान सम्मको पैदलमार्ग निर्माण तथा स्तरउन्नती गर्ने ।
- खहरेखोला चौडिल नागनागी हुँदै घट्ट सम्मको सडक स्तरउन्नती गर्ने ।
- भगवती मैदान बाट वडा भवन हुँदै ओखरबोट रिसिन चौतारी सडक स्तरउन्नती गर्ने ।
- पिप्ले बाउनचौर हुँदै पखटोल जोड्ने सडक निर्माण गर्ने ।
- रानीचौतारी नागनागी हुँदै घट्ट सम्म को सडक विस्तार गर्ने ।
- सानोपौवा हुँदै राम मन्दिर ओखरबोट मोटरबाटो मर्मत गर्ने ।
- साविक वडा नं.७ स्वास्थ्य चौकीबाट रातामाटा देउपूजा सम्म सडक बाटो ढलान गर्ने ।
- साविक वडा नं. ६ मैदान देखि वडा कार्यलय सम्मको बाटो सडक ढलान गर्ने ।
- मैदान देखि सिजाल गाउँ हुँदै रुईसे भ्यूटावरसम्म सडक स्तरउन्नती गर्ने ।
- हुमेनटोल देखि साभ्रापानी बेग जोड्ने सडक स्तरउन्नती गर्ने ।
- स्वास्थ्य चौकीबाट शाभ्रपानी चोकसम्म ढलान रेलिङ् सहित निर्माण तथा स्तरउन्नती गर्ने ।
- जौसीखर बाट घट्ट सम्म सडक निर्माण तथा स्तरउन्नती गर्ने ।
- साभ्रापानी खत्रीडिल बाट जाखुरेपानी जोड्ने मोटरबाटो निर्माण गर्ने ।
- भगवती स्वास्थ्य चौकी देखि सिजालगाउँ जाने गोरेटो बाटो निर्माण गर्ने ।
- साभ्रापानी खेलमैदान बाट घुपी चौर जाने गोरेटोबाटो निर्माण गर्ने ।
- मूलपानी देखि स्वास्थ्यचौकी सम्म गोरेटोबाटो निर्माण गर्ने ।
- टैंकी चोक देखि स्वास्थ्य चौकी सम्म मोटरबाटो ढलान गर्ने ।
- स्वास्थ्य चौकी बाट माथि मोटरबाटो सम्म आर सि.सि. सिडी रेलिङ सहित निर्माण गर्ने ।
- हटियाबाट स्वास्थ्य चौकी सम्म गोरेटो बाटो निर्माण गर्ने ।
- थापाटोल ढिकुरमुनी बाट थापाटोल जोड्ने मोटरबाटो निर्माण तथा स्तरउन्नती गर्ने ।
- थापाटोलमा ढल निर्माण गर्ने ।
- मैदानबाट बेगखोला सम्मको मोटरबाटो पिच गर्ने ।
- राखु मैदानबाट बेग वडा कार्यालय सम्मको मोटरबाटो पिच गर्ने ।
- राखु मैदानबाट वडा कार्यालय सम्मको बाटो ढलान गर्ने ।
- राखु भगवती वडाकार्यालय बाट स्वास्थ्य चौकी जैसीखोर सम्म र मूलपानी बाटो गोरेटो बाटो निर्माण गर्ने ।
- मरेघाट सम्म बिच बिचमा खानेपानी, सार्वजनिक शौचालय र चौतारी पोखरी निर्माण गर्ने ।
- साविक वडा नं. १ र २ मा गोरेटोबाटो निर्माणको लागि चिउरीबोट, डिकुना हुँदै चिउरीबास तथा बेगखोला जाने पदमार्ग निर्माण तथा स्तरउन्नती गर्ने ।
- ओखरबोट चिलाउने भित्ता हुँदै माछरखर्क जानेड्ने पदमार्ग निर्माण गर्ने ।
- खौरेटा चिउरीबोट, रोटेपानी हुँदै धवलागिरी आ.वि. पुग्ने पदमार्ग निर्माण गर्ने ।
- नर्सिङ थान देखि जैसखरा सम्म गोरेटो बाटो निर्माण गर्ने ।

- पिप्ले भगवती बेगखोला मोटरबाटो स्तरउन्नती गर्ने ।
- साझापानी रुईसे पदमार्ग निर्माण गर्ने ।
- धारापानी र साझापानी जोड्ने पदमार्ग निर्माण गर्ने ।
- अधेरीखोला देखी सिडडाँडा सम्म रहेको मोटरबाटो सम्पन्न गर्ने ।
- खहरा खोला देखि ओखर बोट सम्म बाँकी रहेको मोटर बाटो सम्पन्न गर्ने ।
- नागनागे देखि धैरेनी वन जाने मोटरबाटो निर्माण गर्ने ।

**भवन निर्माण, आवास तथा बस्ती विकास**

- सिद्धार्थ आ.वि.मा ४ कोठे भवन निर्माण गर्ने ।
- राम मन्दिर आमा समूहलाई भवन निर्माण गर्ने ।
- नमुना आमा समूहको भवन खरेखालामा, अन्नपूर्ण कृषक आमा समूह भवन, सिर्जनसिल आमा समूह भवन, वडा नं. २ दिवा ज्येष्ठ नागरिक भवन निर्माण गर्ने ।
- सिजालगाउँको तिल्किनीमा पर्ने मरेघाटको मर्मत संभार गर्ने ।
- सिजाल गाउँ आरन टोलमा बाढीको व्यवस्थापन गर्ने ।
- रिसिन चौतारीमा रहेको धवलागिरी आधारभूत विद्यालय र त्यसको वरपर रहेको १० घर धुरीलाई असर पर्ने गरी फैलिएको पिपलको बोटको हाँगा व्यवस्थापन गर्ने ।
- लाकुरी भिर दलित महिला समूहको लागि शौचालयको व्यवस्था गर्ने ।

**सिंचाई तथा नियन्त्रण**

- खरेखोला रानाचौतारी ओखले हुँदै अढाए सम्म सिंचाई कुलो निर्माण गर्ने ।
- ओखरबोट राममन्दिर चउर र रिसिनचौतारोमा सिंचाई व्यवस्थापन गर्ने कुलो निर्माण तथा बनेका कुलोहरुको मर्मत सम्भार गर्ने ।
- हिउदे बालीकोलागि कालीगण्डकी बाट लिफ्टीङ सिंचाई व्यवस्थापन गर्ने ।
- साविक वडा नं. ८ र ३ मा सार्वजनिक स्थानमा बर्खे पानीलाई ड्याम बनाएर सिंचाईको लागि पोखरी निर्माण गर्ने ।
- राखु जैसीखोर सिंचाई पोखरी तथा नागनाई उपलतला सिंचाई पोखरी निर्माण गर्ने ।
- अधेरी खोलामा पानीको पोखरी निर्माण गर्ने ।
- कालीगण्डकी रिसिन चौतारी नागनागी लिफ्ट सिचाई योजना निर्माण DPR बमोजिम
- २ नं. वडा भरी सिंचाईको व्यवस्था गर्ने ।
- वडा नं. २ मा खानेपानी र सिंचाईको व्यवस्था, घट्टमा थोपा सिंचाई व्यवस्थापन, नौलीबराह साझापानीमा सिंचाई, खरविरको फाँट र मसिना कातापरको फाँटमा पोखरी बनाउने, अधेरी खोलामा पोखरी बनाई तलका सुन्तला बारीमा सिंचाई गर्ने ।
- घट्ट देखि डरवडी सम्म सिंचाई कुलो निर्माण गर्ने ।

# ४.वन तथा वातावरण र विपद व्यवस्थापन

## वन तथा भूसंरक्षण

- सार्वजनिक वन, खहरेखोला मा  वृक्षरोपण र पहिरो नियन्त्रण गर्ने ।

## विपद व्यवस्थापन

- बरखर्क पहिरो र साझापानी खेलमैदान पहिरोलाई नियन्त्रण गर्ने ।

## जलधार संरक्षण

- खानेपानी मुहानहरुको संरक्षण, घट्ट सिरानको पानीको मुलको मर्मत संभार गर्ने ।

## फोहरमैला व्यवस्थापन

- मुलपानी पोखरीको पानी अधेरी खोलासम्म ढल निर्माण गर्ने ।
- नर्सिङ थानको आरनटोलमा ढल निकास गर्ने ।

# वडा नं. ३

## १. सामाजिक विकास

### शिक्षा

- विद्यालयमा दिवा खाजा गुणस्तरिय बनाउने ।
- बालिकाको लागि सरकारी स्कुलमा अग्रेजी माध्यमबाट कक्षा सञ्चालन गर्ने ।
- विद्यालयमा बालबालिकाहरुलाई बाध्यबादन सम्बन्धीत सामग्री उपलब्ध गराई तालिम सञ्चालन गर्ने ।
- शिक्षकहरुलाई आवश्यक तालिम गोष्ठि तथा भ्रमणको व्यवस्था गर्ने ।
- पालिकाका सबै विद्यालयहरुमा गुणस्तरकायम गर्न कक्षा १ देखी ५ सम्म अंग्रेजी माध्यममा पढाउने ।
- शिक्षक र अभिभावक अभिमुखी कार्यक्रम सञ्चालन गरी शिक्षाको महत्व सम्बन्धी अभिमुखिकरण गर्ने ।
- विद्यालयमा बालबालिकाको खाजाको लागि थप रकम व्यवस्थापन गर्ने र खाजाको गुणस्तर सुधार गर्ने ।
- मालिका देवि आ.वि.लाई कम्प्युटर शिक्षकको व्यवस्था गर्ने ।
- कक्षा १२ सम्म निशुल्क शिक्षाको व्यवस्था गर्ने ।
- स्थानीय पाठ्यक्रम अनुसार पठनपाठन सञ्चालन गर्ने ।
- मा.वि. स्तरको २ विद्यालयलाई कम्तिमा १ वटा मोटरसाईकलको व्यवस्था गर्ने ।
- ज्ञानोदय मा.वि.मा रहेको पुरानो भवन मर्मत गर्ने ।
- ज्ञानोदय मा.विलाई जिल्लाकै प्रविधिमैत्री विद्यालय बनाउन आवश्यक कम्प्यूटर सफ्टवयर र अन्य सामग्री उपलब्ध गर्ने ।
- विद्यालयमा बालशिक्षाको लागि प्रयाप्त खेलकुदका सामग्रीहरुको व्यवस्थापन गर्ने ।
- वडाको सबै विद्यालय मर्मतको साथै प्रयाप्त शिक्षक दरवन्दी व्यवस्था गर्ने ।
- ज्ञानोदय मा.वि.मा डिजिटल बोर्ड को व्यवस्था गर्ने ।
- विद्यालयमा तहगत विषयगत शिक्षक दरवन्दी मिलाउने ।

- रघुगंगा मा.वि.मा आवश्यक फर्निचरको व्यवस्थापन गर्ने ।
- सामुदायिक विद्यालयहरुमा अंग्रजी माध्यमबाट कक्षा सञ्चालन गर्ने र आवश्यक शैक्षिक सामग्रीको व्यवस्थापन गर्ने ।
- सामुदायिक विद्यालयको शैक्षिक गुणस्त विकास गरी दिवा खाजाको गुणस्तर जाँच गरी स्थानीय उत्पादनमा आधारित अर्गानिक खाना र खाजाको व्यवस्थापन गर्ने ।
- दलित तथा गरिब जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ती प्रदान गर्ने ।
- बालबालिकाहरुको अन्तरनिहित क्षमता पुस्फुटनको लागि क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने ।
- हरेक विद्यालयको अवश्था हेरी आवश्यक्ता अनुसार भवन, कक्षाकोठा, शौचालय, खानेपानी आदिमा जोड दिने ।
- ज्ञानोदय माविमा शौचालय र खेलमैदान निर्माण गर्ने ।
- दुलेपानी मा बालशिक्षा सञ्चालन गर्ने ।
- विद्यालयको वेभसाईड निर्माणको साथै प्रविधिमैत्री शिक्षा प्रदान गर्ने प्रत्येक मा.वि.का. प्रत्येक कक्षामा स्मार्ट बोर्ड राख्ने ।
- विद्यालयमा सेनिटरी प्याडको लागि बेन्डीङ मेशिनको व्यवस्था गर्ने ।

**स्वास्थ्य र पोषण**

- स्वस्थ्य खानपान, पौष्टिक आहार विहार, स्वाच्छ खानेपानी, सरसफाई, खोप आदिको व्यवस्था गर्ने ।
- गाउँपालिकाका सबै स्वास्थ्य संस्थामा ल्यावका साथै सबै सुविधाहरु पुऱ्याउने ।
- पिप्ले स्वास्थ्य चौकीका अक्सिजन प्लान्ट निर्माण गर्ने ।
- एक स्वास्थ्य चौकी एक एम्बुलेन्सको व्यवस्था गर्ने ।
- पिप्ले स्वास्थ्य चौकीमा सार्वजनिक औषधालय निर्माण गर्ने ।
- मासिक रुपमा स्वास्थ्य परिक्षण सेवा घर घर मै पुऱ्याउने ।
- पिप्ले स्वास्थ्य चौकीमा एम्बुलेन्स सहित एक विज्ञ डाक्टरको व्यवस्थापन गर्ने ।
- सबै स्वास्थ्य चौकीको स्तरउन्नती गर्दै वितरण गरिने औषधीको प्रकारहरु वढाउदै लैजाने ।
- हस्पिटल निर्माण गर्ने, पिप्ले स्वास्थ्य चौकी स्तरउन्नती गर्ने ।
- कलेजाबाङ्ग अचखेत मालिकामा स्वास्थ्य इकाई भवन निर्माण सम्पन्न गरी आवश्यक समाग्री र दक्ष कर्मचारीको व्यवस्थापन गर्ने ।

**खाने पानी तथा सरसफाई**

- चिमखोलाबाट रघुगंगा २ र ३ को लागि खानेपानी एक घर एक धारा सम्पन्न गर्ने ।
- बगैचा टोलमा खानेपानीको लागि प्रयाप्त बजेट विनियोजन गर्ने ।
- साविक वडा नं. ५ मा एक घर एक धारा सञ्चालन गर्ने ।
- वृहत चिमखोला राखु पिप्ले राखु भगवती खानेपानी योजना सम्पन्न गर्ने ।
- एक घर एक धारा योजना सम्पन्न गर्ने ।
- फूलबारी वालिनडाँडा घट्टेखोला खानेपानी योजना सम्पन्न गर्ने ।
- अधेरीखोला मौंवाफाँट खानेपानी निर्माण गर्ने ।

## लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण

- महिला तथा दलित सशक्तिकरण, क्षमता अभिवृद्धि, जनचेतनामूलक कार्यक्रम जस्तै:सीपमूलक तालिम जस्तै सिलाई बुनाई, चप्पल बनाउने आदि तालिम सञ्चालन गर्ने
- घरेलु हिंसा सम्बन्धी महिला र पुरुष दुवैलाई तालिमको व्यवस्था गर्ने ।
- युवा युवतीहरुलाई यौन दुरव्यवहार र लागु औषध सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।
- बालमैत्री वडा घोषणा गर्ने ।
- महिला पुरुष तथा वडाका सबै समुदायलाई संविधान तथा कानूनी शिक्षा सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।
- सामाजिक कुरिती विकृती, लागु औषध, जाँड रक्सि, जुवा तास तथा यौन शिक्षाको बारेमा जनचेतना मूलक कार्यक्रम सञ्चालन गर्ने ।
- सामाजिक विभेद र पिडितहरुलाई जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।
- अपाङ्गता भएका व्यक्तिहरुका लागि सहयोगी सामग्री वितरण कार्यक्रम सञ्चालन गर्ने ।
- लक्षित वर्गलाई सीपमूलक तालिम सञ्चालन गर्ने
- बालबालिका तथा किशोरीहरुलाई यौन तथा प्रजनन् स्वास्थ्य कार्यक्रम सञ्चालन गर्ने तथा आत्मरक्षाको कार्यक्रमहरु सञ्चालन गर्ने ।
- दलित सशक्तिकरण तथा छुवाछुत विरुद्ध सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।
- ज्येष्ठ नागरिक सम्मान कार्यक्रम, न्यानो लुगा वितरण र औषधी उपचार वितरण कार्यक्रम सञ्चालन गर्ने ।
- महिला र पुरुष दुवैलाई घरेलु हिंसा सम्बन्धी तालिम सञ्चालन गर्ने ।
- दलित तथा गरिब जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ती प्रदान गर्ने ।
- सुधारिएको चुलो वितरण तथा व्यवस्थापन कार्यक्रम सञ्चालन गर्ने ।

## भाषा तथा सस्कृति

- महिला तथा पुरुषलाई मादल बजाउने, पञ्चेबाजा सम्बन्धी तालिम सञ्चालन गरी पञ्चे बाजाको संरक्षण गर्ने ।

## युवा तथा खेलकुद

- रघुगंगा मा.वि.को खेल मैदान निर्माणाधिनलाई पूर्णता दिने ।
- युवा लक्षित कार्यक्रम सञ्चालन गर्ने ।
- रघुगंगा मा.वि. को ग्राउण्ड मर्मत र वाल निर्माण गर्ने ।
- खेलकुद तथा युवा विकासका लागि भलिबल तथा बास्केटबल प्रशिक्षण कार्यक्रम र खेलकुदका सामग्रीहरु वितरण गर्ने ।
- रघुगंगा मा.वि. खेल मैदान निर्माण गर्ने ।
- नव सन्तोष सेवा युवा क्लव खेल मैदान निर्माण गर्ने ।
- मौंवाफाँट युवा क्लव खेलमैदान निर्माण गर्ने ।
- फूलवारी युवा क्लवको खेलमैदान निर्माण गर्ने ।
- ज्ञानोदय मा.वि. प्राङगण स्तरउन्नती गर्ने ।
- दुलेपानीको ग्राउण्डको स्तरउन्नती गर्ने ।

## २. भौतिक पुर्वधार विकास

### सडक, पुल, यातायात तथा पैदल मार्ग

- गलेश्वर चुनपोल्ने ओडार दशमुरे सडक स्तरउन्नती गर्ने ।
- आटरी थामना जाने गोरेटो बाटो निर्माण गर्ने ।
- भगवती पिप्ले हुँदै गएको मोटरबाटो वैकल्पिक हाईवेको लागि पिप्ले हुँदै रिषिन चौतारी हुँदै बेगखोला जोड्ने सडक मार्ग निर्माण गर्ने ।
- गोरमाला रुइसे सडक विस्तार गर्ने ।
- गलेश्वर चुनपोल्ने ओडार दशमुरे सडक स्तरउन्नती गर्ने ।
- घुम्ती मालिका देखि कलेजाबाङ मोटर बाटो पिच गर्ने ।
- मालिका अल्छिढुङ्गा देखि मौवाफाँट  मोटरबाटो पिच गर्ने ।
- मालिका देखि चाउरेको डिल सम्म जोड्ने पैदल मार्ग निर्माण गर्ने ।
- दुलेपानी मालिका सम्मको पैदलमार्ग निर्माण गर्ने ।
- मालिका देखि रुइसे सम्म पदमार्ग निर्माण गर्ने ।
- भगवती देखि अछेता हुँदै मौंवाफाट मोटरबाटो पिच गर्ने ।
- महतारै देखि ठोटनेरी घोप्टे सम्मको पदमार्ग निर्माण गर्ने ।
- पिउठानी टोलको गोरेटो बाटो विकास निर्माण गर्ने ।
- दुलेपानी वाँसकोट गोरेटोबाटो निर्माण गर्ने ।
- गलेश्वर देखि पिप्ले वडाकार्यलय सम्म मोटरबाटो पिच गर्ने ।
- वडाको सबै सडक पक्कि बनाउने ।
- गलेश्वर देखि पिप्ले हुँदै भगवती जाने गोरेटो बाटो रेलिङ सहित निर्माण तथा स्तर उन्नती गर्ने ।
- गलेश्वर पिप्ले ठाडो मोटरबाटो निर्माण गर्ने ।
- गलेश्वर, पिप्ले मौंवाफाट सडक स्तरउन्नती गर्ने ।
- बगैचा देखि बेनि गाउँपालिका ९ घतान जोड्ने झोलुङ्गे पुल निर्माण गर्ने ।
- रानीपौंवा देखि जलजला १ बासखर्क जोड्ने झोलुङ्गे पुल निर्माण गर्ने ।
- मौंवाफाट, पिप्ले, भगवती रुईसे पर्यटक पदमार्ग निर्माण गर्ने ।
- साविक वडा नं. ६,७,र ८ को कच्चि बाटोलाई पक्कि निर्माण गर्ने ।
- कलेजाबाङ्गको धारापानी भन्ने ठाउँबाट रुईसे सम्म जोड्ने पदमार्ग निर्माण गर्ने ।
- वडा नं. ३ मा रहेको मोटर बाटोको स्तरउन्नती गर्ने ।
- मौंवाफाँट फूलवारी कलेजाबाङ्ग रुईसे भेडीओडार पर्यटकिय पदमार्ग निर्माण तथा स्तरउन्नती गर्ने ।
- मौंवाफाँट भित्री सडक स्तरउन्नती गर्ने ।
- गाउँपालिका केन्द्र वालिनडाँडा फुलवारी कलेजाबाङ्ग  अछेता सिजाल गाउँ मोटरबाटो स्तरउन्नती गर्ने ।
- खाम्सिनडाँडा वालिनडाँडा अल्छिढुङ्गा मालिका दुलेपानी सडक स्तर उन्नती गर्ने ।
- मालिका देखि अछेता सम्म मोटरबाटो स्तर उन्नती गर्ने ।
- मौंवाफाँट देखि पाल्तीखेत जोड्ने झोलुङ्गे पुल निर्माण गर्ने ।
- पोखरी देखी मैदान सम्म रेलिङ्ग सहितको पदमार्ग निर्माण गर्ने ।
- पिप्ले गाउँपालिका सडक स्तरउन्नतीको साथै पिप्ले ३ नागवारीमा सिढी र रेलिङ् सहितको पदमार्ग निर्माण तथा स्तरउन्नती गर्ने ।
- वास्कोस मौंवाफाँट सडक स्तरउन्नती गर्ने ।

- मादेखोला, घट्टेखोला, महतरे गोरेटो बाटो निर्माण गर्ने ।
- गलेश्वर पिप्ले भगवती गोरेटो बाटो स्तरउन्नती गर्ने ।
- छिङ् डीलबाट आङटारी मूल घर हुँदै धरमपानी टोल सम्म गोरेटो बाटो निर्माण तथा स्तरउन्नती गर्ने ।
- छिङ् हुँदै आङटारी डील मूल र लेख डाँडा गोरेटो बाटो निर्माण तथा स्तरउन्नती गर्ने ।
- तिल्किनी कुपिण्डे तिनतले गोरेटो बाटो निर्माण तथा सम्भार गर्ने ।
- दुलेपानी देखि पोखरी सम्म गोरेटो बाटो निर्माण गर्ने ।
- दुले पानी देखि भु.आ.वि. जाने गोरेटो बाटो निर्माण गर्ने ।
- पिउठानी टोलको गोरेटो बाटो विकास निर्माण गर्ने ।
- दुलेपानी वाँसकोट गोरेटोबाटो निर्माण गर्ने ।
- गलेश्वर देखि बगैचा हुँदै रानीपौंवा, रिसिन चौतारी माझखर्क बेगखोला मोटरबाटो स्तरउन्नती गर्ने ।
- वडाका मोटरबाटोको स्तर उन्न्ती गर्ने ।
- दुलेपानी देखि गाउँपालिका केन्द्र जोड्ने मोटरबाटो स्तरउन्नती गर्ने ।

## भवन निर्माण, आवास तथा बस्ती विकास

- ज्येष्ठ नागरिकका लागि प्रत्येक गाउँ तथा वडामा वृद्ध आश्रम र ज्येष्ठ नागरिक आरेग्यता केन्द निर्माण गर्ने ।
- रघुगंगा मा.वि.मा ४ कोठे छात्रवास भवन निर्माण गर्ने ।
- मौंवाफाट दशमुरे आमा समूह भवन निर्माण गर्ने ।
- गाउँपालिकाका सम्पूर्ण सार्वजनिक भूमीहरुलाई व्यवस्थापन गर्ने ।
- पिप्ले स्थित बुडी चौरलाई नमूना पार्क बनाउने ।
- गाउँपालिकामा रेडक्रसको भवन निर्माण तथा आवश्यक सामग्रीहरुको व्यवस्थापन गर्ने ।
- श्री मालिका आ.वि.को लागि २ कोठे भवन निर्माण गर्ने ।
- गायत्रीघाटमा आधुनिक शवदाह गृह निर्माण गर्ने ।
- टोल टोलमा जेष्ट नागरीक पार्क निर्माण गरी ज्येष्ठ नागरिक भेटगाट कार्यक्रम सञ्चालन गर्ने ।
- वडा नं. ३ को भवन निर्माण गर्ने ।
- ऐतिहासिक पोखरी, चौतारो, मठ मन्दिर मर्मत तथा निर्माण गर्ने ।
- वडाका भित्री सडकहरु स्तरउन्नती गर्ने ।
- पानीकाल्वा आमासमूहको भवन, कलेजाबाङ्ग आमा समूहको भवन, पिप्ले ३ रेडक्रस भवन निर्माण गर्ने ।
- मौंवाफाट चौतारो निर्माण गर्ने ।
- फूलबारी खेल मैदानमा सार्वजनिक शौचालय निर्माण गर्ने ।
- गारमाला, अछेता, रानीपौंवा र फुलबारीमा ट्रेरेभज निर्माण गर्ने ।
- दुलेपानीको भवन निर्माण तथा शौचालय निर्माण गर्ने ।
- बगैचाको विश्णु पाञ्चायनको मन्दिर मर्मत तथा संरक्षण गर्ने ।

## सिंचाई तथा नियन्त्रण

- मुलखोला देखि डावासम्म सिंचाई नहर निर्माण गर्ने ।
- रघुघाट खोला देखि लिफ्टिङ सिस्टमबाट मूल ट्याङ्की सम्म साथै ट्याङ्की निर्माण गर्ने ।
- तिल्कीनी, बगैचा, पिप्ले, दुलेपानी मालिका लिफ्ट सिंचाई निर्माण गर्ने ।

- छिङ्, घट्टेखोला, मौंवाफाँट, फूलबारी, कलेजाबाङ्ग लिफ्ट सिंचाई निर्माण गर्ने ।
- चमेरे, रानीपौवा लिफ्ट सिंचाई निर्माण गर्ने ।
- रघुघाट, मौंवाफाँट, फुलबारी  कलेजावाङ्ग लिफ्ट सिंचाई योजना निर्माण गर्ने ।
- रघुगंगा नदीबाट ३ वटा सबमेशिनरी पप्पीङ सिंचाईको व्यवस्था गर्ने ।
- साविक पिप्ले १,२,३, का लागि रघुगंगा नदीबाट पम्पिङ सिंचाई योजना निर्माण गर्ने ।
- साविक पिप्ले वडा नं. १,२,र ३ मा वर्षादको पानी सङ्कलन गरी हिउँदे सिंचाईको व्यवस्था गर्ने ।

**<u>सूचना तथा सञ्चार</u>**

- वडाको हरेक टोललाई इन्टरनेट फ्री जोन बनाउने ।
- वडा कार्यलयलाई प्रविधिमैत्री बनाउने ।

**<u>जलविद्युत, उर्जा तथा नविकरणीय उर्जा</u>**

- दुलेपानी बस्तीमा ४ लाईनको तार जोड्ने र कालोतारको व्यवस्था गर्ने ।

## ४. आर्थिक विकास

**<u>कृषि विकास</u>**

- महिला कृषि कार्यक्रम सञ्चलन गर्ने ।
- सुधारिएको मलखाद साथै बालीमा कम्पोष्ट मलको प्रयोग गर्ने ।
- एक घर एक धारा एक करेसाबारी निर्माण गर्ने तथा स्मार्ट वडा विकास गर्ने ।
- एक घर एक करेसाबारी निर्माण गर्ने ।
- घट्टेखोला मोटर बाटो देखि तल छिङ्सम्म नहरर कुलोको व्यवस्था गर्ने ।
- कृषिमा कृषिमा आधुनिकिकरण, यान्त्रिकरण गर्ने ।
- माटो जाँच गरी सोही बमोजिमको कृषि चुन, मल,विउ औजार पशुपालन, अन्नबाली, फलफूल खेती आदिको पकेट क्षेत्र घोषणा गर्ने तथा कार्यन्वयन गर्ने ।
- पिप्ले वडा नं. ३ भरी फलफूल खेती विस्तार गर्ने ।
- कृषकले सजिलैसँग प्रयोग गर्न सक्ने किसिमको कृषि औजारको व्यवस्था गर्ने ।
- कृषि सम्बन्धी खाद्ययबाली, नगदेबाली, फलफूल सम्बन्धी तालिम  तथा भ्रमण सञ्चालन गर्ने ।
- कृषि सम्बन्धी खाद्ययबाली, नगदेबाली, फलफूलमा लाग्ने रोग किरा सम्बन्धी शिक्षा कार्यक्रम सञ्चालन गर्ने ।
- कृषिमा एक कृषक एक ट्याक्टरको व्यवस्था गर्ने
- उन्नत जातको विउ विजनहरु उपलब्ध गराउदै नगदे बाली तथा फलफूल खेती विकास गर्ने

